महान्यायाधिवक्ताको
वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७३/०७४

महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाडौं
नेपाल

माननीय महान्यायाधिवक्ता श्री वसन्त राम भण्डारीज्यू सपथ ग्रहण गर्नु हुँदै

माननीय महान्यायाधिवक्ता श्री वसन्त राम भण्डारीज्यू पदबहाली गर्नु हुँदै ।

"प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षा
व्यावसायिक सरकारी वकील, हाम्रो प्रतिवद्धता"

सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारी

समक्ष

माननीय महान्यायाधिवक्ता

श्री वसन्त राम भण्डारीले

पेश गरेको

आर्थिक वर्ष २०७३/०७४ को

वार्षिक प्रतिवेदन

OFFICE OF THE ATTORNEY GENERAL NEPAL

महान्यायाधिवक्ताको कार्यालय

रामशाहपथ, काठमाडौं

नेपाल

महान्यायाधिवक्ताको
वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७३/०७४

प्रकाशन संख्या	:	१,२०० (एक हजार दुई सय) प्रति
प्रकाशित मिति	:	२०७४ पुष
सम्पादन	:	नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम
	:	सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई
	:	सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी
	:	उपन्यायाधिवक्ता श्री टिकेन्द्र दाहाल
	:	उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी
	:	लेखा अधिकृत श्री लक्ष्मी शर्मा
	:	नायब सुब्बा श्री चन्दनकुमार ठाकुर
प्रकाशक	:	महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं, नेपाल
फोन	:	४२६२३९४,४२६२६९५, ४२४६८६०
फ्याक्स	:	४२६२५८२, ४२१८०५१
वेभ साइट	:	www.attorneygeneral.gov.np
मुद्रण	:	गणपति अफसेट प्रेस माइतिघर, काठमाडौं - ९८५१०९८६४२

महान्यायाधिवक्ता

माननीय महान्यायाधिवक्ता श्री वसन्त राम भण्डारी

२०७४/०५/०२ देखि

नायब महान्यायाधिवक्ताहरू

नायब महान्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेल

२०७०/०३/२० देखि

नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम

२०७१/०८/०४ देखि

नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल

२०७२/११/०४ देखि

नायब महान्यायाधिवक्ता श्री किरण पौडेल

२०७३/१०/०६ देखि

महान्यायाधिवक्ताको कार्यालय

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ काठमाडौं

मिति :-.....

सम्माननीय राष्ट्रपतिज्यू,

राष्ट्रपतिको कार्यालय,

शीतलनिवास, काठमाडौं ।

विषय : आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदन पेश गरिएको ।

नेपालको संविधानको धारा १५९ को उपधारा (१) मा महान्यायाधिवक्ताले प्रत्येक वर्ष संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यसरी पेश गरिने प्रतिवेदनमा वर्षभरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, नेपाल सरकार वादी भई चलेका मुद्दाको विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, अपराधका प्रवृत्ति सम्बन्धी विवरण तथा सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधारको विवरण उल्लेख गर्नुपर्ने व्यवस्था सोही धाराको उपधारा (२) मा रहेको छ । साथै महान्यायाधिवक्ताले पेश गर्ने वार्षिक प्रतिवेदनमा वर्षभरीमा मुलुकभित्र भए घटेका अपराधको प्रकृति तथा अपराध र जनसंख्याको तुलनात्मक स्थिति, नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाको सफलता वा असफलताको स्थिति, महान्यायाधिवक्ताको कार्यालयलाई प्राप्त विनियोजित बजेट र साधनको व्यवस्था, सरकार वादी भई चल्ने मुद्दामा देखिएका समस्या समावेश गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ९ को उपनियम (६) मा गरिएको छ । माथि उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदन तयार गरी सम्माननीयज्यू समक्ष पेश गरेको छु ।

देशमा कानूनको शासन कायम गर्ने र फौजदारी न्याय प्रणाली प्रभावकारी बनाउने महत्वपूर्ण जिम्मेवारी महान्यायाधिवक्ता र मातहतका सरकारी वकील कार्यालयहरुमा रहेको छ । राज्यको महत्वपूर्ण अंगको रुपमा रहेको महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुबाट सम्पादन गरिने सम्पूर्ण कार्यहरु वस्तुनिष्ठ, पारदर्शी र कानूनसम्मत हुन जरुरी हुन्छ भने यसका लागि सरकारी वकीलको इमान्दारिता, उत्तरदायित्व र जिम्मेवारीबोधको पनि उत्तिकै

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

आवश्यकता रहन्छ । समाजको बदलिदो स्वरुपले निम्त्याएका अपराधका नवीनतम् प्रवृत्तिहरुबाट सिर्जित समस्याहरुलाई सम्बोधन गर्न पर्याप्त स्रोत र साधनहरुको व्यबस्था गर्दै सरकारी वकीलको कार्यको प्रभावकारिता र व्यावसायिकतामा जोड दिनुपर्ने देखिन्छ । व्यावसायिक दक्षता, ज्ञान र सीपको विकास गर्न सकिए मात्र सरकारी वकील कार्यालयहरुले स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सक्ने अवस्था हुन्छ । यसका लागि सरकारी वकीलको सेवालाई आकर्षक र उत्प्रेरित गर्नु अपरिहार्य छ । प्रभावकारी अभियोजन र सुदृढ प्रतिरक्षाका लागि व्यावसायिक सरकारी वकीलको विकास गर्न सकिएमा संविधानले परिकल्पना गरे बमोजिम कानूनी शासनको स्थापना एवं राज्यको फौजदारी न्याय प्रणालीलाई मजबुत बनाउन सकिन्छ ।

स्वतन्त्र र सक्षम फौजदारी न्याय प्रशासनबाट नै कानूनी राज्यको अवधारणालाई साकार पार्न र दण्डहीनतालाई निरुत्साहित गर्न सकिन्छ । आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरु उपर कानूनी कारबाही चलाउने र पीडितलाई न्याय प्रदान गरी समाजमा शान्ति र न्यायको प्रत्याभूति दिने, नागरिकहरुका मौलिक हक अधिकारहरुको संरक्षण गर्ने, राज्यको काम कारबाहीका सन्दर्भमा उत्पन्न हुन सक्ने कानूनी कठिनाई वा द्विविधालाई हटाउन कानूनी राय उपलब्ध गराउने, न्यायिक निकायमा उपस्थित भई सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने जस्ता महत्वपूर्ण भूमिका सरकारी वकिलले निर्वाह गर्नुपर्दछ । सरकारी वकीलको यो भूमिकालाई उचित महत्व प्रदान गरी प्रस्तुत प्रतिवेदनमा औंल्याइएका सुझावहरुलाई समयसापेक्ष रुपमा सम्बोधन भएमा सरकारी वकीलहरुको पेशागत दक्षतामा अभिवृद्धि भई कानूनले सुम्पेको जिम्मेवारी सक्षम र सबल रुपमा सम्पन्न गर्न सहयोग मिल्ने आशा गरेको छु । अन्त्यमा कानूनी शासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, कानून र न्यायका मान्य सिद्धान्तप्रति अक्षुण्ण आस्था राख्दै फौजदारी न्यायका लागि प्रभावकारी अभियोजन प्रणाली संस्थागत गर्न र राज्यले सम्पादन गर्ने महत्वपूर्ण कार्यहरुको कानूनी प्रतिरक्षाका लागि महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरु सदैव दृढतापूर्वक त्रियाशील रहेको व्यहोरा सम्माननीय राष्ट्रपतिज्यू समक्ष सादर निवेदन गर्दछु ।

(वसन्त राम भण्डारी)

महान्यायाधिवक्ता

संक्षिप्त झलक

आ.व. २०७३/०७४

१. मुद्दा रिट तथा निवेदनहरुको लगत, फछ्र्यौट र बाँकीको विवरण

कार्यालय	बहस पैरवी/प्रतिरक्षा	लगत			फछ्र्यौट				बाँकी	रिट खारेज, कसूर ठहर प्रतिशत
		गतवर्ष	यसवर्ष	जम्मा	रिट खारेज, कसूर ठहर	रिट जारी, कसूरमा सफाई	मुल्तवी, तामेली, अन्य	जम्मा		
म.न्या.का.	मुद्दामा	३९०१	१७५९	५६६०	१६३१	७२३	१७	२३७१	३२८९	६८.७९
	रिट निवेदनमा प्रतिरक्षा	३८४९	११९६	५०४५	९५१	३२९	३२२	१६०२	३४४३	५९.३६
	अन्य निवेदनहरु	१६६१	६७१	२३३२	६७५	५३२	०	१२०७	११२५	५५.९२
म.न्या.का.को जम्मा		**९४११**	**३६२६**	**१३०३७**	**३२५७**	**१५८४**	**४८४१**	**५१८०**	**७८५७**	**६२.८८**
उ.स.व.का.	मुद्दामा बहस पैरवी	६१३९	७३०१	१३४४०	२६८२	४१८९	१३	६८८४	६५५६	३८.९६
	रिट निवेदनमा प्रतिरक्षा	१२३२	२९२२	४१५४	१११७	९६६	४७४	२५५७	१५९७	४३.६८
	अन्य निवेदनहरु	२७०	१२०३	१४७३	७९५	४९४	५	१२९४	१७९	६१.४४
उ.स.व.का.को जम्मा		**७६४१**	**११४२६**	**१९०६७**	**४५९४**	**५६४९**	**४९२**	**१०७३५**	**८३३२**	**४२.७९**
वि.स.व.का.	मुद्दामा बहस पैरवी	१३१९	११८६	२५०५	११२७	२१२	४२	१३८१	११२४	८१.६१
	रिट निवेदनमा प्रतिरक्षा	४३	२९	७२	२८	४	०	३२	४०	८७.५०
	अन्य निवेदनहरु	०	०	०	०	०	०	०	०	०.००
वि.स.व.का.को जम्मा		**१३६२**	**१२१५**	**२५७७**	**११५५**	**२१६**	**४२**	**१४१३**	**११६४**	**८१.७४**
जि.स.व.का.	मुद्दामा बहस पैरवी	१४०४३	२५२७०	३९३१३	१९०४९	४७७६	१२७	२३९५२	१५३६१	७९.५३
	रिट निवेदनमा प्रतिरक्षा	१७७	६२०	७९७	३५२	१३४	४	४९०	३०७	७१.८४
	अन्य निवेदनहरु	२२	३८	६०	१३	८	१	२२	३८	५९.०९
जि.स.व.का.को जम्मा		**१४२४२**	**२५९२८**	**४०१७०**	**१९४१४**	**४९१८**	**१३२**	**२४४६४**	**१५७०६**	**७९.३६**
कुल जम्मा	**मुद्दा**	**२५४०२**	**३५५१६**	**६०९१८**	**२४४८९**	**९९००**	**१९९**	**३४५८८**	**२६३३०**	**७०.८०**
	रिट	**५३०१**	**४७६७**	**१००६८**	**२४४८**	**१४३३**	**८००**	**४६८१**	**५३८७**	**५२.३०**
	निवेदन	**१९५३**	**१९१२**	**३८६५**	**१४८३**	**१०३४**	**६**	**२५२३**	**१३४२**	**५८.७८**
	कुल जम्मा	**३२६५६**	**४२१९५**	**७४८५१**	**२८४२०**	**१२३६७**	**१००५**	**४१७९२**	**३३०५९**	**६८.००**

२. जग्गा तथा भवनको विवरण

कार्यालय	जग्गा		भवन				आवास		कम्पाउण्ड वाल		
	भएको	नभएको	भएको	नभएको	निर्माणाधीन	निर्माण प्रक्रियामा	भएको	नभएको	भएको	आंशिक	नभएको
म.न्या.का.	१	०	१	०	०	०	०	१	१	०	०
उ.स.व.का.	१६	२	१०	२	५	३	०	१८	८	१	१
वि.स.व.का.	०	१	०	१	०	०	०	०	०	०	०
जि.स.व.का.	६८	९	५१	१०	१३	२१	१३	६२	३०	३	११
जम्मा	८५	१२	६२	१३	१८	२४	१३	८१	३९	४	१२

३. सवारी साधन, सूचना तथा विद्युतीय सामग्रीको विवरण

कार्यालय	ल्यापटप संख्या	कम्प्युटर संख्या	प्रिन्टर संख्या	फोटोकपि संख्या	फोन संख्या	फ्याक्स संख्या	टेलिभिजन संख्या	इन्भटर संख्या	सवारी साधन संख्या		
									कार	जिप	मोटरसाइकल
म.न्या.का.	१८०	६१	५३	९	३१	१६	८	०	२१	७	२५
उ.स.व.का.	१४	१०४	५०	३८	३५	१६	०	२१	१३	८	३०
वि.स.व.का.	१४	९	४	४	३	१	०	४	१	१	८
जि.स.व.का.	३९	२५९	१५४	७४	८०	७५	०	७०	७०	७	६६
जम्मा	२४७	४३३	२६१	१२५	१४९	१०८	८	९५	१०५	२३	१२९

* सर्वोच्च अदालतको दैनिक मुद्दा सुनुवाइको स्थिति जानकारी प्राप्त गर्ने प्रयोजनका लागि विभिन्न स्थानमा राखिएको ।

४. सरकारी वकीलहरुको कुल दरबन्दी र पदपूर्तिको अवस्था

सि.नं.	पद	श्रेणी	दरवन्दी	पदपूर्ति	रिक्त	कैफियत
१	महान्यायाधिवक्ता	संवैधानिक	१	१	०	
२	नायब महान्यायाधिवक्ता	राजपत्राङ्कित विशिष्ट श्रेणी	४	४	०	
३	सह-न्यायाधिवक्ता	राजपत्राङ्कित प्रथम	३०	२९		
४	जिल्ला न्यायाधिवक्ता/उप-न्यायाधिवक्ता	राजपत्राङ्कित द्वितीय	१४०	१३१	९	
५	सहायक जिल्ला न्यायाधिवक्ता/शाखा अधिकृत	राजपत्राङ्कित तृतीय	२३१	२१९	१२	
जम्मा			**४०६**	**३८४**	**२१**	

५. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरु र अन्य निकाय एवं कार्यालयहरुमा रहेको दरबन्दी विवरण

कार्यालय	संवैधानिक पद	नेपाल सरकारका निजामती कर्मचारीहरु											कूल जम्मा
		राजपत्राङ्कित				राजपत्र अनङ्कित					श्रेणी विहीन		
		विशिष्ट	प्रथम	द्वितीय	तृतीय	प्रथम	द्वितीय	क.अ	स.क.अ	टाइपिष्ट	ह.स.चा.	का.स.	
महान्यायाधिवक्ताको कार्यालय	१	४	९	१२	२७	२०	१०	३	३	३	२	१८	**११२**
उच्च सरकारी वकील कार्यालयहरु			१६	३१	५१	७२	३०	१२	१०	१३	१६	७२	**३२३**
विशेष सरकारी वकील कार्यालय			१	९	६	८	०	१	०	०	१	२	**२८**
जिल्ला सरकारी वकील कार्यालयहरु				७७	१०८	१३१	७९	३२	३८	२८	३	२५४	**७५०**
अख्तियार दुरुपयोग अनुसन्धान आयोग			४	८	१७								**२९**
निर्वाचन आयोग				१	१								**२**
आन्तरिक राजश्व विभाग				१	१								**२**
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग					१								**१**
राजश्व अनुसन्धान विभाग					१	५							**६**
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग				१	२	१							**४**
अध्यागमन विभाग					१								**१**
वैदेशिक रोजगार विभाग				१	६	६							**१३**
जिल्ला प्रशासन कार्यालयहरू					१२								**१२**
ठूला करदाता कार्यालय					१								**१**
जम्मा	१	४	३०	१४१	२३५	२४३	११९	४८	५१	४४	२२	३४६	१२८४

** जिल्ला प्रशासन कार्यालयहरु कैलाली, बाँके, दाङ, रुपन्देही, कास्की, चितवन, पर्सा, धनुषा, मोरङ, झापामा १/१ जना र जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा २ जना ।

६. विनियोजन, निकासा र खर्चको विवरण

बजेटको अवस्था		म.न्या.का.	उ.स.व.का.	वि.स.व.का.	जि.स.व.का.	जम्मा
विनियोजन	चालु	९४१३२७१६.७३	१६५५३२०५६.८४	२४०५७०४९.९०	३५३९९७३९२.२५	६३७७१९२१५.७२
	पुँजिगत	२०३५००००००.००	९६०४३००१.००	७००००००.००	११४६५६९९९.००	४१४९००००००.००
	सं.सृ.चालु	११०७६०००.००	९०००००००.००	०.००	२६३९६०००.००	४६४७२०००.००
	जम्मा	**३०८७०८७१६.७३**	**२७०५७५०५७.८४**	**२४७५७०४९.९०**	**४९५०५०३९१.२५**	**१०९९०९१२१५.७२**
निकासा	चालु	९२०८८०४१.७८	१५८२६०१५९.५१	२२९५८६७७.६८	३३१६९१६४५.९४	६०४९९८५२४.९१
	पुँजिगत	२०३३४००२३.००	९००४३००१.०७	६९१२३९.४५	८२९५६६१९.००	३७७०३०८८२.५२
	सं.सृ.चालु	८१८६२१९.००	८२७१७९६.०९	०.००	२७७५९०००.००	४४२१७०१५.०९
	जम्मा	**३०३६१४२८३.७८**	**२५६५७४९५६.६७**	**२३६४९९१७.१३**	**४४२४०७२६४.९४**	**१०२६२४६४२२.५२**
खर्च	चालु	९२०८८०४१.७८	१५८२६०१५९.५१	२२९५८६७७.६८	३३१६९१६४५.९४	६०४९९८५२४.९१
	पुँजिगत	२०३३४००२३.००	९००४३००१.०७	६९१२३९.४५	८२९५६६१९.००	३७७०३०८८२.५२
	सं.सृ.चालु	८१८६२१९.००	८२७१७९६.०९	०.००	२७७५९०००.००	४४२१७०१५.०९
	जम्मा	**३०३६१४२८३.७८**	**२५६५७४९५६.६७**	**२३६४९९१७.१३**	**४४२४०७२६४.९४**	**१०२६२४६४२२.५२**

द्रष्टव्यः म.न्या.का. ले महान्यायाधिवक्ताको कार्यालय, उ.स.व.का ले उच्च सरकारी वकील कार्यालय, वि.स.व.का. ले विशेष सरकारी वकील कार्यालय र जि.स.व.का. ले जिल्ला सरकारी वकील कार्यालयलाई बुझाउँछ ।

७. महान्यायाधिवक्ताको कार्यालय तथा उच्च सरकारी वकील कार्यालयहरुमा रहेका मुद्दाहरुको विषयगत विवरण

सिं नं.		मुद्दाको नाम	महान्यायाधिवक्ताको कार्यालय						उच्च सरकारी वकील कार्यालय					
			लगत	कसुर कायम	सफाई	अन्य	जम्मा	बाँकी	लगत	कसुर कायम	सफाई	अन्य	जम्मा	बाँकी
अनुसूची भित्रका मुद्दामा कारवाहीको विवरण	१	अपहरण	८८	१३	८	०	२१	६७	२८५	४०	९९	०	१३९	१४६
	२	कुटपिट अंगभंग	३१	७	२	०	९	२२	९२	१७	३५	०	५२	४०
	३	आगलागी	२१	८	३	०	११	१०	८०	१७	३०	०	४७	३३
	४	आर्थिक: क) खोटा चलन	११	३	१	०	४	७	२९	६	६	०	१२	१७
		आर्थिक: ख) चन्दा	१	०	१	०	१	०	१३	५	२	०	७	६
		आर्थिक: ग) चिठ्ठा	१	०	१	०	१	०	०	०	०	०	०	०
		आर्थिक: घ) ठगी	१४१	३४	१४	६	५४	८७	४९८	७९	२२५	०	३०४	१९४
		आर्थिक: ङ) बैंकिङ्ग कसूरसम्बन्धी	१२९	३७	१६	२	५५	७४	४५	१४	११	२	२७	१८
		आर्थिक: च) भ्रष्टाचार	२९०	८०	२४	०	१०४	१८६	०	०	०	०	०	०
		आर्थिक: छ) नेपाल राष्ट्र बैंकसम्बन्धी	०	०	०	०	०	०	३	२	०	०	२	१
		आर्थिक: छ) अन्य	६७९	२१	९	०	३०	६४९	७	४	२	०	६	१
	५	करणी: जबर्जस्ती करणी	४६४	११०	६२	०	१७२	२९२	१२२४	२९६	४००	०	६९६	५२८
		करणी: जबर्जस्ती करणी उद्योग	६४	११	१४	०	२५	३९	४८८	८३	२१४	०	२९७	१९१
		करणी: अप्राकृतिक मैथुन	१०	३	३	०	६	४	१६	५	३	०	८	८
		करणी: अन्य	०	०	०	०	०	०	७	१	२	०	३	४
	६	किर्ते (सरकारी छाप,दस्तखत)	१००	१६	७	०	२३	७७	३१८	४७	६६	०	११३	२०५
	७	चोरी: क) साधारण चोरी	७७	२४	७	०	३१	४६	८२१	१६४	२०७	०	३७१	४५०
		चोरी: ख) नकवजनी	४४	१२	२	०	१४	३०	७३४	१८१	१७२	०	३५३	३८१
		चोरी: ग) जबर्जस्ती चोरी	३४	११	८	०	१९	१५	२१६	३७	४९	०	८६	१३०
		चोरी: घ) रहजनी	६	१	२	०	३	३	९४	११	२२	०	३३	६१
		चोरी: ङ) डाँका	१२४	३२	११	०	४३	८१	३१५	५२	९८	०	१५०	१६५
		चोरी: च) अन्य	०	०	०	०	०	०	१	०	१	०	१	०
	८	ज्यान: क) आवेश प्रेरित हत्या	९	७	०	०	७	२	२	०	१	०	१	१
		ज्यान: ख) कर्तव्य ज्यान	११४०	४४६	१६७	०	६१३	५२७	९९६	२६०	२६९	२	५३१	४६५
		ज्यान: ग) गर्भपतन	८	२	४	०	६	२	२५	४	७	०	११	१४
		ज्यान: घ) ज्यान मार्ने उद्योग	१८३	४१	३४	०	७५	१०८	१०६२	११८	४६१	०	५७९	४८३
		ज्यान: ङ) भवितव्य ज्यान	६	६	०	०	६	०	११	३	२	०	५	६
	९	देवानी: क)अदलको २,३ नं.	०	०	०	०	०	०	०	०	०	०	०	०
		देवानी: ख) जग्गा सम्बन्धी	१३५	१२	८	३	२३	११२	३६	११	४	२	१७	१९
		देवानी: ग) अन्य	१३	१	२	०	३	१०	३	१	१	०	२	१
	१०	नागरिकता	१७	२	१	०	३	१४	१०६	१९	२४	०	४३	६३
	११	प्रतिलिपि अधिकार	७	१	०	०	१	६	२१	२	५	०	७	१४
	१२	प्रविधि सम्बन्धी: क) दूर संचारसम्बन्धी	१०	१	०	०	१	९	२५	७	३	०	१०	१५
		प्रविधि सम्बन्धी: ख) विद्युतीय कारोवार	६	३	१	०	४	२	७६	२४	१०	०	३४	४२
		प्रविधि सम्बन्धी: ग) अन्य	०	०	०	०	०	०	०	०	०	०	०	०
	१३	मानव बेचबिखन: क) मानव किनबेच	५५	४	२	०	६	४९	१७६	२५	५९	०	८४	९२
		मानव बेचबिखन: ख) मानव ओसारपसार	१९४	९२	५४	०	१४६	४८	१८३	३६	३६	०	७२	१११
		मानव बेचबिखन: ग) मानव अंग झिक्ने, बेच	०	०	०	०	०	०	३	१	०	०	१	२
		मानव बेचबिखन: घ) वेश्यागमन	०	०	०	०	०	०	३	०	०	०	०	३
		मानव बेचबिखन: ङ) वेश्यावृत्ति	०	०	०	०	०	०	०	०	०	०	०	०
	१४	राहदानी	५	०	१	०	१	४	९	७	१	०	८	१
	१५	लागू औषध	३५७	१२८	१६	०	१४४	२१३	१८०१	३९१	४९६	०	८८७	९१४
	१६	विवाह: क) बहु विवाह	८०	२२	१८	०	४०	४०	५७६	११८	२०८	०	३२६	२५०
		विवाह: ख) बाल विवाह	१	०	०	०	०	१	१९	२	६	०	८	११
	१७	सवारी ज्यान: क) सवारीवाट अंगभंग	१६	६	३	०	९	७	८४	२१	२५	०	४६	३८
		सवारी ज्यान: ख) सवारीवाट कर्तव्य ज	०	०	०	०	०	०	२००	६१	२४	०	८५	११५
		सवारी ज्यान: ग) लापरवाही	१३१	६७	०	०	६७	६४	३०९	८१	८१	०	१६२	१४७
		सवारी ज्यान: घ) भवितव्य	०	०	०	०	०	०	९	१	५	०	६	३
		सवारी ज्यान: ङ) क्षतिपूर्ति	६	५	०	०	५	१	२	१	१	०	२	०
	१८	सार्वजनिक अपराध	१८३	९८	८०	०	१७८	५	९४३	१२५	४७५	०	६००	३४३
	१९	हातहतियार तथा खरखजान	१०३	४१	२५	०	६६	३७	१८५	४३	४७	०	९०	९५
	२०	विविध: क) अंग प्रत्यारोपण	०	०	०	०	०	०	०	०	०	०	०	०
		विविध: ख) आवश्यक वस्तु संरक्षण	१	१	०	०	१	०	४	२	२	०	४	०
		विविध: ग) कालो बजार	४	०	०	०	०	४	१४६	२९	६३	०	९२	५४
		विविध: घ) गोवध	२४	३	८	०	११	१३	३६	५	१८	०	२३	१३
		विविध: ङ) छुवाछुत	४	२	१	०	३	१	१९	१	९	०	१०	९
		विविध: च) जुवा	३	३	०	०	३	०	४९	७	८	०	१५	३४
		विविध: छ) धर्म सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०
		विविध: ज) प्राचीन स्मारकसम्बन्धी	२	१	१	०	२	०	१२	२	१	०	३	९
		विविध: झ) राज्य विरुद्धको अपराध	१	०	१	०	१	०	०	०	०	०	०	०
		विविध: ञ) विष्फोटक पदार्थ	२	१	१	०	२	०	१८	६	७	०	१३	५
		विविध: ट) शिक्षा ऐनको दफा १७(	१	०	०	०	०	१	८	२	४	०	६	२
		विविध: ठ) स्वास्थ्यकर्मी/संस्थाव	०	०	०	०	०	०	०	०	०	०	०	०
		विविध: ड) अन्य	११	४	०	०	४	७	३८	६	११	०	१७	२१
	अनुसूची भित्रको जम्मा		**५०३३**	**१४२३**	**६२३**	**११**	२०५७	२९७६	**१२४८१**	**२४८३**	**४०१८**	**६**	**६५०७**	**५९७४**

अनुसूची बाहिरका मुद्दामा कारवाहीको विवरण	१	अध्यागमन	०	०	०	०	०	०	०	०	०	०	०	०
	२	उपभोक्ता संरक्षण	०	०	०	०	०	०	०	०	०	०	०	०
	३	औषधि	०	०	०	०	०	०	१	०	०	०	०	१
	४	खाद्य ऐन अन्तर्गतका	१	१	०	०	१	०	१०	०	३	०	३	७
	५	गुणस्तर (प्रमाण चिन्ह)	०	०	०	०	०	०	१	०	०	०	०	१
	६	नाप तौल सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०
	७	निर्वाचन सम्बन्धी	२	०	१	०	१	१	६	०	०	०	०	६
	८	वैदेशिक रोजगार	२६०	११९	५६	०	१७५	८५	०	०	०	०	०	०
	९	राजश्व चुहावट	०	०	०	०	०	०	२३	५	१	०	६	१७
	१०	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	१६	०	०	०	०	१६	४१	१५	२	०	१७	२४
	११	विदेशी विनिमय	१	१	०	०	१	०	११	२	१	०	३	८
	१२	वन	११४	५३	२२	०	७५	३९	४३८	१११	१३५	१	२४७	१९१
	१३	विद्युत चोरी	२	१	१	०	२	०	०	०	०	०	०	०
	१४	शिक्षा ऐन दफा १७(१)	३	२	१	०	३	०	६	०	५	०	५	१
	१५	सम्पत्ति शुद्धीकरण	३	०	०	०	०	३	०	०	०	०	०	०
	१६	सामाजिक सुधार ऐन	०	०	०	०	०	०	०	०	०	०	०	०
	१७	स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	०	०	०	०	०	०	०	०
	१८	अन्य	२०	५	२	०	७	१३	१०	१	४	०	५	५
	अनुसूची बाहिरको जम्मा		**४२२**	**१८२**	**८३**	**०**	**२६५**	**१५७**	**५४७**	**१३४**	**१५१**	**१**	**२८६**	**२६१**
	कुल जम्मा		**५४५५**	**१६०५**	**७०६**	**११**	**२३२२**	**३१३३**	**१३०२८**	**२६१७**	**४१६९**	**७**	**६७९३**	**६२३५**

विशेष सरकारी वकील कार्यालय

मुद्दाको नाम	लगत		फछ्र्यौट						जम्मा फछ्र्यौट		बाँकी	
			कसुर कायम		सफाइ		अन्य					
१) वाणिज्य इजलास (अनुसूची भित्रका मुद्दा)	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
क) बैंकिङ्ग कसूरसम्बन्धी	८४	१६५	२०	२५	८	१५	०	०	२८	४०	५६	१२५
ख) विद्युतीय कारोबार	२६	३८	१५	१५	२	२	०	०	१७	१७	९	२१
ग) राजश्व चुहावट	२	८	२	८	०	०	०	०	२	८	०	०
घ) दूर संचार सम्बन्धी	६	१२	६	१२	०	०	०	०	६	१२	०	०
ङ) प्रतिलिपि अधिकार	२	२	१	१	०	०	०	०	१	१	१	१
च) कम्पनी ऐनसम्बन्धी	२	२	०	०	०	०	०	०	०	०	२	२
छ) सुरक्षित कारोबार	०	०	०	०	०	०	०	०	०	०	०	०
ज) अन्य	१०	१३०	०	०	१	१	०	०	१	१	९	१२९
जम्मा	**१३२**	**३५७**	**४४**	**६१**	**११**	**१८**	**०**	**०**	**५५**	**७९**	**७७**	**२७८**
२) विशेष अदालत												
१) अ.दु.अ.आ. पुनरावेदन	७	२०९	५	५	०	०	०	०	५	५	२	२०४
२) भ्रष्टाचार												
क) कमिसन लिएको	०	०	०	०	०	०	०	०	०	०	०	०
ख) गैरकानूनी सम्पत्ति	२०	४७	१	२	१	१	०	०	२	३	१८	४४
ग) झुठ्ठा विवरण दिएको	८	६९	०	०	०	०	०	०	०	०	८	६९
घ) नक्कली प्रमाणपत्र	१२०	१२५	८५	८५	३	३	०	०	८८	८८	३२	३७
ङ) राजश्व चुहावट	२	७	०	०	०	०	०	०	०	०	२	७
च) रिसवत लिएको	१२१	३१४	३६	५१	५	१०	०	०	४१	६१	८०	२५३
च) सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरेको	९१	४१५	१९	४०	२०	४८	०	०	३९	८८	५२	३२७
छ) सम्पत्ति शुद्दीकरण	३०	११३	१	१	६	२१	०	०	७	२२	२३	९१
झ) अन्य	१६	३५	१	१	०	०	०	०	१	१	१५	३४
जम्मा	**४१५**	**१३३४**	**१४८**	**१८५**	**३५**	**८३**	**०**	**०**	**१८३**	**२६८**	**२३२**	**१०६६**
३) वाणिज्य इजलास (अनुसूची बाहिरका मुद्दा)												
क) प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण	०	०	०	०	०	०	०	०	०	०	०	०
ख) ट्रेडमार्क	११	१४	३	३	२	३	०	०	५	६	६	८
ग) क्षतिपूर्ति	०	०	०	०	०	०	०	०	०	०	०	०
घ) निर्णय बदर	८	१८	१	१	२	७	०	०	३	८	५	१०
ङ) मध्यस्थता	१०	११	२	३	०	०	०	०	२	३	८	८
च) वातावरण	०	०	०	०	०	०	०	०	०	०	०	०
छ) करार	४	४	४	४	०	०	०	०	४	४	०	०
ज) अन्य	०	०	०	०	०	०	०	०	०	०	०	०
जम्मा	**३३**	**४७**	**१०**	**११**	**४**	**१०**	**०**	**०**	**१४**	**२१**	**१९**	**२६**
४) वैदशिक रोजगार												
क) संस्थागत	५८	१८२	२	५	०	०	०	०	२	५	५६	१७७
ख) व्यक्तिगत	५०४	१०३५	१२७	१३५	७०	९९	५	६	२०२	२४०	३०२	७९५
जम्मा	**५६२**	**१२१७**	**१२९**	**१४०**	**७०**	**९९**	**५**	**६**	**२०४**	**२४५**	**३५८**	**९७२**
५)प्रशासकीय अदालत												
क) विशेष सजाय	०	०	०	०	०	०	०		०	०	०	०
ख) सामान्य सजाय	२३	२३	१७	१७	०	०	०		१७	१७	६	६
जम्मा	**२३**	**२३**	**१७**	**१७**	**०**	**०**	**०**	**०**	**१७**	**१७**	**६**	**६**
६) राजश्व												
क) आयकर	४०९	०	२२६	०	२९	०	२५		२८०	०	१२९	०
ख) मूल्य अभिवृद्धि कर	२६०	०	१३५	०	२०	०	१०		१६५	०	९५	०
ग) भन्सार	६४५	०	३९३	०	४२	०	२		४३७	०	२०८	०
घ) अन्य	२६	०	२५	०	१	०	०		२६	०	०	०
जम्मा	**१३४०**	**०**	**७७९**	**०**	**९२**	**०**	**३७**	**०**	**९०८**	**०**	**४३२**	**०**
कुल जम्मा	**२५०५**	**२९७८**	**११२७**	**४१४**	**२१२**	**२१०**	**४२**	**६**	**१३८१**	**६३०**	**११२४**	**२३४८**

९ जिल्ला सरकारी वकील कार्यालयहरुमा रहेका मुद्दाहरुको विषयगत विवरण

क सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्रका मुद्दाहरुको विषयगत वर्गीकरण

मुद्दाको विषयगत		यस आर्थिक वर्षको अभियोजन				लगत संख्या		फछ्र्यौट संख्या								बाँकी	
		मुद्दा चलाउने		मुद्दा नचलाउने		जम्मा लगत संख्या		कसुर कायम		सफाई		अन्य		जम्मा			
		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
अपहरण		१४०	३७९	४	१४	२४७	७१३	६८	१३१	६७	१८७	३	९	१३८	३२७	१०९	३८६
कुटपिट अंगभंग		८१	१७१	१	२	१५२	३९४	२९	७७	५७	१४०	०	१	८६	२१८	६६	१७६
आगलागी		९५	२८६	९	१७	१४८	५३१	२६	६६	३९	१०३	१	१	६६	१७०	८२	३६१
आर्थिक	क) खोटा चलन	३२	५३	०	०	४९	९०	२१	२९	११	२१	०	०	३२	५०	१७	४०
	ख) चन्दा	८	१७	१	२	१५	३८	८	१७	४	९	०	०	१२	२६	३	१२
	ग) चिठ्ठा	५	७	०	०	१६	५९	७	२०	१	२१	०	०	८	४१	८	१८
	घ) ठगी	५०९	११२०	२३	२७	८५३	२९०१	२०८	९९१	२५९	६०२	१०	४०	४७७	१६३३	३७६	१२६८
	ङ) बैंकिङ्ग कसूरसम्बन	२१	४५	०	०	२८	५८	७	१२	४	१२	०	०	११	२४	१७	३४
	च) नेपाल राष्ट्र बैंकसम	१	१३	०	०	१	१३	१	१३	०	०	०	०	१	१३	०	०
	छ) अन्य	०	०	०	०	१	१	१	१	०	०	०	०	१	१	०	०
करणी	जबर्जस्ती करणी	१२९८	१६४५	११	१२	१८७४	२४४८	६५४	७९४	३३३	५५३	३५	६१	१०२२	१४०८	८५२	१०४०
	जबर्जस्ती करणी उद्य	६७४	८०६	३	४	८७०	१०३९	२७०	३४३	२७५	३११	१३	१५	५५८	६६९	३१२	३७०
	अप्राकृतिक मैथुन	३८	४६	०	०	५१	६२	१६	२४	१३	१४	०	०	२९	३८	२२	२४
	अन्य	१७	२४	०	०	२६	३९	१२	१७	७	१३	०	०	१९	३०	७	९
कितें (सरकारी छाप,दस्तखत		२४३	५४७	१	२	३८६	१०६२	१५९	३५६	७४	१७७	१	३	२३४	५३६	१५२	५२६
चोरी	क) साधारण चोरी	८६५	१६११	८	९	११४२	२२८१	५६९	९६३	१९०	४१६	०	८	७५९	१३८७	३८३	८९४
	ख) नकबजनी	५४८	११३८	०	०	८२९	१९१७	३७६	६९९	१३३	३८८	२	८	५११	१०९५	३१८	८२२
	ग) जबर्जस्ती चोरी	१५७	३७५	०	०	२२२	५४०	८७	१५४	६५	१९७	४	२९	१५६	३८०	६६	१६०
	घ) रहजनी	१६७	३९२	०	०	२१२	५२१	१३६	२०४	१९	१५१	२	१०	१५७	३६५	५५	१५६
	ङ) डाँका	१८३	४८६	१	१४	३०२	११२०	९०	२३३	१०३	२८७	२	७	१९५	५२७	१०७	५९३
	च) अन्य	११	२१	०	०	१६	३४	११	२०	२	३	०	०	१३	२३	३	११
ज्यान	क) आवेश प्रेरित ह	२	२	०	०	३	३	०	०	१	१	०	०	१	१	२	२
	ख) कर्तव्य ज्यान	७६४	१७४७	२२	४८	१३०३	३४६१	४१७	८४३	२४३	५३९	१०	३५	६७०	१४१७	६३३	२०४४
	ग) गर्भपतन	२६	६८	२	४	३९	१०९	१७	४२	१२	४२	३	८	३२	९२	७	१७
	घ) ज्यान मार्ने उद्य	७६३	१९७३	१०	२४	१३४८	३९३३	३३४	५४२	४४०	१३५४	१४	३९	७८८	१९३५	५६०	१९९८
	ङ) भवितव्य ज्यान	३८	७९	२	३	५०	९९	२६	४९	६	१२	०	०	३२	६१	१८	३८
देवानी	क)अदलको २,३ नं.	०	०	०	०	५	१७	५	१७	०	०	०	०	५	१७	०	०
	ख) जग्गा सम्बन्धी	१४	१४	०	०	३४	३८	१०	१७	०	०	०	०	१०	१७	२४	२१
	ग) अन्य	१६	१७	०	०	३४	३५	२०	२०	१	१	०	०	२१	२१	१३	१४
नागरिकता		५७	१७९	१	१	१०६	३३०	२८	८६	१६	३७	०	०	४४	१२३	६२	२०७
प्रतिलिपि अधिकार		६	१५	१	३	१५	३०	३	५	४	६	०	०	७	११	८	१९
प्रविधि सम्बन्धी	क) दूर संचारसम्बन	२७	६३	०	०	४२	१०४	१५	३५	९	१७	०	०	२४	५२	१८	५२
	ख) विद्युतीय कारोब	९९	१८४	०	०	११७	३०५	५६	१२५	२९	१२१	०	०	८५	२४६	३२	५९
	ग) अन्य	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
मानव वेचबिखन	क) मानव किनबेच	७४	१६६	०	०	१२१	३०१	३२	६१	२१	४८	०	५	५३	११४	६८	१८७
	ख) मानव ओसारप	२२६	३९५	१	१	३२९	७४७	१२१	२१३	९१	१८३	४	१३	२१६	४०९	११३	३३८
	ग) मानव अंग झिक्ने	१	२	०	०	१	२	०	०	०	०	०	०	०	०	१	२
	घ) वेश्यागमन	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	ङ) वेश्यावृत्ति	२	६	०	०	३	८	०	०	१	२	०	०	१	२	२	६
राहदानी		१०	१०	०	०	१७	१७	११	११	१	१	०	०	१२	१२	५	५
लागू औषध		२५३२	४५५४	५	१३	३१९१	६३५१	१६४६	३०८३	४३७	८५९	१	४२	२०८४	३९८४	११०७	२३६७
विवाह	क) बहु विवाह	४९८	९८०	३	५	७६३	१५५४	२७२	५३६	१३२	३०२	७	२६	४११	८६४	३५२	६९०
	ख) बाल विवाह	२६	९१	०	०	३९	१३०	१४	३४	२	२०	०	०	१६	५४	२३	७६
सवारी ज्यान	क) सवारीबाट अंग	११३	१५१	४	४	१९१	२७०	८१	११२	३३	४४	१	१	११५	१५७	७६	११३
	ख) सवारीबाट कर्त	१९	२४	०	०	३१	४०	१४	१९	६	६	०	०	२०	२५	११	१५
	ग) लापरवाही	७२३	८३०	०	०	९०२	१०८१	५३९	५९७	६०	८१	०	०	५९९	६७८	३०३	४०३
	घ) भवितव्य	११२०	१२७४	०	०	१३२४	१५१७	९४६	१००७	३२	७०	४	१२	९८२	१०८९	३४२	४२८
	ङ) क्षतिपूर्ति	३०४	७६२	०	०	७४१	१७५६	२३१	३८०	७	२३	०	०	२३८	४०३	५०३	१३५३
सार्वजनिक अपराध		९७७४	१६८८२	३	११	१५९९२	२९२६७	९१०६	१७१९९	११००	१७८८	०	२	१०२०६	१८९८९	५७८६	१०२७८
हातहतियार तथा खर		३३८	६४९	०	०	६२३	१४५३	२२७	४६८	६४	२०४	२	१३	२९३	६८५	३३०	७६८
विविध	क) अंग प्रत्यारोपण	०	०	०	०	५	८	३	४	०	०	०	०	३	४	२	४
	ख) आवश्यक वस्तु	०	०	०	०	५	१३	२	३	१	७	०	०	३	१०	२	३
	ग) कालो बजार	२९३	४४१	०	०	३८६	६०८	९७	१८५	१०५	१३८	०	०	२०२	३२३	१८४	२८५
	घ) गोबध	३२	८६	३	९	५४	१२९	१३	१६	१३	२२	०	०	२६	३८	२८	९१
	ङ) छुवाछुत	२५	६२	०	०	३८	८८	११	२३	९	१५	०	०	२०	३८	१८	५०
	च) जुवा	१८८	१३६२	२	१६	२५६	१८६८	२११	१४१८	१०	११२	०	०	२२१	१५३०	३५	३३८
	झ) धर्म सम्बन्धी	२	६	०	०	४	२०	१	४	०	१	०	०	१	५	३	१५
	ञ) प्राचीन स्मारक	७	२०	०	०	१२	४९	३	१२	०	०	०	०	३	१२	९	३७
	ट) राज्य विरुद्धको अ	४	८०	१	८	८	९३	२	३	१	१	०	०	३	४	५	८९
	ठ) विष्फोटक पदा	२९	१०३	०	०	४२	१५७	११	३४	४	१६	०	०	१५	५०	२७	१०७
	ण) शिक्षा ऐनको दफ	१८	३९	०	०	२७	६०	१२	३०	६	१५	०	०	१८	४५	९	१५
	त) स्वास्थ्यकर्मी/संस्था	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	थ) अन्य	३५	११३	१	१	६०	२५२	१९	५१	१०	२९	०	०	२९	८०	३१	१७२
जम्मा		२३२९८	४२६११	१२३	२५४	३५७०१	७२१६४	१७३१२	३२४४८	४५६३	९७२२	११९	३८८	२१९९४	४२५५८	१३७०७	२९६०६

ख सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची बाहिरका मुद्दाहरुको विषयगत वर्गीकरण

अध्यागमन	२५१	३२३	०	०	३२७	४०२	२२०	२६२	२०	४०	०	०	२४०	३०२	८७	१००
उपभोक्ता संरक्षण ऐन	३३	७३	०	०	४४	८३	३९	७६	१	१	०	०	४०	७७	४	६
औषधि ऐन	२	२	०	०	३	३	१	१	०	०	०	०	१	१	२	२
खाद्य ऐन अन्तर्गतका	२३६	३७६	२	२	३४६	५१५	१९९	२७४	१३	१४	०	०	२१२	२८८	१३४	२२७
गुणस्तर (प्रमाण चिन्ह)	६	५	०	०	७	९	०	०	०	०	०	०	०	०	७	९
नाप तौल सम्बन्धी	३	३	०	०	१४	२६	६	११	५	१२	०	०	११	२३	३	३
निर्वाचन सम्बन्धी	२	३	०	०	२	३	०	०	०	०	०	०	०	०	२	३
बैदेशिक रोजगार	०	०	१	२	१	४	०	०	०	०	०	०	०	०	१	४
राजश्व चुहावट	१९	६९	०	०	२६	७६	१०	३५	५	२१	०	०	१५	५६	११	२०
राष्ट्रिय निकुञ्ज तथा वन्यज	१४१	५२०	१	१	३७३	१३०१	१६६	६३१	२३	१०१	०	१	१८९	७३३	१८४	५६८
विदेशी विनिमय	३६	९२	०	०	६०	१३२	२१	४३	४	२५	०	०	२५	६८	३५	६४
वन	७६७	२३११	४	८	१७४१	५१९३	८४३	२१९०	८५	३८३	३	२१	९३१	२५९४	८१०	२५९९
विद्युत चोरी	१६	६६	०	०	२८	९२	१२	३८	३	३०	०	०	१५	६८	१३	२४
शिक्षा ऐन दफा १७१)	२	४	०	०	३	८	२	४	०	०	०	०	२	४	१	४
सम्पत्ति शुद्धीकरण	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
सामाजिक सुधार ऐन	०	०	०	०	१	१	१	१	०	०	०	०	१	१	०	०
स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
अन्य	६९	११४	०	०	१३१	४२१	५१	७४	३	७	०	०	५४	८१	७७	३४०
जम्मा	१५८३	३९६१	८	१३	३१०७	८२६९	१५७१	३६४०	१६२	६३४	३	२२	१७३६	४२९६	१३७१	३९७३
कुल जम्मा	२४८८१	४६५७२	१३१	२६७	३८८०८	८०४३३	१८८८३	३६०८८	४७२५	१०३५६	१२२	४१०	२३७३०	४६८५४	१५०७८	३३५७९

१०. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुमा रहेका रिट र निवेदनहरुको विषयगत विवरण

सि. नं.	विषय	महान्यायाधिवक्ताको कार्यालय					उच्च सरकारी वकील कार्यालय					विशेष सरकारी वकील कार्यालय					जिल्ला सरकारी वकील कार्यालय			
	रिटको नाम	लगत	फछ्र्यौट			बाँकी	लगत	फछ्र्यौट			बाँकी	लगत	फछ्र्यौट			बाँकी	लगत	फछ्र्यौट		
			रिट खारेज	रिट जारी	अन्य			रिट खारेज	रिट जारी	अन्य			रिट खारेज	रिट जारी	अन्य			रिट खारेज	रिट जारी	अन्य
१	बन्दीप्रत्यक्षीकरण	१२६	६०	३१	४	३१	२१३	१२३	५४	०	३६	०	०	०	०	०	४८	२६	११	
२	उत्प्रेषण	४३३२	६२५	१८९	२२४	३२९४	८५८	१९२	२४२	३०	३९४	८	७	१	०	०				
३	परमादेश	४९६	२२३	८२	८९	१०२	२९	८	१	२	१८	१	०	०	०	१				
४	प्रतिषेध	३१	१६	३	०	१२	०	०	०	०	०	०				०				
५	अधिकारपृच्छा	१५	४	५	२	४	७७९	२४२	१८८	११३	२३६	३६	१३	३	०	२०				
६	निषेधाज्ञा	४५	२३	१९	३	०	१७१३	४१०	३७१	३१५	६१७	२७	८	०	०	१९	७४९	३२६	१२३	४
७	निषेधाज्ञा/परमादे	०	०	०	०	०	५६२	१४२	११०	१४	२९६	०	०	०		०				
	जम्मा	५०४५	९५१	३२९	३२२	३४४३	४१५४	१११७	९६६	४७४	१५९७	७२	२८	४	०	४०	७९७	३५२	१३४	४

११. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुबाट संवैधानिक तथा कानूनी विषयमा प्रदान गरिएको राय सल्लाहको विवरण

सि.नं	कार्यालयहरु	राय सल्लाह दिएको संख्या	कैफियत
१	महान्यायाधिवक्ताको कार्यालय	२२	
२	उच्च सरकारी वकील कार्यालय	१	
३	जिल्ला सरकारी वकील कार्यालय	८९	
	जम्मा	११२	

विषय सूची

परिच्छेद – एक

सामान्य परिचय

१. परिचय १
२. संगठनात्मक स्वरूप ३
३. व्यवस्थापन तथा प्रशासनिक संरचना ३
३.१. सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दीको अवस्था ३
३.२. कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था ५
३.३. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको बजेट वितरण ७
३.४ सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण, अध्ययन, भ्रमण तथा तालिमको विवरण ८
४. सम्पादित कार्यहरूको विवरण १४
४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या १४
४.२ सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण १४
४.३ नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण १४
४.४ नेपाल सरकार तथा सरकारी निकाय वा अधिकारी उपर दायर भएका रिट निवेदनमा प्रतिरक्षा गरेको विवरण १४
४.५ अपराध सम्बन्धी विवरण १४
४.६ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विवरण २२
४.७ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ विवरण २५
५. महान्यायाधिवक्ताको कार्यालयबाट संस्थागत सुदृढीकरणको लागि भएका कार्यहरू २८
५.१ महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना, (२०७३/०७४–२०७७/०७८) २८
५.२ महान्यायाधिवक्ताको कार्यालयको अन्य गतिविधि ३१
५.३ अध्ययन प्रतिवेदन ३५
५.४ संस्थागत सुधारका भएका प्रयासहरू ३८
५.५ महान्यायाधिवक्ताको कार्यालयबाट भएका प्रकाशनहरू ३९
५.६ अपराधशास्त्रीय अनुसन्धान केन्द्रको कार्यहरू ४१
५.७ राष्ट्रिय सम्मेलनको आयोजना ४२
५.८ महान्यायाधिवक्ताको कार्यालयका सबल र दुर्बल पक्ष तथा अवसर र चुनौती ४२
६. समन्वय समितिको गतिविधि ४४
७. समन्वय सम्बन्धी अन्य गतिविधि ४५

परिच्छेद – दुई

महान्यायाधिवक्ताको कार्यालय

१. गठन ४६
२. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार ४६
३. महान्यायाधिवक्ताको भूमिका ४७
४. महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका विभाग, महाशाखा तथा शाखाहरूको गठन र कार्य विभाजन. ४८
(क) महान्यायाधिवक्ताको कार्यालयमा विभागहरू ५०
(ख) महाशाखा तथा शाखाहरू : ५०
५. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कामको विवरण ५०
५.१ मुद्दा सम्बन्धी कार्य ५०
५.२ संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाह ५९
५.३ निरीक्षण, निर्देशन सम्बन्धी कार्य ५९
५.४ प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्य ५९
६. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ लगत, फछ्र्यौट विवरण ५९
७. महान्यायाधिवक्ताको कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ६२
८. सर्वोच्च अदालतबाट भएका कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तको अनुगमन सम्बन्धी कार्यहरू ६२
९. हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको अनुगमन सम्बन्धी कार्यहरू ६२

परिच्छेद – तीन

उच्च सरकारी वकील कार्यालय

१. गठन ६६
२. उच्च सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार ६६
३. उच्च सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ६६
३.१ मुद्दा, रिट तथा निवेदन सम्बन्धी कार्य ६८
३.२ प्रतिवादी नखुलेका मुद्दामा निकासा दिने कार्य ७५
३.३ कानूनी राय सम्बन्धी कार्य ७५
३.४ मुद्दा नचलाउने निर्णय भई अन्तिम निकासाको लागि पठाइएका मुद्दाहरूको विवरण ७६
३.५ उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको विवरण ७६
३.६ उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावको विवरण ७७
४. उच्च सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ७७

परिच्छेद – चार

विशेष सरकारी वकील कार्यालय

१. गठन ७९
२. विशेष सरकारी वकील कार्यालय, काठमाडौंमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार ७९
३. विशेष सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ८०

३.१ मुद्दा तथा रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा सम्बन्धी कार्य ८०
३.२ अभियोजन सम्बन्धी कार्य ८०
३.३ विशेष सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारबाहीको विवरण ८०
३.४ विशेष सरकारी वकील कार्यालयबाट पेश भएका प्रस्तावको विवरण ८१
३.५ विशेष सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ८१

परिच्छेद – पाँच

जिल्ला सरकारी वकील कार्यालय

१. गठन ८२
२. जिल्ला न्यायाधिवक्ता र सहायक जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार ८२
३. जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ८२
३.१ मुद्दा सम्बन्धी कार्य ८२
३.२ जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाको कारबाही विवरण ८८
३.३ मुद्दाहरूको क्षेत्रगत विभाजन तथा लगतको स्थिति ९८
३.४ नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा पक्राउ तथा फरार रहेका प्रतिवादी र थुनछेक सम्बन्धी विवरण १०२
३.५ कानूनी राय सम्बन्धी कार्य १०३
३.६ जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण १०३
३.७ जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण १०३
३.८ जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण १०४
३.९ महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण १०४
४. जिल्ला सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार १०५

परिच्छेद – छ

निष्कर्ष तथा सुझाव

१ निष्कर्ष १०६
२ सामना गर्नु परेका समस्या र चुनौतीहरू १०७
३ सुझावहरू १०८

अनुसूचीहरू

१. **महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको संगठनात्मक स्वरूप**

२. **महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनको विवरण**

३. **बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत वर्गीकरण**

४. **महान्यायाधिवक्ताको कार्यालयबाट पुनरावेदन, दो.पा. र १७ नं. निवेदन सम्बन्धमा भएको कारबाही विवरण**

५. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित निकासा सम्बन्धी कार्यहरूको विवरण

६. कानूनी राय सम्बन्धी विवरण

७. मातहत कार्यालयमा भएको निरीक्षण विवरण

८. महान्यायाधिवक्ताको कार्यालयको भौतिक विवरण

९. महान्यायाधिवक्ताको कार्यालयको जनशक्ति विवरण

१०. सरकारी वकीलहरूको कुल दरवन्दी र पदपूर्तिको विवरण

११. महान्यायाधिवक्ताको कार्यालय/मातहत कार्यालय/अन्य कार्यालयहरूमा रहेका सरकारी वकीलहरूको दरवन्दी विवरण

१२. उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनको विवरण

१३. उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दाहरूको विषयगत वर्गीकरण र कारबाही विवरण

१४. उच्च सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारवाहीको विवरण

१५. उच्च सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा पेश भएका प्रस्तावको विवरण

१६. मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण

१७. कानूनी राय सम्बन्धी विवरण

१८. उच्च सरकारी वकील कार्यालयबाट मातहत कार्यालयमा भएको निरीक्षण विवरण

१९. उच्च सरकारी वकील कार्यालयहरूको भौतिक विवरण

२०. उच्च सरकारी वकील कार्यालयहरूको जनशक्ति विवरण

२१. विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा हुने मुद्दा तथा रिट निवेदनको विवरण

२२. विशेष सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको कार्यसम्पादन विवरण

२३. विशेष सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा पेश भएका प्रस्तावको विवरण

२४. विशेष सरकारी वकील कार्यालयबाट भएको अभियोजन सम्बन्धी निर्णयको विषयगत विवरण

२५. मुद्दाहरूको विषयगत वर्गीकरण

२६. पक्राउ, फरार तथा थुनछेक सम्बन्धी विवरण

२७. मुद्दामा महिला तथा बालबालिका पीडित वा प्रतिवादी भएका विवरण

२८. विशेष सरकारी वकील कार्यालयको भौतिक स्थिति

२९. विशेष सरकारी वकील कार्यालयको जनशक्ति विवरण

३०. जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्र/बाहिरका मुद्दा तथा निवेदनहरूको कारबाही विवरण

३१. जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्र/बाहिरका मुद्दाहरूको विषयगत वर्गीकरण र कारबाही विवरण

३१क अर्ध न्यायिक निकायहरूका फैसला उपर जिल्ला अदालतमा पुनरावेदन परेका मुद्दाको कारबाही विवरण

३२. जिल्ला सरकारी वकील कार्यालयबाट भएको कार्यसम्पादन विवरण

३३. पक्राउ, फरार तथा थुनछेक सम्बन्धी विवरण

३४. मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण

३५. कानूनी राय सम्बन्धी विवरण

३६. जिल्ला सरकारी वकील कार्यालयहरूको भौतिक विवरण

३७. मुद्दामा महिला तथा बालबालिका पीडित वा प्रतिवादी भएका मुद्दाको विवरण

३८. जिल्ला सरकारी वकील कार्यालयहरूको जनशक्ति विवरण

३९. सरकारी वकीलहरूको नामावली

४०. माननीय महान्यायाधिवक्ताज्यूबाट जारी गरिएको निर्देशन, २०७४

४१. महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको भवन निर्माणको मापदण्ड

सामान्य परिचय

१. परिचय

नेपाल सरकार वैधानिक कानून, २००४ को धारा १२ को खण्ड (क) मा कानूनको विषयमा सरकारलाई आवश्यक परेको राय सल्लाह पेश गर्न एउटा प्रधान कानूनी सल्लाहकार श्री ३ बाट नियुक्त हुने भन्ने व्यवस्था गरिएको भए पनि उक्त कानून कार्यान्वयनमा आएन । नेपाल अन्तरिम शासन विधान, २००७ मा महान्यायाधिवक्ता सम्बन्धी कुनै व्यवस्था नभए पनि सरकारको लागि कानूनी सल्लाहकारको आवश्यकता महसुस गरी कार्यकारिणी आदेशबाटै वि.सं. २००८ साल पौष ८ गते पहिलो महान्यायाधिवक्ताको नियुक्ति गरियो । तत्पश्चात तत्कालीन प्रधान न्यायालय ऐन, २००८ मा भएको प्रथम संशोधन (२००९ साल आश्विन ३१ गते जारी भएको) को दफा ४१ को उपदफा (१) ले महान्यायाधिवक्ताको सेवाका शर्तहरू, काम, कर्तव्य र अधिकार निर्धारण गऱ्यो । उक्त दफामा प्रधान न्यायालयको न्यायाधीश हुन लायक व्यक्तिलाई महान्यायाधिवक्ताको रूपमा नियुक्त गर्न सक्ने व्यवस्था गरिएको थियो । सर्वोच्च अदालत ऐन, २०१३ को दफा २१ ले प्रदान गरेको अधिकार प्रयोग गरी गृह मन्त्रालयबाट २०१३ साल श्रावण १ गतेको राजपत्रमा प्रकाशित सूचनाबाट सरकारलाई सरोकार पर्ने मुद्दा मामिलामा आवश्यकतानुसार गभर्मेण्ट एडभोकेटले सर्वोच्च अदालत लगायत नेपालको जुनसुकै अड्डा अदालतमा हाजिर भई सरकारको तर्फबाट बहस पैरवी गर्ने कानूनी व्यवस्था गरियो । नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था नभएकोले २०१६ साल भाद्र २२ को राजपत्रमा प्रकाशित २०१६ साल भाद्र ९ गतेको कार्यकारिणी निर्णय बमोजिम महान्यायाधिवक्ता नियुक्त गरियो ।

नेपालको संविधान, २०१९ ले सर्वप्रथम महान्यायाधिवक्ताको पदलाई संवैधानिक पदको रूपमा स्थापित गऱ्यो । उक्त संविधानले महान्यायाधिवक्तालाई सरकारको कानूनी सल्लाहकार र सरकारको हकहित, सरोकार रहेको मुद्दामा अड्डा अदालतमा प्रतिनिधित्व गर्ने अधिकार प्रदान गरेकोमा नेपाल अधिराज्यको संविधान, २०४७ ले महान्यायाधिवक्ता सरकारको मुख्य कानूनी सल्लाहकार र प्रमुख अभियोजनकर्ताको रूपमा स्थापित गर्दै कुनै अदालत वा न्यायिक अधिकारी समक्ष सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकारका साथै नेपाल सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ता वा निज मातहतका अधिकृतबाट प्रतिनिधित्व गर्ने अधिकार र कर्तब्य महान्यायाधिवक्तामा निहित गरेको थियो । यसैगरी सो संविधानले महान्यायाधिवक्तालाई संसदको कुनै पनि सदन वा त्यसको कुनै समितिको बैठकमा वा संसदको संयुक्त अधिवेशनमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार समेत प्रदान गरेको थियो ।

उक्त संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान, अभियोजन, प्रतिरक्षा लगायतको व्यवस्था गर्न आवश्यक भएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ जारी गरियो । उक्त ऐनको अनुसूची १ भित्रका फौजदारी मुद्दाको अनुसन्धानको सिलसिलामा सरकारी वकीलले अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था उक्त ऐनमा गरिएको छ भने अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा सरकारी वकीलसँग आवश्यक निर्देशन वा कानूनी राय लिन सक्ने व्यवस्था गरिएको छ । अनुसन्धान अधिकृतले अनुसन्धान कार्य समाप्त भएपछि अभियोजन सम्बन्धी कार्य गर्न सरकारी वकील समक्ष रायसहितको मिसिल प्रमाण प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको छ । प्राप्त मिसिल प्रमाणका आधारमा सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम अभियोजन सम्बन्धी कार्य गर्दछ । यसप्रकार सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले सरकारी वकीललाई अभियोजनकर्ता र प्रहरी अधिकृतलाई अनुसन्धान अधिकृतको रूपमा राखेको छ । प्रचलित कानूनी व्यवस्थाका अधीनमा रही दुवै निकाय बीचको समन्वय, परामर्श र आपसी सहयोगका आधारमा अपराधको सम्बन्धमा सबुद प्रमाण संकलन, साक्षी प्रमाण प्रस्तुतिका कार्यहरू हुने जिम्मेवारी प्रदान गरेको छ । अभियोजन पश्चात् सम्बन्धित मुद्दामा प्रतिरक्षा बहस पैरवी लगायतका कार्य सरकारी वकीलबाट हुने र सरकारी मुद्दाका साक्षी उपस्थिति गराउने दायित्व अनुसन्धानकर्तामा रहने व्यवस्था छ । वि. सं. २०६३ सालको राजनीतिक परिवर्तन पश्चात् जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले हिरासतमा रहेको व्यक्तिको मानव अधिकारको संरक्षण गर्ने समेतका जिम्मेवारी सहित थप गरी संविधानको भाग १६ मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार र मुख्य अभियोजनकर्ताको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गऱ्यो ।

संविधान सभाबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान (यसपछि संविधान भनिएको) को धारा १५८ मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार र मुख्य अभियोजनकर्ताको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरेको छ । नेपाल सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने, नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने

व्यवस्था संविधानले गरेको नयाँ व्यवस्था हो । महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने, हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने अधिकार समेत महान्यायाधिवक्तालाई हुने व्यवस्था गरिएको छ । यसैगरी संविधानको धारा १५८ को उपधारा (४) अनुसार महान्यायाधिवक्ताले संघीय संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्ने उल्लेख गरेको छ । संविधानमा गरिएका यी व्यवस्थाहरूबाट महान्यायाधिवक्ताले कार्यपालिकालाई कानूनी सल्लाह प्रदान गर्ने, व्यवस्थापिकालाई कानूनी प्रश्नमा राय व्यक्त गर्ने र न्यायपालिकामा नेपाल सरकारको तर्फबाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने कार्य गर्ने जिम्मेवारी तोकिएको छ । यसबाट महान्यायाधिवक्ताले आफ्नो पदीय जिम्मेवारी राज्यका तीन वटै निकायसँग आबद्ध भई निर्वाह गरिरहेको अवस्था छ ।

नेपालको संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ । उक्त संवैधानिक प्रावधान अनुरूप मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार महान्यायाधिवक्ताबाट मातहतका जिल्ला सरकारी वकीलहरूलाई आफूमा निहित मुद्दा चलाउने वा नचलाउने अधिकार विभिन्न शर्तको अधीनमा रहने गरी सुम्पिएको छ । यसैगरी सोही मितिको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दा मध्ये वैदेशिक रोजगार ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दा तथ मिति २०७४।०९।१८ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार उच्च अदालत पाटनको वाणिज्य इजालासमा दायर हुने सुरक्षित कारोबार र बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दा र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दामा सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको तहकिकात पूरा भई मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि राय सहित विशेष सरकारी वकील कार्यालय समक्ष प्रस्तुत हुन आएको मिसिलमा मुद्दा चल्ने चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने अधिकार प्रत्यायोजन गरिएको छ ।

त्यस्तै संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) बमोजिम महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने कर्मचारीले प्रयोग गर्ने गरी सुम्पिएको छ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित फौजदारी मुद्दाहरूको अनुसन्धान प्रहरी अनुसन्धानकर्ताबाट हुन्छ । अनुसन्धान अधिकृतबाट अनुसन्धानको कार्य सम्पन्न भए पश्चात अभियोजन सम्बन्धी निर्णयका लागि सरकारी वकील कार्यालयमा राय सहितको प्रतिवेदन पठाउने र सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकारको अधीनमा रही मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने र मुद्दा चल्ने निर्णय भएमा कानूनद्वारा तोकिएको अदालत वा अन्य निकायमा मुद्दा दायर गर्ने कानूनी व्यवस्था छ । उक्त ऐनको अनुसूची-२ मा उल्लेखित देवानी मुद्दा तोकिएको अधिकारीले जाँचबुझ गरी रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउने र सम्बन्धित सरकारी वकीलले महान्यायाधिवक्ताबाट तोकिएको शर्तको अधीनमा रही मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने र सो बमोजिम मुद्दा चल्ने निर्णय भएमा फिरादपत्र तयार गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्नु पर्ने कानूनी व्यवस्था छ ।

यसैगरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ वा २ मा लेखिएका मुद्दा बाहेक नेपाल सरकार वादी हुने अन्य फौजदारी मुद्दाका सम्बन्धमा सम्बन्धित कानूनमा वा नेपाल सरकारले मुद्दा चलाउने वा सबुद प्रमाण संकलन गर्ने कुनै अधिकारी तोकिदिएको भए त्यस्तो अधिकारीबाट र नतोकिएमा सम्बन्धित कार्यालय प्रमुखले सबुद प्रमाण संकलन गरी मिसिल एवं सबुद प्रमाण मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकील समक्ष मिसिल पठाउने र सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकारको अधीनमा रही मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने र मुद्दा चल्ने निर्णय गरेकोमा मुद्दा दायर गर्न मिसिल फिर्ता पठाउने कानूनी व्यवस्था छ ।

सरकारी वकीलले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्र तथा बाहिरका मुद्दा नचल्ने निर्णय गरेकोमा प्रत्यायोजित अधिकार बमोजिम निकासार्थ पुनरावेदन तहको सरकारी वकील समक्ष पठाउनु पर्छ । यसरी प्राप्त कागजात अध्ययन गरी उच्च सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भएमा सम्बन्धित अदालत वा अन्य निकायमा मुद्दा

दायर गर्न सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा फाइल फिर्ता गर्ने र सम्बन्धित जिल्लाका सरकारी वकीलबाट कानून बमोजिम मुद्दा दायर गर्ने र उच्च सरकारी वकील कार्यालयबाट समेत मुद्दा नचल्ने निर्णय भएमा महान्यायाधिवक्ता समक्ष पेश गर्ने र महान्यायाधिवक्ताको निर्णय अन्तिम हुने व्यवस्था छ। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ वा २ मा लेखिएको मुद्दा र कुनै ऐनमा नेपाल सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकीलले दिने र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ वा २ मा लेखिएको मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै मुद्दामा साक्षी बकाउने तथा प्रमाण पेश गर्ने काम सरकारी वकीलले गर्ने कानूनी व्यवस्था छ।

नेपालको संविधानको धारा १५९ बमोजिम महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने व्यवस्था छ। सो प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने व्यवस्था भएकोले मातहतका सबै उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय, जिल्ला जिल्ला सरकारी वकील कार्यालयहरू र अन्य सम्बन्धित कार्यालय तथा निकायहरूबाट प्राप्त तथ्याङ्कहरूको आधारमा सो बमोजिमका विवरणहरू तथा नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधारहरूसहित आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

२. संगठनात्मक स्वरूप

नेपालको संविधानको धारा १५७ ले नेपालमा एक महान्यायाधिवक्ता रहने र निजको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था गरेको छ। संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने र नेपाल सरकारको तर्फबाट चलाइने मुद्दाहरूका सन्दर्भमा सम्बन्धित अदालत वा न्यायिक अधिकारी समक्ष अभियोगपत्र वा फिरादपत्र दर्ता गर्ने, मुद्दाको बहस पैरवी गर्ने, सरकार पक्ष भएको वा सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दाको पुनरावेदन गर्ने एवं सरकार वा सरकारले तोकेका अधिकारीलाई कानूनी राय प्रदान गर्ने लगायतका काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तामा निहित छन्। महान्यायाधिवक्तामा निहित उल्लेखित अधिकारहरू मातहतका सरकारी वकीलहरूलाई सुम्पन सक्ने संवैधानिक व्यवस्था अनुसार महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार महान्यायाधिवक्ताको कार्यालय मातहतका उच्च (नेपाल सरकारको मिति २०७३।०६।०६ को निर्णय अनुसार तत्काल कायम रहेका पुनरावेदन सरकारी वकील कार्यालयहरू उच्च सरकारी वकील कार्यालयमा रूपान्तरण भएका), विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट प्रयोग भई आएको छ। महान्यायधिवक्ताको कार्यालयको संगठन संरचना अदालतको संरचनासँग जोडिएको छ। महान्यायाधिवक्ताको कार्यालयको संगठनात्मक स्वरूप र मातहतका पुनरावेदन, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठनात्मक स्वरूपलाई प्रस्तुत प्रतिवेदनको **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

३. व्यवस्थापन तथा प्रशासनिक संरचना

नेपालको संविधानले महान्यायाधिवक्तालाई सुम्पेको जिम्मेवारी अनुरूप कार्यसम्पादन गर्न स्थापित महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको वर्तमान अवस्था, भौतिक स्थिति र आवश्यकताहरूलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

३.१. सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दीको अवस्था

विज्ञान र प्रविधिको विकासको कारण फौजदारी न्यायप्रशासनमा थपिएका चुनौतीहरूको सामना गर्न तथा समयको परिवर्तन अनुसार संगठनको लक्ष्य तथा उद्देश्यमा भएको विस्तार अनुरूप कुशलतापूर्वक कार्यसम्पादन गर्न मानव स्रोतको संख्यात्मक विस्तारको साथसाथै जनशक्तिमा ज्ञान, सीप, क्षमता र दक्षताको विकास गरी स्रोत साधनले युक्त बनाउनु आवश्यक हुन्छ। महान्यायाधिवक्ताले अदालत तथा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, नेपाल सरकारको तर्फबाट चलाइएका मुद्दाहरू र नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका जुनसुकै मुद्दाहरूमा बहस पैरवी र प्रतिरक्षा गर्ने, सरकारको तर्फबाट पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने र नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने लगायतका आफूलाई संविधानले तोकेको काम, कर्तव्य, अधिकार र जिम्मेवारी स्वयं वा मातहतका

सरकारी वकीलहरू मार्फत सम्पादन गर्ने व्यवस्था छ । महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार अन्तर्गत तथा संविधान एवं कानूनले सरकारी वकीललाई तोकेको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूमा सरकारी वकील तथा सहायक कर्मचारीहरूको दरबन्दी क्रमशः थप हुँदै गएको भएता पनि कार्यबोझ र कार्य प्रकृतिको अनुपातमा विद्यमान जनशक्ति अझै अपर्याप्त देखिन्छ । यसले गर्दा कार्यको गुणस्तरमा अपेक्षा अनुरूप वृद्धि हुन सकेको छैन । मुद्दाको संख्यात्मक वृद्धि र थपिएको जिम्मेवारीसँगै महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यबोझका आधारमा कर्मचारी दरबन्दी थप गर्नुपर्ने आवश्यकता देखिन्छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०।०७।२५ को निर्णय अनुसार महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत काठमाडौं उपत्यकामा रहने गरी विशेष सरकारी वकील कार्यालयको स्थापना भएको छ । उक्त कार्यालयबाट विशेष अदालत काठमाडौं, राजश्व न्यायाधिकरण काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौं, प्रशासकीय अदालत तथा उच्च अदालत पाटनमा रहेका वाणिज्य इजलासबाट सुनुवाइ हुने नेपाल सरकार वादी तथा सरकारको हकहित वा सरोकार निहित मुद्दाहरूमा बहस पैरवी तथा प्रतिरक्षा गर्न सहन्यायाधिवक्ताको नेतृत्वमा सरकारी वकील तथा अन्य कर्मचारी रहने व्यवस्था गरिएको छ । हाल महान्यायाधिवक्ताको कार्यालय, मातहतका सरकारी वकील कार्यालहरू तथा अन्य सरकारी निकाय एवं कार्यालयहरूमा रहेका सरकारी वकील तथा कर्मचारीहरूको मौजुदा दरबन्दी देहायको तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका नं. १

सरकारी वकील एवं अन्य कर्मचारीहरूको दरबन्दी विवरण

कार्यालय	संवैधानिक पद	नेपाल सरकारका निजामती कर्मचारीहरु													कूल जम्मा
		राजपत्राङ्कित					राजपत्र अनङ्कित					श्रेणी विहीन			
		विशिष्ट	प्रथम	द्वितीय	तृतीय	जम्मा	प्रथम	द्वितीय	क.अ	स.क.अ	टाइपिष्ट	ह.स.चा.	का.स.	जम्मा	
महान्यायाधिवक्ताको कार्यालय	१	४	९	१२	२७	५३	२०	१०	३	३	३	२	१८	**५९**	**११२**
उच्च सरकारी वकील कार्यालयहरु			१६	३१	५१	९८	७२	३०	१२	१०	१३	१६	७२	**२२५**	**३२३**
विशेष सरकारी वकील कार्यालय			१	९	६	१६	८		१			१	२	**१२**	**२८**
जिल्ला सरकारी वकील कार्यालयहरु				७७	१०८	१८५	१३१	७९	३२	३८	२८	३	२५४	**५६५**	**७५०**
अख्तियार दुरुपयोग अनुसन्धान आयोग			४	८	१७	२९									**२९**
निर्वाचन आयोग				१	१	२									**२**
आन्तरिक राजश्व विभाग				१	१	२									**२**
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग					१	१									**१**
राजश्व अनुसन्धान विभाग					१	१	५							**५**	**६**
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग				१	२	३	१							**१**	**४**
अध्यागमन विभाग					१	१									**१**
वैदेशिक रोजगार विभाग				१	६	७	६							**६**	**१३**
जिल्ला प्रशासन कार्यालयहरू					१२	१२									**१२**
ठूला करदाता कार्यालय					१	१									**१**
जम्मा	१	४	३०	१४१	२३५	४११	२४३	११९	४८	५१	४४	२२	३४६	८७३	१२८४

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको कर्मचारी दरबन्दी तथा पदपूर्तिको स्थिति हेर्दा मानव संसाधन योजनामा समुचित ध्यान पुग्न सकेको छैन । मानव संसाधन योजनाले संगठनमा आवश्यक पर्ने सामान्य तथा विशिष्ट योग्यता भएको मानव स्रोत र त्यसलाई वाञ्छित लक्ष्य प्राप्तिको लागि उपयोग गर्ने प्रक्रियालाई संकेत गर्दछ । यसले संगठनमा उचित स्थान, समय र संख्यामा योग्य कर्मचारीहरू कार्यरत छन् भन्ने विषयलाई सुनिश्चित गरी संगठनमा कार्यरत कर्मचारीहरूसँग सम्बद्ध संस्कृति, औपचारिक, अनौपचारिक संगठनहरू र प्रणालीहरूमा समेत समुचित ध्यान पुऱ्याउँछ । महान्यायाधिवक्तालाई संविधानले दिएको जिम्मेवारी प्रभावकारी रूपले निर्वाह गर्न जिम्मेवारी र कार्यवोझका आधारमा मानव संसाधन योजना निर्माण गरी लागू गर्न जरुरी छ ।

संवैधानिक अंगको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालय र मातहत उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा हाल विद्यमान कर्मचारी दरबन्दी संख्यालाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ । सरकारी वकील तथा अन्य कर्मचारीहरूको महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको दरबन्दी र पदपूर्तिको अवस्थालाई क्रमशः **अनुसूची ९, २०, २९ र ३८** मा प्रस्तुत गरिएको छ । सरकारी वकील कार्यालयहरूको

तथा छानविन समितिहरूमा रही कार्यसम्पादन गर्दै आएका छन् । कार्यबोझ र जिम्मेवारीमा आएको विस्तार अनुरूप संगठन संरचना र जनशक्ति थप गर्नका लागि २०६७ सालमा बृहत संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी चरणबद्ध रूपमा कार्यान्वयन भए पनि त्यसले तिब्र रूपमा बढ्दै गरेको कार्यबोझलाई सम्बोधन गर्न सकेको छैन । तसर्थ महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको मौजुदा दरबन्दीमा नियमित पुनरावलोकन गर्नु आवश्यक देखिन्छ । नेपाल न्याय सेवा अन्तर्गत सरकारी वकील समूहमा रही महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरू एवं विभिन्न सरकारी निकायहरूमा कार्यरत सरकारी वकीलहरूको नामावली सहितको विवरण **अनुसूची ३९** मा समावेश गरिएको छ ।

३.२. कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था

संगठनको लक्ष्य अनुरूप प्रभावकारी कार्यसम्पादनको लागि उपयुक्त वातावरण निर्माणका लागि कार्यालय भवन, आवास, फर्निचर, कार्यालय सञ्चालन सम्बन्धी सामग्रीहरू लगायतका भौतिक साधन र पूर्वाधारहरूको साथै सुरक्षा संयन्त्रहरूको समुचित व्यवस्थापन अपरिहार्य छ । न्यायपालिकाको संरचना अनुरूप महान्यायाधिवक्ताको कार्यालय मातहत १, उच्च सरकारी वकील कार्यालय १८, १ विशेष सरकारी वकील कार्यालय र ७७ जिल्ला सरकारी वकील कार्यालयबाट सरकारी वकीलहरूको कार्यसम्पादन हुँदै आएको छ । कार्यालय भवन निर्माण नभएका र भवनहरू पुराना र अपर्याप्त भएका स्थानमा सरकारी वकील कार्यालयहरूको आफ्नै कार्यालय भवन निर्माण गर्ने कार्यले केही वर्षदेखि निरन्तरता पाएको छ । भएका कार्यालय भवनहरू मध्ये पनि कतिपय भवनहरू वर्तमान दरबन्दीको अनुपातमा साँघुरा, अपर्याप्त तथा पुराना भएकाले दैनिक रूपमा कार्यसम्पादनमा कठिनाई महसुस भएको छ । २०७२ साल वैशाख १२ गते गएको भूकम्प र त्यसपछिका पराकम्पनले गर्दा महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको कार्यालय भवन मध्ये महान्यायाधिवक्ताको कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरू सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, गोर्खा, ओखलढुङ्गा पूर्ण क्षति भएको उच्च सरकारी वकील कार्यालयहरू पोखरा, दिपायल तथा जिल्ला सरकारी वकील कार्यालयहरू धादिङ्ग, सिन्धुली, सिराहा, उदयपुर, मनाङ्ग, लमजुङ्ग, खोटाङ्ग, प्यूठान क्षतिग्रस्त भई कार्यसम्पादन गर्न सकिने हालतमा नभएकाले ती कार्यालयहरूको भवन यथाशीघ्र निर्माण गर्नुपर्ने देखिन्छ । महान्यायाधिवक्ताको कार्यालय, उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूको वर्तमान भौतिक अवस्थालाई क्रमशः प्रस्तुत प्रतिवेदनको **अनुसूची ८, १९, २८ र ३६** मा प्रस्तुत गरिएको छ । मौजुदा भवनहरूमा तला थप गर्ने र कर्मचारी आवास भवन बनाउनेतर्फ पनि प्राथमिकता दिनुपर्ने देखिएको छ । कार्यालय भवनहरूको विद्यमान अवस्था हेर्दा परिवर्तित सन्दर्भ र कार्यबोझको विस्तारको कारण उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूका अधिकांश भवनहरू नयाँ निर्माण गर्नुपर्ने अवस्थामा छन् ।

पीडित मैत्री कक्ष

आर्थिक वर्ष २०७०/०७१ मा UNICEF नेपालको आर्थिक सहयोगमा जिल्ला सरकारी वकील कार्यालयहरू झापा, मोरङ्ग, दोलखा, धनुषा, रौतहट, पर्सा, कास्की, तनहुँ, म्याग्दी, पर्वत, अर्घाखाँची, रूपन्देही, बाजुरा, बझाङ, डोल्पा, हुम्ला, अछाम, कालिकोट, मुगु, जुम्ला गरी २० जिल्लामा पीडितमैत्री कक्ष निर्माण भएका छन भने Asia Foundation को आर्थिक सहयोगमा मकवानपुर, काभ्रेपलाञ्चोक, बाँके, कंचनपुर ४ जिल्ला सरकारी वकील कार्यालयहरूमा पीडितमैत्री कक्ष निर्माण भएका छन् । यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा UNICEF नेपालको आर्थिक सहयोगमा पाँचथर, इलाम, बाग्लुङ्ग, बैतडी, चितवन, सर्लाही, महोत्तरी, डोटी, सोलुखुम्बु, उदयपुर, दाङ्ग, दार्चुला, ललितपुर, भक्तपुर, गोर्खा, स्याङ्गजा, पाल्पा, नवलपरासी, सिराहा र रोल्पा गरी २० जिल्ला सरकारी वकील कार्यालयहरूमा पीडित मैत्री कक्ष निर्माण भएको छ । आर्थिक वर्ष २०७२/०७३ मा मा UNICEF नेपालको आर्थिक सहयोगमा तेह्रथुम, संखुवासभा, सुनसरी, सिन्धुली, रामेछाप, काठमाडौं, धादिङ्ग, मुस्ताङ्ग, रसुवा, मनाङ्ग, लमजुङ्ग, गुल्मी, सल्यान, जाजरकोट गरी १४ जिल्ला सरकारी वकील कार्यालयहरूमा पीडित मैत्री कक्षको निर्माण भएको छ ।

घर, जग्गा भवनको अवस्था

महान्यायाधिवक्ताको कार्यालयको भौतिक अवस्था कमजोर रहेको छ । भूकम्पबाट मूल भवन नराम्ररी प्रभावित भएको कारण नयाँ भवन बनाउने तयारीको अवस्था रहेको छ । आगामी संगठन संरचना र जनशक्ति एवम् कार्यबोझको आँकलन गरी नयाँ मापदण्ड अनुसार महान्यायाधिवक्ताको कार्यालयको भवन निर्माण गर्ने प्रक्रियामा रहेको छ । महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकील कार्यालयहरूको भौतिक प्रोफायल तयारी र सरकारी वकील कार्यालयको भवन निर्माणको मापदण्ड तयार भएको छ । सो मापदण्ड **अनुसूची ४१** मा समावेश गरिएको छ ।

विषय	उच्च/विशेष सरकारी वकील कार्यालयहरू	जिल्ला सरकारी वकील कार्यालयहरू
जग्गा नभएका	ओखलढुंगा, वीरगञ्ज, विशेष (काठमाडौं)	इलाम, सप्तरी, धनुषा, मकवानपुर, ललितपुर, काठमाडौं, नवलपरासी सुस्ता पूर्व, रुकुम पूर्व, सुर्खेत, जुम्ला
जग्गा कम भएका		भक्तपुर
उपयुक्त जग्गा भएका तर भवन नभएका		तेह्रथुम, भोजपुर, ओखलढुंगा, जाजरकोट
भवन पर्याप्त भएका	धनकुटा, विराटनगर, जनकपुर, बाग्लुङ, सुर्खेत	संखुवासभा, सुनसरी, खोटाङ्ग, दोलखा, सिन्धुपाल्चोक, कास्की, तनहुँ, स्याङ्जा, बाग्लुङ, म्याग्दी, पर्वत, मुस्ताङ्ग, नवलपरासी, रूपन्देही, पाल्पा, बाँके, दैलेख, मुगु, अछाम, कञ्चनपुर
भवन पुराना भएका	इलाम, राजविराज, दिपायल	पाँचथर, सिराहा, सर्लाही, रौतहट, पर्सा, चितवन, काभ्रेपलाञ्चोक, मनाङ, कपिलवस्तु, दाङ, रुकुम पश्चिम, सुर्खेत, डोल्पा, हुम्ला, डोटी, बझाङ, डडेल्धुरा, बैतडी
भवन अपर्याप्त भएका	पाटन, महेन्द्रनगर	भक्तपुर
नयाँ भवन निर्माण भएका	विराटनगर, जनकपुर, बाग्लुङ, सुर्खेत	संखुवासभा, खोटाङ्ग, सुनसरी, दोलखा, सिन्धुपाल्चोक, भक्तपुर, तनहुँ, कास्की, स्याङ्जा, बाग्लुङ, मुस्ताङ, पर्वत, म्याग्दी, रूपन्देही, बाँके, दैलेख, मुगु, अछाम, कञ्चनपुर,
भवन निर्माणाधीन	हेटौंडा, बुटवल, तुल्सीपुर, नेपालगञ्ज, जुम्ला,	ताप्लेजुङ, धनकुटा, सोलुखुम्बु, सिन्धुली, महोत्तरी, रामेछाप, नुवाकोट, रसुवा, लमजुङ, गुल्मी, रोल्पा, बाजुरा र दार्चुला
भवन निर्माण प्रारम्भ भएका	इलाम, पोखरा, महेन्द्रनगर	झापा, तेह्रथुम, पाँचथर, भोजपुर, ओखलढुंगा, उदयपुर, सिराहा, सर्लाही, रौतहट, बारा, धादिङ्ग, गोर्खा, अर्घाखाँची, सल्यान, प्युठान, रुकुम पश्चिम, बर्दिया, कालिकोट, कैलाली, डडेल्धुरा, बैतडी
घर जग्गा नभएर भाडामा रहेका कार्यालयहरू	ओखलढुंगा, वीरगञ्ज, विशेष (काठमाडौं)	इलाम, सप्तरी, मकवानपुर, ललितपुर, काठमाडौं, नवलपरासी सुस्ता पूर्व, रुकुम पूर्व,
भवन निर्माणाधीन भएर भाडामा बसेका कार्यालयहरू	नेपालगञ्ज	ताप्लेजुङ, तेह्रथुम, भोजपुर, सिन्धुली, रामेछाप, गोर्खा, जाजरकोट, बाजुरा
उच्च सरकारी वकील कार्यालयको भवनमा बसेका		धनुषा, सुर्खेत, जुम्ला

हालसम्म १० वटा उच्च सरकारी वकील कार्यालयहरूको भवन रहेका मध्ये पाँच वटा धनकुटा, विराटनर, जनकपुर र बाग्लुङका भवन उपयुक्त रहेका छन् । उच्च सरकारी वकील कार्यालय ३ वटाको भवन पुरानो भएका २ वटाको भवन अपर्याप्त भएको हुँदा नयाँ भवन बनाउनु पर्ने देखिन्छ । हाल ५ वटा उच्च सरकारी वकील कार्यालयहरूको भवन निर्माणाधीन र ३ वटा उच्च सरकारी वकील कार्यालयहरूको भवन निर्माण प्रारम्भ भएका छन् । उच्च सरकारी वकील कार्यालयहरू ओखलढुंगा, वीरगञ्ज र विशेष सरकारी वकील कार्यालय काठमाडौंको जग्गा तथा भवन समेत रहेका छैनन् ।

यसैगरी हालसम्म ५१ वटा जिल्ला सरकारी वकील कार्यालयहरूको आफ्नै कार्यालय भवनहरू रहेका छन् । ती मध्ये २० वटाका भवन पर्याप्त रहेका छन् । १८ वटा जिल्ला सरकारी वकील कार्यालयका भवन पुराना भएका हुँदा नयाँ भवन

निर्माण गर्नुपर्ने देखिन्छ । भक्तपुर जिल्ला सरकारी वकील कार्यालयको भवन साघुरो हुँदा अपर्याप्त रहेको छ । हाल १३ वटा जिल्ला सरकारी वकील कार्यालयहरू निर्माणाधीन रहेका छन् भने २१ वटा जिल्ला सरकारी वकील कार्यालयहरूको नयाँ भवन निर्माण गर्ने प्रक्रियामा रहेका छन् । ६८ वटा जिल्ला सरकारी वकील कार्यालयहरूका भवन निर्माण गर्न जग्गा रहेका छन् । जग्गा भएका मध्ये भक्तपुर जिल्ला सरकारी वकील कार्यालयको जग्गा अपर्याप्त रहेको छ । ९ वटा (इलाम, सप्तरी, धनुषा, मकवानपुर, ललितपुर, काठमाडौं, नवलपरासी सुस्ता पूर्व, रुकुम पूर्व, सुर्खेत) जिल्ला सरकारी वकील कार्यालयहरूका आफ्नो भवन निर्माणका लागि जग्गा समेत रहेको छैन ।

तालिका नं. २

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको भौतिक स्थिति

विवरण	कार्यालय भवन				ल्यापटप संख्या	कम्प्युटर संख्या	प्रिन्टर संख्या	टेलि भिजन	इन्भटर	फोटोकपि संख्या	टेलिफोन संख्या	फ्याक्स संख्या	सवारी साधन संख्या		
कार्यालय	भएको	नभएको	निर्माणाधीन	निर्माण प्रारम्भ									कार	जीप	मोटरसाइकल
म.न्या.का.	१	०	०	०	१८०	६१	५३	८		९	३१	१६	२१	७	२५
उ.स.व.का.	१०	३	५	३	१४	१०४	५०	०	२१	३८	३५	१६	१३	८	२५
वि.स.व.का.	०	१	०	०	१४	९	४	०	४	४	३	१	१	१	८
जि.स.व.का.	५१	१४	१३	२१	३९	२५९	१५४	०	७०	७४	८०	७५	७०	७	६६
जम्मा	६२	१८	१८	२४	२४७	४३३	२६१	८	९५	१२५	१४९	१०८	१०५	२३	१२४

३.३. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको बजेट वितरण

महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाको संख्या र कार्यबोझको अनुपातमा भौतिक स्रोत साधनहरूको व्यवस्था गर्न महान्यायाधिवक्ताको कार्यालयका लागि विनियोजन गरिने रकमको अनुपात समय सापेक्ष रूपमा वृद्धि भएमा मात्र संभव हुन्छ । आर्थिक वर्ष २०७३/०७४ मा नेपाल सरकारले महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको लागि विनियोजन गरेको बजेट रकम रु. १ अर्ब ९ करोड ९० लाख ९१ हजारलाई देशको कुल बजेट विनियोजित रकम रु. १० खर्ब, ४८ अर्ब, ९२ करोडलाई अनुपातमा विभाजन गरी हेर्दा कुल विनियोजित रकमको ०.१० प्रतिशत मात्र यस कार्यालयलाई विनियोजन भएको देखिन्छ । केन्द्रमा महान्यायाधिवक्ताको कार्यालय १, उच्च सरकारी वकील कार्यालयहरू १८, विशेष सरकारी वकील कार्यालय १ तथा ७५ जिल्ला सरकारी वकील कार्यालय समेत गरी देशव्यापी रूपमा फैलिएको कार्यालयको संरचना तथा कार्यरत झण्डै १३०० को संख्यामा रहेको जनशक्तिको दृष्टिकोणबाट हेर्दा यो रकमको अनुपात सन्तोषजनक मान्न सकिदैन । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूका लागि आर्थिक वर्ष २०७३/०७४ का लागि विनियोजन गरिएको रकम र खर्च विवरण देहायको तालिज्ञद्द

कामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूका लागि विनियोजन, निकासा एवं खर्च भएको रकमको विवरण

बजेटको अवस्था		म.न्या.का.	उ.स.व.का.	वि.स.व.का.	जि.स.व.का.	जम्मा
विनियोजन	चालु	९४१३२७१६.७३	१६५५३२०५६.८४	२४०५७०४९.९०	३५३९९७३९२.२५	६३७७१९२१५.७२
	पुँजीगत	२०३५०००००	९६०४३००१.००	७००००.००	११४६५६९९९.००	४१४९०००००
	सं.सृ.चालु	११०७६०००.००	९००००००	०.००	२६३९६०००.००	४६४७२०००.००
	जम्मा	**३०८७०८७१६.७३**	**२७०५७५०५७.८४**	**२४७५७०४९.९०**	**४९५०५०३९१.२५**	**१०९९०९१२१५.७२**
निकासा	चालु	९२०८८०४१.७८	१५८२६०१५९.५१	२२९५८६७७.६८	३३१६९१६४५.९४	६०४९९८५२४.९१
	पुँजीगत	२०३३४००२३.००	९००४३००१.०७	६९१२३९.४५	८२९५६६१९.००	३७७०३०८८२.५२
	सं.सृ.चालु	८१८६२१९.००	८२७१७९६.०९	०.००	२७७५९०००.००	४४२१७०१५.०९
	जम्मा	**३०३६१४२८३.७८**	**२५६५७४९५६.६७**	**२३६४९९१७.१३**	**४४२४०७२६४.९४**	**१०२६२४६४२२.५२**
खर्च	चालु	९२०८८०४१.७८	१५८२६०१५९.५१	२२९५८६७७.६८	३३१६९१६४५.९४	६०४९९८५२४.९१
	पुँजीगत	२०३३४००२३.००	९००४३००१.०७	६९१२३९.४५	८२९५६६१९.००	३७७०३०८८२.५२
	सं.सृ.चालु	८१८६२१९.००	८२७१७९६.०९	०.००	२७७५९०००.००	४४२१७०१५.०९
	जम्मा	**३०३६१४२८३.७८**	**२५६५७४९५६.६७**	**२३६४९९१७.१३**	**४४२४०७२६४.९४**	**१०२६२४६४२२.५२**

उल्लेखित विवरण हेर्दा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूमा वृद्धि भएको कार्यबोझ र जनशक्तिको अनुपातमा कार्यालयलाई विनियोजन गरिने बजेट अपेक्षा अनुरूप वृद्धि हुन नसकेको देखिन्छ । अदालत र सरकारी वकील कार्यालय भवनहरू फरक-फरक ठाउँमा रहेको कारण मुद्दा सम्बन्धी काम कारबाही तथा बहस पैरवीको लागि अदालत आउन जान र मिसिल लगायतका महत्वपूर्ण कागजातहरू समेतको सुरक्षाको संवेदनशीलता समेतको दृष्टिकोणले उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा सवारी साधन उपलब्ध हुनुपर्ने महसुस गरी सवारी साधन नभएका वा नपुग भएका सरकारी वकील कार्यालयहरूलाई क्रमस सवारी साधन उपलब्ध गराउने कार्यको सुरुवात गरिएको छ । साथै कार्यालयको लागि अत्यावश्यक कम्प्युटर, प्रिन्टर, फोटोकपि मेसिन, फ्याक्स मेसिन लगायतका साधन र तिनको मर्मत सम्भार समेतको लागि प्रत्येक सरकारी वकील कार्यालयमा आवश्यक रकम वार्षिक रूपमा उपलब्ध गराउने कार्यको सुरुवात गरिएको छ । यसलाई समयानुकूल वृद्धि गरी नियमितता दिनु जरुरी छ ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयमा बहस पैरवी र प्रतिरक्षा गर्ने जम्मा ३२१ जना सरकारी वकीलहरूको दरबन्दी रहेकोमा (महान्यायाधिवक्ता समेत) सो दरबन्दीबाट वर्तमान मुद्दाको संख्याको प्रभावकारी र गुणात्मक बहस पैरवी र प्रतिरक्षा गर्न कठिनाई भएको यथार्थ हो । संगठित अपराधमा भएको संख्यात्मक वृद्धि, विद्युतीय कारोबार (साइवर), सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) जस्ता नवीन प्रकृतिका अपराध र राजश्व सम्बन्धी अपराधको अभियोजन र बहस पैरवी गर्ने कार्य एवं रिटहरूको प्रभावकारी प्रतिरक्षा जस्ता कुराहरू परम्परागत अध्ययन र अभ्यासमा आधारित जनशक्तिबाट संभव छैन । यस्ता अपराधमा कानूनी व्यवस्थाको उद्देश्य अनुरूप राज्यको हकहित र सरोकारको प्रभावकारी प्रतिनिधित्वका लागि सरकारी वकीलको क्षमता वृद्धि तथा महान्यायाधिवक्ताको कार्यालय मातहतका कार्यालयहरूको आधुनिकीकरण गर्नु आवश्यक छ । सक्षमता एवं प्रभावकारिताको अभिवृद्धिले राज्यको राजश्वको ठूलो रकम संरक्षण हुने मात्र होइन अपराध नियन्त्रण गरी समाजमा शान्ति र व्यवस्था कायम गर्ने कार्यमा योगदान दिन समेत महान्यायाधिवक्ताको कार्यालय सफल हुने कुराको अपेक्षा गर्न सकिन्छ । अतः विशिष्टिकृत ज्ञान एवं सीपयुक्त जनशक्तिको प्रवर्द्धन, वृद्धि र विकासका अतिरिक्त यसका भौतिक संरचना र प्रविधिको आधुनिकीकरण हुनु आवश्यक देखिएको छ ।

३.४ सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण, अध्ययन, भ्रमण तथा तालिमको विवरण

समयको परिवर्तनसँगै सरकारी वकीलको कार्यमा आएका नयाँ चुनौतीको सामना गर्न र पदीय जिम्मेवारी प्रभावकारी रूपमा बहन गर्न सरकारी वकीलहरूको व्यावसायीकरणका लागि उच्च अध्ययन र तालिमको अवसर प्रदान गरी ज्ञान, क्षमता, अनुभव र रुची अनुरूप कार्यमा विशिष्टीकरण अपनाउनु अनिवार्य छ । महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीलहरूलाई समयसापेक्ष व्यावसायिक बनाई राख्न विदेश तथा स्वदेशमा उच्च अध्ययन एवं सेवा समूहसँग सम्बन्धित तालिमको अवसर उपलब्ध गराउन पहल भईरहेको छ । हाल सरकारी वकीललाई उपलब्ध अवसर अति न्यून रहेकोले यस कार्यलाई नियमित बनाउन निश्चित कार्यक्रम र मापदण्ड तयार गरी सोही अनुसार सरकारी वकीलहरूको ज्ञान, क्षमता, दक्षता, सीप आदिको विकास गर्न पहल गरिनु पर्ने देखिन्छ । बिशेष गरी फौजदारी न्याय प्रणाली र फौजदारी कानूनमा आएका नवीनतम् अवधारणासँग सम्बन्धित विषयमा अध्ययन, तालिम, गोष्ठी, कार्यशाला, सेमिनार आदिमा सरकारी वकीललाई बढी अवसर उपलब्ध गराउने तर्फ विशेष ध्यान दिइएको छ । तर यो अझै पर्याप्त भने हुन सकेको छैन ।

संविधान र प्रचलित कानूनले तोकेका काम, कर्तव्य तथा अधिकार प्रयोग गरी समाज र राष्ट्रलाई गम्भीर असर पार्ने तथा शान्ति सुव्यवस्थामा खलल पार्ने किसिमका अपराधको अनुसन्धानमा निर्देशन दिने, त्यस्ता मुद्दामा संकलित प्रमाणको मूल्यांकन गरी अभियोजन गर्ने, बहस पैरवी गर्ने एवं सरकार र सरकारले तोकिदिएको अन्य अधिकारीलाई आवश्यक कानूनी राय परामर्श प्रदान गर्ने गहन जिम्मेवारी बहन गर्नुपर्ने सरकारी वकीलहरूले आफ्नो पदीय कर्तव्य निर्वाह गर्दा विविध कठिनाई र समस्याहरूको सामना गर्नु परेको छ । फौजदारी मुद्दाको अनुसन्धानलाई राज्यको प्राथमिकतामा पार्न नसकिएको, कानूनको अभाव र अपर्याप्तता रहेको, अदालती कार्यविधिमा जटिलता रहेको तथा मुद्दाको वस्तुनिष्ठ र प्रभावकारी अभियोजन गर्न नसकिएको, न्याय सम्पादनमा सरोकार रहने निकायहरूसँग उचित रूपमा सहयोग र समन्वय गर्न नसकिएको यथार्थलाई आत्मसात गरी यसमा संलग्न सवैले आ आफ्नो भूमिकाको आत्मसमीक्षा गरी पहल गर्न सकिएमा नेपालको फौजदारी न्याय प्रणालीलाई अझै प्रभावकारी बनाउन सकिने कुराको अपेक्षा गर्न सकिन्छ ।

फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउन सरकारी वकीलहरू तथा सहायक कर्मचारीहरूलाई सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारबाहीका सम्बन्धमा आधारभूत प्रशिक्षण प्रदान गर्ने क्रममा यस आर्थिक वर्षमा सरकारी वकीलको व्यावसायिक दक्षता र सीप विकासका लागि अध्ययन, भ्रमण, तालिम, गोष्ठी र ती कार्यक्रममा संलग्न सरकारी वकीलहरूको सहभागिता देहाय बमोजिम रहेको थियो :

(क) अन्तर्राष्ट्रिय अध्ययन, भ्रमण, तालिम, गोष्ठी

मिति २०७४ साल भदौ २७ देखि ३० गते सम्म चीनको बेइजीङ्गमा अयोजना भएको Seminar on Public Administration for Ministerial Official of Nepal उच्चस्तरीय Bilateral कार्यक्रममा नायब महान्यायाधिवक्ता श्री बद्रिप्रसाद गौतम सहभागी हुनु भएको थियो ।

मिति २०७४ साल कार्तिक १५ देखि २१ गतेसम्म क्रोएसिया र अष्ट्रिया अध्ययन भ्रमणमा नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल सहभागी हुनु भएको थियो ।

मिति २०७३ साल जेष्ठ ३ देखि ४ गतेसम्म नेपालको परराष्ट्र मन्त्रालयको सहयोगमा अष्ट्रेलिया दुतावासद्वारा संचालित थाइल्याण्डको बैंककमा Bail Process-Following the Money Forum कार्यक्रममा सहन्यायाधिवक्ता श्री धर्मानन्द नाथ सहभागी हुनु भएको थियो ।

मिति २०७३ साल जेष्ठ १० देखि १४ गते सम्म थाइल्याण्डको बैंककमा संचालित Trial Advocacy Training Program कार्यक्रममा उपन्यायाधिवक्ताहरु श्री मोहनसागर बस्याल, श्री भरतमणि रिजाल, जिल्ला न्यायाधिवक्ताहरु श्री राजेश कटुवाल, श्री शम्भुप्रसाद गौतम, शाखा अधिकृतहरु श्री प्रेममाया राना र श्री मुना भट्टराई गरी जम्मा ६ जना सहभागी हुनु भएको थियो ।

मिति २०७३ साल मंसिर १३ गतेदेखि २४ गते सम्म JICA ले Project Strengthening the capacity of Court for Expedit and Reliable Dispute Settlement अन्तर्गत जापानमा आयोजना गरेएको Country Focused Seminar on Case Management & Mediation कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री राजेश्वर अर्याल सहभागी हुनु भएको थियो ।

मिति २०७३ साल पौष २५ देखि माघ २७ गते सम्म जापानमा JICA/JAPAN द्वारा संचालित Crime Prevention and Criminal Justice (Senior Seminar) कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री यामबहादुर बानियाँ सहभागी हुनु भएको थियो ।

मिति २०७३ साल फाल्गुन २५ देखि २७ गतेसम्म हङकङमा संचालन भएको Intellectual Property Rights Criminal Enforcement कार्यक्रममा सहन्यायाधिवक्ता श्री लोकराज पराजुली र जिल्ला न्यायाधिवक्ता श्री मणिराम न्यौपाने सहभागी हुनु भएको थियो ।

मिति २०७३ साल फाल्गुन २३ देखि चैत्र ४ गतेसम्म टोकियो, जापानको टोकियोमा संचालन भएको Comparative Study on Criminal Justice System of Japan and Nepal कार्यक्रममा सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली, उपन्यायाधिवक्ता श्री रामकुमार थापा, जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतम, उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी, जिल्ला न्यायाधिवक्ता श्री जुद्धबहादुर आले र शाखा अधिकृत श्री टेकनाथ अधिकारी समेत गरी जम्मा ६ जना सहभागी हुनु भएको थियो ।

मिति २०७४ साल जेष्ठ ९ देखि १० गतेसम्म इन्डोनेसियाको बालीमा संचालन भएको Consultation Workshop on the Draft Bail Process Policy Guide on following the Money in Trafficking in Persons Cases कार्यक्रममा सहन्यायाधिवक्ता द्वय श्री गीताप्रसाद तिम्सिना र श्री ध्रुवकुमार भट्टराई सहभागी हुनु भएको थियो ।

मिति २०७४ साल जेष्ठ २२ देखि २५ गतेसम्म संयुक्त राष्ट्रसंघको Counter Terrorism Committee Executive Directorate (CTED) को आयोजनामा श्रीलंकाको कोलोम्बोमा संचालित 12th Regional Workshop for Judges and Police on Effectively Countering Terrorism in South Asia कार्यक्रममा सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी सहभागी हुनु भएको थियो ।

मिति २०७४ साल असार १६ देखि २३ गते सम्म अष्ट्रियाको लग्जेम्वर्गमा संचालन भएको International Anti-Corruption Summer Academy, 2017 विश्वव्यापी छनौट प्रतियोगितामा सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली भाग लिई छात्रवृति समेत प्राप्त गर्नु भएको थियो ।

मिति २०७४ साल असार २६ देखि ३० गते सम्म भारतको नयाँ दिल्लीमा स्थित अपराध अनुसन्धान, अभियोजन प्रणाली, पीडित तथा साक्षी संरक्षण एवम् गम्भीर किसिमका मुद्दामा शीघ्र सुनुवाइका लागि फास्ट ट्र्याक कोर्टको अवलोकन भ्रमणमा उपन्यायाधिवक्ता श्री महेन्द्र बहादुर थापाक्षेत्री, शाखा अधिकृत श्री शान्ति न्यौपाने र श्री सीतादेवी सुवेदी, सहायक जिल्ला न्यायाधिवक्ता श्री सुवास कुमार भट्टराई र नायब सुब्बा श्री प्रकाश सुवेदी समेत गरी जम्मा ४ जना सहभागी हुनु भएको थियो ।

मिति २०७४ साल श्रावण १९ देखि भदौ ७ गते सम्म चीनको Kunming City मा संचालन भएको Seminar on Anti-Money Laundering for Nepal विषयक Bilateral कार्यक्रममा सहन्यायाधिवक्ता श्री गणेशबाबु अर्याल र उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली सहभागी हुन भएको थियो ।

मिति २०७४ साल असार १४ देखि १६ गतेसम्म थाइल्याण्डको बैंककमा UNFPA, UNODC, UN WOMEN / WHO को संयुक्त आयोजनामा संचालन भएको Multi Sectoral Service to Respond to Gender Based Violence Agnist Women and Girl in Asia and the Pacific विषयक कार्यक्रमा सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला सहभागी हुनु भएको थियो ।

मिति २०७४ साल भदौ २७ देखि ३० गतेसम्म DOJ/OPDAT, the US Patent & Trademark Office Global Intellectual Property Academy (USPTO/GIPA) समेतको आयोजनामा थाइल्याण्डको बैंककमा संचालित The Intellectual Property Right Border Enforcement विषयक कार्यक्रममा सहन्यायाधिवक्ता श्री सूर्यराज दहाल र उपन्यायाधिवक्ता श्री कृष्णमोहन कोइराला सहभागी हुनु भएको थियो ।

मिति २०७४ असोज ६ देखि १२ गतेसम्म चीनको स्वशाशीत क्षेत्र तिब्बतमा The People's Procuretorate of Tibtan Autonomous Region of China र महान्यायाधिवक्ताको कार्यालय बीच फौजदारी अभियोजनको क्षेत्रमा Promote Friendly Exchange and Cooperation कार्यक्रममा सहन्यायाधिवक्ता श्री खड्गबहादुर खड्का, उपन्यायाधिवक्ताहरु श्री चक्रदेव आचार्य, श्री कोषहरि निरौंला, श्री गोपाल लामिछाने, शाखा अधिकृतहरु श्री कल्पना राई, श्री वासुदेव लम्साल र नायब सुब्बाहरु श्री दधिराम बराल, श्री शान्ता ज्ञवाली र श्री भरतकुमार मैनाली सहभागी हुनु भयो ।

मिति २०७४ साल असोज ३१ देखि कार्तिक २ गतेसम्म श्रीलंकाको कोलोम्बोमा Regional workshop on International cooperation in Financial Investigations, Money Laundering and Recovery of Assest विषयक कार्यक्रममा सहन्यायाधिवक्ता श्री मुरारीप्रसाद पौडेल सहभागी हुनु भएको थियो ।

मिति २०७४ साल मंसिर ६ देखि ८ गतेसम्म माल्दिभ्सको मालेमा Regional workshop on Whistle blower and Witness Protection in the Fight Against Corruption विषयक कार्यक्रममा उपन्यायाधिवक्ता श्री गोविन्दराज गौली सहभागी हुनु भएको थियो ।

मिति २०७४ साल कार्तिक २७ देखि मंसिर १ गतेसम्म पाकिस्तानको लाहोरमा आयोजना भएको 30th South Asian Teaching Session (SATS) on International Humanitarian Law (IHL) कार्यक्रममा उपन्यायाधिवक्ता श्री हरिप्रसाद ज्ञवाली सहभागी हुनु भएको थियो ।

मिति २०७४ साल मंसिर १८ देखि २९ गतेसम्म Indonesia को Semarang मा संचालित भएको INTERPOL Policeing Capabilities Workshop for Counter Terrorism Phase 3 कार्यक्रममा उपन्यायाधिवक्ता श्री प्रकाश कोइराला सहभागी हुनु भएको थियो ।

(ख) राष्ट्रिय अध्ययन, भ्रमण, तालिम, गोष्ठी

यसैगरी महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूलाई विगत केही वर्षदेखि मुलुक भित्रै कानूनको उच्च शिक्षा (एल्एल्एम) को अध्ययन गर्नको लागि तलब सहितको अध्ययन विदाको अवसर उपलव्ध गराइएको छ । सरकारी वकीलहरूको दक्षता अभिवृद्धि गराउने उद्देश्यले त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाल ल क्याम्पसबाट सञ्चालित कानूनको स्नातकोत्तर प्रवेश परीक्षामा उत्कृष्ट स्थान हांसिल गर्ने कम्तीमा पाँच जना सरकारी वकीलहरूलाई अध्ययन विदा प्रदान गरिदै आएको छ ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा दि एशिया फाउण्डेशनको सहकार्यमा २०७३ मंसिर २६ गते नेपालगञ्जमा सञ्चालन गरेको नेपालमा पुनःस्थापकीय न्याय सम्बन्धी कानूनी व्यवस्थाः कार्यान्वयनमा रहेका समस्या र सामाधानका उपायहरू विषयक एक दिने कार्यशालामा बर्दिया, सुर्खेत, बाँके, दैलेख र दाङमा कार्यरत राजपत्रांकित तृतीय र द्वितीय श्रेणीका गरी जम्मा पाँच जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा २०७३ पुष २५ देखि २९ गतेसम्म राष्ट्रिय न्यायिक प्रतिष्ठान, हरिहरभवन, ललितपुरमा सञ्चालन गरेको विधि विज्ञान तथा वैज्ञानिक प्रमाणको प्रयोग विषयक पाँच दिने प्रशिक्षण कार्यक्रममा राजपत्रांकित तृतीय र द्वितीय श्रेणीका गरी जम्मा पाँच जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा Counter- Terrorism Committee Excutive Directorate (CTED) and Counterion Co-operative Security (GCCS) सँगको सहकार्यमा २०७३ माघ २४ देखि २६ गतेसम्म काठमाडौंमा सञ्चालन गरेको सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लागानी सम्बन्धी कसूर निवारण सम्बन्धी तीन दिने प्रशिक्षण कार्यक्रममा राजपत्रांकित तृतीय र द्वितीय श्रेणीका गरी जम्मा ६ जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा २०७३ फाल्गुन २२ गतेबाट राष्ट्रिय न्यायिक प्रतिष्ठान, हरिहरभवन, ललितपुरमा सञ्चालन गरेको सेवा प्रवेश प्रशिक्षण विषयक कार्यक्रममा ३ हप्ते प्रशिक्षण कार्यक्रममा नव नियुक्त राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीहरू जम्मा ४ जनाको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा United State Department of Justice OPDAT, Embassy of United States, Kathmandu र US Attorneys को सहकार्यमा राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैजु, काठमाडौंमा सञ्चालन गरेको Traning on Combating Wildlife Trafficking विषयक पाँच दिने कार्यक्रममा २०७३ फाल्गुन १६ गते देखि २० गतेसम्म राजपत्रांकित तृतीय र द्वितीय श्रेणीका गरी जम्मा सात जना सरकारी वकीलहरूको र २०७३ फाल्गुन २३ देखि २७ गतेसम्म राजपत्रांकित तृतीय र द्वितीय श्रेणीका गरी जम्मा १२ जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा २०७४ वैशाख ३ गतेबाट राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैजु, काठमाडौंमा सञ्चालन गरेको सेवा प्रवेश प्रशिक्षण तालिम विषयक ३ हप्ते प्रशिक्षण कार्यक्रममा राजपत्र अनंकित प्रथम (नायब सुब्बा १ जना) र द्वितिय श्रेणी (खरिदार ३ जना) कर्मचारीहरू जम्मा ४ जनाको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा २०७४ वैशाख २१ गते पाल्पामा सञ्चालन गरेको बैंङ्किङ कानून विषयक एक दिवसीय कार्यक्रममा राजपत्रांकित तृतीय र द्वितीय श्रेणीका गरी जम्मा ४ जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो । २०७४ जेष्ठ २३ गते धनकुटामा सञ्चालन गरेको सोही विषयको एक दिवसीय कार्यक्रममा राजपत्रांकित प्रथम र द्वितीय श्रेणीका गरी जम्मा ६ जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा The International Committee of the Red Cross (ICRC) को सहकार्यमा राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैजु, काठमाडौंमा सञ्चालन गरेको अन्तर्राष्ट्रिय मानवीय कानून विषयक पहिलो चरणको कार्यक्रम २०७४ बैशाख ११ देखि १२ गतेसम्म दुई दिने प्रशिक्षणमा जम्मा ४ जना र सोही कार्यक्रमको दोस्रो चरण २०७४ वैशाख १४ देखि १५ गतेसम्म दुई दिने प्रशिक्षणमा ४ राजपत्रांकित द्वितीय र प्रथम श्रेणीका गरी जना गरी जम्मा ८ सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा २०७४ जेष्ठ ५ र ६ गते ललितपुरमा सञ्चालन गरेको संगठित अपराधः चुनौती र संबोधनका उपाय विषयक दुई दिवसीय कार्यक्रममा राजपत्रांकित तृतीय र द्वितीय श्रेणीका गरी जम्मा २६ जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा UNDP/RoLHR को सहकार्यमा २०७४ श्रावण १५ देखि भाद्र १९ गतेसम्म राष्ट्रिय न्यायिक प्रतिष्ठान, हरिहरभवन, ललितपुरमा सञ्चालन गरेको महिला तथा सिमान्तकृत वर्गहरको लागि व्यावसायिक क्षमता अभिवृद्धि विषयक तीस दिवसीय कार्यक्रममा राजपत्रांकित तृतीय श्रेणीका जम्मा ७ जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा UNICEF को सहकार्यमा २०७४ श्रावण २२ देखि २७ गतेसम्म काठमाडौमा सञ्चालन गरेको बाल न्याय विषयक पाँच दिवसीय प्रशिक्षक प्रशिक्षण कार्यक्रममा राजपत्रांकित तृतीय र द्वितीय श्रेणी गरी जम्मा ६ जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा Shri-Lanka Judge's Institute को सहकार्यमा २०७४ भाद्र १ देखि ४ गतेसम्म काठमाडौमा सञ्चालन गरेको Workshop on Cyber Crime and Electronic Evidence विषयक चार दिवसीय कार्यक्रममा राजपत्रांकित प्रथम श्रेणीको जम्मा ४ जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा दि एशिया फाउण्डेशनको सहयोगमा २०७४ असोज ३ र ४ गते काठमाडौमा सञ्चालन गरेको Assessing Opportunities and Challaenges for Promoting the Applicationon or Restrovative Justice in Formal and Alternative Justice Delivery System विषयक चार दिवसीय कार्यक्रममा राजपत्रांकित प्रथम श्रेणीको जम्मा ४ जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा UN WOMAN सँगको सहकार्यमा माननीय जिल्ला न्यायाधीश, अदालतका अधिकृत, सरकारी वकील, प्रहरी अधिकृत र अदालत तथा महान्यायाधिवक्ताको कार्यालयका सहायक कर्मचारीहरूलाई लक्षित गरी संचालन भएको लैङ्गिक न्याय र सामाजिक समावेशीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रम धनकुटा र हेटौडामा २०७४ असोज २३ देखि २५ रा.प.अधिकृत ६/६ जना र सहायक कर्मचारी १०/१० र मिति २०७४ असोज २५ देखि २७ सम्म बाग्लुङ्गमा संचालन भएको सोही कार्यक्रम रा.प.अधिकृत ६ जना र सहायक कर्मचारी १० जनाको सहभागिता रहेको थियो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा UN WOMAN सँगको सहकार्यमा अदालतका अधिकृत, सरकारी वकील, कानून व्यवसायी र प्रहरी अधिकृतहरूलाई लक्षित गरी **लैङ्गिक न्याय र सामाजिक सामावेशीकरण सम्बन्धी प्रशिक्षण** कार्यक्रम काठमाडौ, बाग्लुङ्ग, धनकुटा र नेपालगञ्ज समेत गरी जम्मा चार स्थानमा संचालित मिति २०७४ पुष ५ देखि ७ गतेसम्म जम्मा ३० जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो भने सोही कार्यक्रम सरकारी वकील कार्यालयमा कार्यरत सहायक

स्तरका कर्मचारीहरूलाई समेत लक्षित गरी काठमाडौ र बाग्लुङ्गमा मिति २०७४ पुष ५ देखि ११ गतेसम्म र ऐ. मिति पुष ६ देखि ७ गते सम्म समेत गरी संचालित कार्यक्रममा जम्मा ३० जना सहायक स्तरका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

न्याय सेवा तालिम केन्द्र

न्याय सेवा तालिम केन्द्रद्वारा मिति २०७३।११।९ देखि २०७३।१२।१६ गतेसम्म सञ्चालन भएको सेवाकालीन तालिममा राजपत्र अनंकित प्रथम र द्वितिय श्रेणीका पाँच जना सहायक कर्मचारीहरूको सहभागिता रहेको थियो ।

न्याय सेवा तालिम केन्द्रद्वारा मिति २०७३।१२।६ देखि ३० कार्यदिनसम्म सञ्चालन भएको सेवाकालीन तालिममा राजपत्र अनंकित द्वितिय श्रेणीका पाँच जना सहायक कर्मचारीहरूको सहभागिता रहेको थियो ।

न्याय सेवा तालिम केन्द्रद्वारा मिति २०७४।२।९ देखि ३० कार्यदिनसम्म सञ्चालन भएको सेवाकालीन तालिममा राजपत्र अनंकित प्रथम श्रेणीका दश जना सहायक कर्मचारीहरूको सहभागिता रहेको थियो ।

न्याय सेवा तालिम केन्द्रद्वारा मिति २०७४।४।१ गतेदेखि पाँच हप्तासम्म सञ्चालन भएको सेवाकालीन तालिममा राजपत्र अनंकित प्रथम र द्वितिय श्रेणीसमेतका बीस जना सहायक कर्मचारीहरूको सहभागिता रहेको थियो ।

न्याय सेवा तालिम केन्द्रद्वारा मिति २०७४।५।१ देखि ३० कार्यदिनसम्म सञ्चालन भएको सेवाकालीन तालिममा राजपत्रांकित तृतीय श्रेणीका दश जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

न्याय सेवा तालिम केन्द्रद्वारा मिति २०७४।५।१ देखि ३० कार्यदिनसम्म सञ्चालन भएको सेवाकालीन तालिममा राजपत्रांकित द्वितिय श्रेणीका पन्ध्र जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

न्याय सेवा तालिम केन्द्रद्वारा मिति २०७४।५।७ देखि ३० कार्यदिनसम्म सञ्चालन भएको सेवाकालीन तालिममा राजपत्रांकित तृतीय श्रेणीका दश जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सवलीकरण कार्यक्रम) UNDP /RoLHR

महान्यायाधिवक्ताको कार्यालयको आयोजना र UNDP/RoLHR को सहयोगमा मिति २०७३।११।६ देखि ७ सम्म काठमाडौंमा सञ्चालन भएको पीडितमैत्री व्यवहार सम्बन्धी प्रशिक्षण कार्यक्रममा राजपत्रांकित द्वितीय र तृतीय श्रेणीको २५ जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयको आयोजना र UNDP/RoLHR को सहयोगमा मिति २०७४।३।८ देखि १० सम्म काठमाडौमा सञ्चालन भएको Victim Witness Protection System कार्यक्रममा राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका ३० जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयको आयोजना र UNDP/RoLHR को सहयोगमा मिति २०७४।३।१० देखि १२ सम्म बुटवलमा सञ्चालन भएको Crime Victim and Witness Protection System कार्यक्रममा राजपत्रांकित द्वितीय र तृतीय श्रेणीको गरी कुल ३० जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयको आयोजना र UNDP/RoLHR को सहयोगमा मिति २०७४।३।२२ देखि २४ सम्म महेन्द्रनगरमा सञ्चालन भएको Crime Victim and Witness Protection System कार्यक्रममा राजपत्रांकित द्वितीय र तृतीय श्रेणीको गरी कुल ३० जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयको आयोजना र UNDP/RoLHR को सहयोगमा मिति २०७४।७।७ देखि ९ सम्म पोखरामा सञ्चालन भएको CMS तथा E-attorney सम्बन्धी प्रशिक्षण कार्यक्रममा जम्मा ३० जना सहायक स्तरको कर्मचारीहरूको सहभागिता रहेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयको आयोजना र UNDP/RoLHR को सहयोगमा मिति २०७४।७।२१ देखि २३ सम्म सुर्खेतमा सञ्चालन भएको CMS तथा E-attorney सम्बन्धी प्रशिक्षण कार्यक्रममा जम्मा ३० जना सहायक स्तरको कर्मचारीहरूको सहभागिता रहेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयबाट RoLHR को सहयोगमा धुलिखेलमा मिति २०७४।०३।८ देखि २०७४/०३/१० सम्म, बुटवलमा मिति २०७४/४/१० देखि २०७४/४/१२ गते सम्म र महेन्द्रनगरमा मिति २०७४।४।२२ देखि २०७४।४।२४ गते सम्म सरकारी वकीलहरूलाई पीडित तथा साक्षी संरक्षण सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको ।

मुलुकी ऐनलाई प्रतिस्थापन गर्ने गरी मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसूर तथा सजाय निर्धारण ऐन, २०७४ जारी भएको सन्दर्भमा मिति २०७४।०७।१४ देखि २०७४।०७।१८ सम्म

पहिलो चरणमा र मिति २०७४।०७।२८ देखि २०७४।०८।०२ सम्म दोस्रो चरणमा गरी ४५ जनाको लागि काठमाडौंमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन भएको थियो ।

महान्यायाधिवक्ताको कार्यालयबाट RoLHR को सहयोगमा धुलिखेलमा मिति २०७४।०३।८ देखि २०७४/०३/१० गते सम्म संचालित Thematic Training for Govt. Attorneys on Crime Victim and Witness Protection सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रममा २७ जना सरकारी वकीलहरूको सहभागि रहेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयबाट RoLHR को सहयोगमा बुटवलमा मिति २०७४।४।१० देखि २०७४/४/१२ गते सम्म संचालित Thematic Training for Govt. Attorneys on Crime Victim and Witness Protection सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रममा २८ जना सरकारी वकीलहरूको सहभागि रहेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयबाट RoLHR को सहयोगमा महेन्द्रनगर, कंचनपुरमा मिति २०७४।४।२२ देखि २०७४/४/२४ गते सम्म संचालित Training on Crime Victim and Witness Protection for Govt. Attorneys सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रममा ३१ जना सरकारी वकीलहरूको सहभागि रहेको थियो ।

अभियोजन प्रशिक्षण केन्द्र

महान्यायाधिवक्ताको कार्यालयको अभियोजन प्रशिक्षण केन्द्रको आयोजनामा राजपत्र अनंकित कर्मचारीहरूका लागि दुई वटा न्यायप्रशासन कार्यालय सञ्चालन तथा सूचना प्रविधि सम्बन्धी ३० जनाको सहभागितामा चार दिवसीय प्रशिक्षण कार्यक्रम २०७४ जेठ १६ देखि १९ गतेसम्म काठमाडौंमा र २५ जनाको सहभागितामा २०७४ जेठ २३ देखि २६ गतेसम्म चितवनको भरतपुरमा सम्पन्न भएको थियो ।

महान्यायाधिवक्ताको कार्यालयको सूचना प्रविधि महाशाखाको आयोजनामा ई एटर्नी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने सम्बन्धमा सूचना प्रविधि महाशाखामा कार्यरत जनशक्तिहरूलाई लक्षित गरी दुई दिने सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम २०७३ चैत्र २५ र २६ गते काठमाडौंमा सम्पन्न भएको थियो । उक्त अभिमुखिकरण कार्यक्रममा आठ जनाको सहभागिता रहेको थियो ।

ई एटर्नी कार्यक्रम अन्तर्गत सूचना प्रविधि महाशाखा, महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा अधिकृत तथा राजपत्र अनंकित कर्मचारीहरूका लागि पाँच वटा सूचना प्रविधि सम्बन्धी तीन दिवसीय अभिमूखीकरण कार्यक्रम आर्थिक वर्ष २०७३/२०७४ मा सम्पन्न भएका थिए ।

पहिलो तालिम २०७४ असार ५ देखि असार ७ गते सम्म काठमाडौंमा सम्पन्न भएको थियो । उक्त तालिममा तीन जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरू र तेईस जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार र कम्प्युटर अपरेटर गरी २६ जनाको सहभागिता रहेको थियो ।

दोस्रो तालिम २०७४ असार ८ देखि असार १० गतेसम्म काठमाडौंमा सम्पन्न भएको थियो । उक्त तालिममा पाँच जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरू र एक्काईस जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार, कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर गरी २६ जनाको सहभागिता रहेको थियो ।

तेस्रो तालिम २०७४ असार १५ देखि १७ गतेसम्म पोखरामा सम्पन्न भएको थियो । उक्त तालिममा एक जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृत र अट्ठाईस जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार, कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर गरी २९ जनाको सहभागिता रहेको थियो ।

चौथो तालिम २०७४ असार २२ देखि २४ गतेसम्म नेपालगञ्जमा सम्पन्न भएको थियो । उक्त तालिममा पाँच जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरू र पच्चीस जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार, कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर गरी ३० जनाको सहभागिता रहेको थियो ।

पाँचौ तालिम २०७४ असार २८ देखि ३० गतेसम्म विराटनगरमा सम्पन्न भएको थियो । उक्त तालिममा चार जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरू र एक्काइस जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार र कम्प्युटर अपरेटर गरी २५ जनाको सहभागिता रहेको थियो ।

सन् २०१७ मा रोलर र युएनडिपी कार्यक्रमको सहयोगमा महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेर सञ्चालन र ई-एटर्नी कार्यक्रम सम्बन्धी तीन दिवसीय अभिमुखीकरण कार्यक्रम तीन वटा सम्पन्न भएको थियो ।

पहिलो कार्यक्रम जुन १५ देखि जुन १७, २०१७ (२०७४ असार १ देखि ३ गते) सम्म धुलिखेलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा दश जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरू र बीस जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार, कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर गरी ३० जनाको सहभागिता रहेको थियो ।

दोस्रो कार्यक्रम अक्टुबर २४ देखि अक्टुबर २६, २०१७ (२०७४ कात्तिक ७ देखि ९ गते) सम्म पोखरामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा ३२ जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार, कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटरको सहभागिता रहेको थियो ।

तेस्रो कार्यक्रम नोभेम्बर ७ देखि ९, २०१७ (२०७४ कात्तिक २१ देखि २३ गते) सम्म सुर्खेतको वीरेन्द्रनगरमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा २८ जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार र सहायक कम्प्युटर अपरेटरको सहभागिता रहेको थियो ।

अन्य

मिति २०७४ साल भदौ ८ देखि ९ गतेसम्म US Patent & Trademark Office/Office of South Asia को अयोजनामा Us Embassy Department of Justice को सहयोगमा काठमाडौंमा संचालित Basic Intellectual Property Right Workshop/Training मा उपन्यायाधिवक्ताहरू श्री गोपाल लामिछाने र श्री सोमकान्ता भण्डारी सहभागी हुनु भएको थियो ।

मिति २०७२ साल चैत्र २९ देखि २०७३ साल वैशाख ३ गतेसम्म अमेरिकी राजदुतावासबाट संचालित Management of Terrorist Investigations Training Course मा जिल्ला न्यायाधिवक्ता श्री ईश्वरीप्रसाद बन्जाडे र श्री प्रकाश कोइराला तथा सहायक जिल्ला न्यायाधिवक्ता श्री कमला काफ्ले र श्री अन्चन भट्टराई समेत गरी ४ जना सहभागी हुनु भएको थियो ।

संघीय शासन व्यवस्थाका विशेषता, सबल र दुर्बल पक्षहरू एवम् नेपालको वर्तमान संविधानले अवलम्बन गरेको संघीय शासन व्यवस्थाको बारेमा अभिमखीकरण गर्ने उद्देश्य लिई मिति २०७४/०१/१६ (29 April, 2017) गते साझेदार निकाय The Asia Foundation को सहयोगमा संघीय शासन प्रणाली र सरकारी वकीलको भूमिका सम्बन्धी एक दिवसीय राष्ट्रिय कार्यशालाको आयोजना गरिएको थियो ।

सरकारी वकीलहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्न तथा विशिष्टीकृत गर्ने संस्थागत प्रयासहरू सीमित स्रोत साधन र न्यून जनशक्तिको कारणले संभव नभएकोले छात्रवृत्तिमा सरकारी वकीलहरूलाई कानूनको उच्च शिक्षा अध्ययन गराउन नसकिरहेको सन्दर्भमा निजी प्रयासमा अध्ययन गर्न चाहने सरकारी वकीलहरूलाई कार्यालयको काममा बाधा नपुग्ने गरी कानूनको स्नातकोत्तर अध्ययन अध्यापन हुने विश्वविद्यालयमा अध्ययन गर्न अनुमति प्रदान गरिने कार्यलाई लचिलो रूपमा अवलम्बन गरिएको छ । साथै विद्यावारिधिको उपाधि हाँसिल गर्न चाहने सरकारी वकीलहरूलाई पनि यस्तो अवसर उपलब्ध गराउँदै आइएको छ ।

४. सम्पादित कार्यहरूको विवरण

महान्यायाधिवक्ताको कार्यालय र मातहतका पुनरावेदन, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट आर्थिक वर्ष २०७३/०७४ मा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, मुद्दा तथा रिट निवेदनहरूमा बहस, पैरवी, प्रतिरक्षा एवं न्यायिक कार्यको सिलसिलामा सम्पादित कार्यहरूको कार्यालयगत तथा एकमुष्ठ लगत फछ्र्यौट विवरणलाई तल उल्लेखित तालिकाहरूमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या

महान्यायाधिवक्ताको कार्यालय, मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा संवैधानिक तथा कानूनी विषयमा ११२ वटा विषयमा राय माग भएकोमा सबै राय माग गर्ने नेपाल सरकारका निकायहरूलाई कानूनी राय सल्लाह प्रदान गरिएको देखिन्छ । कार्यालयगत रूपमा संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह माग भएको र दिएको संख्या देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह प्रदान गरेको विवरण

कार्यालयहरु	राय सल्लाह माग भएको संख्या	राय सल्लाह दिएको संख्या	बाँकी संख्या	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	२२	२२	०	१ रित नपुगेकोले फिर्ता
उच्च सरकारी वकील कार्यालय	१	१	०	
जिल्ला सरकारी वकील कार्यालय	८९	८९	०	
जम्मा	११२	११२	०	

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट संवैधानिक तथा कानूनी विषयमा प्रदान गरिएका राय र रायको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ५

आर्थिक वर्ष २०७३/०७४ मा प्रदान गरिएको कानूनी रायको विवरण

क्र.सं.	राय माग गर्ने कार्यालय	राय माग गरेको मिति	प्रदान गरिएको रायको व्यहोरा	राय प्रदान गरेको मिति
१.	संस्कृति तथा पयर्टन नागरिक उड्डयन मन्त्रालय	२०७३।०४।१८	कानूनी राय माग भई आएको विषयमा के कुन कानूनी प्रश्न समावेश भई कस्तो कानूनी कुरामा द्विविधा पर्न गएको हो स्पष्ट खुली आएको नहुँदा कानूनी राय प्रदान गर्ने अवस्था नरहेको ।	२०७३।०४।२३
२.	त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय	२०७३।६।१४	सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ११ (ख) बमोजिम राय परामर्श माग गर्ने निकाय भन्दा बाहेकको निकाय रहेको हुँदा राय दिन मिल्ने नदेखिएको ।	२०७३।६।१७
३.	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	२०७३।६।४	सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ११ (ख) बमोजिम राय परामर्श माग गर्ने निकाय भन्दा बाहेकको निकाय रहेको हुँदा राय दिन मिल्ने नदेखिएको ।	२०७३।६।१७
४.	शिक्षा मन्त्रालय	२०७३।६।२०	कानूनी राय माग भई आएको विषयमा कुन कानूनी प्रावधानमा अस्पष्टता भै राय माग गर्नु परेको हो सो र राय माग गर्ने मन्त्रालयको आफ्नो धारणा समेत खुलाई राय माग गर्नु पर्नेमा सो अनुसार लेखी आएको नहुँदा कानूनी राय उपलब्ध गराउन मिल्ने अवस्था नदेखिएको ।	२०७३।६।२१
५.	अर्थ मन्त्रालय	२०७३।५।३१	कर्तव्य ज्यान र बहुविवाह दुबै कसूर ठहर भएको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ६१(१) (६) तथा निजामती सेवा नियमावली २०५० को नियम १२० देखिदा नि.से.ऐको प्रावधान अनुसार सम्बन्धित अख्तियारवालाबाट कानून बमोजिम निर्णय हुनपर्ने ।	२०७३।०७।०५
६.	प्रहरी प्रधान कार्यालय	२०७३।०७।०३	सम्मानित सर्वोच्च अदालतबाट पुनर्वहाली गर्ने आदेश बमोजिम पुनर्वहाली भएका प्र.ना.नि. देवानन्द चौधरीलाई प्रहरी नियमावली, २०७१ को नियम १२४ बमोजिमको सुविधा उपलब्ध गराउने सन्दर्भमा उक्त नियमावलीको नियम १२४(१)को प्रतिबन्धात्मक वाक्यांश लागू हुने ।	२०७३।८।२३
७.	प्रहरी प्रधान कार्यालय	२०७३।०४।१०	सर्वोच्च अदालतमा पुनरावेदनको रोहमा भ्रष्टाचार मुद्दा विचाराधीन रहेको देखिँदा मुद्दा अन्तिम किनारा नभएसम्मका लागि उक्त विषयमा कानूनी राय दिन उचित नहुने ।	२०७३।१२।०१
८.	अर्थ मन्त्रालय	२०७३।०९।०५	सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई पाउने निस्सा पाई मुद्दा विचाराधीन रहेको अवस्था देखिँदा निर्णय नभएसम्मका लागि विभागीय सजायको कार्वाही गर्न मिल्ने नदेखिएको ।	२०७३।१२।१५
९.	जि.स. व. का. रोल्पा	२०७३।०९।२२	निर्देशन माग भई आएको विषय कानूनी प्रश्नमा आधारित भएको नदेखिएकोले यसै कार्यालयको अभियोजन, अनुगमन तथा मूल्याङकन महाशाखाबाट निर्देशन हुनुपर्ने ।	२०७३।१२।१७
१०.	गृह मन्त्रालय	२०७३।१०।२१	कागज धुल्याउने नियमहरू,२०२७ को परिभाषा भित्र नपरेका सैनिक तथा प्रहरी कार्यालयमा कागज धुल्याउने अभ्यास छ छैन भएको भए के कसरी धुल्याउने गरिएको छ जानकारी माग गर्ने ।	२०७३।१२।११
११.	प्रहरी प्रधान कार्यालय	२०७३।१२।२२	प्रहरी जवान सुरेश सिंहलाई प्रहरी सेवाबाट बर्खास्त गर्ने निर्णय सम्बन्धमा साधिकार निकायबाट बदर भएको नदेखिएको र बर्खास्त गरेको निर्णय उपर बदर गरिपाउँ भनी सर्वोच्च	२०७४।०१।०६

क्र.सं.	राय माग गर्ने कार्यालय	राय माग गरेको मिति	प्रदान गरिएको रायको व्यहोरा	राय प्रदान गरेको मिति
			अदालतमा दायर उत्प्रेषण र परमादेश रिट तामेलीमा रहेको देखिदा निजलाई पुनर्बहाली गर्न कानूनतः नमिल्ने ।	
१२.	गृह मन्त्रालय	२०७३।१२।२८	नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरू फिर्ता लिने सम्बन्धी कार्यविधि, २०७१ मा संशोधन गरी दफा १५ क थप गर्ने सम्बन्धमा राय सुझाब माग भएकोमा निम्न बमोजिमको व्यहोरा उल्लेख गरी प्रतिकृया पठाइएको: १. प्रस्तावित दफा १५ क (१) को प्राबधान मुद्दा फिर्ता सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्दान्तहरूको प्रतिकूल नहुने गरी गर्नुपर्ने, २. मूल कार्यविधिमा "मिलापत्र" भन्ने शब्द उल्लेख भएको नदेखिँदा प्रस्तावित प्रावधानमा "मिलापत्र" शब्द कही पनि राख्न उपयुक्त नहुने, ३. प्रस्तावित दफा १५ क (२) मा भएका 'मिन्हा दिने र" भन्ने शब्दको सट्टामा मिन्हा दिई भन्ने शब्दहरू राख्न उपयुक्त हुने, ४. मुद्दा फिर्ता लिन निर्णय गर्नु अघि नेपालको संविधानको धारा १५८(३) अनुसार महान्यायाधिवक्ताको राय लिनुपर्ने संवैधानिक व्यवस्था प्रतिकूल हुने खालका प्रावधान राख्न उपयुक्त नहुने ।	२०७४।०१।१५ (प्रतिकृया पठाइएको)
१३.	गृह मन्त्रालय	२०७४।०१।१४	राय माग्दाका मितिसम्म बुल्गेरियन नागरिक (राहदानी नं ३८२१८७८१६) PETROSLAV HRISTOV भन्ने PETROSLAV HRISTOV HRISTOV को अड्डा अदालतमा लागेको दण्ड जरिवाना एवं कैद भुक्तान बाँकि रहेको भन्ने नदेखिएको हुँदा निज उपर पुनरावेदन गरेकै आधारमा मात्र स्थान हद तोकिराख्न कानूनतः मिल्ने नदेखिने ।	२०७४।०१।२२ मा राय पठाइएको
१४	उर्जा मन्त्रालय	२०७४।०११४	भ्रष्टाचारको उद्योगमा अ. दु. अ. आ. बाट SMEC INTERNATIONALPVT. LTD. AUSTRALIA JV WITH MWH INTERNATIONAL, INC USA IN ASSOCIATION WITH UDAYA CONSULTANCY (P) LTD आधिकारिक प्रतिनिधि विरुद्ध समेत बिशेष अदालतमा मुद्दा दायर भएकोमा उक्त अदालतबाट समझौता कार्यान्वयन नहुन कुनै आदेश नभएको एवं अ. दु. अ. आ. बाट पनि सो संझौता कार्यान्वयन नगर्न कुनै आदेश भएको अवस्था भएमा तथा अन्य कुनै कारणले सो संझौता कार्यान्वयन गर्नु नपर्ने अवस्था भएमा बाहेक सो संझौता अनुसारको काम गर्न हाल उक्त संझौता गर्ने परामर्श दाताका key तथा non- key personnel लाई कार्य सहमति र अनुमतिपत्र दिन कानूनतः कुनै बाधा नदेखिने ।	२०७४।०१।२४ मा राय पठाइएको
१५	गृह मन्त्रालय	२०७४।०१।२८ मा (पुनः सोही विषयमा राय माग भएको)	प्राप्त मन्त्रालयको विभागीय राय मनासिबै भएको भन्ने निर्णय भएको ।	२०७४।०१।२८ (प्रतिकृया पठाइएको)
१६.	भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय	२०७४।०१।२२	कानूनी राय माग भएको विषय सम्बद्ध मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको देखिदा कानुनी राय दिन मिल्ने नदेखिने तथा तलब भत्ता खुवाउने विषय बिशुद्ध प्रशासनिक निर्णय रहेको हुँदा सो सम्बन्धी निर्णय तहाँ मन्त्रालयको अधिकार अन्तर्गत रहेको ।	२०७४।०२।०३ मा कानूनी राय पठाइएको
१७.	प्रहरी प्रधान कार्यालय, नक्साल	२०७४।०१।२९	सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ को रीत पुऱ्याई राय माग भएको नदेखिँदा सोही नियमावलीको नियम ३४ मुताविक राय माग भई आएमा राय दिन सकिने ।	२०७४।०२।०९ मा जानकारी

क्र.सं.	राय माग गर्ने कार्यालय	राय माग गरेको मिति	प्रदान गरिएको रायको व्यहोरा	राय प्रदान गरेको मिति
				गराइएको
१८.	शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुर	२०७४।०२।०४	सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ को रीत पुऱ्याई राय माग भएको नदेखिदा सोही नियमावलीको नियम ३४ मुताविक राय माग भई आएमा राय दिन सकिने ।	२०७४।०२।०९ मा जानकारी गराइएको
१९.	शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुर	२०७४।०२।१२	शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) को नियम ९(७) बमोजिमका उम्मेदवारले सोही नियमावलीको नियम ६ (ङ) बमोजिमको कानूनी व्यवस्था अनुसार नि. मा. बि. तहको शिक्षकको विज्ञापनमा प्रतिस्पर्धा गर्न कानूनतः पाउने तर त्यस्तो उमेदवार यदि शिक्षक पदमा नियुक्ति भएमा नियम ९ (८) अनुसार त्यसरी नियुक्ति भएको ५ वर्ष भित्र शिक्षा विषयमा कम्तीमा १० महिना वा सो सरहको तालिम लिइसक्नु पर्ने ।	२०७४।०२।१६ मा कानूनी राय प्रदान गरिएको
२०.	सर्वोच्च अदालत	२०७४।०२।१६	राय सुझाब माग भएको विषय संस्थागत रूपमा राय सुझाब पठाउने प्रकृतिको विषय भएको हुंदा प्राप्त सर्वोच्च अदालत नियमावली, २०७४ को मस्यौदा प्रशासन शाखामा पठाउने ।	कार्यालयकै प्रशासन शाखामा पठाइएको ।
२१.	परराष्ट्र मन्त्रालय	२०७४।०२।३०	माग भएको विषय कानूनी रायसँग सम्बन्धित नभएको हुँदा कानूनी राय आवश्यक भएमा कानूनी प्रश्न समावेश गरी राय माग भई आएका बखत उक्त विषयमा प्रबेश गर्ने गरी हाल मलेशियन नागरिक Mr. Sivam Veeramuthu उपर दायर गरिएको पुनरावेदन के कस्तो अवस्थामा छ । सो को जानकारी उपलब्ध गराउने गरी मिति २०७४।०३।२८ मा निर्णय भएकोमा यस कार्यालयको पुनरावेदन शाखामा समन्वय गर्दा हितकाजी गुरुङ समेतको जाहेरी परेको वैदेशिक रोजगार कसूर मुद्दा मिति २०७३।१२।१८ मा र रामकर्ण राई समेतको जाहेरी परेको वैदेशिक रोजगार कसूर मुद्दा मिति २०७४।०१।०५ मा श्री सर्वोच्च अदालतमा पुनरावेदनपत्र दायर भई कारबाही युक्त अवस्थामा रहेको ।	२०७४।३।३० को पत्रबाट जानकारी पठाइएको
२२.	राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकु काठमाण्डौं	२०७४।०३।१६	Drafts Document -Standard Operating procedure, Reference Manual, Document structure मा राय सुझाब माग भएकोमा सुझाब माग भएको Drafts Documents को Hard copy सहित तालुक मन्त्रालय मार्फत प्राप्त भएमा राय दिन सकिने भनी जानकारी गराइएको ।	२०७४।०३।१८ को पत्रबाट जानकारी गराइएको

४.२ सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण

नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था गरेको छ । नेपालको संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ । उक्त संवैधानिक प्रावधान बमोजिम महान्यायाधिवक्ताबाट मातहतका सरकारी वकीलहरूलाई मुद्दा चलाउने नचलाउने अधिकार सुम्पिए अनुसार विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ र अनुसूची-२ मा उल्लेखित मुद्दा र नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दामा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दछन् । सो अनुसार यस आर्थिक वर्षमा नेपाल सरकार वादी

भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या २४,८८१ र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ४६,५७२ रहेको छ। सो मध्ये सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्रका मुद्दा संख्या २३,२९८ र प्रतिवादी संख्या ४२,६११ र अनुसूची बाहिरका मुद्दा संख्या १,५८३ र प्रतिवादी संख्या ३,९६१ रहेको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २४ र ३१** मा समावेश गरिएको छ। यस आर्थिक वर्षमा सरकार वादी भई चलेका मुद्दा र प्रतिवादीको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६

सरकार वादी भई चलेका अनुसूची भित्र/बाहिरका मुद्दाहरूको विषयगत विवरण

यस आर्थिक वर्षमा सरकार वादी भई चलेका मुद्दा संख्या

अनुसूची भित्रका मुद्दा

सि.नं.	मुद्दाको विषयगत विवरण	मुद्दा	प्रतिवादी
१	अपहरण	१४०	३७९
२	कुटपिट अंगभंग	८१	१७१
३	आगलागी	९५	२८६
४	आर्थिक	५७६	१२५५
५	करणी	२०२७	२५२१
६	किर्ते	२४३	५४७
७	चोरी	१९३१	४०२३
८	ज्यान	१५९३	३८६९
९	देवानी	३०	३१
१०	नागरिकता	५७	१७९
११	प्रतिलिपि अधिकार	६	१५
१२	प्रविधि सम्बन्धी	१२६	२४७
१३	मानव बेचविखन	३०३	५६९
१४	राहदानी	१०	१०
१५	लागू औषध	२५३२	४५५४
१६	विवाह	५२४	१०७१
१७	सवारी ज्यान	२२७९	३०४१
१८	सार्वजनिक अपराध	९७७४	१६८८२
१९	हात हतियार खरखजाना	३३८	६४९
२०	विविध	६३३	२३१२
	जम्मा	२३२९८	४२६११

अनुसूची बाहिरका मुद्दा

सि.नं.	मुद्दाको विषयगत विवरण	मुद्दा	प्रतिवादी
१	अध्यागमन	२५१	३२३
२	उपभोक्ता संरक्षण	३३	७३
३	औषधि	२	२
४	खाद्य ऐन अन्तर्गतका	२३६	३७६
५	गुणस्तर (प्रमाण चिन्ह)	६	५
६	नाप तौल सम्बन्धी	३	३
७	निर्वाचन सम्बन्धी	२	३
८	राजश्व चुहावट	१९	६९
९	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	१४१	५२०
१०	विदेशी विनिमय	३६	९२
११	वन	७६७	२३११
१२	विद्युत चोरी	१६	६६
१३	शिक्षा ऐन दफा १७(१)	२	४
१४	अन्य	६९	११४
	जम्मा	१५८३	३९६१

४.३ नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण

महान्यायाधिवक्ताको कार्यालय, मातहतका सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई वा प्रतिरक्षाका लागि दायर भएका एवं गत सालबाट जिम्मेवारी सरी आएका मुद्दाहरूको कुल लगत ६०,९१८ मध्ये जम्मा ३४,५८८ अर्थात ५६.७८ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ। फछ्र्यौट भएका मुद्दाहरू मध्ये २४,४८९ थान अर्थात ७०.८० प्रतिशत कसूर ठहर भएको र ९,९०० अर्थात २८.६२ प्रतिशत कसूरमा सफाइ भएको र १९९ अर्थात ०.५८ प्रतिशत मुद्दा मुल्तवी, मुद्दा फिर्ता वा अन्य तवरबाट फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ।

मुद्दाहरूको फछ्र्यौट स्थितिलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयमा रहेका मुद्दाहरू मध्ये ४१.८९ प्रतिशत, उच्च सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरू मध्ये ५१.२२ प्रतिशत, विशेष सरकारी वकील कार्यालयमा रहेका मुद्दाहरू मध्ये ५५.१३ प्रतिशत र जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरू मध्ये ६०.९३ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ। फछ्र्यौट भएका मुद्दाहरू मध्ये महान्यायाधिवक्ताको कार्यालयमा १,६३१ अर्थात ६८.७९ प्रतिशत, उच्च सरकारी वकील कार्यालयमा २,६८२ अर्थात ३८.९६ प्रतिशत, विशेष सरकारी वकील कार्यालयमा १,१२७ अर्थात ८१.६१ प्रतिशत, जिल्ला सरकारी वकील कार्यालयमा १९,०४९ अर्थात ७९.५३ प्रतिशत कसूर कायम भएको र सबै कार्यालयहरूको एकीकृत कसूर कायम भएको प्रतिशत ७०.८० रहेको देखिन्छ। यस सम्बन्धी एकीकृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा र कारबाहीको विवरण

बहस पैरवी/प्रतिरक्षा	लगत			फछ्र्यौट				बाँकी	कसूर ठहर प्रतिशत
	गतवर्षको	यसवर्षको	जम्मा	कसूर ठहर	सफाइ	मुल्तवी, अन्य	जम्मा		
महान्यायाधिवक्ताको कार्यालय	३९०१	१७५९	५६६०	१६३१	७२३	१७	२३७१	३२८९	६८.७९
उच्च सरकारी वकील कार्यालय	६१३९	७३०१	१३४४०	२६८२	४१८९	१३	६८८४	६५५६	३८.९६
विशेष सरकारी वकील कार्यालय	१३१९	११८६	२५०५	११२७	२१२	४२	१३८१	११२४	८१.६१
जिल्ला सरकारी वकील कार्यालय	१४०४३	२५२७०	३९३१३	१९०४९	४७७६	१२७	२३९५२	१५३६१	७९.५३
कुल जम्मा	२५४०२	३५५१६	६०९१८	२४४८९	९९००	१९९	३४५८८	२६३३०	७०.८०

४.४ नेपाल सरकार, सरकारी निकाय वा अधिकारी उपर दायर भएका रिट निवेदनमा प्रतिरक्षा गरेको विवरण

महान्यायाधिवक्ताको कार्यालय, मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा नेपाल सरकार प्रत्यर्थी प्रतिवादी भई दायर भएका एवं गत सालबाट जिम्मेवारी सरी आएका रिट निवेदनहरूको कुल लगत १०,०६८ थान मध्ये ४,६८१ थान अर्थात ४६.५० प्रतिशत फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दा, रिट निवेदनहरू मध्ये २,४४८ थान अर्थात ५२.३० प्रतिशत रिट खारेज भएको र १,४३३ थान अर्थात ३०.६१ प्रतिशत जारी भएको र ८०० थान अर्थात १७.०९ प्रतिशत अन्य तवरबाट फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ । रिट निवेदनहरूको फछ्र्यौट स्थितिलाई विश्लेषण गर्दा फछ्र्यौट भएका निवेदनहरू मध्ये महान्यायाधिवक्ताको कार्यालयमा ३१.७५ प्रतिशत, उच्च सरकारी वकील कार्यालयमा ६१.५६ प्रतिशत, विशेष सरकारी वकील कार्यालयमा ४४.४४ प्रतिशत र जिल्ला सरकारी वकील कार्यालयमा ६१.४८ प्रतिशत रिटहरू फछ्र्यौट भएको देखिन्छ ।

तालिका नं. ८

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका रिट निवेदनको विवरण

बहस पैरवी/प्रतिरक्षा	लगत			फछ्र्यौट				बाँकी	रिट खारेज प्रतिशत
	गतवर्षको	यस वर्षको	जम्मा	खारेज	जारी	अन्य	जम्मा		
महान्यायाधिवक्ताको कार्यालय	३८४९	११९६	५०४५	९५१	३२९	३२२	१६०२	३४४३	५९.३६
उच्च सरकारी वकील कार्यालय	१२३२	२९२२	४१५४	१११७	९६६	४७४	२५५७	१५९७	४३.६८
विशेष सरकारी वकील कार्यालय	४३	२९	७२	२८	४	०	३२	४०	८७.५०
जिल्ला सरकारी वकील कार्यालय	१७७	६२०	७९७	३५२	१३४	४	४९०	३०७	७१.८४
कुल जम्मा	५३०१	४७६७	१००६८	२४४८	१४३३	८००	४६८१	५३८७	५२.३०

४.५ अपराध सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७३/७४ मा नेपाल प्रहरीका कार्यालयहरूमा दर्ता भएका अनुसूची भित्रका अपराधहरूको तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छ । (स्रोतः नेपाल प्रहरी प्रधान कार्यालय)

तालिका नं. ९
आर्थिक वर्ष २०७३/०७४ मा अनुसूची भित्रका अपराधको तथ्यांक विवरण

प्रकृति	अपराध शीर्षक	उपत्यका	पूर्व	मध्य	पश्चिम	मध्य पश्चिम	सुदूर पश्चिम	जम्मा
ज्यान सम्बन्धी	खुन डाँका	०	०	१	०	०	०	१
	कर्तव्य ज्यान	५७	१६७	१३४	१०१	९४	६३	६१६
	ज्यान मार्ने उद्योग	१०७	२१६	१३५	७८	८१	२९	६४६
	भवितव्य ज्यान	६६४	९५४	७४९	६४५	४४७	१४८	३६०७
	फुटकर ज्यान	३४	९१	२९८	२९७	१५०	१०७	९७७
	गोबध	१	६	६	११	५	२	३१
	गर्भपतन	१	९	७	४	४	१	२६
	जम्मा	८६४	१४४३	१३३०	११३६	७८१	३५०	५९०४
आत्महत्या सम्बन्धी	विष खाएर	१४४	२०४	३५१	१९८	१९७	१२१	१२१५
	आगो लगाएर	१	११	२	८	१	१	२४
	झुण्डिएर	३१०	१०३१	७६९	८१७	५३०	३०४	३७६१
	हाम फालेर	१०	८	१६	३०	७		७१
	करेण्ट लागेर		४	०	०			४
	हातहतियार औजारबाट	२	४	३	२	१	३	१५
	पानीमा हाम फालेर (डुबेर)		२२	५	०		७	३४
	जम्मा	४६७	१२८४	११४६	१०५५	७३६	४३६	५१२४
चोरी सम्बन्धी	डाँका	६	९	११	४	१४	१	४५
	रहजनी	२	१८	३	०	३		२६
	नकबजनी	५१	८१	९	५६	३४		२३१
	जबरजस्ती चोरी	५१	६	५	१५	७		८४
	साधारण चोरी	३९६	२२३	२३७	१५४	८२	५१	११४३
	सवारी चोरी	२१	४१	१५	०	५	४	८६
	पुरातात्विक चोरी	१		०	०	३		४
	चौपाया चोरी	०	८	०	०			८
	जम्मा	५२८	३८६	२८०	२२९	१४८	५६	१६२७
संगठित तथा आर्थिक अपराध सम्बन्धी	जुवा	५७	१२	७३	२६	३२	६	२०६
	खोटा चलन	१	५	२	२	१	१	१२
	ठगी	१७६	७४	५०	३२	२८	८	३६८
	लागू औषध	३६५	६५४	५२७	६५६	१९९	६६	२४६७
	कालो बजार	४	९	१९	३	२	१	३८
	प्राचीन स्मारक	१		०	०	१		२
	चन्दा संकलन	४		१	०			५
	सरकारी छाप दस्तखत कीर्ते	६५	२८	९३	१७		९	२१२
	राहदानी	२		१	०			३
	व्यक्ति अपहरण	१७	८	१५	९	७	१	५७
	हातहतियार खरखजाना	१०	७३	५०	३९	३८	१२	२२२
	प्रतिलिपि अधिकार	१		०	०			१
	जम्मा	७०३	८६३	८३१	७८४	३०८	१०४	३५९३

प्रकृति	अपराध शीर्षक	उपत्यका	पूर्व	मध्य	पश्चिम	मध्य पश्चिम	सुदूर पश्चिम	जम्मा
सामाजिक अपराध	केही सार्वजनिक अपराध	२८६७	२२३२	२४७८	१४९५	७३१	२९९	१०१०२
	नागरिकता	८	२४	२८	१०	२		७२
	कुटपिट अंगभंग	९	१९	१९	५		१	५३
	राज्य विरुद्धको अपराध	१	१	१	०			३
	आवश्यक वस्तु संरक्षण ऐन	०		०	०		१	१
	जातीय भेदभाव तथा छुवाछूत	२	४	६	७	४	२	२५
	जम्मा	२८८७	२२८०	२५३२	१५१७	७३७	३०३	१०२५६
महिला तथा बालबालिका सम्बन्धी	मानव बेचबिखन तथा ओसारपसार	६७	३३	३९	३८	३१	१९	२२७
	बहु विवाह	५६	१२३	११२	५८	९०	२६	४६५
	बाल विवाह	१	८	५	७	५	३	२९
	जबरजस्ती करणी	१३७	३६१	२१७	१८०	१७८	६६	११३९
	जबरजस्ती करणी उद्योग	४१	१३८	१३२	१०५	८२	३३	५३१
	अप्राकृतिक मैथुन	१	२	१	९	४	३	२०
	बोक्सीको आरोप	१	११	८	१	३		२४
	घरेलु हिंसा	०	२	१	३			६
	जम्मा	३०४	६७८	५१५	४०१	३९३	१५०	२४४१
सवारी सम्बन्धी	सवारी ज्यान	१७६	४४३	५५६	५२६	२२५	११८	२०४४
	सवारी अंगभंग	२४	३८	२५	१३	४	२	१०६
	जम्मा	२००	४८१	५८१	५३९	२२९	१२०	२१५०
विविध	मानव बेचबिखन तथा जबरजस्ती करणी	१	३	२	०			६
	कुटपिट गरी गर्भ तुहाएको	०	१	०	०			१
	जिउदो बच्चा जन्माई फालेको	०		१	०			१
	आगलागी सम्बन्धी	५	११	१५	१२	५	५	५३
	विष्फोटक पदार्थ	९	६	२	३	३	४	२७
	बम विष्फोटन	०	१३	१	१		१	१६
	अपहरण तथा जबरजस्ती करणी	१	३	२	०	१	१	८
	गोरुगाडाले किची मृत्यु	०		०	०		१	१
	अपहरण तथा शरीरबन्धक उद्योग	४	२	७	४			१७
	संगठित अपराध	५	१	५	१	२		१४
	विधुतीय कसूर तथा साइबर अपरात	३०	१	०	०	१		३२
	दूरसंचार कसूर, टेलिफोन तार	८	२	१	१	२		१४
	बैंकिङ कसूर	२२	१	७	५२	१	१०	९३
	परीक्षा तथा शिक्षा ऐन	२	१	१	१		४	९
	चिट्ठा	०	२	०	०			२
	अन्य	१४	२	११	३	५	३८	७३
	जम्मा	१०१	४९	५५	७८	२०	६४	३६७
कुल जम्मा		६०५४	७४६४	७२७०	५७३९	३३५२	१५८३	३१४६२

(ख) आर्थिक वर्ष २०७३/७४ मा नेपाल भरमा अनुसूची बाहिरका अपराधको तथ्यांक (विशेष तथा जिल्ला सरकारी वकील कार्यालयबाट अभियोजन गर्ने वा नगर्ने गरी भएका निर्णयहरूको संख्या) देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १०
आर्थिक वर्ष २०७३/०७४ मा अनुसूची बाहिरका अपराधको तथ्यांकको विवरण

अपराध शिर्षक	प्रदेश नं. १	प्रदेश नं. २	प्रदेश नं. ३	प्रदेश नं. ४	प्रदेश नं. ५	प्रदेश नं. ६	प्रदेश नं. ७	जम्मा
अध्यागमन	०	०	२५१	०	०	०	०	२५१
उपभोक्ता संरक्षण	०	०	३३	०	०	०	०	३३
औषधि	१	१	०	०	०	०	०	२
खाद्य ऐन अन्तर्गतका	३३	६	९९	१६	४५	१	३६	२३६
गुणस्तर (प्रमाण चिन्ह)	०	१	०	०	५	०	०	६
नाप तौल सम्बन्धी	०	०	०	१	२	०	०	३
निर्वाचन सम्बन्धी	०	०	१	०	१	०	०	२
वैदेशिक रोजगार	०	०	०	०	०	०	०	०
राजश्व चुहावट	०	०	१९	०	०	०	०	१९
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	५	७	५५	१७	३७	१	१९	१४१
विदेशी विनिमय	८	८	१६	१	३	०	०	३६
वन	१४४	१३५	१२९	२८	२०३	३६	९२	७६७
विद्युत चोरी	१०	०	१	०	०	०	५	१६
शिक्षा ऐन दफा १७(१)	०	०	०	०	०	०	२	२
सम्पत्ति शुद्धीकरण	०	०	०	०	०	०	०	०
सामाजिक सुधार ऐन	०	०	०	०	०	०	०	०
स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	०	०	०	०
अन्य	१५	८	२	१	४३	०	०	६९
जम्मा	२१६	१६६	६०६	६४	३३९	३८	१५४	१५८३

४.६ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विवरण

यस आर्थिक वर्षमा बहस पैरवी गरिएका मुद्दा तथा रिटहरूको एकमुष्ठ फछ्र्यौट विवरणलाई गत वर्षको विवरणसँग तुलना गरी हेर्दा आर्थिक वर्ष २०७२/०७३ मा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गरिएका ४,६६३ थान मुद्दाहरू मध्ये फछ्र्यौट भएका ७६२ थान मुद्दामा ५२१ थान अर्थात ६८.३७ प्रतिशत मुद्दामा कसूर कायम भएको थियो । यस आ.व.मा बहस पैरवी तथा प्रतिरक्षा गरिएका ५,६६० थान मुद्दाहरू मध्ये फछ्र्यौट भएका २,३७१ थान मुद्दाहरू मध्ये १,६३१ थान अर्थात ६८.७९ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ । त्यस्तै रिट निवेदन तर्फ आर्थिक वर्ष २०७२/०७३ मा लगत रहेका ४,७२२ थान मध्ये ८७३ थान फछ्र्यौट भएकोमा २९४ थान अर्थात ३३.६८ प्रतिशत रिट निवेदन खारेज भएको थियो । यस आ.व.मा लगत रहेका ५,०४५ थान मध्ये १,६०२ थान फछ्र्यौट भएकोमा २९४ थान अर्थात ५९.३६ प्रतिशत रिट निवेदन खारेज भएको देखिन्छ । यसैगरी अन्य निवेदनतर्फ आ.व. २०७२/०७३ मा जम्मा जम्मा २,०७२ थान लगतमा ४११ थान निवेदन फछ्र्यौट भएकोमा १२५ थान अर्थात ३०.४१ प्रतिशत निवेदन खारेज भएको थियो । यस आ.व. मा जम्मा २,२२६ थान लगतमा १,१०१ थान निवेदन फछ्र्यौट भएकोमा ६३० थान अर्थात ५७.२२ प्रतिशत निवेदन खारेज भएको देखिन्छ ।

उच्च सरकारी वकील कार्यालयहरूमा आर्थिक वर्ष २०७२/०७३ मा लगत रहेका ११,२६७ मुद्दा मध्ये फछ्र्यौट भएका ५,४२६ थान मुद्दाहरू मध्ये १,९४४ थान अर्थात ३५.८३ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको थियो । यस आ.व. मा लगत रहेका १३,४४० मुद्दा मध्ये फछ्र्यौट भएका ६,८८४ थान मुद्दाहरू रहेको छ । यस मध्ये २,६८२ थान अर्थात ३८.९६ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ । त्यस्तै रिट निवेदन तर्फ आर्थिक वर्ष २०७२/०७३ मा लगत रहेका २,९९३ मध्ये जम्मा १,८५२ थान फछ्र्यौट भएकोमा १,०५९ थान अर्थात ५७१८ प्रतिशत रिट निवेदनहरू खारेज भएको थियो । यस आ.व.मा लगत रहेका ४,१५४ मध्ये जम्मा २,५५७ थान फछ्र्यौट भएकोमा १,११७ थान अर्थात ४३.६८ प्रतिशत रिट निवेदनहरू खारेज भएको देखिन्छ । यसैगरी अन्य निवदेनतर्फ आ.व. २०७२/०७३ मा लगत रहेका २,०२३ मध्ये १,६९७ थान फछ्र्यौट भएकोमा ९८३ थान अर्थात ५७.९३ प्रतिशत निवेदनहरू खारेज भएको थियो । यस आ.व.मा जम्मा लगत रहेका १,४७३ मध्ये १,२९४ थान फछ्र्यौट भएकोमा ७९५ थान अर्थात ६१.४४ प्रतिशत निवेदनहरू खारेज भएको देखिन्छ ।

विशेष सरकारी वकील कार्यालयबाट उच्च अदालत पाटन अन्तर्गत वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, राजश्व न्यायाधिकरण, काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरणमा आर्थिक वर्ष २०७२/०७३ मा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत लगत २,०८० मा फछ्र्यौट भएका मुद्दाहरू ७६१ थान मध्ये ४३४ अर्थात ५७.०३ प्रतिशत मुद्दामा कसूर ठहर भएको थियो । यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत २,५०५ मा फछ्र्यौट भएका मुद्दाहरू १,३८१ थान मध्ये १,१२७ अर्थात ८१.६१ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । यसैगरी आर्थिक वर्ष २०७२/०७३ मा लगत रहेका १५१ निवेदनहरू मध्ये फछ्र्यौट भएका १०८ थान रिट निवेदनहरूमा ६८ थान अर्थात ६२.९६ प्रतिशत निवेदन खारेज भएको थियो भने यस आर्थिक वर्षमा लगत रहेका ७२ निवेदनहरू मध्ये फछ्र्यौट भएका ३२ थान रिट निवेदनहरूमा २८ थान अर्थात ८७.५० प्रतिशत निवेदन खारेज भएको तथ्याङ्कबाट देखिन्छ ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय एवं अन्य निकायहरूमा आर्थिक वर्ष २०७२/०७३ मा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत ३९,०७६ मा फछ्र्यौट भएका मुद्दाहरू २४,८८७ थान मध्ये २०,३५६ अर्थात ८१.७९ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । यसैगरी लगत रहेका ६५१ निवेदनहरू मध्ये फछ्र्यौट भएका ४५१ थान रिट निवेदनहरूमा ३१० थान अर्थात ६८.७४ प्रतिशत निवेदनमा जिकिर कायम भएको देखिन्छ । यस आ.व. मा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत ३९,३१३ मा फछ्र्यौट भएका मुद्दाहरू २३,९५२ थान मध्ये १९,०४९ अर्थात ७९.५३ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । यसैगरी लगत रहेका ८५७ निवेदनहरू मध्ये फछ्र्यौट भएका ५१२ थान रिट निवेदनहरूमा ३६५ थान अर्थात ७१.२९ प्रतिशत निवेदनमा जिकिर कायम भएको तथ्याङ्कबाट देखिन्छ ।

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा तथा रिटहरू समेतको छुट्टाछुट्टै लगत, फछ्र्यौट र बाँकीको सूचक



महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको विगत पाँच वर्षको लगतको विवरणलाई विश्लेषण गर्दा मुद्दाको संख्या घटबढ भएको देखिन्छ । कार्यालयगत रूपमा हेर्दा महान्यायाधिवक्ताको कार्यालयको लगत संख्यामा वृद्धी हुँदै गएको देखिन्छ भने उच्च सरकारी वकील कार्यालयहरू, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरूमा मुद्दाको लगत संख्यामा निरन्तर वृद्धि भएकोमा यस आर्थिक वर्षमा केही घटेको देखिन्छ । यसैगरी विगत पाँच वर्षको लगत तथ्यांकलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७३/०७४ मा लगत १३,०३७ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०६९/०७० मा ७,९९२ रहेको देखिन्छ । उच्च सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७३/०७४ मा १९,०६७ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०६९/०७० मा १३,०६६ रहेको देखिन्छ । विशेष सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७१/०७२ मा २,९४१ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०७२/०७३ मा २,२३१ रहेको देखिन्छ । साथै जिल्ला सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७१/०७२ मा ४१,१२९ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०६९/०७० मा ३२,५६० रहेको देखिन्छ । सबै कार्यालयहरूको छुट्टाछुट्टै तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

विगत पाँच वर्षको मुद्दाहरूको एकमुष्ठ र तुलनात्मक विवरण

कार्यालय	आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	कसुर ठहर प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर, रिट खारेज	कसुरमा सफाई, रिट जारी	अन्य	जम्मा		
महान्यायाधिवक्ता कार्यालय	२०६९/०७०	४८५५	३१३७	७९९२	७५२	६०९	१९०	१५५१	६४४१	४८.४८
	२०७०/०७१	६३९०	३०८५	९४७५	७२८	११३४	२३६	२०९८	७३७७	३४.७०
	२०७१/०७२	७३७७	३४४२	१०८१९	११९५	२५५२	१३२	३८७९	६९४०	३०.८१
	२०७२/०७३	७००६	४६४३	११६४९	९४०	८९८	२०८	२०४६	९६०३	४५.९४
	२०७३/०७४	९४११	३६२६	१३०३७	३२५७	१५८४	३३९	५१८०	७८५७	६२.८८
उच्च सरकारी वकील कार्यालय	२०६९/०७०	४०७७	८९८९	१३०६६	३९८४	३४३९	२५७	७६८०	५३८६	५१.८८
	२०७०/०७१	५१८६	८९६३	१४१४९	३३०६	४०८४	३९७	७७८७	६३६२	४२.४६
	२०७१/०७२	५२०४	११३६१	१६५६५	५३२१	५७२९	३११	११३६१	५२०४	४६.८४
	२०७२/०७३	५११६	१११६७	१६२८३	३९८६	४७१९	२७०	८९७५	७३०८	४४.४१
	२०७३/०७४	७६४१	११४२६	१९०६७	४५९४	५६४९	४९२	१०७३५	८३३२	४२.७९
वि.स.व.का.	२०७०/०७१	१८५१	८८२	२७३३	५८४	३२५	९६	१००५	१७२८	५८.११
	२०७१/०७२	१७२२	१२१९	२९४१	६४२	४५०	५११	१६०३	१३३८	४०.०५
	२०७२/०७३	१३३८	८९३	२२३१	५०२	३१७	५०	८६९	१३६२	५७.७७
	२०७३/०७४	१३६२	१२१५	२५७७	११५५	२१६	४२	१४१३	११६४	८१.७४
जिल्ला सरकारी वकील कार्यालय	२०६९/०७०	१३८७३	१८६८७	३२५६०	१२४३६	२२५३	११९	१४८०८	१७७५२	८३.९८
	२०७०/०७१	१५७३०	२२१४५	३७८७५	१६६०८	३३२४	१३४	२००६६	१७८०९	८२.७७
	२०७१/०७२	१७६३३	२३४९६	४११२९	१९३४३	४७६४	१५९	२४२६६	१६८६३	७९.७१
	२०७२/०७३	१६४४४	२३२८३	३९७२७	२०६६६	४४२९	२४३	२५३३८	१४३८९	८१.५६
	२०७२/०७३	१४२४२	२५९२८	४०१७०	१९४१४	४९१८	१३२	२४४६४	१५७०६	७९.३६
सबै कार्यालयहरूको	२०६९/०७०	२२८०५	३०८१३	५३६१८	१७१७२	६३०१	५६६	२४०३९	२९५७९	७१.४३
	२०७०/०७१	२७३०६	३४१९३	६१४९९	२०६४२	८५४२	७६७	२९९५१	३१५४८	६८.९२
	२०७१/०७२	३०२१४	३९१८१	७१२४६	२६४४३	१३३७०	६९८	४०५११	३०७३५	६५.२७
	२०७२/०७३	२८५६६	४०३१२	७०६००	२६२३४	१०४९६	१२३२	३७९६२	३२६३८	६९.११
	२०७३/०७४	३२६५६	४२१९५	७४८५१	२८४२०	१२३६७	१००५	४१७९२	३३०५९	६८.००

विगत पाँच वर्षको मुद्दा तथा रिटहरूको लगत तथा कारबाहीको एकीकृत सूचक



४.७ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ विवरण

महान्यायाधिवक्ताको कार्यालय र मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा सुरु मुद्दा दायरी, निवेदन दायरी, पुनरावेदन दायरी, मुद्दा मामिलामा निर्णय निकासा, बहस पैरवी, प्रतिरक्षा, निवेदन सम्बन्धी तथा कानूनी राय प्रदान गर्ने सम्बन्धमा सम्पादित कार्यहरूको एकमुष्ठ जिम्मेवारी विवरणलाई हेर्दा अदालत तथा न्यायिक निकायहरूमा बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको संख्या ६०,९१८ थान, रिट निवेदनहरू १०,०६८ थान र अन्य निवेदन सम्बन्धी ३,८६५ थान गरी जम्मा सम्पादित भएका मुद्दा, रिट र अन्य निवेदन समेतको कुल लगत संख्या ७४,८५१ थान, मुद्दा चलाउने नचलाउने निर्णय संख्या २५,५५१, पुनरावेदन, दोहोऱ्याउने निवेदन, अभियोगपत्र तथा फिराद मस्यौदा संख्या ३०,१३७, पुनरावेदन गर्ने नगर्ने, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने नगर्ने सम्बन्धमा मिसिल कागजात अध्ययन गरी निर्णय एवं निकासा प्रदान गरिएको संख्या ५,४३१ एवं तामेलीमा राख्ने सम्बन्धी सम्पादित काम संख्या १६,२५४ थान, पुनरावेदन वा दोहोऱ्याउने प्रस्ताव संख्या ११,३९६, बयान तथा बकपत्र गराएको संख्या ७३,६४५ कानूनी राय प्रदान गरेको संख्या ११२, अ.व. १७ नं. को निवेदन सम्बन्धी कार्य २,५१८ गरी कुल जिम्मेवारी २,३९,८९५ थान रहेको तथ्याङ्कबाट देखिन्छ । सबै कार्यालयहरूबाट सम्पादित कामको छुट्टाछुट्टै तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १२

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट मुद्दा, रिट निवेदन, कानूनी राय, निर्णय निकासा तथा निवेदनको सम्पादित कार्यविवरण

कार्यालय	मुद्दा तथा रिट निवेदनको लगत				मुद्दा चल्ने नचल्ने निर्णय	पुनरावेदन/ दो.पा. निवेदन, अभियोगपत्र/ फिराद मस्यौदा	निकासा/ निर्णय सम्बन्धी	तामेली निर्णय	प्रस्ताव पेश	बयान/ बकपत्र गराएको संख्या	कानूनी राय	अ.व. १७ नं. निवेदन	सम्पादित कार्यहरुको जम्मा
	मुद्दाहरु	रिटहरु	अन्य निवेदनहरु	कुल मुद्दाहरू									
म.न्या.का.	५६६०	५०४५	२३३२	१३०३७	११३	९१२	२५१३	०	०	०	२२	५०	१६६४७
उ.स.व.का.	१३४४०	४१५४	१४७३	१९०६७	१२८	५८३०	२८४०	८१९५	२०४६	२१३	१	१३४३	३९६६३
वि.स.व.का.	२५०५	७२	०	२५७७	२९८	९७	०	०	१२७	९७७	०	१	४०७७
जि.स.व.का.	३९३१३	७९७	६०	४०१७०	२५०१२	२३२९८	७८	८०५९	९२२३	७२४५५	८९	११२४	१७९५०८
जम्मा	६०९१८	१००६८	३८६५	७४८५१	२५५५१	३०१३७	५४३१	१६२५४	११३९६	७३६४५	११२	२५१८	२३९८९५

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित कार्यहरूको सूचक



माथि तालिकामा प्रस्तुत मुद्दा तथा अन्य कार्यहरूको लगत विवरणसँग सम्बन्धित कार्यालयमा रहेका सरकारी वकीलहरूको कुल दरबन्दी संख्याको अनुपातमा हेर्दा प्रति सरकारी वकील पर्न आउने (सम्पादित कुल कार्य र मुद्दा तथा रिट निवेदनका आधारमा) कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १३

नेपालका विभिन्न तहका सरकारी वकील कार्यालयहरूका सरकारी वकीलहरूबाट सम्पादित कार्य र प्रति सरकारी वकीलको कार्यबोझ

कार्यालय	सरकारी वकील संख्या	सम्पादित कार्य	कुल मुद्दा तथा रिट	प्रति सरकारी वकील सम्पादित कार्यका आधारमा	प्रति सरकारी वकील मुद्दा, रिटका आधारमा	कैफियत
म. न्या. का. १	२५	१६६४७	१३०३७	६६५.८८	५२१.४८	
उ.स.व.का. - १८	९८	३९६६३	१९०६७	४०४.७२	१९४.५६	
वि.स.व.का. - १	१५	४०७७	२५७७	२७१.८०	१७१.८०	
जि.स.व.का. - ७५	१८३	१७९५०८	४०१७०	९८०.९२	२१९.५१	
जम्मा	**३२१**	**२३९८९५**	**७४८५१**	**७४७.३४**	**२३३.१८**	

आर्थिक वर्ष २०७३/०७४ मा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका उच्च सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १४

नेपालका विभिन्न सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी प्रतिरक्षा गरिएका मुद्दा तथा रिटको अनुपातमा प्रति मुद्दामा तलब र भत्तामा खर्च भएको रकम

कार्यालय	मुद्दा, रिटको तथा निवेदनको कुल लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.	कैफियत
महान्यायाधिवक्ताको कार्यालय- १	१३०३७	६१५२५७०३.७३	४,७१९.३१	
उच्च सरकारी वकील कार्यालय - १८	१९०६७	१२०१४१७०५.३३	६,३०१.०३	
विशेष सरकारी वकील कार्यालय - १	२५७७	१४४१३६७४.४०	५,५९३.२०	
जिल्ला सरकारी वकील कार्यालय - ७५	४०१७०	४०७२५६६३३.४५	१०,१३८.३३	
जम्मा	**७४८५१**	**६०३३३७७१६.९१**	**८,०६०.५२**	

यसैगरी यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई कार्यालयगत रूपमा विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको चालुतर्फको विनियोजित रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १५

नेपालका विभिन्न सरकारी वकील कार्यालयहरूमा मुद्दाको लगतको अनुपातमा सम्पादित कार्यमा भएको खर्चको विवरण

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च अनुपात	कैफियत
महान्यायाधिवक्ताको कार्यालय- १	१६६४७	९४१३२७१६.७३	५,६५४.६४	
उच्च सरकारी वकील कार्यालय - १८	३९६६३	१६५५३२०५६.८४	४,१७३.४६	
विशेष सरकारी वकील कार्यालय - १	४०७७	२४०५७०४९.९०	५,९००.६७	
जिल्ला सरकारी वकील कार्यालय - ७५	१७९५०८	३५३९९७३९२.२५	१,९७२.०४	
जम्मा	**२३९८९५**	**६३७७१९२१५.७२**	**२,६५८.३३**	

माथि विभिन्न तालिकाहरूमा उल्लेख भएका तथ्याङ्कहरूबाट सरकार पक्ष भएको वा वादी भएको मुद्दाहरूमा कसूर ठहर प्रतिशत अपेक्षाकृत रूपमा सन्तोषजनक रहेको देखिदैन । सरकारी मुद्दाको अनुसन्धानको जिम्मेवार निकाय प्रहरीमा अपेक्षाकृत रूपमा व्यावसायिकताको विकास हुन नसकेको, अनुसन्धान कार्यले प्राथमिकता पाउन नसकेको, दक्ष जनशक्तिलाई अनुसन्धानको काममा खटाउन नसकेको, अपराध अनुसन्धानका लागि पर्याप्त स्रोत साधनको कमी जस्ता कारण अपराध अनुसन्धानको कार्य प्रभावकारी बन्न सकेको छैन भन्न हिच्किचाउनु पर्ने अवस्था छैन । अनुसन्धानमा

स्तरीयता ल्याउन अनुसन्धान कार्यमा मात्र खटिने विशेषज्ञ तालिम प्राप्त प्रहरी इकाइको व्यवस्था गरी त्यहाँ कार्यरत जनशक्तिलाई अन्यत्र सरुवा नगर्ने बनाउनु अत्यावश्यक देखिन्छ । त्यसैगरी सरकारी वकीलहरूलाई सेवा सम्बन्धी आधारभूत तालिम विना नै काममा लगाउनु पर्ने अवस्था रहेकोले सरकारी वकीलले प्रहरीलाई अनुसन्धानको क्रममा प्रभावकारी निर्देशन दिन नसक्नु, पर्याप्त आधार विना नै अभियोजन गर्ने, अभियोजन गर्दा ठीक ढंगले गर्न नसक्नु, साक्षी संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको अभाव, अदालती कारबाहीमा ढिलासुस्तीको कारण साक्षी उपस्थित गराउन कठिनाई रहनु र कतिपय कानूनमा रहेका अपर्याप्तताले गर्दा सरकार वादी मुद्दामा कसूर ठहरको प्रतिशतमा वृद्धि हुन सकेको छैन । यस कुरालाई दृष्टिगत गरी महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत अभियोजन प्रशिक्षण केन्द्रको स्थापना गरी सरकारी वकील तथा सहायक कर्मचारीहरूलाई आधारभूत प्रशिक्षण दिने कार्यको प्रारम्भ गरिएको छ । अभियोजन प्रशिक्षण केन्द्रलाई पर्याप्त साधनस्रोतको व्यवस्था हुन सकेमा यसले प्रदान गर्ने प्रशिक्षण प्रभावकारी बन्न सक्छ ।

सरकार वादी मुद्दामा कसूर ठहर वा सफाइको कारणको सम्बन्धमा अपराधको प्रकृति, अनुसन्धान पद्धति, प्रचलित कानून एवं न्याय सम्पादन पद्धतिको सन्दर्भमा छुट्टाछुट्टै रूपमा अध्ययन गरेपछि मात्र भन्न सकिने अवस्था रहन्छ । सरकार वादी मुद्दाको सफलताको वर्तमान अवस्थामा सुधार ल्याउन अनुसन्धान एवं अभियोजन तथा विद्यमान कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा प्रतिवेदनको परिच्छेद छ मा संक्षेपमा विवेचना गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका पुनरावेदन, विशेष एवं जिल्ला सरकारी वकील कार्यालयहरूको कार्यसम्पादन विवरण तथा कार्य प्रगति विवरणलाई यस पछिका छुट्टाछुट्टै परिच्छेदहरूमा विगत वर्षहरूको तथ्याङ्कसँग तुलनात्मक विश्लेषण गरी मुद्दामा कसूर ठहर वा सफाइ भएको र रिट जारी वा खारेज भएको अवस्थालाई समेत प्रस्तुत गरिएको छ ।

५. महान्यायाधिवक्ताको कार्यालयबाट संस्थागत सुदृढीकरणको लागि भएका कार्यहरू

५.१ महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना, (२०७३/०७४–२०७७/०७८)

फौजदारी न्यायप्रशासनको केन्द्रीय स्तम्भको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालयको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामुखी बनाउन आ.व. २०६८/०६९ देखि २०७२/०७३ सम्मका लागि प्रथम पञ्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याइएको थियो । आर्थिक वर्ष २०७२/०७३ को अन्त्यमा पहिलो योजनाको अवधि समाप्त हुने भएकोले महान्यायाधिवक्ताको कार्यालयको योजनाबद्ध विकास प्रक्रियाको निरन्तरताका लागि पहिलो योजनाको कार्यान्वयनको अवस्थाको समीक्षा गरी आगामी आ.व.२०७३/०७४-२०७८/०७९ का लागि दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरिएको छ । प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा र दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमाको लागि विभिन्न कार्यक्रम संचालन गर्न संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, कानूनी शासन तथा मानव अधिकार संरक्षण सबलीकरण कार्यक्रमको आर्थिक सहयोग समेत रहेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयले सम्पादन गर्ने कार्यहरू प्रभावकारी र परिणाममुखी बनाई संविधान तथा कानूनद्वारा सुम्पिएका जिम्मेवारी राज्य, समाज र नागरिकको अपेक्षा अनुसार प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको विद्यमान वस्तुस्थितिको विश्लेषण गरी सबल र कमजोर (Strength and Weakness) पक्षहरू तथा अवसर र चुनौतीहरू (Opportunity and Threat) को पहिचान गरी संस्थागत सुदृढीकरणका लागि दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा गरिएको हो ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूले जनताका अपेक्षा र संवैधानिक तथा कानूनी जिम्मेवारी अनुरूपको कार्य निश्चित समय सीमा भित्र सम्पादन गर्न सकुन भनी रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो । दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको परिदृष्य, परिलक्ष्य, मूल्यहरू, लक्ष्यहरू तथा रणनीतिहरू देहाय अनुसार रहेको छ ।

परिदृश्य

व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रूपमा स्थापित भई कानूनको शासन प्रवर्द्धन गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य हुनेछ ।

परिलक्ष्य

फौजदारी मुद्दाको अनुसन्धानाम नेतृत्वदायी भूमिका, स्वच्छ र प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षा प्रणाली एवं व्यावसायिक कानूनी राय प्रदान गर्ने संस्थाको रूपमा विकास गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिलक्ष्य हुनेछ ।

लक्ष्यहरू

लक्ष्य १: सरकार वादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने,

लक्ष्य २: सरकार वादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने,

लक्ष्य ३: सरकारी वकीलको पेशालाई व्यावसायिक बनाउने,

लक्ष्य ४: महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरूको संस्थागत सुदृढीकरण गर्ने ।

रणनीतिहरू

१: मूल रणनीतिहरू

लक्ष्य १: सरकार वादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने,

लक्ष्य प्राप्तिका रणनीतिहरू

१. स्वच्छ सुनुवाइका आधारभूत मान्यता अनुरूप सरकारी वकीलको भूमिका प्रभावकारी बनाउने,
२. शंकित (suspect) का आधारभूत अधिकारहरूको संरक्षण गर्ने,
३. सरकार वादी मुद्दाको अनुसन्धानलाई वस्तुगत र प्रभावकारी बनाउन सरकारी वकीलको नेतृत्वदायी भूमिका स्थापित गर्ने,
४. वस्तुगत प्रमाणका आधारमा अभियोजन गर्ने,
५. न्यायमा पहुँच अभिवृद्धि गर्न पीडित र साक्षीको संरक्षण गर्ने,
६. अभियोजन कार्यको प्रभावकारी अनुगमन गर्ने ।

लक्ष्य २: सरकार वादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने,

लक्ष्य प्राप्तिका रणनीतिहरू

१. मुद्दासँग सम्बन्धित साक्षी, प्रमाणको प्रस्तुति र परीक्षण प्रभावकारी रूपमा गर्ने,
२. मुद्दाको मिसिल अद्यावधिक गर्ने,
३. पुनरावेदन तथा निवेदन गर्ने नगर्ने सम्बन्धी प्रस्तावको सञ्चार एवं निर्णय प्रक्रिया स्वचालित बनाउने,
४. सरकार वादी र सरकारको हक, हित र सरोकार रहेका मुद्दा र रिटमा प्रतिनिधित्व प्रभावकारी रूपमा गर्ने,

लक्ष्य ३: सरकारी वकीलको पेशालाई व्यावसायिक बनाउने,

लक्ष्य प्राप्तिका रणनीतिहरू

१. सरकारी वकील तथा अन्य कर्मचारीको नियुक्ति, सेवा, शर्त सम्बन्धी कानूनको तर्जुमा गरी लागू गराउन पहल गर्ने,
२. सरकारी वकीलहरूको स्वतन्त्रता र उन्मुक्तिको संरक्षण र सम्वर्द्धन गर्ने,
३. सरकारी वकीलहरूलाई विषयगत विशिष्टीकरण गर्ने,
४. कार्यबोझका आधारमा जनशक्ति व्यवस्थापन गर्ने,
५. सरकारी वकील कार्यालयहरूमा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने,
६. कानूनी राय प्रदान गर्न संस्थागत क्षमता विकास गर्ने,
७. क्षमता विकासका लागि निरन्तर सिकाइ विधि अवलम्बन गर्ने,

लक्ष्य ४: महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको संस्थागत सुदृढीकरण गर्ने ।

लक्ष्य प्राप्तिका रणनीतिहरू

१. महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको संगठनात्मक संरचना पुनरावलोकन गर्ने
२. महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको भौतिक पूर्वाधार विकास गर्ने,

३. सरकारी वकील कार्यालयहरूको कार्यसम्पादनलाई सूचना तथा सञ्चार प्रविधि पद्धतिमा आबद्ध गर्ने,

४. सरोकारवालाहरूसँगको समन्वयलाई प्रभावकारी बनाउर्ने,

५. महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई गुणस्तरीय बनाउने,

६. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयमा पुस्तकालय स्थापना र व्यवस्थापन गर्ने,

७. मानव संशाधनको व्यवस्थापन र विकास गर्ने

८. अभियोजन प्रशिक्षण केन्द्रको संस्थागत विकास गर्ने,

९. अपराधशास्त्रीय अनुसन्धान केन्द्र स्थापना गरी संस्थागत गर्ने,

१०. अनुसन्धान तथा प्रकाशन महाशाखाको स्थापना र सुदृढीकरण गर्ने,

११. सरकारी वकील कार्यालयको सुरक्षा व्यवस्था गर्ने

१२. योजना कार्यान्वयन संयन्त्र निर्माण र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ बनाउने,

यस योजना कार्यान्वयनका लागि योजना कार्यान्वयनको पहिलो आर्थिक वर्ष २०७३/०७४ मा रु. ८४,९२,७४,०००।-, दोस्रो आर्थिक वर्ष २०७४/०७५ मा रु. ८६,३४,९९,०००।-, तेस्रो आर्थिक वर्ष २०७५/०७६ मा रु. ९२,५०,२४,०००।-, चौथो आर्थिक वर्ष २०७६/०७७ मा रु. ६१,५९,२४,०००।- र योजनाको अन्तिम आर्थिक वर्ष २०७७/०७८ मा रु. ५७,५१,२४,०००।- गरी जम्मा रु. ३,८१,९०,४५,०००।- अक्षरेपी तीन अर्ब एकासी करोड नब्बे लाख पैतालीस हजार रूपैयाँ आर्थिक लागत लाग्ने प्रक्षेपण गरिएको छ ।

महान्यायाधिवक्ताको कार्यालयको प्रथम पञ्चवर्षीय रणनीतिक योजना आ.व.२०६८।०६९-२०७२।०७३ को समीक्षा तथा दोस्रो रणनीतिक योजना आ.व.२०७३।०७४-२०७८।०७९ को तयारी गर्नका लागि UNDP/ROLHR को सहयोग रहेको थियो । दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी मिति २०७३।०४।०१ गते देखि लागू हुने निर्णय गरिएको छ । मिति २०७३।०३।२० गते सम्माननीय श्री सुशीला कार्कीले सो योजनाको सार्वजनिक गर्नुभएको कार्यक्रममा पूर्व प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठले अतिथि वक्ताको रूपमा विशेष सम्बोधन गर्नु भएको थियो । यसैगरी उक्त योजना मुद्रण गरी काठमाडौं, विराटनगर, हेटौंडा, बुटवल र नेपालगञ्जमा सरोकारवाला निकाय र सरकारी वकीलहरूको उपस्थितिमा सार्वजनिक गर्ने कार्यक्रम गरिएको थियो । सो योजनाको समीक्षा बैठक UNDP/ROLHR को सहयोग धुलिखेललमा २०७३ पौष १५ गते सम्पन्न भएको थियो ।

रणनीतिक योजना कार्यान्वयनको अवस्था

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको अवस्थाका बारेमा अर्धवार्षिक तथा वार्षिक समीक्षा गरिएको छ । समग्रमा आ.व. २०७३।०७४ का लागि महान्यायाधिवक्ताको कार्यालयको वार्षिक कार्ययोजनामा १५४ वटा कार्यक्रम रहेकोमा ती कार्यक्रमहरूको कार्यान्वयनको अवस्था हेर्दा कार्यान्वयन भएका ५४ वटा (करिव ३५ प्रतिशत), आंशिक कार्यान्वयन भएका ४० वटा (करिव २६ प्रतिशत), कार्यान्वयनको अन्तिम चरणमा रहेका २ वटा (करिव १ प्रतिशत), कार्यान्वयन प्रारम्भ भएका ६ वटा (करिव ४ प्रतिशत), कार्यान्वयन नभएका ५२ वटा (करिव ३४ प्रतिशत) रहेको देखिन्छ । आ.व. २०७३।०७४ देखि प्रत्येक सरकारी वकील कार्यालयलाई रु. १ लाखका दरले रणनीतिक योजना कार्यान्वयनका लागि बजेट विनियोजन भएको छ । अर्ध वार्षिक र वार्षिक समीक्षा गर्ने परिपाटि गरिएको छ ।

योजना कार्यान्वयनका चुनौती

योजनाले प्रक्षेपण गरे बमोजिमको स्रोत साधन प्राप्त हुन सकेको छैन । योजना कार्यान्वयन सचिवालयलाई पूर्णकालीन रूपमा क्रियाशील गराउन सकिएको छैन । योजना कार्यान्वयनका लागि अभ्यस्त हुन र नियमित समीक्षा गर्ने बानी विकास गर्नु पर्ने देखिन्छ । रणनीतिक योजना औपचारिक दस्तावेज होइन, सुधारको मार्गचित्र हो भन्ने भाव सबैमा विकास गर्नु पर्ने अवस्था छ । यसका लागि सबै जनशक्ति नियमित मुद्दाको काम कारवाहीको कार्यबोझसँगै योजना कार्यान्वयनका लागि क्रियाशील हुनुपर्ने अवस्था छ । योजनाको कार्यान्वयनका लागि कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । त्यसबाट कार्यसम्पादनमा प्रतिकूल प्रभाव पार्न दिनु नहुनेतर्फ थप सजगता आवश्यक छ । कार्य विवरणका आधारमा कार्यसम्पादनको मूल्यांकन गर्नुपर्ने आवश्यकता छ । अझै पनि सबै पक्षबाट योजनाप्रति अपनत्वभाव विकास गर्न र त्यसलाई संस्थागत सुधारको आधारको रूपमा लिने संस्कार स्थापना गर्नुपर्ने देखिन्छ । प्राप्त स्रोत साधनलाई उपयोग गर्न थप प्रयास गर्नुपर्ने

अवस्था छ । थप स्रोत प्राप्तिका लागि पनि क्रियाशीलताको आवश्यकता रहेको छ । निर्धारित समयमा कार्य गर्ने संस्कृति निर्माण गर्नुपर्ने आवश्यकता छ । योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्यांकन गरिनुपर्ने अवस्था छ ।

आगामी कार्यक्रम

योजना कार्यान्वयन समिति र सचिवालयलाई योजना कार्यान्वयनमा क्रियाशील बनाउनु पर्नेछ । आवश्यक स्रोत व्यवस्थापनका लागि थप प्रयास गर्नुपर्ने आवश्यकता छ । प्राप्त स्रोतको सदुपयोग गर्दै निर्धारित समयमा कार्यक्रम सञ्चालन गर्न सबै जनशक्ति क्रियाशील हुने गरी कार्यक्रम तयार गरिने छ । योजना कार्यान्वयनका लागि जिम्मेवार अधिकृतलाई अभिमुखिकरण गर्ने कार्यक्रमको आवश्यकता महसुस भएको छ । योजना कार्यान्वयनको प्रगति विवरण पठाउने र प्राप्त विवरणको अभिलेख व्यवस्थित गरी सुधारसँग आबद्ध गर्नु पर्नेछ । योजना, अनुसन्धान तथा अनुगमन विभागलाई सुदृढ बनाउने र योजना कार्यान्वयन तथा अनुगमनलाई नियमित कार्यको रूपमा लिने गरी कार्यक्रमको तर्जूमा गर्नुपर्ने अवस्था छ । विगतमा भएका अनुसन्धानमूलक अध्ययनका सुझावहरूको कार्यान्वयनलाई प्राथमिकतामा राख्ने र सुधारका उपायहरू अवलम्वन गर्नुपर्ने अवस्था छ । सबै तहका कर्मचारीहरूलाई दिइएको कार्य विवरण अनुसार कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन गर्नुपर्ने गरी कार्यक्रम राख्नु पर्नेछ । योजना कार्यान्वयनलाई संस्थागत सुधारसँग आबद्ध गर्ने र योजनाको बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने कार्यक्रमलाई निरन्तरता दिने गरी कार्यक्रम तय गरिनेछ ।

५.२ महान्यायाधिवक्ताको कार्यालयको अन्य गतिविधि

(क) महान्यायाधिवक्ताको पदमा नियुक्ति र बहाली

नेपालको संविधानको धारा १५७ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०७४ भाद्र २ गते महान्यायाधिक्ताको पदमा श्री वसन्त राम भण्डारी नियुक्त भई सोही दिन शपथ ग्रहण गरी महान्यायाधिवक्ताको पदमा पदबहाली समेत गर्नु भएको थियो ।

(ख) विभिन्न देशका पदाधिकारीहरूसँग शिष्टाचार भेट र छलफल

महान्यायाधिवक्ताको कार्यालयको निमन्त्रणामा चीनको स्वशासित क्षेत्र तिब्बतको दि पिपुल्स प्रोक्युरेटोरेट अफ तिब्बत कार्यालयका डेपुटी चिफ प्रोक्युरेटर श्री डयो जीज्यूको नेतृत्वमा आएको छ सदस्यीय प्रतिनिधिमण्डलले तत्कालिन महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठज्यू सहितको सरकारी वकीलको टोलीसँग महान्यायाधिवक्ताको कार्यालयमा २०७४ श्रावण १२ गते भेटघाट गरेको थियो । उक्त भेटघाटको अवसरमा नेपाल र चीनको फौजदारी न्याय प्रणालीको र दि पिपुल्स प्रोक्युरेटोरेट अफ तिब्बत कार्यालयसँग द्विपक्षीय सहयोग आदानप्रदान विषयमा छलफल भएको थियो ।

यसैगरी जापान स्थित युनाफे संस्थाका प्रोफेसर श्री नोजुमु हिरानोज्यूको नेतृत्वमा आएको तीन सदस्यीय टोलीले सरकारी वकीलहरूसँग "नेपाल र जापानको फौजदारी न्यायिक प्रणालीको तुलनात्मक" विषयमा २०७४ कात्तिक २३ गते महान्यायाधिवक्ताको कार्यालयमा छलफल गरेको थियो । उक्त कार्यक्रममा २०७४ असोज ३० गते प्रमाणीकरण भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ का विषयमा छलफल गरेको थियो । उक्त टोलीले माननीय महान्यायाधिवक्ता श्री वसन्त राम भण्डारीज्यूसँग २०७४ कात्तिक २९ गते महान्यायाधिवक्ताको कार्यालयमा शिष्टाचार भेटघाट गरेको थियो । टोलीले सरकारी वकील कार्यालयको काम कारबाहीका सम्बन्धमा २०७४ कात्तिक २४ गते जिल्ला सरकारी वकील कार्यालय कास्की र उच्च सरकारी वकील कार्यालय पोखरा र २०७४ कात्तिक २६ गते जिल्ला सरकारी वकील कार्यालय काठमाडौंको अवलोकन भ्रमण गरी सरकारी वकीलको काम कारबाहीका बारेमा जानकारी लिएको थियो ।

(ग) महान्यायाधिवक्ताबाट सरकारी वकील कार्यालयको भवन उद्घाटन

१. माननीय महान्यायाधिवक्ता श्री वसन्त राम भण्डारीले मिति २०७४ पुष २ गते आइतबारका दिन एक समारोहका बीच जिल्ला सरकारी वकील कार्यालय, रसुवाको नवनिर्मित भवन उद्घाटन गर्नु भएको थियो ।

२. तत्कालीन माननीय महान्यायाधिवक्ता श्री रमन कुमार श्रेष्ठले मिति २०७३ फागुन १४ गते शनिबारका दिन एक समारोहका बीच उच्च सरकारी वकील कार्यालय, सुर्खेतको नवनिर्मित भवन उद्घाटन गर्नु भएको थियो ।

३. तत्कालीन माननीय महान्यायाधिवक्ता श्री रमन कुमार श्रेष्ठले मिति २०७३ फागुन १५ गते आइतबारका दिन एक समारोहका बीच जिल्ला सरकारी वकील कार्यालय, दैलेखको नवनिर्मित भवन उद्घाटन गर्नु भएको थियो ।

४. तत्कालीन माननीय महान्यायाधिवक्ता श्री रमन कुमार श्रेष्ठले मिति २०७३ फाल्गुण ३० गते सोमबारका दिन एक समारोहका बीच जिल्ला सरकारी वकील कार्यालय, संखुवासभाको नवनिर्मित भवन उद्घाटन गर्नु भएको थियो ।

५. तत्कालीन माननीय महान्यायाधिवक्ता श्री रमन कुमार श्रेष्ठले मिति २०७३ फाल्गुण ६ गते शुक्रबारका दिन एक समारोहका बीच जिल्ला सरकारी वकील कार्यालय, सुनसरीको नवनिर्मित भवन उद्घाटन गर्नु भएको थियो ।

६. तत्कालीन माननीय महान्यायाधिवक्ता श्री रमन कुमार श्रेष्ठले मिति २०७३ चैत्र १८ गते शुक्रबारका दिन एक समारोहका बीच जिल्ला सरकारी वकील कार्यालय, बाग्लुङ्गको नवनिर्मित भवन उद्घाटन गर्नु भएको थियो ।

७. तत्कालीन माननीय महान्यायाधिवक्ता श्री रमन कुमार श्रेष्ठले मिति २०७४ असार २ गते शुक्रबारका दिन एक समारोहका बीच जिल्ला सरकारी वकील कार्यालय, सिन्धुपाल्चोकको नवनिर्मित भवन उद्घाटन गर्नु भएको थियो ।

(घ) सरकारी वकील तथा कर्मचारी पुरस्कृत

नेपाल सरकारले निजामती सेवा दिवसको उपलक्ष्यमा नेपाल सरकारका कर्मचारीहरूलाई पुरस्कृत गर्ने क्रममा उच्च सरकारी वकील कार्यालय, पाटनका सहन्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल र उच्च सरकारी वकील कार्यालय, बाग्लुङका उपन्यायाधिवक्ता श्री रामचन्द्र शर्मा निजामती सेवा पुरस्कारबाट पुरस्कृत हुनु भएको थियो । यसैगरी महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवसका दिन (पौष ८ गते) देहाय बमोजिमका सरकारी वकील तथा कर्मचारीहरूलाई उत्कृष्ट सरकारी वकील तथा कर्मचारीको रूपमा पुरस्कृत गरिएको थियो ।

सि.नं.	नाम	पद	कार्यालय
१.	श्री हरिकुमार पोखरेल	जिल्ला न्यायाधिवक्ता	जिल्ला सरकारी वकील, उदयपुर
२.	श्री दुर्गा खड्का	उपन्यायाधिवक्ता	महान्यायाधिवक्ताको कार्यालय
३.	श्री डम्बरप्रसाद काफ्ले	शाखा अधिकृत	महान्यायाधिवक्ताको कार्यालय
४.	श्री शान्ता ज्ञवाली	टाइपिष्ट नायब सुब्बा	महान्यायाधिवक्ताको कार्यालय
५.	श्री गुरूप्रसाद बर्मा	नायब सुब्बा	उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज
६.	श्री पार्वती तामाङ्ग	नायब सुब्बा	महान्यायाधिवक्ताको कार्यालय
७.	श्री पूर्णबहादुर कार्की	खरिदार	जिल्ला सरकारी वकील कार्यालय, पाल्पा
८.	श्री अक्कले तामाङ्ग	हलुका सवारी चालक	महान्यायाधिवक्ताको कार्यालय
९.	श्री कुमलाल अवाले	कार्यालय सहयोगी	महान्यायाधिवक्ताको कार्यालय

(ङ) महान्यायाधिवक्ताको कार्यालयबाट भएको अनुगमन

यस आर्थिक वर्षमा ७ वटा अनुगमन टोलीबाट ६ वटा उच्च सरकारी वकील कार्यालयहरू र २० वटा जिल्ला सरकारी वकील कार्यालयहरूको अनुगमन भएको थियो । अनुगमन सम्बन्धी विवरण **अनुसूची ७** मा समावेश गरिएको छ । उल्लेखित अनुगमन टोलीका अतिरिक्त माननीय महान्यायाधिवक्ताज्यूबाट महान्यायाधिवक्ताको कार्यालयका उच्च अधिकृत सहितको निरीक्षण टोली साथ मिति २०७४/०६/०६ देखि २०७४/०६/०८ सम्म जिल्ला सरकारी वकील कार्यालय काठमाडौंको आकस्मिक निरीक्षण गरिएको थियो । महान्यायाधिवक्ताको कार्यालयको निर्णय अनुसार मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूको क्षमता अभिवृद्धि तथा प्रभावकारी कार्यसम्पादनका लागि उच्च महत्व दिई नायब महान्यायधिवक्ताज्यूको नेतृत्वमा सरकारी कार्यालयबाट भए गरेका काम कारवाहीहरू प्रभावकारी भए नभएको, कार्यालयको भवन प्रयाप्त भए नभएको, प्रभावकारी रूपले कार्य संचालन गर्न जनशक्ति कार्यालय उपकरण आवश्यक मात्रामा भए नभएको, मुद्दाको प्रकृति तथा स्वरूप, अभियोजन प्रकृया, अन्य सरोकारवालाहरूसँगको सम्बन्ध लगायत विषयमा २६ वटा सरकारी वकील कार्यालयहरूको निरीक्षण तथा अनुगमन गरी निर्देशन समेत दिइएको थियो । सरकारी वकीलको कार्यालयको निरीक्षण तथा सरोकारवालाहरूलाई मुख्यतः देहायका विषयहरूमा तत्काल प्रभावकारी बनाउन निर्देशन दिइएको छ ।

क. मुद्दाको अनुसन्धानको शुरुवात देखि नै प्रमाण संकलन गर्न सक्रिय रूपले लाग्ने, तथ्यको वस्तुनिष्ठ प्रमाणको आधारमा मागदाबी गर्ने तथा प्रतिवादीहरूको सहजै पत्ता लगाउन सक्ने गरी विस्तृत विवरण सहित मुद्दाको अभियोजन गर्ने । अभियोजन नगरेको विषयमा तुरुन्त निकासाको लागि लेखी पठाउने । अभियोजनको अभिलेख अद्यावधिक राख्ने ।

ख. साक्षीहरूको अदालतले तोकेको समयमा उपस्थित गराउने तथा अदालतले तोकेको समयमा दशी प्रमाण प्रस्तुत गर्ने तथा गराउने । पीडितको सहायताको लागि विशेष रूपमा क्रियाशील हुने । पीडित सहायता निर्देशिका बमोजिम पीडितको अभिलेख राखी पीडितलाई न्यायिक कारवाहीको सूचना दिने ।

ग. मुद्दाको अभियोजन तथा बहस पैरबीमा सरकारी वकीलहरूको उच्च मनोबल तथा व्यावसायिकता सहित अदालतमा उपस्थित हुने । अनावश्यक रूपमा पेशी हटाउने कार्यलाई निरुत्साहित गर्ने ।

घ. मुद्दाको बहस, पैरवीको क्रममा सकेसम्म उच्च अधिकारीहरूले नै बहस तथा पैरबी गर्ने । बाध्यात्मक र अपवादात्मक अवस्थामा बाहेक पेशी नहटाउने ।

ङ. कार्यालयको सरसफाई, हाजिरीको अद्यावधिक, जिन्सी सामानहरूको अद्यावधिक गर्ने तथा अनावश्यक सामग्रीहरूको उचित व्यवस्थापन गर्ने ।

च. सरोकारवालाहरूको समन्वय तथा सम्बन्धमा थप सुधार गर्न आवश्यक व्यवस्था गर्ने । महान्यायाधिवक्ताको कार्यालयबाट भएको निर्देशन बमोजिम समन्वय समितिको बैठक राख्ने ।

छ. फैसला भई सकेका मुद्दाहरूको तत्काल आवश्यक कारबाहीका लागि सक्रिय रूपले लाग्ने ।

ज. आफ्नो कार्यसम्पादनलाई पारदर्शी बनाउने, आफूले सम्पादन गरेको कार्यको उत्तरदायित्व बहन गर्ने ।

झ. विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनियता कायम राख्ने विषयमा सरकारी वकील संवेदनशील भई अनुसन्धानको चरण देखि नै गोपनियता कायम राख्न मार्गदर्शन गर्ने एवम् अभियोजन गर्दा यो विषयलाई गम्भीरतापूर्वक विचार गर्ने । न्यायिक प्रक्रियामा पनि गोपनीयता कायम राख्न सहयोगी भूमिका निर्वाह गर्ने ।

ञ. रणनीतिक योजना कार्यान्वयनका लागि तयार भएको वार्षिक कार्यान्वयन योजना अनुसार कार्यसम्पादन गर्ने ।

ट. सरकारी वकील कार्यालयलाई स्वच्छ सुनुवाइको प्रत्याभूतिका लागि सक्रिय कार्यालयको रूपमा स्थापित गर्ने ।

ठ. सरकारी वकील र कार्यालयसँग सम्बन्धित विषयमा प्रकाशित भएका समाचारहरूको जानकारी माथिल्लो तहका कार्यालयमा गराउने । त्यस्तो समाचार तथ्यहीन भए खण्डन गर्ने ।

उल्लिखित निर्देशनका अतिरिक्त कार्यालय व्यवस्थापनमा सुधारका लागि दिइएका निर्देशनहरू यसप्रकार छन्:

१. कार्यबोझको तुलनामा सरकारी वकीलको जनशक्ति थप व्यवस्थापन गर्नुपर्ने आवश्यकता महसुस भयो । सरकारी वकीलको अनुपात र कार्यबोझको आधारमा सहायक कर्मचारीहरूको संख्या समेत थप गर्नुपर्ने आवश्यकता देखियो । गत वर्ष भएको संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट प्रस्ताव गरिएको दरबन्दी स्वीकृतिका लागि प्राथमिकतापूर्वक प्रयास गर्ने ।

२. अभियोजन सम्बन्धी विवरणलाई सूचना प्रविधि पद्धतिमा आबद्ध गर्न Software प्रणाली प्रारम्भ गरेको देखियो । यसलाई नियमित कार्यको रूपमा लिनुपर्ने र सरकारी वकीलहरूले पनि आफूले अभियोजन गरेको मुद्दाको विवरण CMS मा प्रविष्ट गराउन पहल गर्ने ।

३. कार्यालयका अभिलेखहरू व्यवस्थित गर्न थप प्रयास गर्नु पर्ने देखियो । अपराध दर्ता किताव अद्यावधिक भएको अवस्था देखिएन । प्रारम्भिक प्रतिवेदनहरूको विवरण अभिलेखीकृत भएको देखिएन ।

४. सरकारी वकीलले नियमित रूपमा अनुसन्धानलाई निर्देशन दिएको पाइएन । वस्तुगत प्रमाणमा आधारित बनाउन अपराध अनुसन्धानको क्रममा सरकारी वकीलले निर्देशन दिने र निर्देशन दिएको अभिलेख व्यवस्थित गर्ने ।

५. अनुसन्धानलाई निर्देशन दिने, अभियुक्तको बयान गराउने र मुद्दा चल्ने नचल्ने निर्णय गर्न सरकारी वकील तोक्ने अभ्यास पनि निश्चित आधारमा हुने प्रणाली विकास गर्नुपर्ने आवश्यकता देखियो । यसलाई विवेकले चलाउने भन्दा प्रणालीबाटै व्यवस्थित हुनु वाञ्छनीय हुन्छ । कार्यबोझको सन्तुलित वितरण एवम् उत्तरदायित्व प्रवर्द्धनका लागि यसलाई प्राथमिकतापूर्वक व्यवस्थापन गर्न आवश्यक प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने ।

६. प्रत्येक सरकारी वकील पिच्छे मुद्दा चल्ने नचल्ने सम्बन्धी निर्णय किताव खडा गरी कार्यसम्पादन गर्ने गरेको पाइयो । निर्णय किताबको अभिलेखलाई थप व्यवस्थापन गर्नुपर्ने आवश्यकता पनि देखियो । कार्यालय बाहिर निर्णय किताव लैजान नदिनेतर्फ विशेष साबधानी र संवेदनशीलता विकास हुनुपर्ने देखियो । निर्णय कितावमा निर्णय लेख्ने विषयमा पनि एकरूपता कायम गर्नुपर्ने आवश्यकता देखियो । अभियोजनको निर्णयको एकीकृत अभिलेख तयार गर्नुपर्ने देखियो । निर्णय कितावमा अभिलेखीकरण नगरी अभियोजन नगरिने न्यूनतम अभ्यासलाई अवलम्बन गर्ने ।

७. एकीकृत विवरण देखिने मुद्दा दर्ता किताबको विवरण अद्यावधिक गर्नुपर्ने आवश्यकता देखियो । मुद्दा नचलाउने र आंशिक मुद्दा नचलाउने गरी भएको निर्णय भएका मुद्दाको एकीकृत विवरण छुट्टै किताबमा राख्ने व्यवस्था गर्ने । त्यसैगरी अ.वं. १७ नं. बमोजिमको निवेदन गरेको विषयको पनि एकीकृत अभिलेख खडा गरी सोको नियमित अनुगमन सहन्यायाधिवक्ताबाट हुनुपर्ने देखियो । त्यसैगरी मुद्दा नचलाउने निर्णय गरी माथिल्लो सरकारी वकील कार्यालयहरूमा पठाइएका मिसिलहरूको अन्तिम निकासाको अभिलेख अद्यावधिक रूपमा राख्ने व्यवस्था गर्ने ।

८. बहस पैरवी र प्रतिरक्षामा सरकारी वकीलको उपस्थितिको विषय कहिल्यै प्रश्न उठ्ने अवस्थामा आउनु हुँदैन । कुनै पनि कारण वा आधार यसको प्रतिरक्षाको विषय हुनु हुदैन । सरकारी वकीलको उपस्थिति र प्रतिनिधित्व भएको प्रमाण अदालतबाट हुने आदेश र फैसलाहरू नै हुन् । ती लिखतहरूमा सरकारी वकीलको उपस्थिति नभएको अवस्था कुनै हालतमा पनि हुनु हुँदैन । मुद्दा चलाउने निर्णय गरेपछि सो मुद्दामा प्रभावकारी प्रतिनिधित्व गर्नुपर्ने सरकारी वकीलको दायित्व पूर्ण रूपमा पालना गर्नेतर्फ सबै सरकारी वकीलहरूलाई क्रियाशील हुन निर्देशन गर्दै निश्चित आधार अवस्थामा मात्र पेशी हटाउने । पेशी हटाउने विषयलाई अपवादको रूपमा अभ्यास गर्नु उपयुक्त हुन्छ । पेशी हटाएको विवरण देखिने गरी अभिलेख राख्ने ।

९. अवलोकन गरिएको निर्णय किताव र मिसिलहरूबाट देहायको अवस्था र दिएका निर्देशन यसप्रकार रहेको छ :

क. मानव बेचविखन तथा ओसारपसार मुद्दामा नैतिक पतन सम्बन्धी दाबी लिने विषयमा एकरूपता देखिएन । कतिपय मुद्दामा दावी नलिएको अवस्था देखियो । मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २२ बमोजिमको दाबी लिने विषयलाई अभियोजनको निर्णयमा नै उल्लेखन गर्ने व्यवस्था गर्नु हुन ।

ख. जबरजस्ती करणी मुद्दामा अभियुक्तको सम्पत्ति खुलाउने र रोक्का राख्नेतर्फ निर्देशन दिने, अभियोजन सम्बन्धी निर्णयमा उल्लेख गर्ने र अभियोगमा खुलाउने जस्ता कार्य भएको देखिएन । पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनका लागि अनुसन्धानको क्रममा अभियुक्तको सम्पत्ति विवरण लिई रोक्का गर्ने प्रक्रियामा लैजानु हुन ।

ग. संगठित अपराधतर्फ अभियोग लगाउँदा संगठित अपराध स्थापित हुने आधार कारणको विवेचना हुन सकेको देखिएन । संगठित अपराध निवारण ऐनले निर्धारण गरेको कसूर स्थापित हुने आधार र कारणको विवेचना गरी मात्र सो ऐनको सजायको मागदावी लिने व्यवस्था गर्नु होला ।

घ. अपहरण तथा शरीर बन्धक सम्बन्धी मुद्दामा पीडित र प्रतिवादीको अवस्था अनुसार अपहरण तथा शरीर बन्धक सम्बन्धी महलको ७ नं. र ९ नं. दुवैको दावी लिनुपर्ने अवस्थामा पनि एउटा मात्र थप सजायको दावी लिएको पनि पाइयो । उल्लिखित दुवै कानूनी व्यवस्था आकर्षित हुने अवस्थामा दुवै नम्वर बमोजिमको सजायको दावी लिने व्यवस्था गर्नु होला ।

ङ. सरकारी कर्मचारीले आफ्नो अख्तियारी प्रयोग गर्दा बदनियतपूर्वक कार्य गरी ठगी गरेको अभियोजन गरेको अवस्थामा स्वाभाविक रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सोको विवरण र जानकारी पठाउनु पर्नेमा सो गरेको देखिएन । यस्ता विषयलाई प्राथमिकतापूर्वक सम्बोधन गर्नुहोला ।

च. जुवा मुद्दामा विदेशी मुद्रा फेला परेकोमा सोको अनुसन्धानका लागि राजस्व अनुसन्धान विभागमा पठाउनु पर्नेमा अभियोजन सम्बन्धी निर्णयमा सो विषय उल्लेख भएको देखिएन । यस्ता विषयमा गम्भीरतापूर्वक सुपरिवेक्षण गर्नु होला ।

छ. अभियुक्तको नाम, थर, वतन खुलाउने विषयमा अनुसन्धानको क्रममा कुनै निर्देशन नदिई अभियोजनको निर्णयमा पूरक अभियोजनको दावी गरिने भनी उल्लेख गर्ने प्रचलन व्याप्त देखियो । यस्तो निर्णयमा पुग्नु भन्दा पहिला आरोप लागेको व्यक्तिको नाम, थर, वतन खुलाउन सरकारी वकीलले निर्देशन दिई सोको अनुगमन समेत गरेको मिसिलबाट देखिने व्यवस्था गर्नु होला ।

१०. निर्णय किताव सहितको मिसिलको अभिलेख व्यवस्थित गर्नेतर्फ प्राथमिकतापूर्वक कार्य गर्नुपर्ने देखियो । सरकारी वकील कार्यालयको कार्यसम्पादनलाई सबैले नजिकबाट नियाली रहेका हुन्छन् । त्यसैले सकारात्मक सन्देश प्रवाह हुने गरी कार्यसम्पादन गर्नु होला । थुनछेकको आदेश तथा साक्षी वकपत्र लगायतका अदालतमा भएका कागजातको नक्कल समयमा नै प्राप्त गरी मिसिलमा अद्यावधिक गर्नु होला ।

११. पुनरावेदनको म्याद बुझ्ने सम्वन्धमा अदालतले बारम्बार ध्यानाकर्षण गरेको भए पनि अझै निक्कै ठूलो संख्यामा पुनरावेदनको म्याद बुझ्न बाँकी नै रहेको भन्ने जानकारी प्राप्त भयो । यसै विषयलाई सम्बोधन गर्न थप सरकारी वकीलहरू पठाइएकोमा पनि सोतर्फ खासै प्रगति भएको देखिएन । अदालतसँग समन्वय गरी मुद्दा फैसलाको

क्रमलाई आधार मानी पुनरावेदनको म्याद बुझ्ने र समय मै पुनरावेदन गर्ने नगर्ने निर्णय गरी निकासाका लागि पठाउनेतर्फ विशेष अग्रसरता लिनु होला ।

१२. थुनछेकको आदेश उपर अ.वं. १७ नं. बमोजिम निवेदन गर्ने नगर्ने विषयको अभिलेख देखिएन । यसलाई व्यवस्थित गर्नु होला । सामान्यतया तीन वर्ष वा सो भन्दा बढी कैद सजाय हुने मुद्दामा थुनामा नराखेको अवस्थामा अ. वं. १७ नं. को निवेदन गर्ने कार्यलाई प्राथमिकतामा राख्नु होला ।

१३. सरकारी वकीलहरूले अनुसन्धानकर्ताको रायमा मात्र आधारित भई अधिकांश मुद्दामा अभियोजन गर्ने गरेको आरोप औपचारिक रूपमा नै लाग्ने गरेको सबैलाई जानकारी नै छ । तसर्थ मिसिल संलग्न प्रमाणको समुचित मूल्यांकन गरी वस्तुगत रूपमा अभियोजन सम्बन्धी निर्णय गर्नु होला ।

१४. अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउन महान्यायाधिवक्ताको कार्यालयले जारी गरेको अभियोजन नीति र मार्गदर्शन अनुसार अभियोजन सम्बन्धी निर्णय गर्नु होला । अभियोगपत्रमा खुलाउनु पर्ने विषयमा पनि महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको निर्देशनलाई व्यवहारमा उतार्ने र विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम गर्ने विषयमा संवेदनशीलता अपनाउनु होला ।

१५. प्रस्तुत निर्देशन लगायत कार्यालयको काम कारवाहीलाई प्रभावकारी बनाउने सम्वन्धमा गर्नु पर्ने कार्यका लागि प्रत्येक महिनाको एक पटक सबै सरकारी वकील र कर्मचारीहरू बीच बैठक गर्ने र सो बैठकमा मासिक रूपमा भए गरेका काम र निर्देशनहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा छलफल गर्ने, छलफलका आधारमा निर्णय गर्ने र निर्णय कार्यान्वयन गर्ने गराउने तर्फ विशेष ध्यान दिने ।

यस किसिमको अनुगमन तथा निरीक्षण भविष्यमा थप अन्य कार्यालयमा समेत गर्नुपर्ने ती कार्यालयवाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण एवं प्राप्त राय सुझावहरूको क्रमश कार्यान्वयन गर्नुपर्ने देखिन्छ । साथै यस अनुगमनलाई आवधिक रूपमा गर्नु प्रभावकारी हुने देखिन्छ । यस्तो निरीक्षण प्रक्रियालाई नियमित कार्यक्रमको रूपमा सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ । त्यसै गरी सरकारी वकील कार्यालयबाट सम्पादन भएका काम कारवाही उपर उजुरी र गुनासो सुनुवाइ प्रक्रिया व्यवस्थित गर्न छुट्टै कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखियो । अनुगमनबाट प्राप्त पृष्ठपोषण समेतका आधारमा महान्यायाधिवक्ताको कार्यालयबाट उजुरी/गुनासो व्यवस्थापन निर्देशिका, २०७४ समेत जारी गरिएको छ ।

५.३ अध्ययन प्रतिवेदन

आर्थिक वर्ष २०७०।०७१ मा महान्यायाधिवक्ताको कार्यालयबाट निर्णय भई देहायका विषयमा अध्ययन गरी अध्ययन प्रतिवेदन प्राप्त भएको छ :

सि.नं.	अध्ययन क्षेत्र	संयोजक
१.	सरकार वादी फौजदारी मुद्दामा निरन्तर सुनुवाइको व्यवस्था र सरकारी वकीलको भूमिका	नायब महान्यायाधिवक्ता श्री दुगाबन्धु पोखरेल
२.	हिरासत, थुना तथा कैदमा रहेका व्यक्तिहरूको मानव अधिकारको अवस्थाको अनुगमन	सहन्यायाधिवक्ता श्री खगराज पौडेल
३.	नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामामिलामा प्रभावकारी प्रतिरक्षा	सहन्यायाधिवक्ता श्री किरण पौडेल
४.	अनुसन्धान तथा अभियोजनकर्ताले पालनागर्नु पर्ने शर्त सम्बन्धी अध्ययन	सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल
५.	महान्यायाधिवक्ताको कार्यालय र मातहत पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी निर्धारण तथा पदपूर्ति सम्बन्धमा प्रतिवेदन	सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे
६.	अभियोजन जर्नल, बुलेटिन, वार्षिक प्रतिवेदन तयारी एवं सम्पादन तथा प्रकाशन व्यवस्थापन समिति	सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी

सि.नं.	अध्ययन क्षेत्र	संयोजक
७.	सरकारी वकीलको दरबन्दी रहेका अन्य निकायहरूमा कार्यरत रहँदा पालना गर्नु पर्ने कार्यादेश निर्धारण गर्ने	सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल
८.	कानूनी राय लिने दिने प्रकृया सम्बन्धी दिग्दर्शन	सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी

आर्थिक वर्ष २०७१।०७२ मा महान्यायाधिवक्ताको कार्यालयबाट निर्णय भई देहायका विषयमा अध्ययन गरी अध्ययन प्रतिवेदन प्राप्त भएको छ :

सि.नं.	अध्ययन क्षेत्र	संयोजक
१.	दूर संचारद्वारा कल वाइपास सम्बन्धी अपराध र विद्युतीय अपराधको सम्बन्धमा सरकारी वकीलहरूले विज्ञहरूसँग छलफल गरी निचोड सहितको प्रतिवेदन पेश गर्ने कार्यदल	नायब महान्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी
२.	कर्तव्य ज्यान सम्बन्धी मुद्दाको फैसला कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने कार्यदल	सहन्यायाधिवक्ता श्री खगराज पौडेल
३.	महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरूले आआफ्नो काम कारबाहीका विषयमा सरोकारवाला सरकारी निकायसँग छलफल तथा अन्तरक्रिया गर्ने मापदण्ड तयार गर्ने तथा यस्तो कार्यक्रम आयोजना गर्ने कार्यदल	सहन्यायाधिवक्ता श्री खगराज पौडेल
४.	ठगी मुद्दाको फैसला कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने कार्यदल	सहन्यायाधिवक्ता श्री किरण पौडेल
५.	जबरजस्ती करणी सम्बन्धी मुद्दाको फैसला कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने कार्यदल	सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल
६.	बैकिंग कसूर तथा सजाय ऐन, २०६४ र मुलुकी ऐन अपहरण गर्ने तथा शरीरबन्धक लिनको महलको प्रभाव मूल्याङ्कन गरी निष्कर्ष सहितको प्रतिवेदन पेश गर्ने अध्ययन समूह	सहन्यायाधिवक्ता श्री राजनप्रसाद भट्टराई
७.	आत्महत्या गर्न बाध्य पार्नेलाई अपराध घोषणा गर्नु पर्ने आवश्यकता सम्बन्धी अध्ययन गर्ने कार्यदल	सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे
८.	विद्युतीय कारोबार ऐन, २०६३ र मुलुकी ऐन विहावरीको महलको प्रभाव मूल्याङ्कन गरी निष्कर्ष सहितको प्रतिवेदन पेश गर्ने अध्ययन समूह	सहन्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे
९.	लागू औषध (नियन्त्रण) ऐन, २०३३ को कार्यान्वयन सम्बन्धी प्रभाव मूल्याङ्कन गरी निष्कर्ष सहितको प्रतिवेदन पेश गर्ने अध्ययन समूह	सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई
१०.	अभिलेख व्यवस्थापन सम्बन्धी कार्यदल	सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी
११.	वैदेशिक रोजगार र मानव बेचबिखनको अन्तरप्रभाव विषयको सामाजिक कानूनी (socio- legal Research) अनुसन्धान गर्ने कार्यदल	सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल
१२.	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतका मुद्दाको फैसला कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने कार्यदल	सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी
१३.	सवारी ज्यान सम्बन्धी मुद्दाको फैसला कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने कार्यदल	सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली

यस आर्थिक वर्ष २०७३/०७४ मा अनुसन्धानमूलक अध्ययन भई देहायका प्रतिवेदनहरू प्राप्त भएका छन्:

महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना तथा नेपाल सरकारका स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन गर्ने सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयको मिति २०७२/०८/२८ को निर्णयानुसार देहायका कार्यदल गठन गरी ती कार्यदलहरूले २०७४ आषाढ मसान्त भित्र आफ्नो अध्ययन प्रतिवेदन पेश गरेका छन् :

१. सरकारी वकील दिग्दर्शन पुनरावलोकन सम्बन्धी समूह संयोजक नायब महान्यायाधिवक्ता श्री किरण पौडेल

२. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी, संयोजक सहन्यायाधिवक्ता श्री गणेशबाबु अर्याल,

३. अभियोजन नीति तथा अभियोजन मार्गदर्शन सम्बन्धी, संयोजक सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी

४. एकीकृत नजिर तयारी कार्यदल, संयोजक सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना,

५. समुदायमा सरकारी वकील कार्यक्रमको निर्देशिका, संयोजक सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला,

६. सरकारी वकीलको विषयगत विशिष्टीकरण गर्ने सम्बन्धी अनुगमनकर्ता: नायब महान्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेल, संयोजक : सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी

७. सरकारी वकीलको कार्यसम्पादनसँग सम्वबन्धत नजीर तथा सान्दर्भिक फैसलाहरू संकलन गर्ने कार्यदल अनुगमनकर्ता : सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, संयोजक : उपन्यायाधिवक्ता श्री ध्रुवमणि ज्ञवाली

८. सरकार वादी मुद्दामा पुनरावेदन तथा निवेदन गर्ने नगर्ने सम्बन्धी आन्तरिक मापदण्ड तयार गर्ने, संयोजक : उपन्यायाधिवक्ता श्री सुरेन्द्र बहादुर थापा

९. बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ ले परिभाषित गरेको कसूरको अनुसन्धान, अभियोजन र न्याय सम्पादनको अवस्था, अनुगमनकर्ता: सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना संयोजक: उपन्यायाधिवक्ता श्री भरतलाल शर्मा

१०. स्वच्छ सुनुवाइ सम्बन्धी स्रोत पुस्तिका तयार गर्ने सम्बन्धी, अनुगमनकर्ता : सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, संयोजक : उपन्यायाधिवक्ता श्री रामकुमार थापा,

११. सम्पत्ति सुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ ले परिभाषित गरको कसूरको अनुसन्धान, अभियोजन र न्याय सम्पादनको अवस्था, अनुगमनकर्ता: नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल, संयोजक: उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली

१२. सरकार वादी मुद्दाको अभियोजन अनुगमन निर्देशिका तयार गर्ने सम्बन्धी, संयोजक: उपन्यायाधिवक्ता श्री ईश्वरी ढकाल

१३. हिरासत तथा कारागारको अनुगमन सम्बन्धी एकीकृत प्रतिवेदन, संयोजक सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली, संयोजक उपन्यायाधिवक्ता श्री प्रकाश कोइराला,

१४. विद्युतीय कारोबारसम्बन्धी ऐन, २०६३ ले परिभाषित गरेको कसूरको अनुसन्धान, अभियोजन र न्याय सम्पादनको अवस्था, अनुगमनकर्ता: नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम, संयोजक: उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने

१५. सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता सम्बन्धी स्रोत पुस्तिका तयार गर्ने, अनुगमनकर्ता : सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली, संयोजक: उपन्यायाधिवक्ता श्री चन्द्रकुमार पोखरेल

१६. संगठित अपराध सम्बन्धी कानूनको प्रभावकारिता सम्बन्धी, अनुगमनकर्ता : सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, संयोजक उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल

१७. वन र वन्यजन्तु सम्बन्धी अपराधको अनुसन्धान र अभियोजन सम्बन्धी अध्ययन प्रतिवेदन, संयोजक उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी

आर्थिक वर्ष २०७४।७५ का लागि प्राप्त बजेटको अधीनमा रही देहायका विषयमा कार्यसम्पादन गर्ने जिम्मेबारी दिइएको छ : जस अनुसार अनुसन्धानमूलक अध्ययनको लागि देहाय बमोजिम कार्यदल गठन भएका छन्:-

सि.नं.	अध्ययन क्षेत्र	संयोजक	अनुगमनकर्ता
१.	मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९६ (१) अनुसार सो ऐनको कार्यान्वयनका लागि अनुसन्धानका विषयमा आवश्यक पर्ने नियमावलीको मस्यौदा तयार गरी पेश गर्न	नायब महान्यायाधिवक्ता श्री किरण पौडेल	नायब महान्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेल
२.	मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची १ र २ का कसूर सम्बन्धी मुद्दाको अनुसन्धान एवं अभियोजनका विषयमा निर्देशिकाको मस्यौदा तयार गरी पेश गर्न	सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे	नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम
३.	मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची १ र २ का मुद्दाको बहस पैरवी, प्रतिरक्षा, कानूनी रायका सम्बन्धमा निर्देशिकाको मस्यौदा तयार गरी पेश गर्न	सहन्यायाधिवक्ता श्री गणेशवावु अर्याल	नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल
४.	मुद्दा फिर्ता सम्बन्धमा निर्देशिकाको मस्यौदा तयार गरी पेश गर्न	सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला	नायब महान्यायाधिवक्ता श्री किरण पौडेल
५.	माफी सम्बन्धमा निर्देशिकाको मस्यौदा तयार गरी पेश गर्न	सहन्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल	नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम
६.	संहिता ऐनले पार्ने असर समेतका आधारमा महान्यायाधिवक्ताको कार्यालय तथा अन्तर्गत सरकारी वकील कार्यालयले संचालनमा ल्याएका मासिक तथा बार्षिक प्रतिवेदनका ढाँचाहरू तथा अभिलेख पुस्तिकाहरू र दायरी किताबहरूमा गर्नुपर्ने परिर्वतन समेतका विषयमा गर्नुपर्ने तयारीका सम्बन्धमा प्रतिवेदन तयार गरी पेश	सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी	नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल
७.	संहिता ऐनले पार्ने प्रभाव समेतका आधारमा सरकारी वकील सम्बन्धी नियमावली, महान्यायाधिवक्ताको कार्यालयको कार्य संचालन निर्देशिका, आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण लगायत आवश्यक विषयमा गर्नुपर्ने तयारीका सम्बन्धमा सुझाव सहितको प्रतिवेदन तयार गरी पेश	सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई	नायब महान्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेल

५.४ संस्थागत सुधारका भएका प्रयासहरू

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको संस्थागत सुधारका लागि यस आर्थिक वर्षमा भएका कार्यहरू देहाय बमोजिम रहेका छन् :

१. **थप दुई जिल्ला सरकारी वकील कार्यालयको स्थापना :** महान्यायाधिवक्ताको कार्यालय मातहतमा रहने गरी नवलपरासी सुस्ता पूर्व र रुकुम पूर्व दुई जिल्लामा सरकारी वकील कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी ती दुई जिल्ला मध्ये नवलपरासी सुस्ता पूर्वमा जिल्ला न्यायाधिवक्ता १, सहायक जिल्ला न्यायाधिवक्ता २, नायब सुब्बा ३, लेखापाल १, कम्प्युटर अपरेटर २, हलुका सवारी चालक १ र कार्यालय सहयोगी ४ गरी १४ जना र रुकुम पूर्वमा जिल्ला न्यायाधिवक्ता १, सहायक जिल्ला न्यायाधिवक्ता १, नायब सुब्बा ३, लेखापाल १, कम्प्युटर अपरेटर १, हलुका सवारी चालक १ र कार्यालय सहयोगी ३ गरी ११ जना जनशक्ति सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण मन्त्रिपरिषद्बाट २०७४।०७।०६ मा स्वीकृत भएको र सो बमोजिम महान्यायाधिवक्ताको कार्यालयको २७४।०७।२२ को निर्णय बमोजिम अलग अलग कार्यालय स्थापना भई कार्य संचालन भएको छ ।

२. **समुदायमा सरकारी वकील कार्यक्रम :** आर्थिक वर्ष २०७३/०७४ मा जिल्ला सरकारी वकील कार्यालयहरू मकवानपुर, चितवन, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, काठमाडौं, ललितपुर, धादिङ्ग, कास्की र सुर्खेतले समुदायमा सरकारी वकील कार्याक्रम संचालन गरेका थिए । ती कार्यक्रमबाट सरकारी वकीलको कार्यसम्पादनका बारेमा आमजनतालाई जानकारी गराउन र सरकार वादी फौजदारी मुद्दामा अनुसन्धान, अभियोजन एवं साक्षी प्रमाण परीक्षणमा समुदायको

सहयोगको आवश्यकता र महत्वका बारेमा सूचित गर्ने गराउने अवसर प्राप्त भएको थियो । सरकारी वकीललाई समुदायप्रति उत्तरदायी बनाउन पनि सो कार्यक्रमले सहयोग पुऱ्याएको छ ।

३. **माननीय महान्यायाधिवक्ताज्यूबाट जारी गरिएको निर्देशन, २०७४ :** सरकारवादी मुद्दाको अनुसन्धान, अभियोजन एवं न्याय सम्पादनको क्रममा हुने कामकारवाही र मिसिल व्यवस्थापन समेतका कार्यसम्पादनमा स्तरीयता, स्पष्टता र एकरूपता कायम गरी सरकारी वकील कार्यालयहरूबाट प्रभावकारी रूपमा सेवा प्रवाह गर्न सबै सरकारी वकील कार्यालयहरूलाई सरकारी वकील सम्बन्धी नियमावली २०५५ को नियम ३८ (२) बमोजिम महान्यायधिवक्ताबाट मिति २०७४।०६।२६ मा ३८ बुँदे निर्देशन जारी गरिएको छ । सो निर्देशन **अनुसूची ४०** मा समावेश गरिएको छ ।

४. **साइनपोष्ट प्रकाशन :** स्वच्छ सुनुवाइ र शंकितका अधिकार सम्बन्धी साइनपोष्ट कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा तयार गरी महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सबै सरकारी वकील र सरोकारवाला निकायमा टाँस गरिएको छ ।

५. **नीति व्यवस्थापन समूहको बैठक :** माननीय महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ताहरू, महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सहन्यायाधिवक्ताहरू रहने नीति व्यवस्थापन समूहको बैठक विभिन्न मितिमा बसेको छ ।

५.५ महान्यायाधिवक्ताको कार्यालयबाट भएका प्रकाशनहरू

१. **महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७४ :** संविधान बमोजिम अभियोजनको अधिकार महान्यायाधिवक्तालाई प्रदान गरेको छ । सो अधिकार महान्यायाधिवक्ताले मातहतका सरकारी वकीलहरूलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था बमोजिम सरकारी वकीलहरूबाट अभियोजन सम्बन्धी कार्य हुँदै आएको छ । अपराध अनुसन्धान र अभियोजनमा एकरूपता कायम गर्न र सो कार्य प्रभावकारी रूपमा सम्पन्न गर्न महान्यायाधिवक्ताको कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७४ जारी गरी कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरिएको छ ।

२. **सरकारी वकील दिग्दर्शन, २०७४ :** सरकारी वकील तथा सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारबाहीमा एकरूपता, सरलीकरण र सहज बनाउने २०६३ सालमा तयार भएको सरकारी वकील दिग्दर्शनलाई परिमार्जित गरी तेस्रो संस्करण कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) को सहयोगमा प्रकाशित गरिएको छ ।

३. **माननीय महान्यायाधिवक्ताज्यूबाट जारी गरिएको निर्देशन, २०७४ :** सरकार वादी मुद्दाको अनुसन्धान, अभियोजन एवं न्याय सम्पादनको क्रममा हुने कामकारवाही र मिसिल व्यवस्थापन समेतका कार्यसम्पादनमा स्तरीयता, स्पष्टता र एकरूपता कायम गरी सरकारी वकील कार्यालयहरूबाट प्रभावकारी रूपमा सेवा प्रवाह गर्न सबै सरकारी वकील कार्यालयहरूलाई सरकारी वकील सम्बन्धी नियमावली २०५५ को नियम ३८ (२) बमोजिम महान्यायाधिवक्ताबाट मिति २०७४।०६।२६ मा ३८ बुँदे जारी निर्देशन प्रकाशित गरिएको छ ।

४. **संगठित अपराध सम्बन्धी कानूनको प्रभाव मूल्यांकन सम्बन्धी अनुसन्धानमूलक अध्ययन, २०७४ :** काठमाडौं उपत्यकाका तीन वटा जिल्ला सरकारी वकील कार्यालयहरूबाट संगठित अपराधमा अभियोजन गरिएका मुद्दाहरू र ती मुद्दाहरूमा अनुसन्धान, अभियोजन तथा सुनुवाइ प्रक्रिया र कानूनी प्रयोग समेतका बारेमा महान्यायाधिवक्ताको कार्यालय, अपराधशास्त्रीय अनुसन्धान केन्द्रले कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा अनुसन्धानमूलक अध्ययन प्रतिवेदन तयार गरी प्रकाशित गरेको छ ।

५. **जीउ ज्यान र आर्थिक/सामाजिक अपराधको अध्ययन, २०७४ :** महान्यायाधिवक्ताको कार्यालय, अपराधशास्धीय अनुसन्धान केन्द्रले कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा जीउ ज्यान र आर्थिक/सामाजिक अपराधसँग सम्बन्धी आठ/आठ वटा विषयमा विगत दश वर्षको अपराधको तथ्यांक र सर्वोच्च अदालतबाट भएका निर्णयहरूका आधारमा विश्लेषण गरी अनुसन्धानमूलक पुस्तिका तयार गरी प्रकाशित गरेको छ ।

६. **मानव मर्यादा विरुद्धका अपराध र नेपाल कानून अध्ययन संग्रह, २०७४ :** मानव मर्यादा विरुद्धका मुख्य अपराधहरूलाई समेट्ने गरी अनुसन्धानमूलक अध्ययन पुस्तिका तयार गरी कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरेको छ ।

७. **अनुसन्धान प्रतिवेदनहरूको सारसंक्षेप, २०७४ :** महान्यायाधिवक्ताको कार्यालयबाट भएका विभिन्न अनुसन्धानमूलक अध्ययन समूहको प्रतिवेदनहरूको सारसंक्षेप संकलन गरी कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरेको छ ।

८. **विषयत नजिरहरूको संगालो, २०७४ :** सरकारी वकील कार्यालयबाट प्रतिनिधित्व हुने फौजदारी मुद्दाहरूमा सर्वोच्च अदालतबाट प्रतिपादन भएका विषयत नजिरहरूको सार संक्षेप संकलन गरी कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरेको छ ।

९. **उजुरी र गुनासो व्यवस्थापन निर्देशिका, २०७४ :** महान्यायाधिवक्ताको कार्यालय र मातहतको सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकील तथा अन्य कर्मचारीद्वारा सम्पादित काम कारवाही एवं निर्णय उपर आउने गुनासो तथा उजुरीहरूका सम्बन्धमा छानविन र जाँचबुझ गरी आवश्यक कारवाही गर्न, सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूलाई सेवाग्राहीप्रति उत्तरदायी एवं अनुशासित बनाउनर कार्यालयबाट सम्पादित काम कारवाहीको अनुगमन तथा मूल्याङ्कनको कार्यलाई प्रभावकारी बनाई उत्कृष्ट कार्यसम्पादन प्रणालीको विकासका लागि अनुशासनात्मक संयन्त्र एवं कार्यविधि निर्माण सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३८ (२) बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट २०७४।८।२५ निर्देशिका जारी गरिएको छ ।

१०. **अभियोजन परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदन, २०७४ :** सरकार वादी हुने फौजदारी मुद्दा सरकारी वकीलबाट अभियोजनको निर्णय गर्दा र अभियोगपत्र तयार गर्दा कानूनको प्रयोगमा एकरूपता कायम गरिएको छ, छैन आदि विषयमा अध्ययन गरी प्रतिवेदन प्रकाशित गरिएको छ ।

११. **स्वच्छ सुनुवाइ सम्बन्धी स्रोत पुस्तिका, २०७४** : फौजदारी न्यायप्रशासनमा स्वच्छ सुनुवाइलाई महत्वपूर्ण विषयवस्तुको रूपमा लिइन्छ । यो अभियुक्तको अधिकारसँग सम्बन्धित विषय हो । स्वच्छ सुनुवाइ सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था र यसको महत्वका बारेमा जानकारी प्रदान गर्ने उद्देश्यले स्वच्छ सुनुवाइ सम्बन्धी स्रोत पुस्तिका तयार कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरिएको छ ।

१२. **हिरासत तथा कारागार अनुगमन प्रतिवेदन, २०७४ :** संविधान तथा कानूनले महान्यायाधिवक्तालाई हिरासत तथा कारागारको निरीक्षा गरी मानवोचित व्यवहार भए नभएको समेत अनुगमन गर्ने अधिकार दिएकोमा महान्यायाधिवक्ता, महान्यायाधिवक्ता तथा महान्यायाधिवक्ताले अधिकार प्रत्यायोजन गरे बमोजिम नायब महान्यायाधिवक्ता र सहन्यायाधिवक्ताबाट नेपालका विभिन्न जिल्लाका कारागार र हिरासत कक्षको अनुगमन गरिएकोमा ती अनुगमन प्रतिवेदनलाई एकीकृत गरी सो प्रतिवेदन कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरिएको छ । सो प्रतिवेदन सरोकारवाला निकायहरूमा समेत सम्प्रेषण गरिएको छ ।

१३. **सरकारी वकीलको व्यवसायिक स्वतन्त्रता सम्बन्धी स्रोत पुस्तिका, २०७४ :** सरकारी वकीलको पद व्यावसायिक पद भएको र निजले सम्पादन गर्ने कार्य व्यावसायिक प्रकृतिको भएको हुँदा सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता सम्बन्धी अन्तर्राष्ट्रिय प्रबन्ध, विभिन्न मुलुकका अभ्यास समेत समावेश गरी सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता सम्बन्धी स्रोत पुस्तिका प्रकाशित गरिएको छ ।

१४. **लिखित जवाफ एवं प्रभावकारी प्रतिरक्षा सम्बन्धी अध्ययन प्रतिवेदन, २०७४ :** नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा प्रतिनिधित्व सरकारी वकीलबाट हुने गर्दछ । यस सन्दर्भमा नेपाल सरकारका विभिन्न निकायहरूलाई विपक्षी बनाई दायर गरिने रिट तथा मुद्दा मामिलामा स्तरीय लिखित जवाफ एवं प्रभावकारी प्रतिरक्षा सम्बन्धमा रहेका समस्या र सुझावहरू विषयक अध्ययन प्रतिवेदन तयार गरी प्रकाशित गरिएको छ ।

१५. **समुदायमा सरकारी वकील कार्यक्रम (अवधारणा र कार्यक्रम संचालन निर्देशिका), २०७४ :** सरकारी वकील तथा सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारबाही र प्रक्रिया समेतका बारेमा सर्वसाधारणलाई जानकारी प्रदान गर्न संचालित समुदायमा सरकारी वकील कार्यक्रमलाई एकरूपतापूर्ण तवरले संचालन गर्न समुदायमा सरकारी वकील कार्यक्रम, २०७४ तयार गरी कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरिएको छ ।

१६. **सरकारी वकील कार्यालयको परिचय र सरकार वादी मुद्दाको कारबाही प्रक्रिया :** महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको परिचय, सरकार वादी मुद्दाको प्रक्रिया सम्बन्धी कानूनी व्यवस्था र यस सन्दर्भमा प्रयोग हुने शब्दावलीको जानकारी समेत समावेश गरी कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरिएको छ ।

१७. **अपराध संहिता र सम्बद्ध कानूनको स्रोत सामग्री :** मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका नयाँ व्यवस्था र सरकारी वकीलको भूमिका सम्बन्धी स्रोत सामग्री कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरिएको छ ।

१८. **महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन :** महान्यायाधिवक्ता कार्यालयबाट भएका काम कारबाही समेत समावेश गरी प्रकाशित हुने महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन पूर्णांक १६, वर्ष ६ अंक २, २७३ असार र पूर्णांक १७ वर्ष ७ अंक १ प्रकाशित भएको छ ।

५.६ अपराधशास्त्रीय अनुसन्धान केन्द्रको कार्यहरू

महान्यायाधिवक्ताले राष्ट्रपति समक्ष पेश गर्ने वार्षिक प्रतिवेदनमा अपराधको प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने नेपालको संविधानले जिम्मेवारी समेत तोकेको पाइन्छ । यसको परिणाम स्वरूप, महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत रहने गरी २०७३।०२।२३ मा **अपराधशास्त्रीय अनुसन्धान केन्द्र**को स्थापना भएको छ । हाल यस केन्द्रले महान्यायाधिवक्ताको कार्यालयबाटै जनशक्ति, स्रोतसाधनबाटै कार्य प्रारम्भ गरेको छ । महान्यायाधिवक्ताको कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०७४ ले अपराधशास्त्रीय अनुसन्धान केन्द्रका लागि सहन्यायाधिवक्ता १, उपन्यायाधिवक्ता २, शाखा अधिकृत ४, तथ्यांक अधिकृत १, कम्प्युटर अपरेटर १, नायब सुब्बा २, सवारी चालक १, कार्यालय सहयोगी २ समेत १४ जना जनशक्ति रहने गरी दरबन्दी प्रक्षेपण गरेको छ । हाल यस केन्द्रको प्रमुखको रूपमा सहन्यायाधिवक्ता १ जना, उपन्यायाधिवक्ता २ जना, शाखा अधिकृत २ जना, सहायक कर्मचारी १ जना गरी ६ जनाबाट कार्यसम्पादन भइरहेको छ ।

महान्यायाधिवक्ताको कार्यालयको **कार्य सञ्चालन तथा कार्य विवरण निर्देशिका, २०७३** ले केन्द्रलाई प्रदान गरेका मुख्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् :

- अपराधको कारण, प्रवृत्ति, रोकथामका उपाय समेतका अपराधका आयामहरू र अपराध र फौजदारी न्याय सम्बन्धमा अध्ययन विश्लेषण गर्ने,
- सूचना संकलन र तथ्याङ्क व्यवस्थापनका सम्बन्धमा अपराध अनुसन्धान, अभियोजन र सरोकारवाला निकायसँग समन्वय गर्ने,
- अपराधको अनुसन्धान र अभियोजनमा स्तरीयता र एकरूपता कायम गर्ने, अभियोगपत्रका सम्बन्धमा अध्ययन गर्ने, अनुसन्धान र अभियोजनमा देखिएका समस्याक एवं यसका सफलता र असफलताको पहिचान गर्ने तथा भविष्यमा फौजदारी मुद्दा र न्याय प्रणालीमा सुधारका लागि अनुसन्धान गर्ने,
- नेपाल सरकारबाट मस्यौदा भएका फौजदारी कानूनसँग सम्बन्धित विधेयकहरूमा राय/प्रतिक्रिया दिने,
- फौजदारी कानूनसँग सम्बन्धित नयाँ कानूनको तर्जुमा एवं कानून संशोधन सम्बन्धमा सरोकारवाला निकाय, व्यक्ति वा विज्ञहरूसँग अन्तरक्रिया गर्ने र सुझाव प्रस्तुत गर्ने,

रणनीतिक योजनामा अपराधशास्त्रीय अनुसन्धान केन्द्र

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (आ.व.२०७३/०७४–२०७७/०७८) को लक्ष्य ४ को रणनीति ९ मा अपराधशास्त्रीय अनुसन्धान केन्द्र स्थापना गर्ने र केन्द्रमा आवश्यक जनशक्तिका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने, सर्वेक्षण प्रतिवेदनका आधारमा जनशक्तिको व्यवस्था तथा आवश्यक पूर्वाधारको व्यवस्थापन गर्ने, अपराधशास्त्रीय अनुसन्धान केन्द्रबाट अपराधको प्रवृत्ति एवं फौजदारी न्याय प्रणालीमा गर्नुपर्ने सुधारका लागि आवश्यक अनुसन्धान तथा अध्ययन गर्ने क्रियाकलाप उल्लेख गरिएको छ । सो योजना कार्यान्वयन पछि योजनाले "अपराधशास्त्रीय अनुसन्धान केन्द्रले गर्ने अध्ययनबाट अपराधको प्रवृत्ति र फौजदारी कानून कार्यान्वयनको अवस्था बारेमा अध्ययन, अनुसन्धान हुने र सुधारका क्षेत्रहरू पहिचान हुने" अपेक्षा गरेको छ ।

केन्द्रले सम्पादन गरेका कार्यहरू

यस केन्द्रले कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा मिति २०७४ भदौ १६ गते काठमाडौमा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना, औचित्यता र भावी योजना सम्बन्धी सरोकारवाला निकायहरू वीच छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरेको थियो । कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयबाट अभियोजन भएका संगठित अपराधका मिसिल अध्ययन गरी संगठित अपराध निवारण ऐन, २०७० को प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन प्रतिवेदन प्रकाशन र जीउ ज्यान विरुद्धका अपराध र आर्थिक सामाजिक विषयका अपराधसँग सम्बन्धित विषयमा

दुई वटा अनुसन्धानमूलक अध्ययन गरी प्रकाशित भएको छ । यस केन्द्रले माइती नेपालको सहयोगमा मिति २०७४ साउन ६ र ७ गते अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकील र अदालतका अधिकृत कर्मचारीहरू बीच मानव बेचबिखन ओसारपसार कसूरमा वैदेशिक रोजगारको अन्तरसम्बन्ध, कानूनी व्यवस्था र प्रस्तावित संशोधन विषयमा काठमाडौंमा दुई दिवसीय कार्यशाला गोष्ठी आयोजना गरेको थियो ।

५.७ राष्ट्रिय सम्मेलनको आयोजना

१. **नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०७३:** नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ साल पौष ८, ९ र १० गते काठमाडौंमा आयोजना गरिएको थियो । "प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षा, व्यावसायिक सरकारी वकील, हाम्रो प्रतिबद्धता" मूल नारा रहेको सो सम्मेलन यो देशभरका करिव ३५० सरकारी वकील र अन्य सरोकारवाला निकायका प्रतिनिधि समेत गरी ४०० जना सहभागी रहेका थिए । सो सम्मेलनले ३० बुँदे घोषणापत्र समेत जारी गरेको थियो ।

२. **नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०७३:** नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ साल माघ १४, १५ र १६ गते काठमाडौंमा आयोजना गरिएको थियो । "प्रभावकारी अनुसन्धान र अभियोजन, सुदृढ फौजदारी न्यायप्रशासन" मूल नारा रहेको सो सम्मेलनमा नेपालका अनुसन्धानकर्ता प्रहरीबाट २५० र अभियोजनकर्ता सरकारी वकीलहरूबाट २६५ र अन्य सरोकारवाला निकायका प्रतिनिधि २५ समेत गरी ५४० जना सहभागी रहेका थिए । सो सम्मेलनले २६ बुँदे घोषणापत्र समेत जारी गरेको थियो ।

५.८ महान्यायाधिवक्ताको कार्यालयका सबल र दुर्बल पक्ष तथा अवसर र चुनौती

महान्यायाधिवक्ताको कार्यालयको आन्तरिक र बाह्य वातावरण एवं वस्तुस्थिति विश्लेषण गर्दा देहायका सबल र दुर्बल पक्षहरू तथा चुनौती र अवसर देखिएका छन् ।

सबल पक्षहरू

- महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको क्रममा छ । योजनाको आवश्यकता र यसको महत्वलाई सबैले आत्मसात् गरेको अवस्था छ ।
- महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरू ९७ मध्ये ८५ वटाको आफ्नै जग्गा रहेको र ६२ वटा सरकारी वकील कार्यालयहरूको आफ्नै भवन रहेको छ । १८ वटा कार्यालय भवन निर्माणाधीन र २४ वटा कार्यालय भवन निर्माणको प्रक्रियामा रहेका छन् ।
- राष्ट्रिय सडक सञ्जालले जोडिएका प्रायः सबै सरकारी वकील कार्यालयहरूमा सरकारी सवारी साधन (मोटर) को उपलब्धता रहेको छ ।
- हाल पदपूर्ति भएका करिब ३८० सरकारी वकीलहरू मध्ये १०० जना भन्दा बढीले कानूनमा स्नातकोत्तर (एलएलएम) उत्तिर्ण गरेका छन् भने पचास जनाको हाराहारीमा नियमित अध्ययनको क्रममा रहेका छन् । यसले सरकारी वकीलहरूको गर्न मद्दत पुगेको छ ।
- प्रायः सबै सरकारी वकीलहरूलाई ल्यापटप उपलब्ध गराइएको छ । सबै सरकारी वकील कार्यालयहरूमा आधारभूत विद्युतीय सामग्रीहरू रहेका छन् ।
- सरकारी वकील कार्यालयहरूबाट सम्पादन हुने काम कारबाहीलाई सूचना प्रविधिसँग आबद्ध गर्न मुद्दा व्यवस्थापन प्रणाली (सीएमएस) लगायतका सफ्टवेयर निर्माण गरी प्रयोगमा ल्याइएको छ । यसले काम कारबाहीमा प्रभावकारिता र अभिलेखीकरणमा सकारात्मक प्रभाव पार्ने अपेक्षा छ ।
- सबै सरकारी वकील कार्यालयहरूमा इन्टरनेट जडान भएको छ र महान्यायाधिवक्ताको कार्यालयका नियमति बहस पैरवीमा ससरकारी वकीलहरूलाई निवासमा समेत इन्टरनेट जडान भएको छ ।
- ५८ वटा जिल्ला सरकारी वकील कार्यालयमा पीडित मैत्री कक्ष निर्माण भएको छ । नवनिर्मित जिल्ला सरकारी वकीलको कार्यालय भवनमा पीडित मैत्री कक्ष तथा बयान कक्ष अलग्गै निर्माण गरिएको छ ।
- सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारबाहीसँग सम्बन्धित विभिन्न विषयमा अनुसन्धानमूलक अध्ययन प्रतिवेदन तयार भई महत्वपूर्ण अध्ययन प्रतिवेदनहरू प्रकाशन भएका छन् ।

- अपराधको प्रवृत्तिगत अध्ययन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना भएको छ । यस केन्द्रले कार्य प्रारम्भ गरी अनुसन्धानात्मक अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन समेत गरेको छ ।
- सरकारी वकील र कर्मचारीहरूलाई उनीहरूको कार्यसम्पादनसँग सम्बन्धित विषयमा नियमित रूपमा प्रशिक्षण प्रदान गर्न महान्यायाधिवक्ताको कार्यालयमा रहेको अभियोजन प्रशिक्षण केन्द्र मार्फत प्रक्षिक्षण प्रदान गरिएको छ । यसले सरकारी वकील र कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्न र कार्यमा एकरूपता कायम गर्न मद्दत पुगेको छ ।
- संविधानले अभियोजनको जिम्मेवारी महान्यायाधिवक्तालाई प्रदान गरेको र सो अधिकार प्रत्यायोजन गरी मातहतका सरकार वकीलले बहन गरिरहेको सन्दर्भमा कम्तीमा अधिकृत स्तरको सरकारी वकीलबाट मात्रै अभियोजन गर्ने गरिएको छ ।

दुर्बल पक्ष

- महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यान्वयनमा आएको भए पनि हाम्रा समग्र कार्यहरूलाई योजनासँग आबद्ध गराउन सकिएको छैन ।
- महान्यायाधिवक्ताको कार्यालयको भवन निर्माण गर्न बजेट निकासा भएको भए पनि निर्माण गर्न नसकिएको तथा विशेष सरकारी वकील कार्यालय १, उच्च सरकारी वकील कार्यालय २ र जिल्ला सरकरी वकील कार्यालय ९ वटाको भवन निर्माणका लागि हालसम्म जग्गाको बन्दोबस्त गर्न सकिएको छैन ।
- कार्यरत रहेका सरकारी वकीलहरू मध्ये पचास जनाको हाराहारीमा कानूनमा स्नातक नगरेका अधिकृतहरू छन् । सरकारी वकीललाई विषयगत विज्ञताका आधारमा विशिष्टीकरण गर्न सकिएको छैन ।
- सबै सरकारी वकील कार्यालयहरूमा इन्टरनेट जडान भएको भए पनि यी स्रोत साधनलाई अधिकतम रूपमा कार्यालयगत काममा प्रयोग गरी उपलब्धिपूर्ण बनाउन सकिएको छैन ।
- सरकारी वकील कार्यालयहरूबाट सम्पादन हुने काम कारबाहीलाई सूचना प्रविधिसँग आबद्ध गर्ने प्रक्रिया आरम्भ गरिए पनि सबै काम कारबाहीलाई सूचना प्रविधिमा आबद्ध गर्न नसकिएको । सूचना प्रविधिको अधिकतम प्रयोग गरी समग्र काम कारबाहीलाई सूचना प्रविधि आवद्ध गर्न सकिएको छैन ।
- जिल्ला सरकारी वकील कार्यालयमा पीडित मैत्री कक्ष निर्माण भए पनि ती कक्षको व्यवस्थापन र पूर्ण उपयोग गर्न सकिएको छैन । यो विषयमा आवश्यक प्रचारप्रसार समेत गर्न सकिएको छैन ।
- अपराधको प्रवृत्तिगत अध्ययन गर्नका लागि स्थापित महान्यायाधिवक्ताको कार्यालयमा अपराधशास्त्रीय अनुसन्धान केन्द्रका लागि आवश्यक पर्ने जनशक्ति, कार्य कक्ष र भौतिक पूर्वाधारको व्यवस्थापन गर्न नसक्दा नियमित रूपमा केन्द्रलाई प्रदान गरिएको जिम्मेवारी बहन गर्न सकेको छैन ।
- सरकारी वकील र कर्मचारीहरूलाई नियमित रूपमा प्रशिक्षण प्रदान गर्न अभियोजन प्रशिक्षण केन्द्रलाई आवश्यक पर्ने भौतिक पूर्वाधार, स्थान र जनशक्ति तथा स्रोतको व्यवस्था गर्न नसक्दा केन्द्रले नियमित रूपमा प्रशिक्षण कार्यक्रम गर्न सकेको छैन ।

अवसर

- महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना कार्यान्वयनको विषयले राष्ट्रिय योजनामा स्थान पाएको छ । राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको चौधौं योजनामा महान्यायाधिवक्ताको रणनीतिक योजना प्रभावकारी रूपमा कार्यान्वयन गरिने कुरा उल्लेख गरिएको छ ।
- महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनालाई साझेदार निकायहरूले समेत स्वामित्व ग्रहण गरी योजनाले प्रक्षेपण गरेका क्रियाकलाप संचालन गर्न सहयोग गर्ने गरेका छन् ।
- न्यायपालिकाको स्थायी दरबन्दीमा कार्यरत् कर्मचारीहरूका निम्ति २०७१ साल देखि लागू हुने गरी नेपाल सरकारले ५० प्रतिशतसम्म कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता पाउने व्यवस्था गरेको छ । जसले गर्दा न्यायपालिकाका सम्पूर्ण कर्मचारीहरूमा उत्प्रेरणाको अभिवृद्धि भएको छ ।
- गत साल सम्पन्न भएका दुई वटा राष्ट्रिय सम्मेलनले सरकारी वकील र उनीहरूबाट सम्पादन हुने कार्यको महत्व र अवस्थाका बारेमा जानकारी प्रदान गर्न र सम्बद्ध निकायहरू बीच समन्वय विकास गरेको छ । यसबाट सरकारी वकील कार्यालयबाट सम्पादन हुने कार्यमा सहयोग, समन्वय र जिम्मेवारी बोधको भावनामा क्रमशः वृद्धि हुँदै गएको छ ।

- मुलुकी अपराध (संहिता) ऐन, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐनले सरकारी वकीलको भूमिका अझै विस्तार गरिदिएको छ । सो अनुसारको दक्षता विकास गरी अपराध अनुसन्धानमा नेतृत्वदायी भूमिका निर्वाह गर्न र वस्तुगत प्रमाणका आधारमा आधारित भई अभियोजन गर्ने थप जिम्मेवारी निर्वाह गर्नु पर्नेछ ।

चुनौती

- महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयका लागि आवश्यक पर्ने अधिकृत स्तरका जनशक्ति लोक सेवाबाट सिफारिस हुन नसक्दा प्रत्येक वर्ष बढ्दै गएको जिम्मेवारी बहन गर्न असहज भएको छ । जनशक्ति र कार्यबोझ बीच सन्तुलन कायम गर्न सकिएको छैन ।
- सरकारको निर्णय अनुसार थप भएका उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयमा नयाँ सिर्जना गर्नुपर्ने संरचना, सवारी साधन, मेसिनरी तथा दरबन्दी तत्कालै प्राप्त नहुँदा ती कार्यालयहरूबाट कार्य संचालन गर्न चुनौती भएको छ ।
- कानूनले निर्धारण गरेको प्रक्रिया पूरा नगरी एवं कानूनी व्यवस्थाको पूर्ण पालना नगरी गरिने सरकारी निर्णय उपर परेको रिटमा प्रतिरक्षा गर्न सकिएको छैन ।
- मुलुकी अपराध (संहिता) ऐन, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐनले गरेका नयाँ कानूनी व्यवस्थामा सरकारी वकीललाई अभ्यस्त बनाउन सघन प्रशिक्षण कार्यक्रम संचालन गर्नुपर्ने आश्यकता छ । यसले प्रशस्त स्रोतको अपेक्षा गर्दछ ।
- प्रोत्साहन भत्तालाई कार्यसम्पादनमा सकारात्मक उपलब्धिसँग आबद्ध गर्न सकिएको छैन ।
- बढ्दै गएको कार्यबोझ र सरकारको निर्णय अनुसार थप भएका सरकारी वकील कार्यालयहरूमा दरबन्दी सिर्जना तथा थपघटका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी स्वीकृतिका लागि सरकार समक्ष पेश गरेकोमा सो प्रतिवेदन स्वीकृत नभएको तर दैनिकी कार्य संचालन गरिरहनु पर्ने अवस्था हुँदा विद्यमान जनशक्ति व्यवस्थापनमा चुनौती थपिएको छ ।
- कार्यबोझको अनुपातमा कम जनशक्ति रहेको अवस्थामा अन्य निकायमा सरकारी वकील खटाउने र दरबन्दी नै नभएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा काजमा सरकारी वकील खटाउनु पर्दा जनशक्ति व्यवस्थापनमा चुनौती थपिएको छ ।
- अपराधको अनुसन्धान र अभियोजनलाई राजनीतिक दृष्टिकोणबाट मुक्त गर्न अझै धेरै प्रयास गर्नुपर्ने अवस्था छ ।
- सरकारी वकीलको छुट्टै सेवा शर्त सम्बन्धी कानून बनी नसक्दा उच्च मनोबलले काम गर्ने अवस्था देखिएको छैन । उक्त कानूनमा समेटिने विषयमा एकरूपतापूर्ण धारणा विकास गर्न पनि बाँकी छ ।
- कानूनमा स्नातक नै नगरेका जनशक्तिलाई अभियोजन, बहस पैरवी लगायतका काममा लगाउनु पर्दा स्तरीय र प्रभावकारी कार्यसम्पादन गर्न सकिएको छैन ।
- सरकारी वकीलहरूलाई निजामती सेवाका अन्य सेवा समूहमा कार्यरत कर्मचारीको अनुपातमा अवसर प्रदान गर्न सकिएको छैन । प्राप्त अवसरको न्यायोचित वितरणको प्रश्न पनि उठ्ने गरेको छ ।

६. समन्वय समितिको गतिविधि

सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम २२ मा सरकार वादी मुद्दाको अनुसन्धान, तहकिकात एवं अभियोजनमा संलग्न निकायहरूका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी उल्लेखित कार्यमा प्रभावकारिता ल्याउन देहाय बमोजिमको एक समन्वय समिति रहने व्यवस्था रहेको छ ।

(क) महान्यायाधिवक्ता	अध्यक्ष
(ख) सचिव, कानून तथा न्याय मन्त्रालय	सदस्य
(ग) सचिव, गृह मन्त्रालय	सदस्य
(घ) प्रहरी महानिरीक्षक	सदस्य
(ङ) महान्यायाधिवक्ताले तोकेको महान्यायाधिवक्ताको कार्यालयको नायब महान्यायाधिवक्ता	सदस्य सचिव

समन्वय समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने प्रावधान अनुरूप समितिले आफ्नो कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याएको छ । समितिले आवश्यकता अनुसार अनुसन्धान तहकिकातसँग सम्बन्धित विभिन्न निकायका प्रमुखहरूलाई बैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था अनुसार आमन्त्रण गरी सरकार वादी मुद्दाको अनुसन्धान, तहकिकात एवं अभियोजनमा देखिएका व्यावहारिक समस्याहरू समाधान गर्ने प्रयास गर्दै आएको छ ।

समितिले विभिन्न समयमा बैठक बसी सरकार वादी मुद्दाको अनुसन्धान, तहकिकात एवं अभियोजन सम्बन्धमा आवश्यक निर्णयहरू गरी अपराध अनुसन्धानमा संलग्न निकायहरू विशेष गरी नेपाल प्रहरी र अभियोजनमा संलग्न मातहतका सरकारी वकीलहरूलाई आवश्यक निर्देशनहरू जारी गर्दै आएको छ । यस आर्थिक वर्षमा समन्वय समितिको बैठक दुई वटा बसी विभिन्न निर्णय गरेको छ । ती बैठकहरूले अपराध अनुसन्धान र अभियोजनको कार्यलाई प्रभावकारी बनाउन क्षेत्रीयस्तरमा समेत सरकारी वकील, प्रहरी एवं प्रशासनको बीचमा समन्वय कायम गर्ने संयन्त्रहरू विकास गरिएका छन् । समितिले अपराध अनुसन्धान तथा अभियोजनमा देखिएका त्रुटिहरू सुधार गर्ने उद्देश्यले जिम्मेवार पदाधिकारीको पहिचान गरी सचेत गराउन सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरेको छ । यसका अतिरिक्त अपराध अनुसन्धान सम्बन्धी कानूनमा परिमार्जन र नयाँ कानूनको निर्माण गर्न सम्बन्धित निकायहरूलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

२०७४ साल कार्तिक २३ गते बसेको समन्वय समितिको बैठकले संसदबाट पारित भई २०७५ भदौ १ गते देखि लागू हुने मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ सम्बन्धी कानूनले अपराध अनुसन्धानको क्षेत्रमा पार्ने प्रभाव र कार्यान्वयनका क्षेत्रमा सम्बद्ध निकाय बीच आवश्यक समन्वय गर्ने तथा संहिता बमोजिम नियम र निर्देशिका बनाउने सम्बन्धमा कार्यदल बनाई मस्यौदा तयार गर्ने निर्णय गरेको छ । यसैगरी २०७४ साल भदौ १ गते देखि लागू हुने गरी मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९४ मा समन्वय समितिको व्यवस्था गर्दै अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन देहाय बमोजिमको समन्वय समिति रहने उल्लेख छ :-

(क)	महान्यायाधिवक्ता	- अध्यक्ष
(ख)	सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	- सदस्य
(ग)	सचिव, गृह मन्त्रालय	- सदस्य
(घ)	प्रहरी महानिरीक्षक, नेपाल प्रहरी	- सदस्य
(ङ)	महान्यायाधिवक्ताले तोकेको महान्यायाधिवक्ताको कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो दर्जाको सरकारी वकिल	- सदस्य सचिव

७. समन्वय सम्बन्धी अन्य गतिविधि

महान्यायाधिवक्ताको कार्यालयको आयोजना र UNDP कानूनी शासन तथा मानवअधिकार संरक्षण सबलीकरण कार्यक्रम (RoLHR) को सहयोगमा तत्कालीन माननीय महान्यायाधिवक्ता श्री रमन कुमार श्रेष्ठज्यू तथा प्रहरी महानिरीक्षक श्री उपेन्द्रकान्त अर्यालज्यू समेतको समुपस्थितिमा २०७३।५।२० गते काठमाडौंमा, २०७३।६।१३ गते धनगढीमा र २०७३।८।२६ गते विराटनगरमा अनुसन्धानकर्ता र अभियोजनकर्ता बीच समन्वय कायम गर्न सुधारका क्षेत्रहरू पहिचान गर्ने सम्बन्धी सञ्चालन भएको उच्चस्तरीय छलफल कार्यक्रम सम्पन्न भएको छ । यसैगरी अनुसन्धानकर्ता र अभियोजनकर्तासँगको समन्वयलाई प्रभावकारी बनाई साझा धारणा विकास गर्नका लागि अनुसन्धान कर्ता नेपाल प्रहरी र सरकारी वकीलको पहिलो राष्ट्रिय सम्मेलन २०७३ माघ १४, १५ र १६ गते काठमाडौं आयोजना गरिएको थियो ।

२०७४।०२।१९ गते अपराध अनुसन्धानकर्ता, अधियोजनकर्ता र विधिविज्ञान विज्ञहरूको संलग्नतामा एक दिवसीय अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो । विभिन्न निकायबाट ५९ जनाको सहभागितामा सञ्चालन गरिएको सो कार्यक्रममा उल्लेखित तीन वटा निकायहरूसँगको समन्वय विस्तार गरिनु पर्ने, एक अर्का निकायले सामना गर्नु परेका समस्याहरू साझा प्रयासबाट समाधाना गर्नुपर्ने र न्यायसम्पादन प्रक्रियालाई छिटो एवं प्रभावकारी बनाउन क्रियाशिल हुनु पर्ने निष्कर्ष निकालिएको थियो । २०७४।०४।२८ गते सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूचीमा नपरेका सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन विषयक एक दिवसीय राष्ट्रिय कार्यशाला आयोजना गरिएको थियो । सो कार्यशालाले सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरी सुधारका प्रयासहरू अगाडि बढाउने निष्कर्ष निकालेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयको निर्णय अनुसार उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूले सरकारी वकील कार्यालयबाट सम्पादन हुने कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्न तथा कानूनी र कार्यविधिगत जटिलता समाधान गर्न सम्बन्धित जिल्ला तथा उच्च तहका कार्यालय प्रमुखहरू तथा सरोकारवाला निकायहरूसँग आपसी छलफल र अन्तरक्रिया गर्ने कार्य सबै उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पन्न भएको छ ।

परिच्छेद – दुई
महान्यायाधिवक्ताको कार्यालय

१. गठन

नेपालको संविधानको धारा १५७ देखि १५९ सम्म महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था गरिएको छ । संविधानको धारा १५७ को उपधारा (२) मा राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्ताको नियुक्ति गर्ने र उपधारा (३) मा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता भएको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय मातहतमा हाल १८ वटा उच्च सरकारी वकील कार्यालयहरू तथा ७५ जिल्लामा जिल्ला सरकारी वकील कार्यालयहरू रहेका छन् । यसैगरी विशेष अदालत, राजश्व न्यायाधिकरण, काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरण र प्रशासकीय अदालत लगायतका न्यायिक निकायमा बहस पैरवी तथा प्रतिरक्षाको लागि छुट्टै विशेष सरकारी वकील कार्यालय स्थापना गरी कार्यसम्पादन हुँदै आएको छ । महान्यायाधिवक्ताको कार्यालय तथा सो अन्तर्गतका उच्च सरकारी वकील कार्यालयहरू, विशेष सरकारी वकील कार्यालय, काठमाडौं तथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठनात्मक तालिका **अनुसूची १** मा प्रस्तुत गरिएको छ । यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, आन्तरिक राजश्व विभाग, राजश्व अनुसन्धान विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, अध्यागमन विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, वैदेशिक रोजगार विभाग, विभिन्न जिल्ला प्रशासन कार्यालयहरू र ठूला करदाता कार्यालय लगायतका निकायहरूमा सरकारी वकीलहरू कार्यरत रही व्यावसायिक सेवा प्रदान गर्दै आएका छन् ।

२. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

नेपालको संविधान, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ तथा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा भएको व्यवस्था अनुरूप महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ :

१. संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने ।

२. नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता आफैं वा मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गर्ने ।

३. संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने ।

४. नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने ।

५. नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा नेपाल सरकारलाई राय दिने ।

६. आफ्नो पदीय कर्तव्यको पालना गर्दा नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुने ।

७. मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने ।

८. हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

९. महान्यायाधिवक्ताले संघीय संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने ।

१०. संविधान र अन्य कानून बमोजिम आफूले वर्ष भरिमा सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने ।

११. नेपाल सरकारलाई सरोकार पर्ने वा कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व भएको मुद्दामा सर्वोच्च अदालतमा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने ।

१२. संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी गर्ने ।

१३. अदालतबाट भएका आदेश वा फैसलाहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन उपयुक्त देखेमा सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई ध्यानाकर्षण गराउने ।

१४. प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भइरहेको कानून संशोधन गर्न वा बनी रहेको कानून लागू गर्नुपर्ने देखिएमा कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

१५. नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरिका वा विधि अपनाउनु पर्ने वा अनुसन्धान सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारीको विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिने ।

१६. संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तरीयता ल्याउन त्यस्ता निकाय, मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई आवश्यक समन्वय र निर्देशन दिने ।

१७. कारागारमा रहेका कैदीको मानवअधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

१८. कुनै गम्भीर वा सार्वजनिक महत्वको वा नेपाल सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै सरकारी वकीललाई खटाउन सक्ने ।

१९. कुनै न्यायिक वा अर्ध न्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट नेपाल सरकारको हक, हित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्न, पुनरावलोकनको निवेदन दिन कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्न सक्ने ।

२०. कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्ने ।

३. महान्यायाधिवक्ताको भूमिका

नेपालको संविधान, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ ले निर्धारण गरेको काम, कर्तव्य तथा अधिकारका अतिरिक्त महान्यायाधिवक्ताको भूमिका तथा जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् :

१. **न्याय सेवा आयोगको सदस्य :** नेपालको संविधानको धारा १५४ ले नेपाल सरकारले कानून बमोजिम संघीय न्याय सेवाको राजपत्रांकित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा नेपाल सरकारले न्याय सेवा आयोगको सिफारिस अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रधान न्यायाधीशको अध्यक्षतामा महान्यायाधिवक्ता समेत सदस्य रहने गरी न्याय सेवा आयोगको गठन हुने व्यवस्था संविधानले गरेको छ । वर्तमान न्याय सेवाको संरचनामा न्याय सेवालाई न्याय समूह, सरकारी वकील समूह र कानून समूह गरी तीन समूहमा विभाजन गरिएको भए पनि सबै समूहका राजपत्राङ्कित कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा तथा विभागीय कारबाही गर्ने सम्बन्धमा न्याय सेवा आयोगको सदस्यको रूपमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहेको छ ।

२. **नेपाल कानून व्यवसायी परिषद्को अध्यक्ष :** नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा ४ ले महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल कानून व्यवसायी परिषद्को गठन सम्बन्धी व्यवस्था गरेको छ । परिषद्ले परीक्षाद्वारा छनौट भएका योग्य व्यक्तिलाई कानून व्यवसायीमा दर्ता गर्ने र प्रमाण-पत्र दिने, कानून व्यवसायीले तोकिएको व्यावसायिक आचरण पालन गरे नगरेको अनुगमन गर्ने, कानून व्यवसायीले आचरण विरुद्ध कार्य गरेको

सम्बन्धमा उजुरी सुन्ने र कारबाहीका लागि अनुशासन समिति मार्फत कारबाही गरी प्रमाणपत्र रद्द गर्ने लगायतका कार्य गर्दछ ।

३. **नेपाल नोटरी पब्लिक परिषद्को अध्यक्ष :** नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा ५ ले महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल नोटरी पब्लिक परिषद्को गठन हुने व्यवस्था गरेको छ । परिषद्ले नोटरी पब्लिक सम्बन्धमा अबलम्बन गर्नुपर्ने नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, परीक्षा सञ्चालन गर्ने, नोटरी पब्लिकको प्रमाणपत्र दिने, आचारसंहिता बमोजिम काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने र अनुशासन समितिमार्फत कारबाही गरी प्रमाणपत्र रद्द गर्ने लगायतका कार्य गर्दछ ।

४. **केन्द्रीय कानूनी सहायता समितिको सदस्य** : नेपालको संविधानको धारा २४ को उपधारा (१०) ले असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुने व्यवस्था गरेको छ । कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ६ ले माननीय कानून तथा न्याय मन्त्रीको अध्यक्षतामा पाँच सदस्यीय केन्द्रीय कानूनी सहायता समिति गठन हुने र सो समितिमा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरेको छ । असमर्थ पक्षको तर्फबाट कानूनी सहायता सम्बन्धी व्यवस्था गर्ने कार्यमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहने व्यवस्था छ । जिल्लास्तरसम्म यस किसिमको सहायता प्रदान गर्ने सम्बन्धमा उच्च अदालत तथा जिल्ला अदालत रहेको स्थानमा क्रमशः उच्च सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ता र जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा जिल्ला कानूनी सहायता समिति गठन गर्ने व्यवस्था उक्त ऐनको दफा ७ ले गरेको छ ।

५. **न्याय परिषद् अन्तर्गतको समन्वय समितिको सदस्य** : नेपालको संविधानको धारा १५३ मा न्यायाधीशहरूको नियुक्ति, सरूवा, अनुशासन सम्बन्धी कारबाही, बर्खासी र न्यायप्रशासन सम्बन्धी अन्य कुराहरूको सिफारिस गर्न वा परामर्श दिन प्रधान न्यायाधीशको अध्यक्षतामा न्याय परिषद्को गठन सम्बन्धी व्यवस्था छ । न्याय परिषद्ले संविधान बमोजिम गर्ने कार्यहरूका अतिरिक्त अन्य अधिकार र कर्तव्य कानूनद्वारा व्यवस्थित गरिने संवैधानिक व्यवस्था भए अनुसार न्याय परिषद् नियमावली, २०५६ को नियम १८ ले संविधान बमोजिम न्यायाधीश हुन योग्यता पुगेका नेपाल न्याय सेवाका अधिकृत कर्मचारी एवं सेवा बाहिरका कानून व्यवसायी तथा प्राध्यापनमा संलग्न कानूनविद्को प्राप्त विवरण एवं सूचना सम्बन्धमा आवश्यक छानविन गरी निजहरू तथा सम्बन्धित निकायहरूसँग समन्वय समेत गर्न न्याय परिषद्ले तोकेको परिषद्को सदस्यको अध्यक्षतामा गठित समन्वय समितिमा महान्यायाधिवक्ता सदस्य रहने व्यवस्था गरेको छ ।

६. **समन्वय समितिको अध्यक्ष** : सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम २२ ले नेपाल सरकार वादी हुने फौजदारी मुद्दाहरूको तहकिकात एवं अभियोजनमा संलग्न निकायहरू बीच समन्वय कायम गरी पारस्परिक सहयोग र समझदारीबाट अपराध तहकिकात तथा अभियोजन कार्य प्रभावकारी रूपले हुन सकोस् भन्ने उद्देश्यबाट महान्यायाधिवक्ताको अध्यक्षतामा गृह सचिव, कानून सचिव तथा प्रहरी महानिरीक्षक समेत सदस्य रहेको समन्वय समितिको व्यवस्था गरेको छ ।

७. **राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिको सदस्य** : नेपाल सरकारले नागरिक उड्डयनलाई पूर्ण सुरक्षित गराउने प्रयोजनको निम्ति गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ अनुसार निर्माण गरेको हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ को परिच्छेद २ नियम २ को उपनियम (१) मा माननीय पर्यटन मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिमा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरिएको छ ।

८. **राष्ट्रिय न्यायिक प्रतिष्ठान परिषद्को सदस्य :** न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षतामा अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको र सो प्रतिष्ठानको परिषद्को सदस्यको रूपमा महान्यायाधिवक्ता सदस्य रहने व्यवस्था राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को दफा ६ को खण्ड (ङ) मा गरिएको छ ।

४. महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका विभाग, महाशाखा तथा शाखाहरूको गठन र कार्य विभाजन

महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालत समक्ष पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याई पाउन गरिने निवेदन लगायत अन्य निवेदन गर्ने, नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने तथा नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय परामर्श उपलब्ध गराउने, पुनरावेदन, विशेष तथा जिल्लास्तरका कार्यालयहरूबाट मुद्दा मामिलाका सन्दर्भमा सम्पादित कार्यहरूको प्रशासकीय रेखदेख, निरीक्षण, निर्देशन तथा नियन्त्रण एवम् अनुगमन गर्ने र दैनिक प्रशासनिक कार्यहरू सञ्चालन गर्न फौजदारी कानून र न्यायप्रशासन सम्बन्धमा अनुसन्धान

गर्ने लगायतका कार्यसम्पादन गर्न देहाय बमोजिम विभाग, महाशाखा तथा शाखाहरू गठन गरी कार्य विभाजन समेत गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयको संगठनात्मक संरचना **अनुसूची-१.२** मा प्रस्तुत गरिएको छ ।

(क) महान्यायाधिवक्ताको कार्यालयमा विभागहरू

१. **कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग :** यस विभागबाट महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको मानव संशाधन योजना निर्माण गर्ने, महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका कार्यालयको संगठन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने, आर्थिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, सरकारी वकीलहरू तथा अन्य कर्मचारीहरूको सरुवा बढुवा, स्वदेश तथा विदेशमा सञ्चालन हुने अध्ययन, भ्रमण, तालिम, गोष्ठी, सेमिनार आदिमा मनोनयन लगायत कर्मचारी व्यवस्थापन, सरकारी वकीलको दक्षता अभिवृद्धिका लागि सेवा विशिष्टीकरण र पुनर्ताजगी लगायत विभिन्न प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम निर्माण गर्ने, नेपाल सरकारको हक, हित सरोकार निहित रहेको मुद्दामा अन्तर्राष्ट्रियस्तरमा महान्यायाधिवक्ताको कार्यालयले प्रतिनिधित्व गर्ने, नेपाल सरकारका विरुद्ध अन्तर्राष्ट्रिय संस्थामा परेका मुद्दा मामिलाको प्रतिरक्षा गर्ने वा गराउने प्रणालीको विकास गर्ने तथा अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार सम्बन्धी कार्य गर्ने, मुद्दामा अनुसन्धान गर्ने अनुसन्धानकर्तालाई प्रशिक्षण दिने प्रयोजनका लागि प्रहरी प्रधान कार्यालयसँग समन्वय गरी पाठ्यक्रम तर्जुमा गर्ने, सरकारी वकीलको सेवा विशिष्टीकरण र पुनर्ताजगी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, भौतिक सम्पत्तिको व्यवस्थापन र संरक्षण सम्बन्धी कार्य, महान्यायाधिवक्ताको कार्यालयको प्रवक्ता तथा नोडल अधिकृत सम्बन्धी कार्य गर्ने, सरकारी वकील तथा अन्य कर्मचारी विरुद्ध पर्ने उजुरी उपरको कारबाही तथा कर्मचारीहरूको गुनासो व्यवस्थापन, न्याय सेवा आयोग सम्बन्धी कार्य गर्ने, सरकारी वकील र कर्मचारीको अभिलेख व्यवस्थापन लगायतका आदि कार्यसम्पादन गरिन्छ ।

२. **योजना, अनुसन्धान तथा अनुगमन विभाग :** यस विभागबाट सरकारी वकील कार्यालयको संस्थागत विकास र सरकारी वकीलको व्यावसायिक दक्षता विकास तथा फौजदारी कानून र फौजदारी न्यायप्रशासनका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,सरकारी वकील कार्यालयको जग्गा, भवन, स्रोत साधन, सवारी साधन आदिको अवस्था र सुधारको आवश्यकता तथा सरकारी वकीलको कार्यसम्पादनको स्तर सम्बन्धमा सम्बन्धित विभागमा जानकारी दिने,संस्थागत र व्यावसायिक दक्षता विकासका लागि दातृ निकायसँग सम्पर्क, छलफल र तत्सम्बन्धमा कार्यक्रम तथा प्रस्ताव तयार गरी सहयोग प्राप्त गर्ने विषयमा कार्य गर्ने, महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन तयार गर्ने, समन्वय समितिको बैठक बोलाउने, सञ्चालन गर्ने र निर्णयहरू कार्यान्वयन सम्बन्धी अन्य व्यवस्थापन गर्ने, सरकारी वकीलहरूको क्षेत्रीय र केन्द्रीय अनुशिक्षण गोष्ठीको कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने, संस्थागत विकासका लागि रणनीतिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा परिमार्जन सम्बन्धी कार्य गर्ने आदि कार्यसम्पादन गरिन्छ ।

३. **मानव अधिकार संरक्षण, कानूनी राय तथा सुशासन विभाग** : यस विभागबाट संवैधानिक एवं कानूनी विषयमा राय परामर्श प्रदान गर्ने, नेपाल सरकार र नेपाल सरकारका विभिन्न निकायमा सुशासन कायम राख्ने सम्बन्धी काम कारबाहीको अध्ययन, अनुगमन गर्ने, कानूनमा सुधार गर्नु पर्ने भएमा नेपाल सरकार समक्ष सुझाव प्रस्तुत गर्ने, सुशासन अभिवृद्धि, पारदर्शिता र जनताले पाउनुपर्ने सेवा सुबिधाको प्रत्याभूतिका लागि नेपाल सरकार र नेपाल सरकारका निकायहरूलाई सुझाव दिने, कानूनी राय तथा सुशासनका विषयमा नेपाल सरकारका निकाय वा पदाधिकारीहरूसँग छलफल, अन्तर्क्रिया र गोष्ठी आदि कार्यक्रमको व्यवस्थापन र सञ्चालन गर्ने, कानूनी रायको अभिलेखीकरण व्यवस्थित गर्ने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको सम्बन्धमा छानविन, अनुगमन गर्ने र आवश्यक निर्देशन दिने, सर्वोच्च अदालतबाट भएका अन्तिम निर्णय वा आदेशहरू तथा कानूनको व्याख्या वा प्रतिपादित कानूनी सिद्धान्तको कार्यान्वयन भए, नभएको सम्बन्धमा अनुगमन गर्ने, सरोकारवाला निकायहरूसँग समन्वय गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने जस्ता कार्यहरू सम्पादन गरिन्छ ।

४. **मुद्दा व्यवस्थापन विभाग :** यस विभागबाट मातहत सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त फाइलहरूमा निकासा दिने, मुद्दा चलाउने नचलाउने सम्बन्धी निकासा वा निर्णयमा एकरूपता कायम गर्ने, मुद्दा तथा रिट निवेदनहरूमा प्रभावकारी रूपमा बहस पैरवी गर्न चाल्नुपर्ने सामयिक कदमबारे आवश्यकतानुसार नीतिगत व्यवस्था र व्यावहारिक उपायको तर्जुमा गरी सुझाव दिने, बहस पैरवी र प्रतिरक्षाको व्यवस्थापन गर्ने, पेशी र सुनुवाइको सूचना व्यवस्थित गर्ने, अभियोजनको परिणामको मूल्याङ्कन गरी त्यसमा सुधार गर्न चाल्नुपर्ने कदम बारे अध्ययन, अनुसन्धान र नीति निर्माण सम्बन्धी कार्य गर्ने, मातहतका सरकारी वकीलहरूलाई अभियोजन सम्बन्धमा निकासा दिने, अभियोजनको स्तर निर्धारणका लागि निर्देशिकाको तर्जुमा गर्ने एवं त्यसको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र परिमार्जन गर्ने तथा अदालतमा सरकारी वकीलले दायर गरेका अभियोगपत्र महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने व्यवस्था मिलाई त्यसको अध्ययन विश्लेषण गरी सुधारका लागि सम्बन्धित सरकारी वकीललाई सुझाव दिने, सर्वोच्च अदालतमा पुनरावेदन, पुनरावलोकन र निवेदन दर्ता गर्ने तथा मातहत सरकारी वकील

कार्यालयबाट निकासाका लागि प्राप्त भएको मुद्दामा निकासा सम्बन्धी कार्य गर्ने, लिखित जवाफ, बहसनोट पेश गर्ने र त्यसको अभिलेख गर्ने, महत्वपूर्ण फैसलाहरूको संकलन गरी सबै सरकारी वकीललाई जानकारी गराउने, सर्वोच्च अदालतमा दर्ता भएका नेपाल सरकार वादी भएका मुद्दा वा नेपाल सरकारको हक, हित वा सरोकार समावेश भएको रिटको दर्ता, फैसला, फैसला प्राप्त मिति, फैसलाको संक्षिप्त व्यहोरा लगायत अन्य आवश्यक कुराहरूको अभिलेखीकरण गर्ने, मुद्दाको वर्गीकरण गरी विभिन्न विभागबाट के कुन वर्गीकरणका मुद्दाको बहस पैरवी गर्ने भन्ने निर्णयका लागि महान्यायाधिवक्ता समक्ष पेश गर्ने र तदनुरूप प्राप्त मुद्दा तथा रिट सम्बन्धी फाइल सम्बन्धित विभागमा पठाउने, मुद्दा र बहस व्यवस्थापन सम्बन्धमा अन्तरविभाग समन्वय र सम्पर्क कायम गर्ने, मुद्दा र बहस व्यवस्थापनसँग सम्बन्धित विषयमा सुधारका लागि महान्यायाधिवक्ता समक्ष सिफारिस र सुझाव दिने आदि कार्यसम्पादन गरिन्छ ।

(ख) महाशाखा तथा शाखाहरू :

विज्ञान र प्रविधिको विकाससँगै घट्न थालेका नयाँ किसिमका अपराधहरू र अपराधीको अपराध गर्ने शैलीमा आएको परिवर्तन, विश्व व्यापार संगठनमा नेपालको प्रवेशसँगै सरकारी वकीलको व्यावसायीकरण र विशेषज्ञताको अभिवृद्धि गर्नुपर्ने आवश्यकता, विशेष प्रकृतिका मुद्दाहरूको बृद्धिले सरकारी वकीलको जिम्मेवारी बढाएको र यसका कारण सिर्जना हुने चुनौतीको सामना गर्न सरकारी वकीलहरूमा दक्षता र व्यावसायिकताको विकास गर्न आवश्यक भएको छ । कुनै निश्चित विषयसँग सम्बन्धित मुद्दा वा कानूनी विवादहरूको सन्दर्भमा विशिष्टीकृत ज्ञान र अभ्यासको आवश्यकता महसुस गर्दै नेपाल सरकार वादी हुने फौजदारी मुद्दाहरू, नेपाल सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा तथा रिटहरूमा व्यावसायिक विशिष्टीकरण अनुरूप बहस पैरवी एवं प्रतिरक्षाको व्यवस्था गर्न मुद्दाको विषयगत प्रकृति अनुसार महान्यायाधिवक्ताको कार्यालयमा विशिष्टीकृत रूपमा संवैधानिक तथा फौजदारी मुद्दा महाशाखा, राजश्व, भ्रष्टाचार तथा फौजदारी मुद्दा महाशाखा, भूमि सम्बन्धी तथा फौजदारी मुद्दा महाशाखा, कर्मचारी, वन तथा फौजदारी मुद्दा महाशाखा गठन भई सोही अनुरूप कार्यसम्पादन हुँदै आएको छ । प्रत्येक महाशाखामा सम्बन्धित विषयको ज्ञान, रुची र अनुभवको आधारमा एक जना नायब महान्यायाधिवक्ता र आवश्यकता अनुसार सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता तथा अन्य कर्मचारीहरू रहने व्यवस्था गरिएको छ । यस बाहेक कार्यालय व्यवस्थापन तथा सञ्चालन र संस्थागत सुदृढीकरण समेतका लागि अन्य महाशाखा तथा शाखाहरू समेतको गठन गरिएको छ ।

५. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कामको विवरण

संविधानको धारा १५८ एवं सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ ले प्रदान गरेको अधिकार प्रयोग गरी महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूबाट नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दामा नेपाल सरकारको प्रतिनिधिको रूपमा सम्बन्धित अड्डा अदालत समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षाको कार्य गरिन्छ । महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार समेत भएको हुँदा नेपाल सरकारका केन्द्रीयस्तरका विभिन्न निकायहरूलाई संवैधानिक एवं कानूनी विषयमा दिइने कानूनी राय सल्लाह एवं प्रस्तावित कानून मस्यौदाका सम्बन्धमा परामर्श दिने समेतका कार्यहरू महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित हुँदै आएका छन् । महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन हुने कार्यलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ :

१. मुद्दा तथा रिट निवेदन सम्बन्धी कार्यहरू,

२. कानूनी राय सल्लाह तथा परामर्श सम्बन्धी कार्यहरू,

३. निरीक्षण, निर्देशन सम्बन्धी कार्यहरू,

४. प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्यहरू,

५. सर्वोच्च अदालतबाट भएको कानूनको व्याख्या एवं प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयनको अनुगमन सम्बन्धी कार्यहरू,

५.१ मुद्दा सम्बन्धी कार्य

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन हुने मुद्दा सम्बन्धी कार्यहरू निम्नानुसार छन्:

(क) मुद्दामा बहस पैरवी एवं रिट निवेदन उपर प्रतिरक्षा सम्बन्धी कार्य,

(ख) पुनरावेदन सम्बन्धी कार्य,

(ग) मुद्दा दोहोऱ्याई पाउने निवेदन तथा पुनरावलोकन सम्बन्धी कार्य,

(घ) अनुमतिका निवेदनमा बहस पैरवी,

(ङ) मुद्दा चलाउने तथा नचलाउने सम्बन्धी निर्णयमा निकासा दिने कार्य,

(च) सरकार वादी मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने सम्बन्धी कार्य,

(क) मुद्दामा बहस पैरवी एवं रिट निवेदन उपर प्रतिरक्षा सम्बन्धी कार्य

नेपालको संविधानको धारा १५८ एवं सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ ले प्रदान गरेको अधिकारको प्रयोग गरी महान्यायाधिवक्ता तथा अन्य सरकारी वकीलहरू मार्फत सर्वोच्च अदालतमा नेपाल सरकारको तर्फबाट वा प्रतिवादी तर्फबाट दायर गरिएका नेपाल सरकारको हक, हित वा सरोकार रहेको मुद्दाको पुनरावेदन, पुनरावलोकन र रिट निवेदन लगायतका सबै प्रकारका निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गरिन्छ । यसरी बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको छुट्टाछुट्टै विश्लेषण देहाय बमोजिम गरिएको छ :

१.मुद्दामा बहस पैरवी : सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ मा उल्लेखित मुद्दाहरू एवं अन्य प्रचलित कानून बमोजिम नेपाल सरकार वादी हुने मुद्दाहरूमा महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलहरूबाट यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा बहस पैरवी गरेका मुद्दाहरूको लगत संख्या ५,६६० मध्ये २,२७१ मुद्दा फछ्र्यौट भएको देखिन्छ । आर्थिक वर्ष २०७१/०७२ मा १,२७८ र २०७२/०७३ मा ७६२ मुद्दाहरू फछ्र्यौट भएको तथ्यांकबाट देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू मध्ये २०७१/०७२ मा २९६ अर्थात २३.१६ प्रतिशत र २०७२/०७३ मा ५२१ अर्थात ६८.३७ प्रतिशत र यस आर्थिक वर्षमा १,६३१ अर्थात ६८.७९ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ । यस आर्थिक वर्षको मुद्दाको फछ्र्यौट विवरणलाई विगत दुई आर्थिक वर्षको तथ्याङ्कसँग गरिएको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १६

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका मुद्दाहरूको तुलनात्मक विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	कसूर ठहर प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
२०७१/०७२	२४९५	११२८	३६२३	२९६	९८२	०	१२७८	२३४५	२३.१६
२०७२/०७३	२४४७	२२१६	४६६३	५२१	२४१	०	७६२	३९०१	६८.३७
२०७३/०७४	३९०१	१७५९	५६६०	१६३१	७२३	१७	२३७१	३२८९	६८.७९

(क) अनुसूची भित्रका मुद्दाको लगत र कारबाहीको विवरण

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्रका मुद्दाहरूको विषयगत लगत तथा फछ्र्यौट र बाँकी तथा कसूर कायम र सफाइको एकीकृत तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १७

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका मुद्दाहरूको विषयगत विवरण

	सि.नं.	मुद्दाको नाम	लगत मुद्दा			फछ्र्यौट				बाँकी
			गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर तथा दावी कायम	सफाई तथा दावी नपुग्ने	मुल्तवी, अन्य	जम्मा	
अनुसूची भित्रका	१	अपहरण	४९	३९	८८	१३	८	०	२१	६७
	२	अंगभंग (कुटपिट)	१४	१७	३१	७	२	०	९	२२
	३	आगलागी	१६	५	२१	८	३	०	११	१०
	४	आर्थिक	९२६	३२६	१२५२	१७५	६६	८	२४९	१००३
	५	करणी	२८८	२५०	५३८	१२४	७९	०	२०३	३३५
	६	किर्ते	५५	४५	१००	१६	७	०	२३	७७
	७	चोरी	१८५	१००	२८५	८०	३०	०	११०	१७५
	८	ज्यान	९५०	३९६	१३४६	५०२	२०५	०	७०७	६३९
	९	देवानी	८२	६६	१४८	१३	१०	३	२६	१२२
	१०	नागरिकता	१२	५	१७	२	१	०	३	१४
	११	प्रतिलिपि अधिकार	४	३	७	१	०	०	१	६
	१२	प्रविधि सम्बन्धी	११	५	१६	४	१	०	५	११
	१३	मानव बेचविखन	१८१	६८	२४९	९६	५६	०	१५२	९७
	१४	राहदानी	१	४	५	०	१	०	१	४
	१५	लागू औषध	२६४	९३	३५७	१२८	१६	०	१४४	२१३
	१६	विवाह	४९	३२	८१	२२	१८	०	४०	४१
	१७	सवारी ज्यान	८९	६४	१५३	७८	३	०	८१	७२
	१८	सार्वजनिक अपराध	१७९	४	१८३	९८	८०	०	१७८	५
	१९	हात हतियार	८३	२०	१०३	४१	२५	०	६६	३७
	२०	विविध	३९	१४	५३	१५	१२	०	२७	२६
		जम्मा	३४७७	१५५६	५०३३	१४२३	६२३	११	२०५७	२९७६

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्रका मुद्दाहरूको जम्मा लगत संख्या ५,०३३ रहेको छ । यस मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या १,४२३ र सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या ६२३ र अन्य (मुल्तवी, तामेली आदि) तवरले फछ्र्यौट भएका ११ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २,०५७ र बाँकी मुद्दा संख्या २,९७६ रहेको देखिन्छ । मुद्दाहरूको विषयगत वर्गीकृत विवरण र कारबाहीको स्थितिको छुट्टाछुट्टै विश्लेषण गरी हेर्दा अपहरण मुद्दाको जम्मा लगत संख्या ८८ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १३, सफाइ भएका मुद्दा संख्या ८ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २१ भई बाँकी मुद्दा संख्या ६७ रहेको देखिन्छ । अंगभंग (कुटपिट) मुद्दाको जम्मा लगत संख्या ३१ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ७, सफाइ भएका मुद्दा संख्या २ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ९ भई बाँकी मुद्दा संख्या २२ रहेको देखिन्छ । आगलागी मुद्दाको जम्मा लगत संख्या २१ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ८, सफाइ भएका मुद्दा संख्या ३ गरी गरी फछ्र्यौट भएको मुद्दा संख्या ११ भई बाँकी रहेको मुद्दा संख्या १० रहेको देखिन्छ । आर्थिक (खोटा चलन, चन्दा, चिट्ठा, ठगी, बैकिङ्ग कसूर, भ्रष्टाचार, विदेशी मुद्रा र आर्थिक अपराधसँग सम्बन्धित अन्य) मुद्दाको जम्मा लगत संख्या १,२५२ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १७५, सफाइ भएका मुद्दा संख्या ६६ एवं अन्य तवरले ८ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २४९ र भई बाँकी मुद्दा संख्या १,००३ रहेको देखिन्छ ।

करणी (जबर्जस्ती करणी र जबर्जस्ती करणी उद्योग) मुद्दाको जम्मा लगत संख्या ५३८ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १२४, सफाइ भएका मुद्दा संख्या ७९ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २०३ भई बाँकी मुद्दा संख्या ३३५ रहेको देखिन्छ । किर्ते मुद्दाको जम्मा लगत संख्या १०० रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १६, सफाइ भएका मुद्दा संख्या ७ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २३ भई बाँकी मुद्दा संख्या ७७ रहेको देखिन्छ । चोरी (साधारण, नकवजनी, जबर्जस्ती, रहजनी र डाँका) मुद्दाको जम्मा लगत संख्या २८५ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ८०, सफाइ भएका मुद्दा संख्या ३० गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ११० भई बाँकी मुद्दा संख्या १७५ रहेको देखिन्छ । ज्यान (आवेश प्रेरित हत्या, कर्तव्य ज्यान, गर्भपतन, ज्यान मार्ने उद्योग, भवितव्य ज्यान, सवारी ज्यान) मुद्दाको जम्मा लगत संख्या १,३४६ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५०२, सफाइ भएका मुद्दा संख्या २०५ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ७०७ र बाँकी मुद्दा संख्या ६३९ रहेको देखिन्छ ।

यसैगरी देवानी मुद्दाको जम्मा लगत संख्या १४८ मध्ये दाबी कायम हुने १३ र दाबी नपुग्ने १० एवं अन्य तवरले ३ गरी २६ थान मुद्दा फछ्र्यौट भई बाँकी मुद्दा संख्या १२२ रहेको देखिन्छ । नागरिकता मुद्दाको जम्मा लगत संख्या १७ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २, सफाइ भएका मुद्दा संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ३ र बाँकी मुद्दा संख्या १४ रहेको देखिन्छ । प्रतिलिपि अधिकार मुद्दाको जम्मा लगत संख्या ७ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १, सफाइ भएका मुद्दा संख्या ० गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १ र बाँकी मुद्दा संख्या ६ रहेको देखिन्छ । प्रविधि सम्बन्धी मुद्दाको जम्मा लगत संख्या १६ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४, सफाइ भएका मुद्दा संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ५ र बाँकी मुद्दा संख्या ११ रहेको देखिन्छ ।

मानव बेचविखन मुद्दाको जम्मा लगत संख्या २४९ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ९६, सफाइ भएका मुद्दा संख्या ५६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १५२ र बाँकी मुद्दा संख्या ९७ रहेको देखिन्छ । राहदानी मुद्दाको जम्मा लगत संख्या ५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ०, सफाइ भएका मुद्दा संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १ र बाँकी मुद्दा संख्या ४ रहेको देखिन्छ । लागू औषध मुद्दाको जम्मा लगत संख्या ३५७ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १२८, सफाइ भएका मुद्दा संख्या १६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १४४ र बाँकी मुद्दा संख्या २१३ रहेको देखिन्छ ।

विवाह (वहु विवाह र बाल विवाह) मुद्दाको जम्मा लगत संख्या ८१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २२, सफाइ भएका मुद्दा संख्या १८ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ४० र बाँकी मुद्दा संख्या ४१ रहेको देखिन्छ । सवारी ज्यान मुद्दाको जम्मा लगत संख्या १५३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ७८, सफाइ भएका मुद्दा संख्या ३ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ८१ र बाँकी मुद्दा संख्या ७२ रहेको देखिन्छ । सार्वजनिक अपराध मुद्दाको जम्मा लगत संख्या १८३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ९८, सफाइ भएका मुद्दा संख्या ८० गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १७८ र बाँकी मुद्दा संख्या ५ रहेको देखिन्छ । हातहतियार मुद्दाको जम्मा लगत संख्या १०३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४१, सफाइ भएका मुद्दा संख्या २५ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ६६ र बाँकी मुद्दा संख्या ३७ रहेको देखिन्छ । विविध (कालो बजार, गोबध, छुवाछुत, जुवा, धर्म सम्बन्धी, पुरातात्विक वस्तु, राज्य विरुद्धको अपराध, विष्फोटक पदार्थ, शिक्षा र माथि विषयगत वर्गीकरणमा समावेश नभएका अन्य

मुद्दाहरू समेत) मुद्दाको जम्मा लगत मुद्दा संख्या ५३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १५, सफाइ भएको मुद्दा संख्या १२ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २७ र बाँकी मुद्दा संख्या २६ रहेको देखिन्छ ।

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका लगत मुद्दाहरूको सूचक



(ख) अनुसूची बाहिरका मुद्दाको लगत र कारबाहीको विवरण

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची बाहिरका मुद्दाहरूको विषयगत लगत तथा फछ्र्यौट र बाँकी तथा कसूर कायम र सफाइको एकीकृत तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १८

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची बाहिरका मुद्दाहरूको विषयगत विवरण

सि.न.	विषय	लगत			फछ्र्यौट				बाँकी
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर कायम	सफाई	फिर्ता, मुल्तवी, तामेली	जम्मा	
१	खाद्य ऐन अन्तर्गतका	१	०	१	१	०	०	१	०
२	निर्वाचन सम्बन्धी	२	०	२	०	१	०	१	१
३	वैदेशिक रोजगार	२२०	४०	२६०	११९	५६	०	१७५	८५
४	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	६	१०	१६	०	०	०	०	१६
५	विदेशी विनिमय	०	१	१	१	०	०	१	०
६	वन	७२	४२	११४	५३	२२	०	७५	३९
७	विद्युत चोरी	२	०	२	१	१	०	२	०
८	शिक्षा ऐन दफा १७(१)	३	०	३	२	१	०	३	०
९	सम्पत्ति शुद्धीकरण	२	१	३	०	०	०	०	३
१०	अन्य	०	२०	२०	५	२	०	७	१३
जम्मा		३०८	११४	४२२	१८२	८३	०	२६५	१५७

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार महान्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची बाहिरका मुद्दाहरूको जम्मा लगत संख्या ४२२ मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या १८२ र सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या ८३ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २६५ र बाँकी मुद्दा संख्या १५७ रहेको छ । मुद्दाहरूको विषयगत वर्गीकृत विवरण र कारबाहीको स्थितिको छुट्टाछुट्टै विश्लेषण गरी हेर्दा खाद्य ऐन अन्तर्गतका मुद्दाको जम्मा लगत संख्या १ रहेकोमा कसूर कायम १ भई फछ्र्यौट भएको बाँकी नरहेको देखिन्छ । निर्वाचन सम्बन्धी मुद्दाको जम्मा लगत संख्या २ रहेकोमा १ थान मुद्दा सफाई भई १ थान बाँकी रहेको देखिन्छ । वैदेशिक रोजगार मुद्दाको जम्मा लगत संख्या २६० मध्ये कसूर कायम भएका ११९, सफाइ भएको संख्या ५६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १७५ भई बाँकी मुद्दा ८५ रहेको देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु मुद्दाको जम्मा लगत संख्या १६ मध्ये कुनै पनि मुद्दा फछ्र्यौट नभएको देखिन्छ । विदेशी विनिमय मुद्दाको जम्मा लगत संख्या १ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १, सफाइ भएका मुद्दा संख्या ० गरी सबै मुद्दा फछ्र्यौट भएको देखिन्छ । वन मुद्दाको जम्मा लगत संख्या ११४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५३, सफाइ भएका मुद्दा संख्या २२ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ७५ भई बाँकी मुद्दा संख्या ३९ रहेको देखिन्छ । विद्युत चोरी मुद्दाको जम्मा लगत संख्या २ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १, सफाइ भएका मुद्दा संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २ भई बाँकी मुद्दा नरहेको देखिन्छ । शिक्षा ऐनको दफा १७(१) अन्तर्गतको मुद्दाको जम्मा लगत संख्या ३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २, सफाइ भएका मुद्दा संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ३ भई बाँकी मुद्दा नरहेको देखिन्छ । सम्पत्ति शुद्धीकरण मुद्दाको जम्मा लगत संख्या ३ मध्ये कुनै पनि फछ्र्यौट नभएको देखिन्छ । अन्य मुद्दाको जम्मा लगत संख्या २० मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५, सफाइ भएका मुद्दा संख्या २ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ७ भई बाँकी मुद्दा १३ रहेको देखिन्छ ।

२. रिट निवेदन सम्बन्धी कार्य : लोकतान्त्रिक शासन पद्धतिमा आधारित लिखित संविधान देशको सर्वोच्च कानून हो । कानूनी राज्यमा संवैधानिक तथा कानूनी सर्वोच्चताको रक्षा र संविधानद्वारा प्रदान गरिएका नागरिकका मौलिक हकहरूको संरक्षणको लागि सर्वोच्च अदालतलाई न्यायिक पुनरावलोकनको अधिकार सहित असाधारण अधिकारक्षेत्र प्रदान गरिएको हुन्छ । यस अन्तर्गत नेपाल सरकार, सरकारी वा सार्वजनिक निकाय वा कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासकीय अधिकारीले गरेको निर्णयबाट कुनै व्यक्तिको संवैधानिक हक वा अन्य कानूनी हकको हनन भई सो कानूनी हकको उपचारका लागि अन्य वैकल्पिक कानूनी उपचार नभएको वा भए पनि प्रभावकारी नभएको अवस्थामा त्यस्ता निकाय वा पदाधिकारी समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर हुन आएका रिट निवेदनमा नेपाल सरकार, सरकारी पदाधिकारी र संवैधानिक निकायका तर्फबाट प्रतिरक्षा गर्ने कार्य महान्यायाधिवक्ताको कार्यालयबाट गरिन्छ ।

यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा परेका रिट निवेदनहरू १,१९६ थान र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको संख्या ३,८४९ थान समेत गरी जम्मा ५,०४५ थान रिट निवेदनहरूको लगत रहेको छ । सो मध्ये १,६०२ थान अर्थात ३१.७५ प्रतिशत रिट निवेदन फछ्र्यौट भएको र ती मध्ये ९५१ थान अर्थात ५९.३६ प्रतिशत रिट निवेदन खारेज भएको र ३२९ थान अर्थात २०.५४ प्रतिशत रिट जारी भएका छन् । साथै ३२२ थान अर्थात २०.१० मुल्तवी, तामेली र अन्य तवरबाट फछ्र्यौट भएको देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी, प्रतिरक्षा गरेका रिट निवेदनहरूको तुलनात्मक विवरण देहायको तुलनात्मक तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १९

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरेका रिट निवेदनहरूको विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	रिट खारेज भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज भएको	रिट जारी भएको	अन्य	जम्मा		
२०७१/०७२	३४३६	१०७७	४५१३	३९०	१५५	१३२	६७७	३८३६	५७.६१
२०७२/०७३	३३७९	१३४३	४७२२	२९४	३७१	२०८	८७३	३८४९	३३.६८
२०७२/०७४	३८४९	११९६	५०४५	९५१	३२९	३२२	१६०२	३४४३	५९.३६

रिट निवेदनहरूको लगत फछ्र्यौट र बाँकीको सूचक



यस आर्थिक वर्षको रिट निवेदन सम्बन्धी लगत फछ्र्यौटको विषयगत विवरण **अनुसूची २** मा प्रस्तुत गरिएको छ । रिट सम्बन्धी विषयगत विवरण हेर्दा सबैभन्दा बढी रिट निवेदन उत्प्रेषण सम्बन्धी र त्यसपछि क्रमशः परमादेश, निषेधाज्ञा/परमादेश, बन्दीप्रत्यक्षीकरण सम्बन्धी विषयमा परेको देखिन्छ भने त्यसपछि निषेधाज्ञा, प्रतिषेध र अधिकारपृच्छा विषयमा परेको देखिन्छ । जसलाई देहायको तालिकामा तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

तालिका नं. २०

महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरेका रिट निवेदनहरूको विवरण

रिटको प्रकृति	लगत			फछ्र्यौट				बाँकी	रिट खारेज भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज	रिट जारी	अन्य	जम्मा		
बन्दीप्रत्यक्षीकरण	२८	९८	१२६	६०	३१	४	९५	३१	६३.१६
उत्प्रेषण	३५६५	७६७	४३३२	६२५	१८९	२२४	१०३८	३२९४	६०.२१
परमादेश	२०३	२९३	४९६	२२३	८२	८९	३९४	१०२	५६.६०
प्रतिषेध	८	२३	३१	१६	३	०	१९	१२	८४.२१
अधिकारपृच्छा	०	१५	१५	४	५	२	११	४	०.००
निषेधाज्ञा	४५	०	४५	२३	१९	३	४५	०	०.००
निषेधाज्ञा, परमादेश	०	०	०	०	०	०	०	०	०.००
जम्मा	**३८४९**	**११९६**	**५०४५**	**९५१**	**३२९**	**३२२**	**१६०२**	**३४४३**	**५९.३६**

३. अन्य निवेदन सम्बन्धी कार्य : महान्यायाधिवक्ताको कार्यालयबाट मुलुकी ऐन अदालती वन्दोवस्तको १७ नं. तथा न्यायप्रशासन ऐन, २०७३ को दफा १५ अनुसारका निवेदनहरू, दफा ११ बमोजिम पुनरावलोकनको निवेदन र दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउन दिने निवेदन र राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन गर्न अनुमति माग गरी दिएका निवेदनहरूमा बहस पैरवी र प्रतिरक्षा समेत गरिन्छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका निवेदनहरूको लगत संख्या २,३३२ थान रहेको देखिन्छ । यी निवेदनहरू मध्ये १,२०७ थान अर्थात ५१.७६ प्रतिशत फछ्र्यौट भएको र बाँकी १,१२५ थान अर्थात ५.३६ प्रतिशत आगामी आर्थिक वर्षको लागि लगत सरी गएको देखिन्छ । यस आर्थिक वर्षमा फछ्र्यौट भएका १,२०७ थान निवेदनहरू मध्ये ६७५ थान अर्थात ५५.९२ प्रतिशत निवेदनहरूमा जिकिर कायम भएको

र ५३२ थान निवेदनहरूमा जिकिर नपुगेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २** मा समावेश गरिएको छ । यस सम्बन्धी तुलनात्मक विवरणलाई देहायको तालिकामा तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

तालिका नं. २१

महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरिएका निवेदनहरूको विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	जिकिर पुगेको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	जिकिर कायम	जिकिर नपुगेको	अन्य	जम्मा		
२०७१/०७२	१४४६	१२३७	२६८३	५०९	१४१५	०	१९२४	७५९	२६.४६
२०७२/०७३	११८०	८९२	२०७२	१२५	२८६	०	४११	१६६१	३०.४१
२०७३/०७४	१६६१	६७१	२३३२	६७५	५३२	०	१२०७	११२५	५५.९२

(ख) पुनरावेदन सम्बन्धी कार्य : न्यायप्रशासन ऐन, २०७३ को दफा ९ मा उच्च अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दा, दस वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा, तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय वा पाँच लाख रूपैयाँ भन्दा बढी जरिवाना वा पच्चीस लाख रूपैयाँ भन्दा बढी विगो भएको मुद्दामा सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था रहेको छ । कुनै मुद्दामा उल्लेखित अवस्थाहरू मध्ये कुनै अवस्था विद्यमान देखिएमा वादी नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्च अदालतमा पुनरावेदन दायर गर्दछ ।

अभियोग मागदाबी बमोजिम कसूर ठहर नभएका वा मागदाबी भन्दा कम सजाय भएका मुद्दाहरूमा मातहतका उच्च सरकारी वकील कार्यालयहरूबाट पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव सहित पठाइएको मिसिल संलग्न कागज प्रमाणहरू अध्ययन गर्दा मुद्दामा मागदाबी बमोजिम कसूर ठहर हुन सक्ने आधारहरू विद्यमान देखिएमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा पुनरावेदन दायर गरिन्छ । साथै सुरु अदालतबाट मागदाबी बमोजिम कसूर ठहर नभएका वा कम सजाय भएका मुद्दामा पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयबाट पुनरावेदन नगर्ने प्रस्ताव सहित पठाइएका फाइलहरू अध्ययन गर्दा पुनरावेदन गर्नुपर्ने देखेमा सो बमोजिम गर्न निर्देशन सहित मिसिल सम्बन्धित कार्यालयमा पठाउने कार्य समेत महान्यायाधिवक्ताको कार्यालयबाट गरिन्छ । त्यस्तै सुरु अदालत वा मुद्दा हेर्ने अधिकारीले अ.व. ११८ नं. बमोजिम गरेको थुनछेक आदेश उपर अ.व. १७ नं. निवेदन गरी उच्च अदालतबाट भएको आदेशमा न्यायप्रशासन ऐन, २०७३ को दफा १५ को उपदफा (२) मा दस वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पुपर्क्षको लागि थुना, धरौट वा तारेखमा राखी मुद्दाको कारबाही गर्ने सम्बन्धमा भएका आदेश त्रुटिपूर्ण भएमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा अ.व. १७ नं. बमोजिम निवेदन दायर गरिन्छ ।

यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदन गर्ने र अ.वं. १७ नं. को निवेदन दायर गरिएका मुद्दाहरूको लगत देहायको तालिकामा प्रस्तुत तथ्याङ्कबाट देखाइएको र त्यसको विषयगत विवरणलाई **अनुसूची ४** मा समावेश गरिएको छ । यस सम्बन्धी विवरणलाई देहायको तालिकामा तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

तालिका नं.२२

महान्यायाधिवक्ताको कार्यालयबाट भएका पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने र निवेदन गर्ने सम्बन्धी कार्यको लगत फछ्र्यौट विवरण

लगत	फछ्र्यौट													जम्मा फछ्र्यौट	बाँकी	अ.व. १७ नं. निवेदन
	पुनरावेदन प्रस्ताव प्राप्त			निर्णय संख्या			जम्मा	दोहोऱ्याई पाउने निवेदन			दोहोऱ्याई पाउने निर्णय					
	पु.गर्ने	पु.नगर्ने	जम्मा	गर्न लेखी पठाउने	गर्ने	नगर्ने		गर्ने	नगर्ने	जम्मा	गर्ने	नगर्ने	जम्मा			
२७९६	३४५	१६९०	२०३५	१३०	३९१	१४४४	१९६५	५२१	२७	५४८	४६८	८०	५४८	२५१३	२८३	५०

महान्यायाधिवक्ताको कार्यालयमा प्रस्ताव प्राप्त भएका पुनरावेदन, मुद्दा दोहोऱ्याउने र निवेदनको सूचक



माथि तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस आर्थिक वर्षमा निर्णय निकासाको लागि जम्मा २,७९६ थान मुद्दाहरू प्राप्त भएको देखिन्छ । त्यसमा पुनरावेदन प्रस्ताव संख्या २,०३५ मध्ये ३४५ पुनरावेदन गर्ने एवं नगर्ने प्रस्ताव १,६९० रहेकोमा पुनरावेदन गर्न लेखी पठाएको संख्या १३० र पुनरावेदन गर्ने मुद्दा संख्या ३९१ र नगर्ने मुद्दा संख्या १,४४४ गरी जम्मा १,९६५ मुद्दामा पुनरावेदन सम्बन्धी निर्णय भएको देखिन्छ । यसैगरी मुद्दा दोहोऱ्याउने निवेदन गर्ने वा नगर्ने गरी प्राप्त भएको प्रस्ताव संख्या ५४८ मध्ये निवेदन गर्ने प्रस्ताव ५२१ र निवेदन नगर्ने प्रस्ताव प्रस्ताव २७ रहेकोमा मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने ४६८ र नगर्ने निर्णय ८० गरी जम्मा निर्णय संख्या ५४८ रहेको देखिन्छ । यस आर्थिक वर्षमा फछ्र्यौट भएका संख्या २,५१३ र बाँकी २८३ निर्णय हुन बाँकी रहेको देखिन्छ । अदालती बन्दोबस्तको महलको १७ नं. बमोजिमका निवेदन संख्या ५० रहेको छ ।

(ग) मुद्दा दोहोऱ्याउने तथा पुनरावलोकन सम्बन्धी कार्य : न्यायप्रशासन ऐन, २०७३ को दफा १२ मा यस ऐन वा प्रचलित कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरूमा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश देहायका अवस्थामा सर्वोच्च अदालतले दोहोऱ्याई हेर्न सक्ने व्यवस्था गरेको छ :

१) उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर कानूनी त्रुटि भएको,

२) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरेको,

३) सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

४) बालक, महिला, वृद्ध, अपाङ्ग वा मानसिक रोगबाट पीडित व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर परेको ।

उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेशमा न्यायप्रशासन ऐन, २०७३ को दफा १२(१) मा उल्लेखित अवस्था विद्यमान देखिएमा महान्यायाधिवक्ताको कार्यालयबाट सो फैसला वा आदेश उपर मुद्दा दोहोऱ्याई हेरी पाउन सर्वोच्च अदालतमा निवेदन दायर गरिन्छ । मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदनहरूको संख्यात्मक विवरण **अनुसूची ५** मा प्रस्तुत गरिएको छ । सर्वोच्च अदालतले गरेको फैसला वा अन्तिम आदेशमा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा वा सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्त प्रतिकूल निर्णय भएको देखिएमा न्यायप्रशासन ऐन, २०७३ को दफा ११ बमोजिम नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा पुनरावलोकनको लागि निवेदन दिन सकिने कानूनी व्यवस्था अनुसार निवेदन गर्ने गरिएको छ । यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा पुनरावलोकनको निवेदन गरेको

संख्या ३८ थान रहेकोमा ६ थानमा पुनरावलोकन हुने गरी निस्सा प्राप्त भएको र ८ थान मुद्दामा पुनरावलोकन नहुने गरी जम्मा १४ थान निवेदन फछ्र्यौट भई २४ थान निवेदन फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ ।

(घ) मुद्दा चलाउने/नचलाउने सम्बन्धी निर्णय निकासा दिने कार्य : नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा संविधानमा अन्यथा लेखिए बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई भएकोमा उक्त अधिकार धारा १५८ को उपधारा (७) बमोजिम मातहतका सरकारी वकीललाई मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचनाबाट सुम्पिए बमोजिम संकलित सबुद प्रमाणको आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार सरकारी वकीललाई प्राप्त छ । जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले पर्याप्त प्रमाणको अभावमा कुनै मुद्दा नचलाउने गरी निर्णय गरेमा निर्णय सहितको मिसिल उच्च सरकारी वकील कार्यालयमा पठाउने र उच्च सरकारी वकीलले मिसिल अध्ययन गर्दा नचलाउने गरी भएको निर्णय उपयुक्त देखेमा आफूले निर्णय गरी सोको अन्तिम निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्ने र मुद्दा चलाउनु पर्ने देखेमा निर्णय गरी मुद्दा दायर गर्न सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा फिर्ता पठाउने व्यवस्था रहेको छ । मुद्दा नचलाउने गरी उच्च सरकारी वकील कार्यालयबाट प्रस्तुत भएको मिसिल अध्ययन गरी महान्यायाधिवक्ताबाट मुद्दा चल्ने देखेमा मुद्दा चलाउने निर्णय गरी मुद्दा दायर गर्न सक्कल मिसिल फिर्ता पठाइन्छ र मुद्दा नचल्ने राय मनासिव देखेमा नचलाउने अन्तिम निकासा गरिन्छ । आंशिक रूपमा मुद्दा नचलाउने गरी गरिएको निर्णयको उपयुक्तता र कानूनी आधारहरू समेत परीक्षण गर्ने उद्देश्यले अनुसन्धान अधिकारीको प्रतिवेदन र सरकारी वकीलको निर्णय समेत उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालय समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय समक्ष मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय निकासाको लागि लगत कायम भएका ११३ थान मुद्दाहरू मध्ये जम्मा ५ थान मुद्दा चलाउने निर्णय गरी फिर्ता पठाइएको देखिन्छ भने ९२ थान मुद्दा नचलाउने गरी र १३ थान मुद्दामा पुनः अनुसन्धान गर्न फिर्ता पठाउने गरी जम्मा ११० थान मुद्दा फछ्र्यौट भएको देखिन्छ । गत आ.व. २०७२/०७३ मा ९४ थान मुद्दाहरू मध्ये जम्मा २ थान मुद्दा चलाउने निर्णय गरी फिर्ता पठाइएको देखिन्छ भने ८० थान मुद्दा नचलाउने गरी र ९ थान पुनः अनुसन्धान गर्न पठाउने निर्णय भई जम्मा ९१ थान फछ्र्यौट भएको थियो भने गत आ.व. २०७१/०७२ मा ७० थान मुद्दाहरू मध्ये जम्मा ६ थान मुद्दा चलाउने निर्णय गरी फिर्ता पठाइएको देखिन्छ भने ६४ थान मुद्दा नचलाउने गरी निर्णय भएको जम्मा ७० थान फछ्र्यौट भएको थियो । यस सम्बन्धी तुलनात्मक विवरणलाई देहायको तालिकामा तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

तालिका नं. २३

महान्यायाधिवक्ताको कार्यालयबाट भएका मुद्दा चलाउने तथा नचलाउने निर्णय निकासाको विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी
	गत वर्षको	यस वर्षको	जम्मा	चलाउने	नचलाउने	पुनः अनुसन्धान गर्न पठाउने	जम्मा	
२०७१/०७२	४	६६	७०	६	६४	०	७०	०
२०७२/०७३	०	९४	९४	२	८०	९	९१	३
२०७३/०७४	३	११०	११३	५	९२	१३	११०	३

(ङ) मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने सम्बन्धी कार्य : सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ मा नेपाल सरकारले प्रचलित कानून बमोजिम सरकार वादी भई हेरिने वा सरकारको तर्फबाट चलाइएको वा सरकार उपर परेको मुद्दा सरकारी वकील मार्फत अन्य पक्षहरूको सहमतिले मिलापत्र गर्न वा अदालतको मञ्जुरीले सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिन सक्ने कानूनी व्यवस्था रहेको छ । मुद्दा फिर्ता लिने सम्बन्धमा भएको नेपाल सरकारको निर्णयलाई अदालत समक्ष मञ्जुरीका लागि प्रस्तुत गरी कार्य रूपमा ल्याउने काम सरकारी वकीलको हो । सम्बन्धित अड्डा अदालतहरूबाट मुद्दा फिर्ता लिन सहमति भए पछि मात्र विधिवत रूपमा ती मुद्दाहरू फिर्ता हुन्छ । नेपालको संविधानको धारा १५८ को उपधारा (३) मा नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिंदा महान्यायाधिवक्ताको राय लिनु पर्ने संवैधानिक व्यवस्था गरेको छ । यस आर्थिक वर्षमा कुनै पनि मुद्दा फिर्ता नभएको तथ्यांकबाट देखिन्छ । विगत तीन आर्थिक वर्षको मुद्दा फिर्ता सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.२४

नेपाल सरकारद्वारा विभिन्न अड्डा अदालतमा दायर भएका विभिन्न प्रकृतिका मुद्दाहरू फिर्ताको विवरण

आर्थिक वर्ष	२०७१/०७२	२०७२/०७३	२०७३/०७४	कैफियत
मुद्दा संख्या	३	०	०	

५.२ संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाह

महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (१) अनुसार नेपाल सरकार, अन्य संवैधानिक निकाय तथा नेपाल सरकारका पदाधिकारीहरूलाई संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह प्रदान गर्ने कार्य महान्यायाधिवक्ताबाट गरिन्छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयमा नेपाल सरकारका विभिन्न निकायहरूबाट २२ वटा कानूनी राय माग गरिएकोमा एक कानूनी रा रीत नपुगेकोले फिर्ता भएको र २१ वटा विषयमा कानूनी राय प्रदान गरेको देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट पछिल्ला तीन आर्थिक वर्षमा प्रदान गरिएको कानूनी राय विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २५

महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिएका कानूनी रायको विवरण

आर्थिक वर्ष	राय माग गरेको संख्या	राय दिएको संख्या	रीत नपुगेकोले फिर्ता	बाँकी संख्या	कैफियत
२०७१/०७२	२५	२३	१	१	
२०७२/०७३	२९	२७	२	०	
२०७३/०७४	२२	२१	१	०	

५.३ निरीक्षण, निर्देशन सम्बन्धी कार्य

कार्यालय स्थापना गर्ने, कर्मचारी खटाउने र कार्यक्षेत्र अनुसार कामको जिम्मेवारी तोक्ने कार्यले मात्र संगठनको उद्देश्य प्राप्त हुँदैन । कार्यालय सञ्चालन कसरी भएको छ र संविधान, ऐन कानून, दिग्दर्शन र विभागीय निर्देशन बमोजिम काम कारबाही भएको छ छैन, कार्यालय तथा जनशक्ति व्यवस्थापन एवं दैनिक प्रशासनको कार्य चुस्त दुरुस्त छ छैन भन्ने सम्बन्धमा अनुगमन गर्नु पर्ने त्यत्तिकै आवश्यक हुन्छ । सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ८ को उपनियम (२) अनुसार महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकील कार्यालयको र उच्च सरकारी वकील कार्यालयहरूले आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्र पर्ने जिल्ला सरकारी वकील कार्यालयहरूको वर्षको कम्तीमा एक पटक निरीक्षण गर्ने गराउने व्यवस्था छ । सो अनुसार महान्यायाधिवक्ता तथा अन्य अधिकृतबाट मातहतका सरकारी वकील कार्यालयहरूको निरीक्षण र सम्बन्धित उच्च सरकारी वकील कार्यालयबाट मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको निरीक्षण गर्ने कार्य हुँदै आएको छ । यसरी समय समयमा गरिने मातहत कार्यालयहरूको निरीक्षण, सम्पादित कार्यको अनुगमन एवं मूल्याङ्कनबाट कार्यसम्पादनमा सुधार र स्तरीयता ल्याउन मद्दत पुग्दछ । कार्यालयको प्रभावकारी कार्य सञ्चालनको लागि अनुगमन तथा निरीक्षण गर्ने कार्यलाई नियमित रूपमा सञ्चालन गरिनु पर्दछ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय तथा उच्च सरकारी वकील कार्यालयहरूबाट मातहतका सरकारी वकील कार्यालयहरूमा गरिएको निरीक्षण सम्बन्धी विवरण **अनुसूची ७ र १८** मा दिइएको छ ।

५.४ प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्य

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ८ को उपनियम (१) अनुसार जिल्ला सरकारी वकील कार्यालय तथा उच्च सरकारी वकील कार्यालय, सम्बन्धित उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताको र सबै सरकारी वकील कार्यालय महान्यायाधिवक्ताको सामान्य रेखदेख, नियन्त्रण र निर्देशनमा रहने व्यवस्था छ । सो अनुसार महान्यायाधिवक्ताको कार्यालयले महान्यायाधिवक्ताले मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरू उपर प्रशासनिक रेखदेख एवं आवश्यक नियन्त्रण राख्ने कार्य समेत गर्दै आएको छ भने सम्बन्धित उच्च सरकारी वकील कार्यालयले मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको कार्य उपर आवश्यक रेखदेख, नियन्त्रण र निर्देशन गर्दै आएको छ । मुद्दा मामिला सम्बन्धी कार्यसम्पादनमा कुनै अनियमितता भएको, म्याद नघाएको वा वेरीतपूर्वक कार्य गरेको मिसिलबाट वा अन्य कुनै व्यहोराबाट खुल्न आएमा त्यस्तो काम कारबाही गर्ने कर्मचारीहरू उपर आवश्यक कारबाही गर्ने सम्बन्धमा अवस्था अनुसार ध्यानाकर्षण गराउने, सचेत गराउने आदि कार्य महान्यायाधिवक्ताको कार्यालयबाट हुँदै आएको छ । यसका अतिरिक्त मातहतका कार्यालयहरूलाई आवश्यक पर्ने प्रशासनिक नीति निर्देशन दिने तथा भौतिक सुविधा र पूर्वाधार जुटाउने जस्ता कार्यहरू पनि हुँदै आएका छन् ।

६. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ लगत, फछ्र्यौट विवरण

माथि विभिन्न तालिकाहरूमा महान्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको छुट्टाछुट्टै लगत फछ्र्यौट विवरण प्रस्तुत गरिएको छ । उक्त विषयहरूको एकमुष्ठ विवरणलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस

पैरवी तथा प्रतिरक्षा गरिएका कुल लगत १३,०३७ थान मुद्दा, रिट तथा निवेदनहरू मध्ये ५,१८० थान अर्थात ३९.७३ प्रतिशत फछ्र्यौट भएको पाइन्छ । फछ्र्यौट भएका मुद्दा, रिट तथा निवेदनहरू मध्ये ३,२५७ थान अर्थात ६२.८८ प्रतिशत रिट, निवेदन खारेज तथा मुद्दामा कसूर ठहर भएको, १,५८४ थान अर्थात ३०.५८ प्रतिशत रिट, निवेदन जारी तथा मुद्दामा सफाइ भएको ३३९ थान अर्थात ६.५४ प्रतिशत मुद्दा, रिट तथा निवेदन तामेली, मुल्तवी तथा अन्य तवरबाट फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा अन्य निवेदनहरूको विवरण देहायको तालिकामा दिइएको छ ।

तालिका नं. २६

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दामा बहस पैरवी एवं प्रतिरक्षा सम्बन्धी कार्य

कार्यको प्रकृति	लगत			फछ्र्यौट				बाँकी	रिट खारेज तथा कसूर ठहर प्रतिशत
	गतवर्ष	यसवर्ष	जम्मा	रिट खारेज, कसूर ठहर	रिट जारी, कसूरमा सफाइ	अन्य	जम्मा		
मुद्दामा बहस पैरवी	३९०१	१७५९	५६६०	१६३१	७२३	१७	२३७१	३२८९	६८.७९
रिट निवेदन उपर प्रतिरक्षा	३८४९	११९६	५०४५	९५१	३२९	३२२	१६०२	३४४३	५९.३६
अन्य निवेदन	१६६१	६७१	२३३२	६७५	५३२	०	१२०७	११२५	५५.९२
जम्मा	**९४११**	**३६२६**	**१३०३७**	**३२५७**	**१५८४**	**३३९**	**५१८०**	**७८५७**	**६२.८८**

महान्यायाधिवक्ताको कार्यालयको मुद्दा, रिट, निवेदन सम्बन्धी कामको लगत फछ्र्यौट सम्बन्धी सूचक





महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरूबाट मुद्दा तथा रिट निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गर्नेदेखि बाहेक मुद्दाहरूमा निर्णय निकासा दिने निवेदन दायर गर्ने कानूनी राय प्रदान गर्ने समेतका कार्य पनि सम्पादन हुन्छन् । महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट निर्णय निकासाको लागि प्रस्तुत गरिएका मुद्दाका मिसिलहरूमा आवश्यक निकासा प्रदान गर्ने, मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन तथा अ.वं. १७ नं. बमोजिमको निवेदन गर्ने र जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने गरी गरेको निर्णयको अन्तिम निकासा प्रदान गर्ने, नेपाल सरकार तथा तोकिएका निकाय र पदाधिकारीहरूलाई कानूनी राय प्रदान गर्ने कार्य समेत सम्पादन गरिन्छ । ती सबै कामहरूको एकमुष्ठ विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २७

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा निर्णय निकासा सम्बन्धी कार्यहरूको एकमुष्ठ विवरण

सि. नं.	कार्यको प्रकृति		लगत			निकासा /फछ्र्यौट	फछ्र्यौट प्रतिशत	बाँकी
			गत वर्ष	यस वर्ष	जम्मा			
१	मुद्दामा बहस पैरवी प्रतिरक्षा		३९०१	१७५९	५६६०	२३७१	४१.८९	३२८९
२	रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा		३८४९	११९६	५०४५	१६०२	३१.७५	३४४३
३	अन्य निवेदनमा बहस पैरवी र प्रतिरक्षा		१६६१	६७१	२३३२	१२०७	५१.७६	११२५
४	निकासा	मुद्दा चलाउने वा नचलाउने सम्बन्धी	३	११०	११३	११०	९७.३५	३
		पुनरावेदन गर्ने, गर्न पठाउने वा नगर्ने	९०	१९४५	२०३५	१९६५	९६.५६	७०
		मुद्दा दोहोऱ्याउने तथा नदोहोऱ्याउने	७८	४७०	५४८	५४८	१००.००	०
		अ.व. १७ नं. को निवेदन गर्ने वा नगर्ने	०	५०	५०	५०	१००.००	०
	जम्मा		**९५८२**	**६२०१**	**१५७८३**	**७८५३**	**४९.७६**	**७९३०**
५	कानूनी राय सम्बन्धी		०	२२	२२	२२	१००.००	०
कुल जम्मा			**९५८२**	**६२२३**	**१५८०५**	**७८७५**	**४९.८३**	**७९३०**

महान्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा मुद्दा, रिट, कानूनी राय तथा अन्य निर्णय निकासा सम्बन्धी सम्पादित कार्यहरूको एकमुष्ठ लगत संख्या १५,८०५ मध्ये जम्मा ७,८७५ थान अर्थात ४९.८३ प्रतिशत फछ्र्यौट भएको देखिन्छ भने फछ्र्यौट हुन बाँकी संख्या ७,९३० थान अर्थात ५०.१७ प्रतिशत रहेको देखिन्छ ।

७. महान्यायाधिवक्ताको कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

महान्यायाधिवक्ताको कार्यालयमा बहस पैरवीमा संलग्न हुने सरकारी वकीलहरूको दरबन्दी संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्य समेतको लगत संख्यालाई विभाजन गर्दा यस आर्थिक वर्षमा प्रति सरकारी वकील कार्यबोझको परिमाण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा महान्यायाधिवक्ताको कार्यालयमा रहेको सरकारी वकीलको दरबन्दी संख्या (महान्यायाधिवक्ता समेत) २५ र कार्य संख्या १६,६४७ लाई अनुपात मिलाउँदा एक सरकारी वकीललाई ६६५.८८ कार्यबोझ रहेको देखिन्छ ।

तालिका नं. २८

महान्यायाधिवक्ताको कार्यालयमा प्रति सरकारी वकील कार्यबोझ

कार्यालय	सरकारी वकीलको संख्या	सम्पादित कार्य संख्या	प्रति सरकारी वकीललाई परेको कार्य-बोझ	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	२५	१६६४७	६६५.८८	

यस अर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा सम्बन्धी कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिका अनुसार यस कार्यालयमा लगत रहेको मुद्दा सम्बन्धी कार्य र तलब भत्तामा भएको खर्च अनुपात हेर्दा प्रति कार्य खर्च रु. ४,७१९.३१ पर्ने देखिन्छ ।

तालिका नं. २९

महान्यायाधिवक्ताको कार्यालयमा मुद्दाको लगतको अनुपातमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

कार्यालय	कुल मुद्दाको लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु
महान्यायाधिवक्ताको कार्यालय	१३०३७	६१,५२५,७०३.७३	४७१९.३१

त्यसैगरी यस आर्थिक वर्षमा मुद्दा लगायत अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको रकमको

विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिका अनुसार यस कार्यालयमा लगत रहेको मुद्दा सम्बन्धी कार्य र सम्पूर्ण कार्यालय सञ्चालनमा भएको खर्च अनुपात हेर्दा प्रति कार्य खर्च रु. ४,७१९.३१ पर्ने देखिन्छ ।

तालिका नं. ३०

महान्यायाधिवक्ताको कार्यालयमा प्रति-सम्पादित कार्यमा भएको खर्चको विवरण

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	१६६४७	९४१३२७१६.७३	५६५४.६४	

त्यसैगरी यस आर्थिक वर्षमा मुद्दा लगायत अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिका अनुसार यस कार्यालयमा लगत रहेको मुद्दा सम्बन्धी कार्य र सम्पूर्ण कार्यालय सञ्चालनमा भएको खर्च अनुपात हेर्दा प्रति कार्य खर्च रु. ५,६५४.६४ पर्ने देखिन्छ ।

८. सर्वोच्च अदालतबाट भएका कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तको अनुगमन सम्बन्धी कार्यहरू

नेपालको संविधान को धारा १५८ को उपधारा (६) को खण्ड (ख) बमोजिम मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने जिम्मेवारी महान्यायाधिवक्तालाई तोकिएको छ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्न महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत अनुगमन महाशाखाको गठन भएको छ । महाशाखालाई सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा कानूनी सिद्धान्तहरू प्रतिपादन भएका फैसला वा आदेशहरूको जानकारी लिने, फैसला वा आदेशहरूको प्रतिलिपि प्राप्त गर्ने र फैसला वा आदेश बमोजिम कार्य गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने, सोको कार्यान्वयन भए नभएको जानकारी प्राप्त गरी लगत फाराममा जनाई राख्ने र कार्यान्वयनका सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने समेतको कार्यादेश तोकिएको छ ।

सर्वोच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयन प्रक्रियालाई छिटो छरितो र प्रभावकारी बनाउन सम्मानित सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा अदालतबाट वा अन्य कुनै माध्यमबाट प्राप्त हुनासाथ फैसलाको अध्ययन गरी रिट शाखाबाटै सम्बन्धित निकायहरूमा फैसला कार्यान्वयनका लागि पत्राचार गर्ने र बोधार्थ तथा फैसला/आदेशको एक प्रति नक्कल समेत तत्काल यस कार्यालयको अनुगमन महाशाखामा दिने व्यवस्था मिलाइएको छ ।

९. हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको अनुगमन सम्बन्धी कार्यहरू

नेपालको संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ । संविधानको धारा १५८ को उपधारा (६) को देहाय (ग) बमोजिम महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने कर्मचारीले प्रयोग गर्ने गरी सुम्पिएको छ ।

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १० को उपनियम (छ१) मा कारागारमा रहेका कैदीको मानवअधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने व्यवस्था गरेको छ । सो बमोजिम यस आर्थिक वर्षमा माननीय महान्यायाधिवक्ताज्यूहरू श्री हरि फुयालले मोरङ्ग जिल्ला र श्री रमन कुमार श्रेष्ठले कैलाली र कञ्चनपुर जिल्लाका हिरासत कक्ष र कारागारको अनुगमन गर्नु भएको थियो । यसैगरी महान्यायाधिवक्ताको कार्यालयको निर्णय अनुसार देहायका जिल्लाहरूका कारागार, हिरासत कक्षमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने गरी देहायका नायब महान्यायाधिवक्ता तथा सहन्यायाधिवक्ताहरूलाई सो बमोजिम अनुगमन गर्ने कार्य सम्पन्न गरी प्रतिवेदन समेत पेश भएको र पेश भएका प्रतिवेदनहरूलाई एकीकृत गरी प्रकाशित समेत गरिएको छ । अनुगमन भएका कारागार र हिरासतहरू तथा अनुगमन गर्ने पदाधिकारीको विवरण देहायमा खुलाइएको छः

आर्थिक वर्ष २०७३/७४ मा हिरासत तथा कारागार अनुगमन गरिएका जिल्लाहरु र अनुगमन गर्ने अधिकारीहरुको विवरणः

आ.व.२०७३/७४ मा UNICEF को सहयोगमा भएका कारागार तथा हिरासत अनुगमन				
सि.नं.	अनुगमन गर्ने पदाधिकारी	सहयोगी पदाधिकारी	अनुगमन गर्ने जिल्ला	कैफियत
१.	नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल र सहन्यायाधिवक्ता श्री उद्धव प्रसाद पुडासैनी	शाखा अधिकृत श्री गजराज घिमिरे	तेह्रथुम, भोजपुर र संखुवासभा	२०७३।०७।१७ देखि २०७३ मंसिर १५ सम्म
२.	सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना र सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली	शाखा अधिकृत श्री श्रीराम खनाल	रुकुम, सल्यान र दाङ	२०७३।०७।१७ देखि २०७३ मंसिर १५ सम्म
३.	नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम र सहन्यायाधिवक्ता श्री राजन प्रसाद भट्टराई	उपन्यायाधिवक्ता श्री सुरेन्द्रबहादुर थापा	म्याग्दी, मुस्ताङ, पर्वत र बाग्लुङ	२०७३।०७।१७ देखि २०७३ मंसिर १५ सम्म
४.	सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली	उपन्यायाधिवक्ता श्री दमन सिंह विष्ट, उपन्यायाधिवक्ता श्री चन्द्रकुमार पोखरेल र शाखा अधिकृत श्री सरिता कट्टेल	डडेलधुरा र बझाङ	२०७३।०७।१७ देखि २०७३ मंसिर १५ सम्म
५.	नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, सहन्यायाधिवक्ता श्री किरण पौडेल र सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी	शाखा अधिकृत श्री उर्मिला जि.सी.	जुम्ला, कालीकोट, मुगु, दैलेख डोटी, अछाम र बाजुरा	२०७३।०७।१७ देखि २०७३ मंसिर १५ सम्म
६.	सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे	उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी र शाखा अधिकृत श्री महेन्द्र प्रसाद पौड्याल	बैतडी र दार्चुला	२०७३।०७।१७ देखि २०७३ मंसिर १५ सम्म
७.	सहन्यायाधिवक्ता श्री गणेशबाबु अर्याल	उपन्यायाधिवक्ता श्री परमेश्वर पराजुली र शाखा अधिकृत श्री योगेन्द्र ढुङ्गेल	काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र दोलखा	२०७३।०७।१७ देखि २०७३ मंसिर १५ सम्म
आ.व. २०७३/७४ मा UNDP को सहयोगमा भएका कारागार तथा हिरासत अनुगमन				
१.	माननीय महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठ र सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी	उपन्यायाधिवक्ता श्री पदम बहादुर कार्की	कैलाली र कञ्चनपुर	२०७३।०६।१४ देखि १५ गते सम्म
२.	नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी र सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी	शाखा अधिकृत श्री उर्मिला जि.सी.	बाँके, बर्दिया र सुर्खेत	२०७३।०६।१६ देखि २०७३।०७।१५ गते सम्म

३.	नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल	शाखा अधिकृत श्री गजराज घिमिरे र शाखा अधिकृत विना खड्का	कपिलवस्तु र रुपन्देही	२०७३।०६।१२ देखि १३ गते सम्म
४.	सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना र सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली	उपन्यायाधिवक्ता श्री टिकेन्द्र दाहाल	सिराहा, सप्तरी र उदयपुर	२०७३।०६।११ देखि १३ गते सम्म
आ.व.२०७३/७४ मा नेपाल सरकारको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत भएका कारागार तथा हिरासत अनुगमन				
१.	माननीय महान्यायाधिवक्ता श्री वसन्त राम भण्डारी नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम	उपन्यायाधिवक्ता श्री केशवप्रसाद पन्त शाखा अधिकृत श्री उर्मिला जिसी शाखा अधिकृत श्री बिन्दुकुमारी रावल	रसुवा र नुवाकोट	२०७४।०९।२ र ३ गते
२.	सहन्यायाधिवक्ता श्री राजनप्रसाद भट्टराई	उपन्यायाधिवक्ता श्री सुरेन्द्र बहादुर थापा, शाखा अधिकृत श्री शान्ति प्रसाद लुईटेल र ना.सु. श्री भरत मैनाली	मोरङ र धनकुटा	२०७३।०६।२८ देखि २०७३।०७।०३ सम्म
३.	सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे	उपन्यायाधिवक्ता श्री अर्जुन कोईराला, शाखा अधिकृत श्री भिम प्रसाद भूर्तेल र ना.सु. श्री प्रकाश सुवेदी	नवलपरासी र पाल्पा	२०७३।०६।२८ देखि २०७३।०७।०३ सम्म
४.	सहन्यायाधिवक्रा श्री रेवतीराज त्रिपाठी	उपन्यायाधिवक्ता श्री ईश्वरीप्रसाद ढकाल, शाखा अधिकृत श्री बाबुराम भट्टराई र ना.सु. हरिहर तिमिल्सिना	स्याङ्जा र गुल्मी	२०७३।०७।७ देखि १२ गते सम्म
५.	सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी	उपन्यायाधिवक्ता श्री भरतलाल शर्मा, शाखा अधिकृत श्री जीतप्रसाद लुइटेल र खरिदार श्री सुरेन्द्र पाण्डे	धनुषा, महोत्तरी र सर्लाही	२०७३।११।०२ देखि ०७ गते सम्म
६.	सहन्यायाधिवक्ता श्री ध्रुव कुमार चौहान	उपन्यायाधिवक्ता श्री राजेन्द्रसिंह भण्डारी र शाखा अधिकृत श्री डम्बरप्रसाद काफ्ले	धादिङ र नुवाकोट	२०७४/३/१९ देखि असार २५ सम्म
७.	सहन्यायाधिवक्ता श्री लोकराज पराजुली	उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने र शाखा अधिकृत श्री सचितकुमार वाइवा	दोलखा र रामेछाप	२०७४/३/१९ देखि असार २५ सम्म
८.	नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम, सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला	शाखा अधिकृत श्री भूमिनन्द खनाल र ना.सु. श्री चन्दन कुमार ठाकुर	लमजुङ र गोरखा	२०७४/३/२२ देखि असार मसान्त सम्म
९.	सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली	उपन्यायाधिवक्ता श्री प्रकाश कोइराला र शाखा अधिकृत श्री सविता शर्मा	मकवानपुर,पर्सा र बारा	२०७४/३/२२ देखि असार मसान्त सम्म

कारागारतर्फ अनुगमन गरिएका ५१ जिल्लाका ४७ वटा कारागारहरूमा कैदी थुनुवाको संख्या ९,५९२ जना रहेको देखिन्छ । अनुगमन मितिमा ती कारागारहरूको जम्मा क्षमता ५,५९४ रहेकोमा क्षमता भन्दा करीब दुई गुना बढी कैदी थुनुवाहरू रहेको देखियो । कारागारमा रहेका कूल कैदी र थुनुवामा ८,८५५ जना पुरुष, ६८७ जना महिला रहेकोमा कैदी र थुनुवाका आश्रित रहेका नाबालक संख्या ५० जना रहेको देखिन्छ । तथ्याङ्कको अध्ययन गर्दा मुस्ताङ, अछाम लगायतका जिल्लाहरूमा क्षमता भन्दा कम कैदी र थुनुवाहरू रहेको पाइयो भने सिन्धुपाल्चोकमा कैदी र थुनुवाहरू नराखिएको भेटियो । त्यस्तै मुगु, धनुषा र बारामा कारागार कार्यालयहरू नभएको र सर्लाही जिल्लामा नयाँ भवन बन्दै गरेको पाइयो ।

हिरासत तर्फ ५१ जिल्लाका ७५ प्रहरी हिरासत कक्ष र १ वन कार्यालय गरी जम्मा ७६ हिरासत कक्षको अनुगमन गरी प्रतिवेदन प्राप्त भएकोमा अनुगमन मितिमा हिरासत कक्षमा जम्मा ७७५ जना थुनुवाहरू रहेको देखिन्छ । अनुगमन गरिएका प्रहरीका ७५ हिरासत मध्ये १३ वटा हिरासत कक्षमा थुनुवाहरू रहेको पाइएन। जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा ५ जना बालबालिका रहेको र उनीहरू चोरीको शंकामा पक्राउ परेको पाइयो । हिरासत कक्षको अन्य भौतिक अवस्थालाई हेर्दा विभिन्न आकारमा कक्षहरू रहेका अधिकांशमा घाम, हावा र प्रकाशको स्थिति सामान्य रहेको र सबैमा झ्याल रहेको तर अधिकांशमा पर्याप्त नरहेको पाइयो । धेरैजसो हिरासतमा चर्पी र नुहाउने कक्ष अलग अलग र पर्याप्त रहेको देखिदैन । अधिकांश हिरासतहरूको सरसफाईको अवस्था सामान्य रहेको तथा सबै हिरासतहरूमा सुरक्षा व्यवस्था राम्रो रहेको देखिन्छ ।

समस्याहरू

कारागारमा रहेका कैदी र थुनुवाहरूले पाउने दैनिक सिधा खर्च (सातसय ग्राम चामल र रु ४५) ज्यादै कम भएको र जरिवाना वापत कट्टाहुने रकम समेत कम रहेको, अधिकांश कारागारहरूको भौतिक अवस्था कमजोर रहेको, क्षमता भन्दा बढी कैदी र बन्दीहरू रहेको, कारागार र हिरासतमा स्वास्थ्यकर्मीको पद रिक्त रहेको तथा औषधीको न्युन उपलब्धताको कारण उपचारमा कठिनाई हुने गरेको, कैदी र थुनुवालाई एकै स्थानमा राख्ने गरिएको, अधिकांश कारागार र हिरासतमा शिशु स्याहार र प्रसुती स्याहार कक्षको व्यवस्था हुन नसकेको, फरक किसिमले सक्षम व्यक्तिहरू, तेस्रो लिङ्गी र जेष्ठ नागरिकको लागि हिरासत र कारागारमा विशेष प्रवन्ध हुन नसकेको जस्ता समस्याहरू कारागार तथा हिरासतका साझा समस्याहरू हुन् ।

सुझावहरू

थुनुवा तथा हिरासत कक्षको उचित व्यवस्थापन हुनुपर्ने, नयाँ मापदण्ड अनुसार भवन निर्माण हुनुपर्ने, खानेपानी लगायतका आधारभूत सुविधाहरूको व्यवस्था हुनुपर्ने, सिधा खर्चको समयानुकूल पुनरावलोकन हुनुपर्ने, स्वास्थ्य जाँच तथा शिक्षाको व्यवस्था गरिनुपर्ने, प्रमाण संकलन समेतका कार्यसम्पादनमा शीघ्रता ल्याउनुपर्ने, कार्यविधि र निर्देशिकाको पुनरावलोकन गरिनुपर्ने, थुनुवा तथा कैदी मैत्री व्यवहार गरिनुपर्ने, अनुगमन र निर्देशनको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन र सार्वजनिकीकरण गरिनुपर्ने तथा कानूनी सहायता सम्बन्धी व्यवस्थाको कार्यान्वयन हुनुपर्ने जस्ता सुझावहरू प्रतिवेदनमा समेटिएको छ ।

परिच्छेद – तीन
उच्च सरकारी वकील कार्यालय

१. गठन

न्यायप्रशासन ऐन, २०७३ को दफा ५ मा उच्च अदालतहरूको स्थापना सम्बन्धी व्यवस्था छ। नेपाल सरकार वादी हुने वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्न तथा तोकिए बमोजिमको कार्यसम्पादन गर्न उच्च अदालतहरू र उच्च अदालतका इजलास रहेका स्थानहरूमा उच्च सरकारी वकील कार्यालयहरू स्थापना भई कार्यसम्पादन हुँदै आएको छ । हाल उच्च सरकारी वकील कार्यालयहरूको संख्या १८ रहेको छ र ती कार्यालयहरूको संगठनको स्वरूप **अनुसूची १.३** मा प्रस्तुत गरिएको छ। उच्च सरकारी वकील कार्यालय नेपाल न्याय सेवा सरकारी वकील समूहका राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नेतृत्वमा रहने व्यवस्था छ । उक्त कार्यालयहरूमा आवश्यकता अनुसार राजपत्राङ्कित द्वितीय तथा तृतीय श्रेणीका सरकारी वकीलहरू तथा अन्य कर्मचारीहरू रहने व्यवस्था रहेको छ। उच्च सरकारी वकील कार्यालयहरूमा रहने सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दी स्थिति **अनुसूची २०** मा प्रस्तुत गरिएको छ।

२. उच्च सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ एवं सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा व्यवस्था भए बमोजिम उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

१. सुरु मुद्दा दायर गर्नुपर्ने विषयमा प्राप्त मिसिल कागजात अध्ययन गरी मुद्दा चलाउन आवश्यक देखेमा मुद्दा चलाउने निर्णय गर्ने, प्रमाणको अभावमा मुद्दा दायर गर्न आवश्यक नदेखिएमा आफ्नो राय सहित अन्तिम निर्णयको लागि मिसिल कागजात महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र अन्तिम निकासा भई आए बमोजिम गर्ने, गराउने ।

२. जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी गरेको निर्णय सहितको प्राप्त मिसिल कागजात अध्ययन गरी मुद्दा चलाउन आवश्यक देखेमा सोही बमोजिम निर्णय गरी फिर्ता पठाउने र मुद्दा चलाउन आवश्यक नदेखिएमा आफ्नो राय सहितको मिसिल कागजात अन्तिम निर्णयको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने, गराउने ।

३. जिल्ला अदालतले गरेको निर्णय उपर उच्च अदालतमा पुनरावेदन गर्ने वा नगर्ने भन्ने सम्बन्धमा जिल्ला सरकारी वकील कार्यालयबाट प्राप्त मिसिल कागजात अध्ययन गरी पुनरावेदन गर्नुपर्ने देखिएमा सम्बन्धित उच्च अदालतमा पुनरावेदन दायर गर्ने, पुनरावेदन गर्न आवश्यक नदेखेमा आफ्नो राय सहित मिसिल कागजात महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र निकासा भए बमोजिम गर्ने ।

४. उच्च अदालतमा नेपाल सरकार वादी भई दायर गरिएका सुरु मुद्दाहरू, पुनरावेदनहरू र नेपाल सरकारलाई विपक्षी बनाई दायर गरिएका मुद्दाहरू एवं रिट निवेदनहरूमा नेपाल सरकारको प्रतिनिधित्व गरी अड्डा अदालत समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने ।

५. क्षेत्रीयस्तरका सरकारी निकाय वा अधिकारीबाट माग भए बमोजिमको कानूनी प्रश्नमा राय प्रदान गर्ने ।

६. प्रचलित नेपाल कानूनले उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलले गर्ने भनी तोकेको अन्य कार्यहरू सम्पादन गर्ने ।

३. उच्च सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

यस परिच्छेदमा उच्च सरकारी वकील कार्यालयहरूबाट आर्थिक वर्ष २०७३/०७४ मा सम्पादित कामको विवरणलाई एकमुष्ठ रूपमा मुद्दा तथा रिटको विषय, प्रकृति र प्रादेशिक आधारमा वर्गीकरण गरिएको छ। यस आर्थिक वर्षमा सबै उच्च सरकारी वकील कार्यालयहरूको कार्यबोझ, कार्यरत सरकारी वकील र त्यस कामका लागि भएको सरकारी लागत खर्च समेतलाई तालिका, चार्ट र वृत्तचित्र समेतको प्रयोग गरी स्पष्ट र बोधगम्य पार्ने प्रयास गरिएको छ। उच्च सरकारी वकील कार्यालयहरूबाट नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई मुद्दा तथा रिट निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दाहरूको छुट्टाछुट्टै विवरण र फछ्र्यौट भएका मुद्दामा भएको कसूर कायम तथा रिट निवेदन खारेज भएको संख्या र प्रतिशतलाई विगत वर्षहरूको तथ्याङ्कहरू समेत समावेश गरी तुलनात्मक रूपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३१

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा तथा रिट निवेदन सम्बन्धी सम्पादित कार्यको तुलनात्मक विवरण

आर्थिक वर्ष	विषय	लगत			फछ्र्यौट				बाँकी	रिट खारेज तथा कसूर ठहर प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज तथा कसूर ठहर	रिट जारी तथा कसूरमा सफाई	अन्य	जम्मा		
२०७१/०७२	मुद्दा	४१६९	६९२७	११०९६	२६१६	४०३३	३०	६६७९	४४१७	३९.१७
	रिट	८८६	२५२५	३४११	१६६५	८२५	२५६	२७४६	६६५	६०.६३
	अन्य निवेदन	१४९	१९०९	२०५८	१०४०	८७१	२५	१९३६	१२२	५३.७२
	जम्मा	**५२०४**	**११३६१**	**१६५६५**	**५३२१**	**५७२९**	**३११**	**११३६१**	**५२०४**	४६.८४
२०७२/०७३	मुद्दा	४३५१	६९१६	११२६७	१९४४	३४३८	४४	५४२६	५८४१	३५.८३
	रिट	६५४	२३३९	२९९३	१०५९	५६८	२२५	१८५२	११४१	५७.१८
	अन्य निवेदन	१११	१९१२	२०२३	९८३	७१३	१	१६९७	३२६	५७.९३
	जम्मा	**५११६**	**१११६७**	**१६२८३**	**३९८६**	**४७१९**	**२७०**	**८९७५**	**७३०८**	४४.४१
२०७३/०७४	मुद्दा	६१३९	७३०१	१३४४०	२६८२	४१८९	१३	६८८४	६५५६	३८.९६
	रिट	१२३२	२९२२	४१५४	१११७	९६६	४७४	२५५७	१५९७	४३.६८
	अन्य निवेदन	२७०	१२०३	१४७३	७९५	४९४	५	१२९४	१७९	६१.४४
	जम्मा	**७६४१**	**११४२६**	**१९०६७**	**४५९४**	**५६४९**	**४९२**	**१०७३५**	**८३३२**	४२.७९

उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा अन्य निवेदनहरूको एकमुष्ठ लगत फछ्र्यौटको विवरणले सो कार्यालयबाट सम्पादित मुद्दा सम्बन्धी कामको विवरणलाई प्रस्तुत गर्दछ । उच्च सरकारी वकील कार्यालयमा आर्थिक वर्ष २०७१/०७२ को कुल लगत मुद्दा संख्या १६,५६५, आर्थिक वर्ष २०७२/०७३ को कुल लगत मुद्दा संख्या १६,२८३ लाई यस आर्थिक वर्षको कुल लगत मुद्दा संख्या १९,०६७ सँग तुलना गर्दा मुद्दाको संख्यामा घटबढ भएको देखिन्छ । यसैगरी फछ्र्यौटलाई हेर्दा आर्थिक वर्ष २०७१/०७२ मा ६८.५८ प्रतिशत, आर्थिक वर्ष २०७२/०७३ मा ५५.१२ प्रतिशत र यस आर्थिक वर्षमा ५६.३० प्रतिशत मुद्दा, रिट तथा निवेदनहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दा, रिट तथा निवेदनहरू मध्ये आर्थिक वर्ष २०७१/०७२ मा ४६.८४, आर्थिक वर्ष २०७२/०७३ मा ४४.४१ प्रतिशत र यस आर्थिक वर्षमा ४२.७९ प्रतिशत मुद्दामा कसूर ठहर तथा रिट खारेज भएको तथ्याङ्कबाट देखिन्छ ।

यस आर्थिक वर्षमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको सूचक



उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी एवं प्रतिरक्षा गरिएको मुद्दा, रिट तथा निवेदनको एकमुष्ठ लगत १९,०६७ मध्ये जम्मा १०,७३५ थान फछ्र्यौट भएको तथ्याङ्क देखिन्छ । यस आर्थिक वर्षमा मुद्दा तर्फ कुल लगत १३,४४० मध्ये ६,८८४ अर्थात ५१.२२ प्रतिशत मुद्दा फछ्र्यौट भएको र फछ्र्यौट मुद्दा मध्ये २,६८२ मुद्दामा कसूर ठहर भएको देखिन्छ । यसैगरी ४,१८९ मुद्दामा सफाइ र १३ मुद्दा अन्य तवरले (मुल्तवी, तामेली समेत) फछ्र्यौट भएको देखिन्छ । रिट तर्फ कुल लगत ४,१५४ मध्ये कुल फछ्र्यौट संख्या २,५५७ अर्थात ६१.५६ प्रतिशत रिट फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका रिट निवेदनहरू मध्ये १,११७ थान रिट खारेज भएको देखिन्छ । यसैगरी ९६६ थान रिट निवेदनहरू जारी भएको र ४७४ रिट अन्य तवरले फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ । यसैगरी अन्य निवेदन तर्फ कुल लगत १,४७३ मध्ये कुल फछ्र्यौट संख्या ७९५ अर्थात ५३.९७ प्रतिशत निवेदनहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट

भएका निवेदनहरू मध्ये ७९५ थान निवेदनमा जिकिर कायम भएको देखिन्छ । यसैगरी ४९४ थान निवेदनहरूमा जिकिर पुग्न नसकेको र ५ निवेदनहरू अन्य तवरले फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विस्तृत विवरण **अनुसूची १२** मा प्रस्तुत गरिएको छ ।

यस आर्थिक वर्षको मुद्दा तथा रिट निवेदनहरूको एकमुष्ठ फछ्र्यौट सम्बन्धी सूचक



यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा, रिट तथा निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दाहरूको विवरणलाई छुट्टाछुट्टै शीर्षकमा तुलनात्मक रूपमा निम्नअनुसार विवेचना गरिएको छ ।

३.१ मुद्दा, रिट तथा निवेदन सम्बन्धी कार्य

प्रचलित कानून र सरकारी वकील सम्बन्धी नियमावलीको व्यवस्था बमोजिम सरकार वादी मुद्दाहरूमा जिल्लास्तरका अड्डा अदालतबाट भएको आदेश, निर्णय वा फैसलामा चित्त नबुझेमा नेपाल सरकारको तर्फबाट उच्च अदालतमा पुनरावेदन दायर गर्ने, नेपाल सरकारको तर्फबाट वा नेपाल सरकार उपर प्रतिवादी/विपक्षीको तर्फबाट दायर गरिएका पुनरावेदन सम्बन्धमा अदालत समक्ष उपस्थित भई बहस पैरवी गर्ने, नेपाल सरकारको हक, हित वा सरोकार निहित भएको विषयमा वा नेपाल सरकारलाई विपक्षी बनाई दायर गरिएका सुरु मुद्दा वा पुनरावेदन गरिएका मुद्दाहरूमा अदालत समक्ष उपस्थित भई बहस पैरवी एवं प्रतिरक्षा गर्ने कार्य उच्च सरकारी वकील कार्यालयबाट गरिन्छ । उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा दायर भएका सुरु मुद्दा, पुनरावेदन र प्रतिरक्षा गरिएका समेतको मुद्दा संख्या ७,३०१ र गत आर्थिक वर्षमा फछ्र्यौट हुन बाँकी रही जिम्मेवारी सरी आएका मुद्दा ६,१३९ समेत गरी यस आर्थिक वर्षमा कायम रहेको जम्मा लगत १३,४४० थान मध्ये ६,८८४ थान अर्थात ५१.२२ प्रतिशत फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ । ती मध्ये २,६८२ थान अर्थात ३८.९६ प्रतिशत कसूर ठहर भएको, ४,१८९ थान अर्थात ६०.८५ प्रतिशत मुद्दामा सफाइ भएको र १३ थान अर्थात ०.१९ प्रतिशत मुद्दा अन्य तवरले फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ । तीन आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दामा गरिएको बहस पैरवी सम्बन्धी विवरणलाई तुलनात्मक तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३२

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दामा बहस पैरवी गरेको मुद्दाको तुलनात्मक विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
२०७१/०७२	४१६९	६९२७	११०९६	२६१६	४०३३	३०	६६७९	४४१७	३९.१७
२०७२/०७३	४३५१	६९१६	११२६७	१९४४	३४३८	४४	५४२६	५८४१	३५.८३
२०७३/०७४	६१३९	७३०१	१३४४०	२६८२	४१८९	१३	६८८४	६५५६	३८.९६

यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयबाट मुद्दामा भएको कार्यसम्पादनको सूचक



उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित मुद्दा सम्बन्धी कार्यको लगत, फछ्र्यौट र बाँकीको विषयगत विवरणलाई देहायको तालिकामा एकीकृत रूपमा प्रस्तुत गरिएको छ ।

(क) मुद्दाहरूको विषयगत वर्गीकरण र लगत संख्या

१. अनुसूची भित्रका मुद्दाको लगत, फछ्र्यौट र कारबाहीको स्थिति

तालिका नं. ३३

उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका विषयगत मुद्दाहरूको कारबाही विवरण

सि.नं	विषय	लगत			फछ्र्यौट						बाँकी
					सुरु सदर		उल्टी		फिर्ता, मुल्तवी, तामेली	जम्मा	
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर कायम	सफाई	कसूर कायम	सफाई			
१	अपहरण	१७२	११३	२८५	२५	८४	१५	१५	०	१३९	१४६
२	अंगभंग (कुटपिट र सवारी	४०	५२	९२	९	३१	८	४	०	५२	४०
३	आगलागी	२३	५७	८०	१२	२९	५	१	०	४७	३३
४	आर्थिक	३१७	२७८	५९५	८४	२३०	२६	१६	२	३५८	२३७
५	करणी	६९८	१०३७	१७३५	२६८	५३४	११७	८५	०	१००४	७३१
६	किर्ते	१८६	१३२	३१८	४०	५७	७	९	०	११३	२०५
७	चोरी	११०१	१०८०	२१८१	३७८	४९६	६७	५३	०	९९४	११८७
८	ज्यान	९५८	११३८	२०९६	२६८	६७८	११७	६२	२	११२७	९६९
९	देवानी	२७	१२	३९	९	५	३	०	२	१९	२०
१०	नागरिकता	६३	४३	१०६	१५	२०	४	४	०	४३	६३
११	प्रतिलिपि अधिकार	८	१३	२१	१	५	१	०	०	७	१४
१२	प्रविधि सम्बन्धी	५८	४३	१०१	२७	८	४	५	०	४४	५७
१३	मानव बेचविखन	१७०	१९५	३६५	४१	८७	२१	८	०	१५७	२०८
१४	राहदानी	०	९	९	५	१	२	०	०	८	१
१५	लागू औषध	८४५	९५६	१८०१	२९५	४३३	९६	६३	०	८८७	९१४
१६	विवाह	२७०	३२५	५९५	९३	१९७	२७	१७	०	३३४	२६१
१७	सवारी ज्यान	२७०	३३४	६०४	१३३	१२५	३२	११	०	३०१	३०३
१८	सार्वजनिक अपराध	२६७	६७६	९४३	९३	४४६	३२	२९	०	६००	३४३
१९	हात हतियार	८६	९९	१८५	३१	३९	१२	८	०	९०	९५
२०	विविध	९६	२३४	३३०	५२	११२	८	११	०	१८३	१४७
	जम्मा	५६५५	६८२६	१२४८१	१८७९	३६१७	६०४	४०१	६	६५०७	५९७४

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्रका मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या १२,४८१ मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या १,८७९ र सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या ३,६१७ एवं अन्य तवरले (मुद्दा फिर्ता, मुल्तवी, तामेली आदि) फछ्र्यौट मुद्दा संख्या ६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ६,५०७ र बाँकी मुद्दा संख्या ५,९७४ रहेको छ । मुद्दाहरूको विषयगत वर्गीकृत विवरण र कारबाहीको स्थितिको छुट्टाछुट्टै विश्लेषण गरी हेर्दा अपहरण तथा शरीर बन्धक मुद्दाको जम्मा लगत मुद्दा संख्या २८५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४०, सफाइ भएका मुद्दा संख्या ९९ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १३९ भई बाँकी मुद्दा संख्या १४६ रहेको देखिन्छ ।

अंगभंग (कुटपिट र सवारीबाट) मुद्दाको जम्मा लगत संख्या ९२ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १७, सफाइ भएका मुद्दा संख्या ३५ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ५२ भई बाँकी मुद्दा संख्या ४० रहेको देखिन्छ ।

आगलागी मुद्दाको जम्मा लगत संख्या ८० मध्ये कसूर ठहर भएका मुद्दा संख्या १७, सफाइ भएका मुद्दा संख्या ३० गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ४७ भई बाँकी मुद्दा संख्या ३३ रहेको देखिन्छ । आर्थिक (खोटा चलन, चन्दा, चिट्ठा, ठगी, बैकिङ्ग कसूर, विदेशी मुद्रा र आर्थिक अपराधसँग सम्बन्धित अन्य) मुद्दाको जम्मा लगत संख्या ५९५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ११०, सफाइ भएका मुद्दा संख्या २४६ एवं अन्य तवरले २ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ३५८ र भई बाँकी मुद्दा संख्या २३७ रहेको देखिन्छ । करणी (जबर्जस्ती करणी र जबर्जस्ती करणी उद्योग) मुद्दाको जम्मा लगत संख्या १,७३५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३८५, सफाइ भएका मुद्दा संख्या ६१९ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १,००४ भई बाँकी मुद्दा संख्या ७३१ रहेको देखिन्छ । किर्ते मुद्दाको जम्मा लगत संख्या ३१८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४७, सफाइ भएका मुद्दा संख्या ६६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ११३ भई बाँकी मुद्दा संख्या २०५ रहेको देखिन्छ । चोरी (साधारण, नकवजनी, जबर्जस्ती, रहजनी र डाँका) मुद्दाको जम्मा लगत संख्या २,१८१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४४५ सफाइ भएका मुद्दा संख्या ५४९ थान गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ९९४ भई बाँकी मुद्दा संख्या १,१८७ रहेको देखिन्छ । ज्यान (आवेश प्रेरित हत्या, कर्तव्य ज्यान, गर्भपतन, ज्यान मार्ने उद्योग, भवितव्य ज्यान, सवारी ज्यान) मुद्दाको जम्मा लगत संख्या २,०९६ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३८५ सफाइ भएका मुद्दा संख्या ७४० एवं अन्य तवरले २ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १,१२७ भई बाँकी मुद्दा संख्या ९६९ रहेको देखिन्छ ।

यसैगरी देवानी मुद्दाको जम्मा लगत संख्या ३९ मध्ये दावी कायम भएका मुद्दा संख्या १२, दावी नपुगेका मुद्दा संख्या ५, अन्य तवरले २ थान गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १९ भई बाँकी मुद्दा संख्या २० रहेको देखिन्छ । नागरिकता मुद्दाको जम्मा लगत संख्या १०६ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १९, सफाइ भएका मुद्दा संख्या २४ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ४३ भई बाँकी मुद्दा संख्या ६३ रहेको देखिन्छ । प्रतिलिपि अधिकार मुद्दाको जम्मा लगत संख्या २१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २, सफाइ भएका मुद्दा संख्या ५ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ७ भई बाँकी मुद्दा संख्या १४ रहेको देखिन्छ । प्रविधि सम्बन्धी (दूर सञ्चार, विद्युतीय कारोबार र अन्य) मुद्दाको जम्मा लगत संख्या १०१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३१, सफाइ भएका मुद्दा संख्या १३ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ४४ भई बाँकी मुद्दा संख्या ५७ रहेको देखिन्छ ।

मानव बेचविखन मुद्दाको जम्मा लगत संख्या ३६५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ६२, सफाइ भएका मुद्दा संख्या ९५ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १५७ भई बाँकी मुद्दा संख्या २०८ रहेको देखिन्छ । राहदानी मुद्दाको जम्मा लगत संख्या ९ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ७, सफाइ भएका मुद्दा संख्या १६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ८ भई बाँकी मुद्दा संख्या १ रहेको देखिन्छ । लागू औषध मुद्दाको जम्मा लगत संख्या १,८०१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३९१, सफाइ भएका मुद्दा संख्या ४९६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ८८७ भई बाँकी मुद्दा संख्या ९१४ रहेको देखिन्छ । विवाह (बहु विवाह र बाल विवाह) मुद्दाको जम्मा लगत संख्या ५९५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १२०, सफाइ भएका मुद्दा संख्या २१४ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ३३४ भई बाँकी मुद्दा संख्या २६१ रहेको देखिन्छ । सवारी ज्यान मुद्दाको जम्मा लगत संख्या ६०४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १६५, सफाइ भएका मुद्दा संख्या १३६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ३०१ भई बाँकी मुद्दा संख्या ३०३ रहेको देखिन्छ ।

सार्वजनिक अपराध मुद्दाको जम्मा लगत संख्या ९४३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १२५, सफाइ भएका मुद्दा संख्या ४७५ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ६०० भई बाँकी मुद्दा संख्या ३४३ रहेको देखिन्छ । हातहतियार खरखजाना मुद्दाको जम्मा लगत संख्या १८५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४३, सफाइ भएका मुद्दा संख्या ४७ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ९० भई बाँकी मुद्दा संख्या ९५ रहेको देखिन्छ । विविध (अंग प्रत्यारोपण, आवश्यक वस्तु, कालो बजार, गोबध, छुवाछुत, जुवा, धर्म सम्बन्धी, प्राचीन स्मारक, राज्य विरुद्धको अपराध, विष्फोटक पदार्थ, शिक्षा। स्वास्थ्यकर्मी विरुद्धको अपराध र माथि विषयगत वर्गीकरणमा समावेश नभएका अनुसूची भित्रका अन्य मुद्दाहरू समेत) मुद्दाको जम्मा लगत मुद्दा संख्या ३३० मध्ये कसूर ठहर भएका मुद्दा संख्या ६०, सफाइ भएका मुद्दा संख्या १२३ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १८३ भई बाँकी मुद्दा संख्या १४७ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १३** मा प्रस्तुत गरिएको छ ।

उच्च सरकारी वकील कार्यालयहरूबाट अनुसूची भित्रका मुद्दामा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाको लगत १२,४८१ मध्ये फौजदारी मुद्दामा भएको कसूर ठहरलाई हेर्दा यस आर्थिक वर्षमा क्रमशः राहदानी मुद्दामा ८७.५०, प्रविधि मुद्दामा ७०.४५, सवारी ज्यान मुद्दामा ५४.८२ प्रतिशत, हातहतियार खरखजाना मुद्दामा ४७.७८ प्रतिशत,

चोरी मुद्दामा ४४.७७ प्रतिशत, नागरिकता मुद्दामा ४४.१९ प्रतिशत, लागू औषध मुद्दामा ४४.०८ प्रतिशत, किर्ते मुद्दामा ४१.५९ प्रतिशत भएको देखिन्छ । यसैगरी मानव बेचबिखन मुद्दामा ३९.४९ प्रतिशत, करणी मुद्दामा ३८.३५ प्रतिशत आगलागी मुद्दामा ३६.१७ प्रतिशत, विवाह मुद्दामा ३५.९३ प्रतिशत, ज्यान मुद्दामा ३४.१६ प्रतिशत, अंगभंग मुद्दामा ३२.६९ प्रतिशत, सार्वजनिक अपराध सम्बन्धी मुद्दामा ३०.८३ प्रतिशत, आर्थिक मुद्दामा ३०.७३ प्रतिशत, अपहरण मुद्दामा २८.७८ प्रतिशत, प्रतिलिपि मुद्दमा २८.५७ प्रतिशत, कसूर ठहर भएको देखिन्छ । विविध मुद्दामा ३२.७९ प्रतिशत कसूर ठहर भएको देखिन्छ भने देवानी मुद्दामा ६३.१६ प्रतिशत दाबी कायम भएको देखिन्छ ।

उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका अनुसूची भित्रका मुद्दाहरूको लगत सूचक



२. अनुसूची बाहिरका मुद्दाको लगत, फछ्र्यौट र कारबाहीको स्थिति

तालिका नं. ३४

उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची बाहिरका मुद्दाहरूको विषयगत विवरण

सि.न.	विषय	लगत			फछ्र्यौट						बाँकी
		गत वर्षको	यस वर्षको	जम्मा	सुरु सदर		उल्टी		फिर्ता, मुल्तवी, तामेली	जम्मा	
					कसूर कायम	सफाई	कसूर	सफाई			
१	अध्यागमन	०	०	०	०	०	०	०	०	०	०
२	उपभोक्ता संरक्षण	०	०	०	०	०	०	०	०	०	०
३	औषधि	०	१	१	०	०	०	०	०	०	१
४	खाद्य ऐन अन्तर्गतका	१	९	१०	०	३	०	०	०	३	७
५	गुणस्तर (प्रमाण चिन्ह)	०	१	१	०	०	०	०	०	०	१
६	नाप तौल सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०
७	निर्वाचन सम्बन्धी	०	६	६	०	०	०	०	०	०	६
८	वैदेशिक रोजगार	०	०	०	०	०	०	०	०	०	०
९	राजश्व चुहावट	१६	७	२३	५	१	०	०	०	६	१७
१०	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	५	३६	४१	११	२	४	०	०	१७	२४
११	विदेशी विनिमय	५	६	११	२	०	०	१	०	३	८
१२	वन	२१०	२२८	४३८	७०	११६	४१	१९	१	२४७	१९१
१३	विद्युत चोरी	०	०	०	०	०	०	०	०	०	०
१४	शिक्षा ऐन दफा १७(१)	५	१	६	०	५	०	०	०	५	१
१५	सम्पत्ति शुद्धीकरण	०	०	०	०	०	०	०	०	०	०
१६	सामाजिक सुधार ऐन	०	०	०	०	०	०	०	०	०	०
१७	स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	०	०	०	०	०	०
१८	अन्य	०	१०	१०	१	४	०	०	०	५	५
	जम्मा	२४२	३०५	५४७	८९	१३१	४५	२०	१	२८६	२६१

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची बाहिरका मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या ५४७ मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या १३४ र सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या १५१ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २८६ र बाँकी मुद्दा संख्या २६१ रहेको छ । मुद्दाहरूको विषयगत वर्गीकृत विवरण र कारबाहीको स्थितिको छुट्टाछुट्टै विश्लेषण गरी हेर्दा औषधि सम्बन्धी मुद्दाको जम्मा लगत संख्या १ रहेकोमा कुनै फछ्र्यौट नभई बाँकी रहेको देखिन्छ । खाद्य ऐन अन्तर्गतका मुद्दाको जम्मा लगत संख्या १० रहेकोमा ३ थान मुद्दामा सफाइ भई ७ थान मुद्दा बाँकी रहेको देखिन्छ । गुणस्तर (प्रमाण) चिन्ह सम्बन्धी मुद्दाको जम्मा लगत संख्या १ रहेकोमा कुनै फछ्र्यौट नभई बाँकी रहेको देखिन्छ । निर्वाचन सम्बन्धी मुद्दाको जम्मा लगत संख्या ६ मध्ये कुनै पनि फछ्र्यौट नभई बाँकी रहेको देखिन्छ । राजश्व चुहावट मुद्दाको जम्मा लगत संख्या २३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५, सफाइ भएका मुद्दा संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ६ भई बाँकी मुद्दा संख्या १७ रहेको देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु मुद्दाको जम्मा लगत संख्या ४१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १५, सफाइ भएका मुद्दा संख्या २ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १७ भई बाँकी मुद्दा संख्या २४ रहेको देखिन्छ । विदेशी विनिमय मुद्दाको जम्मा लगत संख्या ११ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २, सफाइ भएका मुद्दा संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ३ भई बाँकी मुद्दा संख्या ८ रहेको देखिन्छ । वन मुद्दाको जम्मा लगत संख्या ४३८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १११, सफाइ भएका मुद्दा संख्या १३५ र अन्य तवरले १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २४७ भई बाँकी मुद्दा संख्या १९१ रहेको देखिन्छ । शिक्षा ऐनको दफा १७(१)सँग सम्बन्धी मुद्दाको लगत संख्या ६ मध्ये ५ थान मुद्दामा सफाई भई बाँकी मुद्दा संख्या १ रहेको देखिन्छ । अन्य मुद्दाको लगत संख्या १० मध्ये कसूर ठहर भएका मुद्दा संख्या १ र सफाई भएका मुद्दा संख्या ४ गरी जम्मा फछ्र्यौट भएका मुद्दा संख्या ५ भई बाँकी मुद्दा संख्या ५ रहेको देखिन्छ ।

(ख) रिट निवेदन सम्बन्धी कार्य

नेपालको संविधानको धारा १४४(१) मा यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुने व्यवस्था रहेको र न्यायप्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (१) मा उच्च अदालतलाई संविधानको धारा १४४(१) बमोजिम परेका निवेदनमा सुनुवाइ गरी आवश्यक उपयुक्त आदेश जारी गर्ने अधिकार प्रदान गरेको छ । उच्च अदालतमा दायर हुने यस्ता निवेदनहरूमा नेपाल सरकार, सरकारी निकाय वा पदाधिकारीहरूको तर्फबाट उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवं प्रतिरक्षा गर्ने गर्दछन् । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका रिट निवेदनहरूको संख्या ४,१५४ रहेको छ । सो मध्ये यस आर्थिक वर्षमा दायर भएका रिट निवेदनहरू २,९२२ र गत वर्षबाट जिम्मेवारी सरी आएका निवेदनहरूको लगत १,२३२ थान रहेको देखिन्छ । यस आर्थिक वर्षको रिट निवेदनहरूको कुल लगत ४,१५४ मध्ये २,५५७ थान अर्थात ६१.५६ प्रतिशत फछ्र्यौट भएको र बाँकी १,५९७ थान अर्थात ३८.४४ प्रतिशत रिट निवेदनहरू आगामी आर्थिक वर्षको लागि लगत सरी गएको देखिन्छ । आर्थिक वर्ष २०७१/०७२ मा २,७४६, २०७२/०७३ मा १,८५२, यस आर्थिक वर्षमा २,५५७ फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका रिट निवेदनहरू मध्ये आर्थिक वर्ष २०७१/०७२ मा १,६६५ थान अर्थात ६०.६३ प्रतिशत, २०७२/०७३ मा १,०५९ थान अर्थात ५७.१८ प्रतिशत र यस आर्थिक वर्षमा १,११७ थान अर्थात ४३.६८ प्रतिशत निवेदनहरू खारेज भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १२** मा प्रस्तुत गरिएको छ । रिट निवेदन सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३५

उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका रिट निवेदनहरूको तुलनात्मक विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	रिट खारेज भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज भएको	रिट जारी भएको	अन्य	जम्मा		
२०७१/०७२	८८६	२५२५	३४११	१६६५	८२५	२५६	२७४६	६६५	६०.६३
२०७२/०७३	६५४	२३३९	२९९३	१०५९	५६८	२२५	१८५२	११४१	५७.१८
२०७३/०७४	१२३२	२९२२	४१५४	१११७	९६६	४७४	२५५७	१५९७	४३.६८

उच्च सरकारी वकील कार्यालयबाट रिट निवेदनहरूमा भएको बहस पैरवी सम्बन्धी सूचक





(ग) अन्य निवेदन सम्बन्धी कार्य

मुलुकी ऐन, अदालती वन्दोवस्तको १७ नं. अनुसार मुद्दाको काम कारबाहीमा म्याद नाघेको वा वेरित भए उपर पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सकिने तथा न्यायप्रशासन ऐन, २०७३ को दफा १५ अनुसार कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुपर्क्षको लागि प्रतिवादीलाई तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारबाहीको सिलसिलामा भएको अन्य कुनै अन्तरकालीन आदेश उपर पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिने कानूनी व्यवस्था रहेको छ । यसरी अदालतमा निवेदन दायर गर्ने र यस्ता निवेदनहरूमा नेपाल सरकार, सरकारी निकाय वा पदाधिकारीहरूको तर्फबाट उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवं प्रतिरक्षा गर्ने गर्दछन् । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका निवेदन तथा प्रतिवेदनहरूको लगत संख्या १,४७३ रहेको छ । यी निवेदनहरू मध्ये १,२९४ थान अर्थात ८७.८५ प्रतिशत फछ्र्यौट भएको र १७९ थान अर्थात १२.१५ प्रतिशत बाँकी रहेको देखिन्छ । यस आ.व. मा फछ्र्यौट भएका १,२९४ थान निवेदनहरू मध्ये ७९५ थान अर्थात ६१.४४ प्रतिशत निवेदनहरूमा जिकिर कायम भएको र ४९४ थान अर्थात ३८.१८ प्रतिशत निवेदनहरूमा जिकिर नपुगेको देखिन्छ । ५ थान निवेदन अन्य तवरले फछ्र्यौट भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १२** मा प्रस्तुत गरिएको छ । निवेदन सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३६

उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका निवेदनहरूको विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	जिकिर पुगेको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	जिकिर पुगेको	जिकिर नपुगेको	अन्य	जम्मा		
२०७१/०७२	१४९	१९०९	२०५८	१०४०	८७१	२५	१९३६	१२२	५३.७२
२०७२/०७३	१११	१९१२	२०२३	९८३	७१३	१	१६९७	३२६	५७.९३
२०७३/०७४	२७०	१२०३	१४७३	७९५	४९४	५	१२९४	१७९	६१.४४

(घ) मुद्दा तथा रिट निवेदनहरूको प्रदेशगत विभाजन

उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी तथा प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनलाई प्रदेशगत रूपमा विश्लेषण गर्दा कुल मुद्दा, रिट तथा निवेदन १९,०६७ मध्ये प्रदेश नं. १ मा ३,०५१ थान अर्थात १६.०० प्रतिशत, प्रदेश नं. २ मा ४,३२१ थान अर्थात २२.६६ प्रतिशत, प्रदेश नं. ३ मा ६,५८६ थान अर्थात ३४.५४ प्रतिशत, प्रदेश नं. ४ मा १,०५९ थान अर्थात ५.५५ प्रतिशत, प्रदेश नं. ५ मा २,९२४ थान अर्थात १५.३४ प्रतिशत, प्रदेश नं. ६ मा ४९२ थान अर्थात २.५८ प्रतिशत र प्रदेश नं. ७ मा ४६२ थान अर्थात २.४२ प्रतिशत भएको देखिन्छ । जम्मा फछ्र्यौट भएका १०,७३५ थान मुद्दा, रिट तथा निवेदनहरू मध्ये प्रदेश नं. १ मा १,५९६ थान अर्थात १४.८७ प्रतिशत, प्रदेश नं. २ मा २,६४९ थान अर्थात २४.६८ प्रतिशत, प्रदेश नं. ३ मा ३,५६० थान अर्थात ३३.१६ प्रतिशत, प्रदेश नं. ४ मा ५५८

थान अर्थात ५.२० प्रतिशत, प्रदेश नं. ५ मा १,७३० थान अर्थात १६.१२ प्रतिशत, प्रदेश नं. ६ मा ३२४ थान अर्थात ३.०२ प्रतिशत तथा प्रदेश नं. ७ मा ३१८ थान अर्थात २.९६ प्रतिशत मुद्दा, रिट तथा निवेदन फछ्र्यौट भएको देखिन्छ । यस आर्थिक वर्षमा फछ्र्यौट भएका मुद्दा तथा रिट निवेदनहरूको विकास क्षेत्रगत अनुपात हेर्दा प्रदेश नं. १ मा पूर्वाञ्चलमा ४३.१७ प्रतिशत, प्रदेश नं. २ मा ४१.११ प्रतिशत, प्रदेश नं. ३ मा ४४.४७ प्रतिशत, प्रदेश नं. ४ मा ४८.९२ प्रतिशत, प्रदेश नं. ५ मा ४१.५६ प्रतिशत, प्रदेश नं. ६ मा २५.६२ र प्रदेश नं. ७ मा ४९.६९ प्रतिशत मुद्दामा कसूर ठहर तथा रिट निवेदन खारेज भएको तथ्याङ्कबाट देखिन्छ । मुद्दा तथा रिटको क्षेत्रगत विभाजनलाई **अनुसूची १२** मा प्रस्तुत गरिएको छ । उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको लगत र कारबाहीको प्रदेशगत तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३७

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा तथा रिट सम्बन्धी सम्पादित कार्यको क्षेत्रगत विवरण

विकास क्षेत्र	मुद्दा/ रिट/ निवेदन	लगत			फछ्र्यौट				बाँकी	कसूर ठहर, रिट खारेज, जिकिर कायम प्रतिशत
		गत वर्षको बाँकी	यस वर्षको	जम्मा	कसुर ठहर तथा रिट खारेज	कसुरमा सफाई तथा रिट जारी	मुल्तवी, तामेली, अन्य	जम्मा		
प्रदेश नं. १	मुद्दा	१२२७	११५७	२३८४	४९२	७९९	१	१२९२	१०९२	३८.०८
	रिट निवेदन	१०२	३३९	४४१	६४	२४	१	८९	३५२	७१.९१
	निवेदन	५५	१७१	२२६	१३३	८२	०	२१५	११	६१.८६
	जम्मा	१३८४	१६६७	३०५१	६८९	९०५	२	१५९६	१४५५	४३.१७
प्रदेश नं. २	मुद्दा	१२०८	१०८१	२२८९	३८०	७६२	४	११४६	११४३	३३.१६
	रिट निवेदन	४२६	११२७	१५५३	४८६	५२१	८५	१०९२	४६१	४४.५१
	निवेदन	१२०	३५९	४७९	२२३	१८३	५	४११	६८	५४.२६
	जम्मा	१७५४	२५६७	४३२१	१०८९	१४६६	९४	२६४९	१६७२	४१.११
प्रदेश नं. ३	मुद्दा	२२७५	२४८९	४७६४	१००६	१२१८	७	२२३१	२५३३	४५.०९
	रिट निवेदन	४२६	९६९	१३९५	३६७	२१७	३७०	९५४	४४१	३८.४७
	निवेदन	५६	३७१	४२७	२१०	१६५	०	३७५	५२	५६.००
	जम्मा	२७५७	३८२९	६५८६	१५८३	१६००	३७७	३५६०	३०२६	४४.४७
प्रदेश नं. ४	मुद्दा	२३७	५६१	७९८	२३१	१८५	०	४१६	३८२	५५.५३
	रिट निवेदन	७१	१७३	२४४	३१	९४	०	१२५	११९	२४.८०
	निवेदन	१	१६	१७	११	६	०	१७	०	६४.७१
	जम्मा	३०९	७५०	१०५९	२७३	२८५	०	५५८	५०१	४८.९२
प्रदेश नं. ५	मुद्दा	९१४	१३०७	२२२१	३९०	८७१	१	१२६२	९५९	३०.९०
	रिट निवेदन	१८६	२७५	४६१	१५३	९२	१४	२५९	२०२	५९.०७
	निवेदन	२८	२१४	२४२	१७६	३३	०	२०९	३३	८४.२१
	जम्मा	११२८	१७९६	२९२४	७१९	९९६	१५	१७३०	११९४	४१.५६
प्रदेश नं. ६	मुद्दा	१३०	३०९	४३९	६६	२२५	०	२९१	१४८	२२.६८
	रिट निवेदन	२	१६	१८	४	२	०	६	१२	६६.६७
	निवेदन	०	३५	३५	१३	१४	०	२७	८	४८.१५
	जम्मा	१३२	३६०	४९२	८३	२४१	०	३२४	१६८	२५.६२
प्रदेश नं. ७	मुद्दा	१४८	३९७	५४५	११७	१२९	०	२४६	२९९	४७.५६
	रिट निवेदन	१९	२३	४२	१२	१६	४	३२	१०	३७.५०
	निवेदन	१०	३७	४७	२९	११	०	४०	७	७२.५०
	जम्मा	१७७	४५७	६३४	१५८	१५६	४	३१८	३१६	४९.६९
जम्मा	मुद्दा	६१३९	७३०१	१३४४०	२६८२	४१८९	१३	६८८४	६५५६	३८.९६
	रिट निवेदन	१२३२	२९२२	४१५४	१११७	९६६	४७४	२५५७	१५९७	४३.६८
	निवेदन	२७०	१२०३	१४७३	७९५	४९४	५	१२९४	१७९	६१.४४
	जम्मा	७६४१	११४२६	१९०६७	४५९४	५६४९	४९२	१०७३५	८३३२	४२.७९

उच्च सरकारी वकील कार्यालयबाट मुद्दा तथा रिटमा सम्पादित कार्यहरूको प्रदेशगत विभाजनको सूचक



३.२ प्रतिवादी नखुलेका मुद्दामा निकासा दिने कार्य

समाजमा घटेका सबै अपराधिक घटनाहरूको सूचना प्रहरी वा अनुसन्धान अधिकारी समक्ष प्राप्त हुँदैन भने अनुसन्धान अधिकारी समक्ष सूचना प्राप्त भएका सबै घटनाहरू अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष पुग्दैनन् । यसो हुनुमा कतिपय घटनाहरू आत्महत्या, भवितव्य प्रकृतिको हुनु, समयमा सूचना नभएको कारण अपराध सम्बन्धी प्रमाण लोप भएको कारण मुद्दा चलाउन पर्याप्त प्रमाणको अभाव हुनु, प्रहरीमा दायर भएका घटना वा वारदातहरू मध्ये कतिपयमा प्रतिवादी नखुल्नु र कतिपय घटनाहरू अनुसन्धानको क्रममा रहनु समेतका कारणले सबै घटनाहरूमा मुद्दा चल्ने स्थिति रहदैन । आत्महत्या प्रकृतिका वा प्रतिवादी नखुलेका घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालयहरूबाट तत्काल कोही कसै उपर मुद्दा नचलाउने राय साथ मिसिल सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय समक्ष निर्णयको लागि पठाइन्छ । त्यसरी प्राप्त मिसिलमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भएमा आफ्नो निर्णय साथ निकासाका लागि सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाउने र उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार अन्तर्गत त्यस्ता घटना वा वारदात सम्बन्धी मिसिलमा मातहत कार्यालयको निर्णय जाँच गरी आवश्यक निकासा प्रदान गरे पश्चात त्यस्ता मिसिलहरूको टुंगो लाग्ने व्यवस्था छ । प्रतिवादी खुलेका मुद्दामा प्रमाण नपुगी मुद्दा नचलाउने निर्णयको निकासा महान्यायाधिवक्ताबाट हुने गर्दछ । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयबाट त्यसरी तामेलीमा राख्ने गरी निकासा प्रदान गरिएका मिसिलहरूको संख्या ८,१९५ रहेको देखिन्छ । गत आर्थिक वर्षमा तामेलीमा रहेका मिसिलहरूको संख्या ७,३२० थान रहेको थियो । यस आ.व.मा तामेलीमा रहेका विषयगत विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ भने यस सम्बन्धी कार्यालयगत विवरण **अनुसूची १६** मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३८

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई तामेलीमा राख्ने निकासा भएको वारदातको विवरण

आर्थिक वर्ष	विष खाएर	आगलागी	झुण्डिएर	हतियारबाट	करेन्ट लागेर	भिरपहिरोबाट लडेर	डुबेर	हाम फालेर	अन्य	जम्मा
२०७१/०७२	१०९४	१२६	२५८७	१५	१८६	२२४	५४८	४१	१८९६	६७१७
२०७२/०७३	११६१	१५२	२९३२	५	१६६	२६६	५८०	५६	२००२	७३२०
२०७३/०७४	१५१५	१८५	३०६०	१४	१९०	२९५	६६५	१४१	२१३०	८१९५

३.३ कानूनी राय सम्बन्धी कार्य

कानूनी राय प्रदान गर्नु उच्च सरकारी वकील कार्यालयको अर्को महत्वपूर्ण कार्य हो । उच्च सरकारी वकील कार्यालयबाट क्षेत्रीय एवं अञ्चलस्तरका सरकारी कार्यालयहरूबाट कानूनी विषयमा राय मागेमा कानूनी राय प्रदान गरिन्छ । उच्च सरकारी वकील कार्यालयहरूबाट उपलब्ध गराएको कानूनी राय सल्लाहको विवरण **अनुसूची १७** मा

दिइएको छ । उक्त विवरण अनुसार यस आ.व. मा उच्च सरकारी वकील कार्यालयहरूमा जम्मा १ वटा कानूनी राय माग भएको र सो अनुसार १ राय प्रदान गरिएको देखिन्छ ।

३.४ मुद्दा नचलाउने निर्णय भई अन्तिम निकासाको लागि पठाइएका मुद्दाहरूको विवरण

मुद्दाको तहकिकात पूरा भई मुद्दा चल्ने नचल्ने निर्णयको लागि सरकारी वकील समक्ष प्राप्त मिसिल कागज अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने नदेखेमा आधार र कारण सहित निर्णय गरी सम्वबन्धत सरकारी वकीलले निकासाको लागि मिसिल कागज उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता समक्ष पेश गर्न सम्वबन्धत उच्च सरकारी वकील कार्यालयमा र उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले महान्यायाधिवक्ता समक्ष पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए वमोजिम गर्ने व्यवस्था छ । यसरी प्राप्त मिसिल अध्ययन गर्दा उच्च सरकारी वकील कार्यालयको सह-न्यायाधिवक्ताले मुद्दा चलाउनुपर्ने देखेमा आधार र कारण सहितको निर्णय आदेश र मिसिल कागज सम्वबन्धत सरकारी वकील कहाँ पठाई दिने र मुद्दा चलाउनु नपर्ने देखेमा आफ्नो आधार र कारण सहितको निर्णय र मिसिल कागज महान्यायाधिवक्ता समक्ष अन्तिम निकासाको लागि पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए वमोजिम गर्ने व्यवस्था भए वमोजिम उच्च सरकारी वकील कार्यालय समक्ष आएका मिसिल तथा उच्च सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ताबाट भएको निर्णय सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार यस आर्थिक वर्षमा मुद्दा चलाउने भनी फिर्ता पठाएको संख्या १९, मुद्दा नचलाउने निर्णय गरी निकासाको लागि पठाएको संख्या यस आ. व. मा १०९ गरी मुद्दा चलाउने तथा नचलाउने निर्णय संख्या जम्मा १२८ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १४** मा प्रस्तुत गरिएको छ । मुद्दा चलाउने तथा नचलाउने निर्णय सम्बन्धी तीन वर्षको तुलनात्मक विवरणको देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३९

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा चलाउने नचलाउने निर्णयको विवरण

आर्थिक वर्ष	मुद्दा चलाउने नचलाउने निर्णय		जम्मा	कैफियत
	चलाउने भनी फिर्ता	नचलाउने निर्णय गरी निकासाको		
२०७१/०७२	८	६६	७४	
२०७२/०७३	८	८१	८९	
२०७३/०७४	१९	१०९	१२८	

३.५ उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको विवरण

यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिवादी नखुलेका मुद्दामा मुद्दा नचलाउने गरी अन्तिम निकासा दिएको निर्णय संख्या ८,१९५ रहेको देखिन्छ । यसैगरी प्रतिवादी खुलेका मुद्दामा मुद्दा चलाउने निर्णय भएको संख्या १९ र मुद्दा नचलाउने गरी भएको निर्णय संख्या १०९ रहेको देखिन्छ । त्यस्तै पुनरावेदन सम्बन्धी निर्णय भएको ७,२८४ मध्ये पुनरावेदन गर्ने निर्णय संख्या ५,७८२ र पुनरावेदन नगर्ने निर्णय संख्या १,५०२ रहेको देखिन्छ । पुनरावेदन प्रस्तावहरू १,४७५ मध्ये ३५४ पुनरावेदन गर्ने प्रस्ताव र नगर्ने प्रस्ताव १,१२१ रहेको देखिन्छ । दोहोऱ्याई पाउने निवेदन नगर्ने निर्णय संख्या २,८४०, दोहोऱ्याई पाउने निवेदन प्रस्ताव संख्या ५७१ रहेको देखिन्छ । यसैगरी अदालती बन्दोबस्तको १७ नं. को निवेदन १,३४३ र बहस पैरवी र प्रतिरक्षा गरेको संख्या २८,५१२ रहेको तथा बयान बकपत्र गराएको संख्या २१३ र कानूनी राय प्रदान गरेको संख्या १ गरी जम्मा सम्पादित कुल कार्य ५०,५६२ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १४** मा प्रस्तुत गरिएको छ । उच्च सरकारी वकील कार्यालयबाट विगत तीन वर्षमा सम्पादित कार्यहरूको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.४०

उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको विवरण

आर्थिक वर्ष	मुद्दा चल्ने नचल्ने निर्णय			पुनरावेदन प्रस्ताव		पुनरावेदन सम्बन्धी निर्णय		दो.पा. निवेदन नगर्ने निर्णय	दाहोऱ्याउने/नदोहोऱ्याउने प्रस्ताव	अ.व. १७ नं. निवेदन	बहस पैरवी संख्या	बयान/बकपत्र गराएको संख्या	कानूनी राय प्रदान गरेको संख्या
	प्रतिवादी नखुलेका मुद्दामा मुद्दा नचलाउने	मुद्दा चलाउने निर्णय	मुद्दा नचलाउने निर्णय	गर्ने	नगर्ने	पुनरावेदन गर्ने निर्णय	पुनरावेदन नगर्ने निर्णय						
२०७१/०७२	६७१७	८	६६	५२२	१२४५	६२१२	१४०४		३९६८	१८७३	३०५६२	१००	११
२०७२/०७३	७३२०	८	८१	३१७	१०४३	६४४३	१२०८	६९७	३२६५	१७५८	२२०२६	१४८	४
२०७३/०७४	८१९५	१९	१०९	३५४	११२१	५७८२	१५०२	२८४०	५७१	१३४३	२८५१२	२१३	१

३.६ उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावको विवरण

यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावहरू मध्ये मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय संख्या २,८४०, मुद्दा दोहोऱ्याई पाउने निवेदन प्रस्ताव ५७१ मध्ये गर्ने मस्यौदा ५५० र नगर्ने प्रस्ताव २१ पेश भएको देखिन्छ । पुनरावेदन गर्न नपर्ने संख्या ६४५ रहेको छ भने पुनरावेदन सम्बन्धी प्रस्तावमा संख्या १,४७५ मध्ये पुनरावेदन गर्ने मस्यौदा प्रस्ताव ३५४ र नगर्ने मस्यौदा प्रस्ताव १,१२१ पेश भएको देखिन्छ । यसैगरी अदालती बन्दोबस्तको १७ नं. बमोजिम पेश भएका निवेदन प्रस्ताव संख्या १०७ र मुद्दा चल्ने नचल्ने प्रस्ताव संख्या १०९ भएको देखिन्छ । यसरी महान्यायाधिवक्ताको कार्यालयमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्राप्त भएका प्रस्तावहरूको संख्या ५,७४७ रहेको र यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १५** मा दिइएको छ । यस सम्बन्धी तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४१

उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावहरूको एकमुष्ठ विवरण

आर्थिक वर्ष	दो.पा. निवेदन नगर्ने निर्णय	मुद्दा दोहोऱ्याउने निवेदन प्रस्ताव			पुनरावेदन गर्न नपर्ने	पुनरावेदन सम्बन्धी प्रस्ताव			अ.व. १७ नं. को निवेदन	मुद्दा चल्ने नचल्ने	कुल जम्मा
		गर्ने प्रस्ताव	नगर्ने प्रस्ताव	जम्मा		पुनरावेदन गर्ने	पुनरावेदन नगर्ने	जम्मा			
२०७१/०७२		५४८	३४२०	३९६८	६७९	५५२	१२४५	१७९७	४९	६६	६५५९
२०७२/०७३	६९७	४९७	२७६८	३२६५	४८७	३१७	१०४३	१३६०	१५४	८१	६०४४
२०७३/०७४	२८४०	५५०	२१	५७१	६४५	३५४	११२१	१४७५	१०७	१०९	५७४७

४. उच्च सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा तथा अन्य सम्पादित कार्य समेतको तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आर्थिक वर्षको कुल सम्पादित कार्य ३८,७६९ रहेको देखिन्छ । जसमध्ये कुल मुद्दाहरू १३,४४०, कुल रिट निवेदनहरू ४,१५४, कुल निवेदनहरू १,४७३, मुद्दा चल्ने नचल्ने निर्णय संख्या १२८, पुनरावेदन मस्यौदा संख्या ५,८३०, तामेली निर्णय संख्या ८,१९५, पुनरावेदन प्रस्ताव १,४७५, दोहोऱ्याई पाउने निवेदन ५७१, दोहोऱ्याई पाउने निवेदन नगर्ने निर्णय संख्या २,८४०, बयान/बकपत्र गराएको संख्या २१३, कानूनी राय प्रदान गरेको संख्या १ र अ.व. १७ नं. बमोजिम पेश भएका निवेदन संख्या १,३४३ रहेको छ । सबै उच्च सरकारी वकील कार्यालयहरूको सरकारी वकीलहरूको दरबन्दी संख्या ९८ र प्रति सरकारी वकील कार्यबोझ ४०४.५३ रहेको देखिन्छ । उच्च सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूको संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्य समेतको लगतलाई विभाजन गर्दा प्रति सरकारी वकीलको कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४२

उच्च सरकारी वकील कार्यालयहरूमा प्रति-सरकारी वकील कार्यबोझ

सम्पादित कार्यहरु	कुल मुद्दा	कुल रिट निवेदन	कुल निवेदन	मुद्दा चल्ने नचल्ने निर्णय	पुनरावेदन मस्यौदा संख्या	तामेली निर्णय	पुनरावेदन प्रस्ताव	दो.पा. प्रस्ताव	दो.पा. निवेदन नगर्ने निर्णय	बयान, बकपत्र संख्या	कानूनी राय	अ.व. १७ नं. को निवेदन	कुल जम्मा	सरकारी वकील संख्या	प्रति-सरकारी वकील कार्यबोझ
२०७१/०७२	११०९६	३४११	२०५८	७४	६२१२	६७१७	१७६७	३९६८	०	१००	११	१८७३	३७२८७	९८	३८०.४८
२०७२/०७३	११२६७	२९९३	२०२३	८९	६४४१	७३२०	१३६०	३२६५	६९७	१४८	४	१७५८	३७३६५	९८	३८१.२८
२०७३/०७४	१३४४०	४१५४	१४७३	१२८	५८३०	८१९५	१४७५	५७१	२८४०	२१३	१	१३४३	३९६६३	९८	४०४.७२

यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आ.व.को कुल मुद्दा, रिट तथा निवेदनहरूको लगत संख्या १९,०६७ लाई उच्च सरकारी वकील कार्यालयहरूमा तलब तथा भत्तामा खर्च भएको रकम रु. १२,०१,४१,७०५.३३ र ती कार्यालयहरूको प्रति मुद्दा खर्च रु. ६,३०१.०३ पर्ने देखिन्छ ।

तालिका नं. ४३

उच्च सरकारी वकील कार्यालयहरूमा मुद्दाको लगतको अनुपातमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

कार्यालय	कुल मुद्दाको लगत (मुद्दा, रिटहरु तथा निवेदन)	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.	कैफियत
उ.स.व. कार्यालयहरु १८	१९०६७	१२०,१४१,७०५.३३	६३०१.०३	

यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता र कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गरी प्रति सम्पादित कार्य इकाईमा भएको खर्चको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आ.व.को जम्मा सम्पादित कार्य ३९,६६३ र उच्च सरकारी वकील कार्यालयहरूमा कुल खर्च भएको रकम रु. १६,५५,३३,०५६.८४ र ती कार्यालयहरूमा प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु. ४,१७३.४६ पर्ने देखिन्छ ।

तालिका नं. ४४

उच्च सरकारी वकील कार्यालयहरूमा प्रति-सम्पादित कार्यमा भएको खर्च रकम

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु.	कैफियत
पु.स.व. कार्यालयहरु १६	३९६६३	१६५५३२०५६.८४	४१७३.४६	

परिच्छेद - चार

विशेष सरकारी वकील कार्यालय

१. गठन

महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत काठमाडौं उपत्यकामा रहने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०।०७।२५ को निर्णयबाट विशेष सरकारी वकील कार्यालयको स्थापना भएको छ । उक्त कार्यालयबाट विशेष अदालत काठमाडौं, राजश्व न्यायाधिकरण काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौं, प्रशासकीय अदालत तथा उच्च अदालत पाटनमा रहेका वाणिज्य इजलासबाट सुनुवाइ हुने सरकार वादी मुद्दाहरूमा बहस पैरवी तथा प्रतिरक्षा गर्न सहन्यायाधिवक्ताको नेतृत्वमा अन्य सरकारी वकील तथा कर्मचारी रहने व्यवस्था गरिएको छ ।

२. विशेष सरकारी वकील कार्यालय, काठमाडौंमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार

मिति २०७४।०९।१८ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार उच्च अदालत पाटनको वाणिज्य इजालासमा दायर हुने सुरक्षित कारोबार र बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको तहकिकात पूरा भई रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिलमा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले तोकेको उपन्यायाधिवक्ताले अध्ययन गर्दा सवुद प्रमाणको उचित मूल्यांकनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहितको आफ्नो रायसहितको निर्णय सोही कार्यालयका सहन्यायाधित्तवक्ता समक्ष पेश गर्ने पर्ने र सहन्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने देखेमा सो बमोजिम गर्न आधार र कारणसहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी प्रचलित कानून बमोजिम सम्बन्धित अदालत समक्ष मुद्दा दायर गर्न लगाउने, प्राप्त मिसिल कागज अध्ययन गर्दा सहन्यायाधिवक्ताले मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो रायसहितको निर्णय अन्तिम निकासाको लागि महान्यायाधिवक्ता समक्ष पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ ।

मिति २०७२।०६।०३ को नेपाल राजपत्रमा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना अनुसार नेपालको संविधानको धारा १५८ को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार मध्ये विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दा मध्ये वैदेशिक रोजगार ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दा र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा अभियोजनको निर्णय गर्ने अधिकार २०७४।०९।१८ मा प्रकाशित राजपत्रबाट थप गरिएको) मुद्दामा सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको तहकिकात पूरा भई मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि रायसहित विशेष सरकारी वकील कार्यालय समक्ष प्रस्तुत हुन आएको मिसिल सहन्यायाधिवक्ताले तोकेको उपन्यायाधिवक्ताले अध्ययन गर्दा सवुद प्रमाणको उचित मूल्यांकनबाट मुद्दा चल्ने चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने, प्राप्त मिसिल कागज अध्ययन गर्दा सवुद प्रमाणको उचित मूल्यांकनबाट मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो राय सहितको निर्णय सोही कार्यालयका सहन्यायाधिवक्ता समक्ष पेश गर्नु पर्ने र सहन्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने देखेमा सो बमोजिम गर्न आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने, प्राप्त मिसिल कागज अध्ययन गर्दा सहन्यायाधिवक्ताले मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो रायसहितको निर्णय अन्तिम निकासाको लागि महान्यायाधिवक्ता समक्ष पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ । यसैगरी सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३८(२) बमोजिम महान्यायाधिवक्ताबाट मिति २०७०।९।२१ मा निर्णय गरी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई कार्यसम्पादनको सिलसिलामा देहाय बमोजिम काम गर्ने गरी निर्देशन गरिएको छ :

१. नेपाल सरकार वादी भै चल्ने र नेपाल सरकारलाई सरोकार पर्ने विशेष अदालत काठमाडौं र वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंमा रहेका मुद्दाहरूमा नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने गराउने,
२. राजश्व न्यायाधिकरण काठमाडौं र उच्च अदालत पाटन, वाणिज्य इजलासमा रहेका मुद्दाहरूमा तत्कालको लागि उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता र आन्तरिक राजश्व विभागमा कार्यरत सरकारी वकील बीच समन्वय गरी नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने गराउने,
३. प्रशासकीय अदालत र श्रम अदालतबाट सूचना प्राप्त नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा नेपाल सरकारका तर्फबाट उपस्थित भई बहस पैरवी, प्रतिरक्षा लगायतका कार्य गर्ने गराउने,
४. अन्य कार्यहरू सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा उल्लेख गरिए बमोजिमको प्रकृया र कार्यविधि पूरा गरी सम्पादन गर्ने गराउने ।

३. विशेष सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

३.१ मुद्दा तथा रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा सम्बन्धी कार्य

विशेष सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताबाट काम काज गर्न दिएको निर्देशन बमोजिम विशेष अदालत, काठमाडौं, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौं, राजश्व न्यायाधिकरण, काठमाडौं, उच्च अदालत पाटनमा वाणिज्य इजलासबाट हेरिने मुद्दा, निवेदनहरूमा बहस पैरवी र प्रतिरक्षा गर्ने गर्दछ । यस आर्थिक वर्षमा विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा रिट निवेदनहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४५

विशेष सरकारी वकील कार्यालय, काठमाडौंबाट मुद्दा तथा रिट निवेदन सम्बन्धी सम्पादित कार्यको विवरण

विषय		लगत			फछ्र्यौट			जम्मा	बांकी	कसूर ठहर, रिट खारेज प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर कायम, रिट खारेज	सफाइ, रिट जारी	अन्य			
मुद्दा	अनुसूची भित्रका	९६	३६	१३२	४४	११	०	५५	७७	८०.००
	अनुसूची बाहिरका	४९५	४८२	९७७	२७७	१०५	५	३८७	५९०	७१.५८
	प्रतिरक्षा गरिएका	७२८	६६८	१३९६	८०६	९६	३७	९३९	४५७	८५.८४
	जम्मा	१३१९	११८६	२५०५	११२७	२१२	४२	१३८१	११२४	८१.६१
रिट	बन्दीप्रत्यक्षीकरण	०	०	०	०	०	०	०	०	
	परमादेश	३	५	८	७	१	०	८	०	८७.५०
	प्रतिषेध	१	०	१	०	०	०	०	१	
	अधिकारपृच्छा	०	०	०	०	०	०	०	०	
	उत्प्रेषण	१७	१९	३६	१३	३	०	१६	२०	८१.२५
	निषेधाज्ञा	२२	५	२७	८	०	०	८	१९	१००.००
	जम्मा	४३	२९	७२	२८	४	०	३२	४०	८७.५०
कुलजम्मा		१३६२	१२१५	२५७७	११५५	२१६	४२	१४१३	११६४	८१.७४

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा रिट निवेदनहरूको एकमुष्ठ लगत २,५७७ रहेकोमा १,४१३ थान मुद्दा तथा रिट निवेदन फछ्र्यौट भई १,१६४ थान मुद्दा तथा निवेदन बाँकी रहेको देखिन्छ । मुद्दा तर्फ २,५०५ थान लगत रहेकोमा १,३८१ थान मुद्दा फछ्र्यौट भएको र फछ्र्यौट भएका मध्ये १,१२७ थान अर्थात ८१.६१ थान मुद्दामा कसूर कायम भएको देखिन्छ । यसैगरी रिट निवेदनतर्फ ७२ थान लगत रहेकोमा ३२ थान रिट निवेदन फछ्र्यौट भएको र सो मध्ये २८ थान अर्थात ८७.५ निवेदन खारेज भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २१ मा** दिइएको छ ।

३.२ अभियोजन सम्बन्धी कार्य

संविधानको धारा १५८ को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार मध्ये विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दा मध्ये बैदेशिक रोजगार ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । सो बमोजिम यस आर्थिक वर्षमा ३११ थान मुद्दामा ६४६ जना प्रतिवादी उपर मुद्दा चलाउने निर्णय भएको देखिन्छ । यस सम्बन्धी विवरण **अनुसूची २४** मा दिइएको छ ।

३.३ विशेष सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारबाहीको विवरण

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा सम्पादन भएका समग्र काम कारबाहीको एकमुष्ठ विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार यस कार्यालयबाट अनुसन्धान गर्न दिएको निर्देशन संख्या २०२, मुद्दा चलाउने निर्णय संख्या २९८, पुनरावेदन गर्ने/नगर्ने प्रस्ताव संख्या २२३, दोहोऱ्याउने निवेदन गर्ने/नगर्ने प्रस्ताव संख्या १, अ.व. १७ नं. निवेदन सम्बन्धी ०, बहस पैरवी संख्या ८,३११, बकपत्र गराएको संख्या ९७७ गरी जम्मा समग्र सम्पादित कार्य १०,०१२ रहेको देखिन्छ । यस सम्बन्धी विवरण **अनुसूची २२** मा दिइएको छ ।

तालिका नं. ४६

दिएको संख्या	अभियोजन संख्या	पुनरावेदन प्रस्ताव संख्या	दो.पा.प्रस्ताव संख्या	अ.व. १७ नं.	बहस संख्या	बकपत्र संख्या	जम्मा
२०२	२९८	२२३	१	०	८३११	९७७	१००१२

३.४ विशेष सरकारी वकील कार्यालयबाट पेश भएका प्रस्तावको विवरण

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा सम्पादन भएका प्रस्ताव सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार सफल भएकोले पुनरावेदन गर्न नपर्ने संख्या ६० रहेको छ भने पुनरावेदन सम्बन्धी प्रस्तावमा संख्या १२६ मध्ये पुनरावेदन गर्ने मस्यौदा प्रस्ताव ९७ र नगर्ने मस्यौदा प्रस्ताव २९ रहेको देखिन्छ । दोहोऱ्याई पाउने निवेदन प्रस्ताव १ मध्ये गर्ने मस्यौदा ० र नगर्ने प्रस्ताव १ भएको देखिन्छ । यसैगरी अदालती बन्दोबस्तको १७ नं. को निवेदन प्रस्ताव संख्या १ र मुद्दा चल्ने नचल्ने प्रस्ताव संख्या ४ भएको देखिन्छ । यसरी महान्यायाधिवक्ताको कार्यालयमा विशेष सरकारी वकील कार्यालयबाट प्राप्त भएका प्रस्तावहरूको संख्या १९२ रहेको र यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २३** मा दिइएको छ ।

तालिका नं. ४७

विशेष सरकारी वकील कार्यालयबाट पेश भएका प्रस्तावहरूको एकमुष्ठ विवरण

पुनरावेदन सम्बन्धी प्रस्ताव		जम्मा	दोहोऱ्याउने निवेदन प्रस्ताव		जम्मा	सफल भएकोले पुनरावेदन गर्नु नपर्ने	१७ नं. निवेदन	मुद्दा नचल्ने	जम्मा
गर्ने	नगर्ने प्रस्ताव		गर्ने	नगर्ने प्रस्ताव					
९७	२९	१२६	०	१	१	६०	१	४	१९२

३.५ विशेष सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

विशेष सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको संख्या र मुद्दा तथा अन्य सम्पादित कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा विशेष सरकारी वकील कार्यालयको यस आर्थिक वर्षको कुल सम्पादित कार्य ४,०७७ रहेको देखिन्छ । जसमध्ये कुल मुद्दाहरू २,५०५, कुल रिट निवेदनहरू ७२, अभियोजनको निर्णय २९४, मुद्दा नचल्ने निर्णय ४, अभियोगपत्र तथा पुनरावेदनपत्र दायर संख्या ९७, पुनरावेदन प्रस्ताव १२६, दोहोऱ्याइ पाउने निवेदन १, बयान/बकपत्र गराएको संख्या ९७७ र अ.व. १७ नं. को निवेदन संख्या १ रहेको छ । विशेष सरकारी वकील कार्यालयको सरकारी वकीलहरूको दरबन्दी संख्या १५ र प्रति सरकारी वकील कार्यबोझ २७१.८० रहेको देखिन्छ ।

तालिका नं. ४८

विशेष सरकारी वकील कार्यालयहरूमा प्रति-सरकारी वकील कार्यबोझ

सम्पादित कार्यहरु	कुल मुद्दा	कुल रिट निवेदन	अन्य निवेदन	अभियोजन को निर्णय	मुद्दा नचल्ने निर्णय	अभियोग/पुनरावेदन पत्र दायर	पुनरावेदन प्रस्ताव	दो.पा. प्रस्ताव	बयान, बकपत्र संख्या	अ.व. १७ नं. निवेदन	कुल जम्मा	सरकारी वकील संख्या	प्रति-सरकारी वकील कार्यबोझ
	२५०५	७२	०	२९४	४	९७	१२६	१	९७७	१	४०७७	१५	२७१.८०

आर्थिक वर्ष २०७३/०७४ मा विशेष सरकारी वकील कार्यालयबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा यस आ.व.को कुल मुद्दा, रिट तथा निवेदनहरूको लगत संख्या २,५७७ लाई विशेष सरकारी वकील कार्यालयमा तलब तथा भत्तामा खर्च भएको रकम रु. १,१४,१३,६७४.४० र ती कार्यालयहरूको प्रति मुद्दा खर्च रु. ५,५९३.२० पर्ने देखिन्छ ।

तालिका नं. ४९

विशेष सरकारी वकील कार्यालयमा मुद्दाको लगतको अनुपातमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

कार्यालय	कुल मुद्दाको लगत (मुद्दा, रिटहरु तथा निवेदन)	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.	कैफियत
वि.स.व. कार्यालय १	२५७७	१४,४१३,६७४.४०	५५९३.२०	

विशेष सरकारी वकील कार्यालयमा मुद्दाको लगतसंगको अनुपातमा प्रति मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण ।

यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता र कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गरी प्रति सम्पादित कार्य इकाईमा भएको खर्चको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ उक्त तथ्याङ्कलाई हेर्दा विशेष सरकारी वकील कार्यालयको यस आ.व.को जम्मा सम्पादित कार्य ४,०७७ र विशेष सरकारी वकील कार्यालयहरूमा कुल खर्च भएको रकम रु. २,४०,५७,०४९.९० र यस कार्यालयमा प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु. ५,९००.६७ पर्ने देखिन्छ ।

तालिका नं. ५०

विशेष सरकारी वकील कार्यालयहरूमा प्रति-सम्पादित कार्यमा भएको खर्च रकम

कार्यालय	जम्मा सम्पादित कार्य	कूल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु.	कैफियत
वि.स.व. कार्यालय १	४०७७	२४०५७०४९.९०	५९००.६७	

परिच्छेद – पाँच
जिल्ला सरकारी वकील कार्यालय

१. गठन

न्यायप्रशासन ऐन, २०७३ को दफा ३ मा प्रत्येक जिल्लामा एउटा जिल्ला अदालत रहने व्यवस्था छ । जिल्ला अदालतको मुकाम रहेको स्थानमा जिल्ला सरकारी वकील कार्यालय रहने व्यवस्था सरकारी वकील नियमावली, २०५५ को नियम ४ को उपनियम (४) मा गरिएको छ । सो अनुरूप जिल्ला अदालतहरू रहेका स्थानमा जिल्ला सरकारी वकील कार्यालयहरूको स्थापना भई कार्यसम्पादन हुँदै आएको छ । नेपाल सरकार वादी हुने फौजदारी तथा देवानी मुद्दाहरू चलाउने वा नचलाउने सम्बन्धी निर्णय गर्ने, मुद्दा चलाउने निर्णय भएकोमा सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने, नेपाल सरकारको सरोकार पर्ने मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, जिल्ला स्थित सरकारी कार्यालयहरूलाई कानूनी राय प्रदान गर्ने, जिल्ला अदालतमा पुनरावेदन लाग्ने नेपाल सरकार वादी हुने मुद्दामा पुनरावेदन सम्बन्धी कार्य गर्ने लगायतका कार्यहरू जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत जिल्ला न्यायाधिवक्ता तथा सहायक जिल्ला न्यायाधिवक्ताहरूबाट सम्पादन हुन्छ ।

जिल्ला सरकारी वकील कार्यालयको प्रमुखमा नेपाल न्याय सेवा, सरकारी वकील समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका जिल्ला न्यायाधिवक्ता रहेका छन् । जिल्ला सरकारी वकील कार्यालयहरूमा राजपत्रांकित तृतीय श्रेणीका सहायक जिल्ला न्यायाधिवक्ताहरू तथा अन्य सहायक कर्मचारीहरू रहने व्यवस्था छ । जिल्ला सरकारी वकील कार्यालयहरूको संगठनात्मक स्थिति **अनुसूची १.४** मा र जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकील तथा अन्य कर्मचारीहरूको संख्यात्मक दरबन्दीलाई **अनुसूची ३८** मा प्रस्तुत गरिएको छ ।

२. जिल्ला न्यायाधिवक्ता र सहायक जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ अनुसार जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

१. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्रका मुद्दा वा नेपाल सरकार वादी हुने मुद्दामा प्रहरी वा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान, तहकिकात एवं छानबिन गरी आवश्यक कारबाहीका लागि आएका मिसिलहरूमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र मुद्दा चल्ने निर्णय भएकोमा अभियोग पत्र वा फिरादपत्र दायर गर्ने,

२. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्रका मुद्दा र नेपाल सरकार वादी हुने मुद्दामा कुनै अड्डा, अदालत समक्ष उपस्थित भई बहस पैरवी गर्ने,

३. नेपाल सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,

४. प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएको अधिकार एवं जिल्ला न्यायाधिवक्ताले गर्ने भनी तोकिएका अन्य काम कारबाही गर्ने,

५. जिल्ला स्थित कुनै सरकारी कार्यालय वा सो कार्यालयको प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा राय दिने,

६. सरकारी वकील सम्बन्धी नियमावली, २०५५ बमोजिम जिल्ला न्यायाधिवक्तालाई भएको अधिकार निजको निर्देशनमा रही सहायक जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्न सक्ने ।

३. जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा सम्पादन भएका कार्यहरूलाई देहाय बमोजिम विवेचना गरिएको छ :

३.१ मुद्दा सम्बन्धी कार्य

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा अन्य निकायमा अभियोगपत्र, निवेदन वा उजुरी दायर गरी बहस पैरवी गरिएका वा प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत विवरणलाई एकमुष्ठ रूपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय र अन्य न्यायिक निकायहरूमा अभियोग दायरी

तथा बहस पैरवी गरिएका मुद्दाहरूको कुल संख्या ३८,८०८ रहेको छ । सो मध्ये जम्मा २३,७३० थान अर्थात ६१.१५ प्रतिशत मुद्दा फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू मध्ये १८,८८३ थान अर्थात ७९.५७ प्रतिशत मुद्दामा कसूर ठहर भएको छ । साथै ४,७२५ थान अर्थात १९.९१ प्रतिशत मुद्दामा सफाइ भएको छ । १२२ थान अर्थात ०.५१६ प्रतिशत मुद्दा फिर्ता लिएको, मुल्तवी रहेको, तामेली रहेको आधारमा फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ ।

तालिका नं. ५१

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस, पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनहरूको तुलनात्मक लगत फछ्र्यौट विवरण

मुद्दा हेर्ने निकाय तथा मुद्दाको प्रकृति			लगत			फछ्र्यौट					बाँकी
			गत वर्ष	यस वर्ष	जम्मा	कसूर ठहर, रिट खारेज	सफाइ , रिट जारी	मुल्तवी	अन्य	जम्मा	
अनुसूची भित्रका मुद्दा	जिल्ला अदालततर्फ	फौजदारी	६४११	१२६९५	१९१०६	८०८५	३३५१	११४	५	११५५५	७५५१
		देवानी	३१	१४	४५	२२	१	०	०	२३	२२
	जिल्ला प्रशासन कार्यालयमा		५९५९	१०५८९	१६५४८	९२०५	१२११	०	०	१०४१६	६१३२
	अन्य निकायमा		२	०	२	०	०	०	०	०	२
	जम्मा		**१२४०३**	**२३२९८**	**३५७०१**	**१७३१२**	**४५६३**	**११४**	**५**	**२१९९४**	**१३७०७**
अनुसूची बाहिरका मुद्दा			१५२४	१५८३	३१०७	१५७१	१६२	०	३	१७३६	१३७१
अनुसूची भिर र बाहिरका मुद्दाको जम्मा			**१३९२७**	**२४८८१**	**३८८०८**	**१८८८३**	**४७२५**	**११४**	**८**	**२३७३०**	**१५०७८**
पुनरावेदन			१३	६१	७४	१५	६	०	०	२१	५३
प्रतिरक्षा			१०३	३२८	४३१	१५१	४५	०	०	१९६	२३५
रिट निवेदन			१७७	६२०	७९७	३५२	१३४	०	४	४९०	३०७
अन्य निवेदन			२२	३८	६०	१३	८	०	०	२१	३९
कुल जम्मा			**१४२४२**	**२५९२८**	**४०१७०**	**१९४१४**	**४९१८**	**११४**	**१२**	**२४४५८**	**१५७१२**

उल्लिखित तालिका अनुसार यस आर्थिक वर्षमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रका फौजदारी मुद्दा अन्तर्गत जिल्ला अदालतमा लगत रहेका १९,१०६ थान मुद्दाहरू मध्ये जम्मा ११,५५५ थान अर्थात ६०.४८ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ । यसरी फछ्र्यौट भएका मुद्दाहरू मध्ये ८,०८५ थान अर्थात ६९.६७ प्रतिशत मुद्दामा कसूर ठहर भएको छ । ३,३५१ थान अर्थात २९.०० प्रतिशत मुद्दामा सफाइ भएको छ भने ११९ अर्थात १.०३ प्रतिशत अन्य तवरले फछ्र्यौट भएको देखिन्छ । जिल्ला प्रशासन कार्यालयमा दायर भएका मुद्दाहरूको स्थितिलाई हेर्ने हो भने जम्मा लगत १०,५८९ थान मुद्दाहरू मध्ये १०,४१६ थान अर्थात ६२.९४ प्रतिशत मुद्दा फछ्र्यौट भएको देखिन्छ । यसरी फछ्र्यौट भएका मुद्दाहरू मध्ये ९,२०५ थान अर्थात ८८.३७ प्रतिशत मुद्दामा कसूर ठहर भएको छ भने १,२११ थान अर्थात ११.६३ प्रतिशत मुद्दामा सफाइ भएको देखिन्छ । यसैगरी अन्य निकायतर्फ जम्मा लगत २ थान मुद्दाहरू मध्ये कुनै पनि फछ्र्यौट नभएको देखिन्छ । अनुसूची बाहिरका मुद्दातर्फ ३,१०७ लगत भएकोमा १,७३६ थान अर्थात ५५.८७ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू मध्ये १,५७१ थान अर्थात ९०.५० प्रतिशत मुद्दामा कसूर ठहर भएको छ भने १६२ थान अर्थात ९.३३ प्रतिशत मुद्दामा सफाइ भएको र ३ थान मुद्दा अर्थात ०.१७ प्रतिशत अन्य तवरले फछ्र्यौट भएको देखिन्छ । यसैगरी पुनरावेदन गरिएका मुद्दातर्फ ७४ थान मुद्दो लगत भएकोमा २१ थान अर्थात २८.३८ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू मध्ये १५ थान अर्थात ७१.४३ प्रतिशत मुद्दामा पुनरावेदन दाबी पुगेको, ६ थान अर्थात २८.५७ प्रतिशत मुद्दामा दावी नपुगेको देखिन्छ । प्रतिरक्षा गरिएका मुद्दातर्फ ४३१ लगत भएकोमा १९६ थान अर्थात ४५.४८ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू मध्ये १५१ थान अर्थात ७७.०४ प्रतिशत मुद्दामा दाबी पुगेको, ४५ थान अर्थात २२.९६ प्रतिशत मुद्दामा दावी नपुगेको र ४ थान अर्थात २.०४ प्रतिशत अन्य तवरले फछ्र्यौट भएको देखिन्छ ।

रिट निवेदन तर्फ ७९७ लगत भएकोमा ४९० थान अर्थात ६१.४८ प्रतिशत निवेदन फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका निवेदन मध्ये ३५२ थान अर्थात ७१.८४ प्रतिशत निवेदन खारेज भएको छ भने १३४ थान अर्थात २७.३५ प्रतिशत निवेदनमा निवेदन जारी र ४ थान अर्थात ०.८२ प्रतिशत निवेदन अन्य तवरले फछ्र्यौट भएको देखिन्छ । यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनहरूको लगत, फछ्र्यौट तथा बाँकी संख्या एवं कसूर ठहर र सफाइ समेतको विस्तृत विवरणलाई **अनुसूची ३०** मा प्रस्तुत गरिएको छ ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी भएका मुद्दाको कारबाही सम्बन्धी सूचक



यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका विषयगत मुद्दाहरूको लगत तथा फछ्र्यौट विवरणलाई विगत आर्थिक वर्षहरू को तथ्याङ्कसँग तुलना गर्न मुद्दाहरूको लगत तथा फछ्र्यौट विवरणलाई छुट्टाछुट्टै शीर्षक अन्तर्गत निम्न अनुसार विवेचना गरिएको छ ।

(क) अनुसूची भित्रका फौजदारी मुद्दा :- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित अपराध सम्बन्धी मुद्दा र छुट्टाछुट्टै विषयमा बनेका ऐनले अनुसूची १ अन्तर्गत पर्ने भनी तोकिएका कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई सरकारी वकीलबाट दायर गरिन्छ । यस्ता मुद्दाहरूमा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य पूरा गरी सम्बन्धित सरकारी वकील कार्यालयमा राय सहितको प्रतिवेदन पठाउँछन् । सम्बन्धित जिल्लाका सरकारी वकीलले महान्यायाधिवक्ताद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी संकलित सबुद प्रमाणको आधारमा मुद्दा चलाउने, नचलाउने निर्णय गर्दछन् ।

सरकारी वकीलद्वारा मुद्दा चलाउने निर्णय भएका सरकार वादी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गतका मुद्दाहरू नेपाल सरकारको तर्फबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा कानूनले तोकेका अन्य निकायमा दायर गरिन्छ र ती मुद्दाहरूमा वादी नेपाल सरकारको तर्फबाट साक्षी प्रमाणको प्रस्तुती, साक्षी परीक्षण, बहस पैरवी एवं प्रतिनिधित्व सरकारी वकीलबाट हुन्छ । यसरी दायर मुद्दाहरूको जिल्लागत एवं एकमुष्ठ विवरण **अनुसूची ३०** मा प्रस्तुत गरिएको छ । नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरूको यस आर्थिक वर्षको लगत, फछ्र्यौट र बाँकी विवरणलाई विगत आर्थिक वर्षको विवरणसँग तुलना गरी देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५२

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका फौजदारी मुद्दाहरूको तुलनात्मक विवरण

आर्थिक वर्ष	निकाय/कार्यालय	लगत			फछ्र्यौट					बाँकी	कसुर ठहर भएको प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	कसुर ठहर भएको	सफाइ भएको	मुल्तवी	अन्य	जम्मा		
२०७१/०७२	अदालतमा	६२४४	१०४४९	१६६९३	७६७५	३८९५	१४०	६	११७१६	४९७७	६५.५१
	जिल्ला प्रशासन	९६६७	१०५९५	२०२६२	९७१०	५५७	२	०	१०२६९	९९९३	९४.५६
	अन्य निकायमा	०	२	२	०	०	०	०	०	२	
	जम्मा	१५९११	२१०४६	३६९५७	१७३८५	४४५२	१४२	६	२१९८५	१४९७२	७९.०८
२०७२/०७३	अदालतमा	६४६३	१५०१९	२१४८२	११३९९	३७२६	१३४	२८	१५२८७	६१९५	७४.५७
	जिल्ला प्रशासन	८०२४	५९३५	१३९५९	७२५९	४२६	३	२७	७७१५	६२४४	९४.०९
	अन्य निकायमा	०	२	२	०	०	०	०	०	२	
	जम्मा	१४४८७	२०९५६	३५४४३	१८६५८	४१५२	१३७	५५	२३००२	१२४४१	८१.११
२०७३/०७४	अदालतमा	६४११	१२६९५	१९१०६	८०८५	३३५१	११४	५	११५५५	७५५१	६९.९७
	जिल्ला प्रशासन	५९५९	१०५८९	१६५४८	९२०५	१२११	०	०	१०४१६	६१३२	८८.३७
	अन्य निकायमा	२	०	२	०	०	०	०	०	२	
	जम्मा	१२३७२	२३२८४	३५६५६	१७२९०	४५६२	११४	५	२१९७१	१३६८५	७८.६९

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका फौजदारी मुद्दाहरूको सूचक



जिल्ला अदालत तर्फ आर्थिक वर्ष २०७१/०७२ मा १०,४४९ थान दायरी, गत वर्षको ६,२४४ थान मुद्दा समेत गरी जम्मा लगत १६,६९३ रहेको थियो । आर्थिक वर्ष २०७२/०७३ मा १५,०१९ थान दायरी, गत वर्षको ६,४६३ थान मुद्दा समेत गरी जम्मा लगत २१,४८२ रहेको थियो भने यस आर्थिक वर्षमा १२,६९५ थान दायरी, गत वर्षको ६,४११ थान मुद्दा समेत गरी जम्मा लगत १९,१०६ रहेको देखिन्छ। जिल्ला प्रशासन कार्यालयमा आर्थिक वर्ष २०७१/०७२ मा १०,५९५ दायरी, गत वर्षको ९,६६७ समेत गरी जम्मा लगत २०,२६२ थान रहेको थियो । आर्थिक वर्ष २०७२/०७३ मा ५,९३५ दायरी, गत वर्षको ८,०२४ समेत गरी जम्मा लगत १३,९५९ थान रहेको थियो भने यस आर्थिक वर्षमा १०,५८९ दायरी, गत वर्षको ५,९५९ समेत गरी जम्मा लगत १६,५४८ थान रहेको देखिन्छ। यसैगरी अन्य निकायतर्फ आर्थिक वर्ष २०७१/०७२, २०७२/०७३ र यस आर्थिक वर्षमा लगत २ थान रहेको र कुनै पनि मुद्दा फछ्र्यौट नभएको देखिन्छ।

मुद्दाको फछ्र्यौट स्थितिलाई हेर्ने हो भने जिल्ला अदालततर्फ आर्थिक वर्ष २०७१/७२ मा ११,७१६ थान अर्थात ७०.१९ प्रतिशत, आर्थिक वर्ष २०७२/७३ मा १५,२८७ थान अर्थात ७१.१६ प्रतिशत र यस आर्थिक वर्षमा ११,५५५ थान अर्थात ६०.४८ प्रतिशत फछ्र्यौट भएको देखिन्छ भने जिल्ला प्रशासन कार्यालयतर्फ आर्थिक वर्ष २०७१/०७२ मा १०,२६९ थान अर्थात ५०.६८ प्रतिशत, २०७२/०७३ मा ७,७१५ थान अर्थात ५५.२७ प्रतिशत र यस आर्थिक वर्षमा १०,४१६ थान अर्थात ६२.९४ प्रतिशत फछ्र्यौट भएको देखिन्छ। यसैगरी अन्य निकायतर्फ २०७१/०७२, २०७२/०७३ र यस आर्थिक वर्षमा मुद्दा फछ्र्यौट नभएको देखिन्छ। उक्त तालिकाको तथ्याङ्कलाई समग्र रूपमा विश्लेषण गर्दा फछ्र्यौट भएका मुद्दाहरू मध्ये अदालततर्फ आर्थिक वर्ष २०७१/०७२ मा ६५.५१ प्रतिशत, २०७२/०७३ मा ७४.५७ प्रतिशत र यस आर्थिक वर्षमा ६९.९७ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ भने जिल्ला प्रशासन कार्यालयमा आर्थिक वर्ष २०७१/०७२ मा ९४.५६ प्रतिशत, २०७२/०७३ मा ९४.०९ प्रतिशत र यस आर्थिक वर्षमा ८८.३७ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ। यसैगरी अन्य निकायतर्फ विगत तीन आर्थिक वर्षमा कुनै पनि मुद्दा फछ्र्यौट नभएको देखिन्छ।

अनुसूची भित्रका फौजदारी मुद्दाहरूमा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा अन्य निकाय सबैको समष्टिगत अध्ययन गर्दा यस आर्थिक वर्षमा दायरी २३,२८४ र गत वर्षको जिम्मेवारी १२,३७२ समेत जम्मा लगत ३५,६५६ रहेकोमा २१,९७१ थान मुद्दा फछ्र्यौट भई १३,६८५ मुद्दा बाँकी रहेको देखिन्छ। फछ्र्यौट भएका मुद्दा मध्ये १७,२९० अर्थात ७८.६९ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ। गत आर्थिक वर्ष २०७२/०७३ मा दायरी २०,९५६ र गत वर्षको जिम्मेवारी १४,४८७ समेत जम्मा लगत ३५,४४३ रहेकोमा २३,००२ थान मुद्दा फछ्र्यौट भई १२,४४१ मुद्दा बाँकी रहेको देखिन्छ। फछ्र्यौट भएका मुद्दा मध्ये १८,६५८ अर्थात ८१.११ प्रतिशत मुद्दामा कसूर कायम भएको थियो। प्रस्तुत तथ्याङ्क अनुसार गत आर्थिक वर्षको तुलनामा यस अर्थिक वर्षमा अनुसूची भित्रका मुद्दाहरूको दायरी संख्या केही बढे पनि फछ्र्यौट संख्यामा केही कम भएको देखिन्छ भने कसूर कायमको दर केही घटेको देखिन्छ।

(ख) देवानी मुद्दा :- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची २ मा उल्लेखित देवानी मुद्दा र प्रचलित कानूनमा सरकार वादी भनिएको देवानी मुद्दाहरू तोकिएको अधिकारीले जाँचबुझ गरी राय सहित मुद्दा चल्ने नचल्ने निर्णयको लागि सरकारी वकील समक्ष पठाउने र सरकारी वकीलले मुद्दा चलाउनु पर्ने देखेमा निर्णय गरी सम्बन्धित अदालत तथा अन्य निकायमा मुद्दा दायर गर्ने व्यवस्था छ। नेपाल सरकार वादी भई चलाइएका अनुसूची २ मा उल्लेखित देवानी मुद्दाहरूको यस आर्थिक वर्षको लगत फछ्र्यौट विवरणलाई विगत दुई आर्थिक वर्षहरूको विवरणसँग तुलना गरी देहायको तालिकामा प्रस्तुत गरिएको छ। यस्ता मुद्दाहरूको जिल्लागत एवं एकमुष्ठ विषयगत विवरण **अनुसूची ३०** मा प्रस्तुत गरिएको छ।

तालिका नं. ५३

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका देवानी मुद्दाहरूको लगत फछ्र्यौट विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	दावी कायम भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	दावी कायम भएको	दावी कायम हुन नसकेको	अन्य	जम्मा		
२०७१/०७२	१९	२०	३९	१२	१	२	१५	२४	८०.००
२०७२/०७३	२४	६	३०	३	०	०	३	२७	१००.००
२०७३/०७४	३१	१४	४५	२२	१	०	२३	२२	९५.६५

सरकार वादी हुने देवानी मुद्दाहरूको स्थिति हेर्दा आर्थिक वर्ष २०७१/०७२ मा जम्मा २० थान दायरी समेत गरी जम्मा लगत ३९ रहेको थियो भने आर्थिक वर्ष २०७२/०७३ मा ६ थान समेत गरी जम्मा लगत ३० रहेको थियो भने यस आर्थिक वर्षमा दायरी १४ थान समेत गरी जम्मा लगत ४५ रहेको छ। फछ्र्यौट भएका मुद्दाहरू मध्ये आर्थिक वर्ष २०७१/०७२ मा ८०.०० प्रतिशत २०७२/०७३ मा १००.०० प्रतिशत र यस आर्थिक वर्षमा ९५.६५ प्रतिशत मुद्दामा दाबी कायम भएको देखिन्छ।

(ग) अनुसूची बाहिरका मुद्दा :- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचीमा उल्लेख नभएका तर अन्य नेपाल कानून अनुसार नेपाल सरकार वादी हुने मुद्दामा सम्बन्धित निकायले अदालत तथा अन्य निकायमा अभियोगपत्र दायर गरी प्रतिरक्षाको लागि सरकारी वकील समक्ष अनुरोध गरी पठाएका मुद्दा र नेपाल सरकारको हक, हित वा सरोकार निहित भएका मुद्दामा नेपाल सरकारको तर्फबाट सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षा गर्ने कानूनी व्यवस्था छ। यस्ता मुद्दाहरूको जिल्लागत एवं एकमुष्ठ विषयगत विवरण **अनुसूची ३०** मा प्रस्तुत गरिएको छ। सम्पूर्ण जिल्ला सरकारी वकील कार्यालयहरूद्वारा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची बाहिरका सरकार वादी मुद्दाहरूको यस आर्थिक वर्षको लगत, फछ्र्यौट र बाँकी विवरणलाई विगत तीन आर्थिक वर्षहरूको लगत फछ्र्यौटसँग तुलना गरी देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५४

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका मुद्दाहरूको तुलनात्मक लगत फछ्र्यौट विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	कसुर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसुर ठहर भएको	सफाई भएको	अन्य	जम्मा		
२०७१/०७२	१५२९	१८६३	३३९२	१५५२	१४७	२	१७०१	१६९१	९१.२४
२०७२/०७३	१६६०	१६७५	३३३५	१५८८	११४	४६	१७४८	१५८७	९०.८५
२०७३/०७४	१५२४	१५८३	३१०७	१५७१	१६२	३	१७३६	१३७१	९०.५०

जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका अनुसूची बाहिरका मुद्दाहरूको लगत, फछ्र्यौट र बाँकी सम्बन्धी सूचक





उल्लेखित तथ्याङ्क अनुसार सरकारी वकीलबाट प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत संख्याको विश्लेषण गर्दा २०७१/०७२ मा ३,३९२, २०७२/०७३ मा ३,३३५ र यस आर्थिक वर्षमा ३,१०७ रहेको देखिन्छ । सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरी फछ्र्यौट भएका मुद्दाहरूको विश्लेषण गर्दा २०७१/०७२ मा ५०.१५ प्रतिशत, २०७२/०७३ मा ५२.४१ प्रतिशत र यस आर्थिक वर्षमा ५५.८७ प्रतिशत रहेको देखिन्छ । सरकारी वकीलबाट प्रतिरक्षा गरी फछ्र्यौट भएका मुद्दाहरू मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दाको स्थितिलाई हेर्दा २०७१/०७२ मा ९१.२४ प्रतिशत, २०७२/०७३ मा ९०.८५ प्रतिशत र यस आर्थिक वर्षमा ९०.५० प्रतिशत मुद्दामा कसूर ठहर वा दाबी कायम भएको तथ्याङ्कबाट देखिन्छ ।

(घ) प्रतिरक्षा गरिएका रिट निवेदन :- नेपालको संविधानको धारा १५१ को उपधारा (१) र न्यायप्रशासन ऐन, २०७३ को दफा ७ को उपदफा (२) मा जिल्ला अदालतलाई आफ्नो क्षेत्र भित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकतानुसार बन्दीप्रत्यक्षीकरण वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार प्रदान गरेको छ । जिल्ला अदालतमा दायर हुने यस्ता निवेदनहरूमा नेपाल सरकार, सरकारी निकाय वा पदाधिकारीहरूको तर्फबाट सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवं प्रतिरक्षा गर्दछन् । आर्थिक वर्ष २०७१/०७२ मा प्रतिरक्षा गरिएका रिट निवेदनहरूको संख्या ७४१ रहेकामा ५६५ थान निवेदनहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका निवेदनहरू मध्ये ३९४ अर्थात ६९.७३ प्रतिशत निवेदन खारेज भएको थियो । २०७२/०७३ मा प्रतिरक्षा गरिएका रिट निवेदनहरूको संख्या ६५१ रहेकामा ४५१ थान निवेदनहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका निवेदनहरू मध्ये ३१० अर्थात ६८.७४ प्रतिशत निवेदन खारेज भएको थियो । यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका रिट निवेदनहरूको संख्या ७९७ रहेकामा ४९० थान निवेदनहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका निवेदनहरू मध्ये ३५२ अर्थात ७१.८४ प्रतिशत निवेदन खारेज भएको देखिन्छ । जिल्ला अदालतमा प्रतिरक्षा गरिएको रिट निवेदनहरूको जिल्लागत

एवं एकमुष्ठ विषयगत विवरण **अनुसूची ३०** मा प्रस्तुत गरिएको छ । यस सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५५

जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका निवेदनहरूको तुलनात्मक लगत फछ्र्यौट विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	जिकिर कायम भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	निवेदन खारेज	निवेदन जारी	अन्य	जम्मा		
२०७१/०७२	१७४	५६७	७४१	३९४	१६४	७	५६५	१७६	६९.७३
२०७२/०७३	२०२	४४९	६५१	३१०	१३६	५	४५१	२००	६८.७४
२०७३/०७४	१७७	६२०	७९७	३५२	१३४	४	४९०	३०७	७१.८४

(ङ) प्रतिरक्षा गरिएका मुद्दा :- जिल्ला अदालतमा दायर हुने अनुसूची भित्र र बाहिरका मुद्दा बाहेक नेपाल सरकार उपर परेका मुद्दामा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवं प्रतिरक्षा गर्दछन् । आर्थिक वर्ष २०७२/०७३ मा प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत संख्या २६४ रहेकामा १३४ थान मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू मध्ये १०७ अर्थात ७९.८५ प्रतिशत मुद्दामा जिकिर पुगेको थियो । यस आर्थिक वर्षमा प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत संख्या ४३१ रहेकामा २०१ थान मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू मध्ये १५१ अर्थात ७५.१२ प्रतिशत मुद्दामा जिकिर पुगेको देखिन्छ । जिल्ला अदालतमा प्रतिरक्षा गरिएको मुद्दाहरूको जिल्लागत एवं एकमुष्ठ विषयगत विवरण **अनुसूची ३०** मा प्रस्तुत गरिएको छ । यस सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५६

जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका मुद्दाहरूको तुलनात्मक लगत फछ्र्यौट विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	जिकिर कायम भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	जिकिर कायम	जिकिर नपुग्ने	अन्य	जम्मा		
२०७२/०७३	७१	१९३	२६४	१०७	२७	०	१३४	१३०	७९.८५
२०७३/०७४	१०३	३२८	४३१	१५१	४५	५	२०१	२३०	७५.१२

(च) पुनरावेदन :- नेपालको संविधानको धारा १५१ को उपधारा (१) र न्यायप्रशासन ऐन, २०७३ को दफा ७ को उपदफा (४) मा जिल्ला अदालतलाई संघीय कानून बमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश उपर र प्रदेश कानून बमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार प्रदान गरेको छ । जिल्ला अदालतमा दायर हुने यस प्रकृतिका पुनरावेदनमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले पुनरावेदन गर्न र बहस पैरवी एवं प्रतिरक्षा गर्दछन् । आर्थिक वर्ष २०७२/०७३ मा पुनरावेदन गरी प्रतिरक्षा गरिएका मुद्दाहरूको संख्या ४ रहेकामा कुनै पनि फछ्र्यौट नभएको थियो । यस आर्थिक वर्षमा पुनरावेदन गरिएका मुद्दाहरूको लगत संख्या ७४ रहेकामा २१ थान मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू मध्ये १५ अर्थात ७५.१२ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ । जिल्ला अदालतमा प्रतिरक्षा गरिएको पुनरावेदन सम्बन्धी मुद्दाहरूको जिल्लागत एवं एकमुष्ठ विषयगत विवरण **अनुसूची ३०** मा प्रस्तुत गरिएको छ । यस सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५७

जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका निवेदनहरूको तुलनात्मक लगत फछ्र्यौट विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	कसूर कायम भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर वा दाबी कायम	कसूरमा सफाइ वा दाबी नपुग्ने	अन्य	जम्मा		
२०७२/०७३	०	४	४	०	०	०	०	४	
२०७३/०७४	१३	६१	७४	१५	६	०	२१	५३	७१.४३

३.२ जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाको कारबाही विवरण

यस आर्थिक वर्षको जिल्ला सरकारी वकील कार्यालयहरूको मुद्दाको विषयगत लगत, फछ्र्यौट र बाँकी विवरणको छुट्टाछुट्टै तथ्याङ्क **अनुसूची ३०** मा प्रस्तुत गरिएको छ । उक्त विवरणमा विभिन्न जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा र प्रतिवादीको संख्यात्मक रूपमा लगत, फछ्र्यौट र बाँकीको संख्या र कसूर ठहर वा दाबी कायम र सफाइ भएका वा दाबी नपुग्ने मुद्दाको संख्या समावेश गरिएको छ । यस अनुसूचीमा नेपाल सरकार वादी हुने सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित मुद्दाहरू, नेपाल

सरकार वादी हुने अन्य मुद्दाहरू तथा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्नुपर्ने मुद्दाहरूका अतिरिक्त जिल्ला प्रशासन कार्यालय एवं अन्य न्यायिक निकायहरूमा दायर भएका मुद्दाहरूको एकमुष्ठ विषयगत विवरण प्रस्तुत गरिएको छ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचीमा उल्लेखित मुद्दाहरू र सरकारी वकीलबाट प्रतिरक्षा गरिएका मुद्दाहरूको एकमुष्ठ विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५८

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत फछ्र्यौट विवरण

मुद्दाको विवरण		अदालत/कार्यालय	लगत	फछ्र्यौट						बाँकी
				कसूर वा दावी कायम	कसूरमा सफाइ वा दावी नपुग्ने	मुद्दा फिर्ता	मुल्तवी	अन्य	जम्मा	
अनुसूची भित्रका	फौजदारी	अदालत तर्फ	१९१०६	८०८५	३३५१	०	११४	५	११५५५	७५५१
		जिल्ला प्रशासन कार्यालयतर्फ	१६५४८	९२०५	१२११	०	०	०	१०४१६	६१३२
		अन्य निकाय तर्फ	२	०	०	०	०	०	०	२
	देवानी		४५	२२	१	०	०	०	२३	२२
अनुसूची भित्रकाको जम्मा			३५७०१	१७३१२	४५६३	०	११४	५	२१९९४	१३७०७
अनुसूची बाहिरका	फौजदारी /देवानी	अदालत तर्फ	११७२	५७०	७७	०	०	०	६४७	५२५
		जिल्ला प्रशासन कार्यालयतर्फ	२९७	१६४	१२	०	०	०	१७६	१२१
		अन्य निकाय तर्फ	१६३८	८३७	७३	०	०	३	९१३	७२५
अनुसूची बाहिरका जम्मा			३१०७	१५७१	१६२	०	०	३	१७३६	१३७१
कुल जम्मा			**३८८०८**	**१८८८३**	**४७२५**	**०**	**११४**	**८**	**२३७३०**	**१५०७८**

अनुसूची भित्र/बाहिरका मुद्दाहरूको लगत, फछ्र्यौट र बाँकी तथा कारबाहीको सूचक



जिल्ला सरकारी वकील कार्यालयहरूबाट सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्र र बाहिरका फौजदारी र देवानी मुद्दाहरूमा बहस, पैरवी र प्रतिरक्षा गरिएको मुद्दाहरूको लगत, फछ्र्यौट र बाँकीको विवरण तथा फछ्र्यौट भएका मुद्दाहरू मध्ये कसूर कायम तथा सफाइ भएका मुद्दाहरूको विषयगत वर्गीकरण गरी ती मुद्दाहरूमा गरिएको अभियोजन सम्बन्धी निर्णय, जम्मा लगत संख्या, कसूर ठहरको अवस्था समेतको विश्लेषण र तथ्यांक छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

३.२.१ मुद्दामा भएको अभियोजन सम्बन्धी निर्णयको विवरण

नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था गरेको छ । साथै उपधारा (७) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही

प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ । उक्त संवैधानिक प्रावधान अनुरूप मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार महान्यायाधिवक्ताबाट मातहत सरकारी वकीलहरूलाई आफूमा निहित मुद्दा चलाउने नचलाउने अधिकार सुम्पेको पाइन्छ । सोही बमोजिमको व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ मा भई महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन गरिएको थियो । सो अनुसार जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ र अनुसूची-२ मा उल्लेखित मुद्दा र नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दामा मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने गर्दछन् । सो अनुसार यस आर्थिक वर्षमा अभियोजन गरिएका मुद्दाहरूको विषयगत वर्गीकरण, ती मुद्दामा भएको निर्णय, मुद्दा संख्या र प्रतिवादी संख्या देहाय बमोजिम उल्लेख गरिएको छ ।

(क) अनुसूची भित्रका मुद्दा

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ र २ मा उल्लेखित मुद्दाहरू मुद्दा चल्ने वा नचल्ने निर्णय जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले गर्दछन् । यस आर्थिक वर्षमा मुद्दा चल्ने नचल्ने सम्बन्धमा गरिएका निर्णयको विषयगत वर्गीकरण, मुद्दा संख्या र प्रतिवादी संख्या देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस अनुसार २३२९८ वटा (९९.२६ प्रतिशत) मुद्दा चलाउने र १२३ थान (०.५२ प्रतिशत) मुद्दा नचलाउने निर्णय भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३१** मा उल्लेख छ । सरकारी वकीलबाट अभियोजन गर्ने निर्णय गरिएका मुद्दा र प्रतिवादीहरूको संख्या तथा अभियोजन नगर्ने निर्णय गरिएका मुद्दाको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५९

जिल्ला सरकारी वकील कार्यालयहरूबाट भएका अभियोजन गरिएका अनुसूची भित्रका मुद्दाहरूको विषयगत विवरण

सि.नं.	मुद्दाको विषयगत विवरण	यस आर्थिक वर्षमा अभियोजन गरेको निर्णय संख्या			
		मुद्दा चलाउने		मुद्दा नचलाउने	
		मुद्दा संख्या	प्रतिवादी संख्या	मुद्दा संख्या	प्रतिवादी संख्या
१	अपहरण	१४०	३७९	४	१४
२	कुटपिट अंगभंग	८१	१७१	१	२
३	आगलागी	९५	२८६	९	१७
४	आर्थिक	५७६	१२५५	२४	२९
५	करणी	२०२७	२५२१	१४	१६
६	किर्ते	२४३	५४७	१	२
७	चोरी	१९३१	४०२३	९	२३
८	ज्यान	१५९३	३८६९	३६	७९
९	देवानी	३०	३१	०	०
१०	नागरिकता	५७	१७९	१	१
११	प्रतिलिपि अधिकार	६	१५	१	३
१२	प्रविधि सम्बन्धी	१२६	२४७	०	०
१३	मानव बेचविखन	३०३	५६९	१	१
१४	राहदानी	१०	१०	०	०
१५	लागू औषध	२५३२	४५५४	५	१३
१६	विवाह	५२४	१०७१	३	५
१७	सवारी ज्यान	२२७९	३०४१	४	४
१८	सार्वजनिक अपराध	९७७४	१६८८२	३	११
१९	हात हतियार	३३८	६४९	०	०
२०	विविध	६३३	२३१२	७	३४
	जम्मा	२३२९८	४२६११	१२३	२५४

(ख) अनुसूची बाहिरका मुद्दा

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचीमा उल्लेख नभएका तर अन्य नेपाल कानून अनुसार नेपाल सरकार वादी हुने मुद्दामा अभियोजनको निर्णय सरकारी वकीलले गरे पश्चात सम्बन्धित अनुसन्धान अधिकारीले अदालत तथा अन्य निकायमा

अभियोगपत्र दायर गर्दछन् । अनुसूची बाहिरका मुद्दामा गरिएका अभियोजन सम्बन्धी निर्णय देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३१** मा उल्लेख छ ।

तालिका नं. ६०

जिल्ला सरकारी वकील कार्यालयहरूबाट अभियोजन गरिएका अनुसूची बाहिरका मुद्दाहरूको विषयगत विवरण

सि.नं.	मुद्दाको विषयगत विवरण	यस आर्थिक वर्षमा अभियोजन गरेको निर्णय संख्या			
		मुद्दा चलाउने		मुद्दा नचलाउने	
		मुद्दा संख्या	प्रतिवादी संख्या	मुद्दा संख्या	प्रतिवादी संख्या
१	अध्यागमन	२५१	३२३	०	०
२	उपभोक्ता	३३	७३	०	०
३	औषधि	२	२	०	०
४	खाद्य ऐन अन्तर्गतका	२३६	३७६	२	२
५	गुणस्तर (प्रमाण चिन्ह)	६	५	०	०
६	नाप तौल सम्बन्धी	३	३	०	०
७	निर्वाचन सम्बन्धी	२	३	०	०
८	वैदेशिक रोजगार	०	०	१	२
९	राजश्व चुहावट	१९	६९	०	०
१०	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	१४१	५२०	१	१
११	विदेशी विनिमय	३६	९२	०	०
१२	वन	७६७	२३११	४	८
१३	विद्युत चोरी	१६	६६	०	०
१४	शिक्षा ऐन दफा १७(१)	२	४	०	०
१६	अन्य	६९	११४	०	०
जम्मा		१५८३	३९६१	८	१३

जिल्ला सरकारी वकील कार्यालयहरूबाट अभियोजन सम्बन्धमा गरिएका मुद्दाहरूको सूचक





३.२.२ मुद्दाको विषयगत वर्गीकरण, लगत र कारबाहीको विवरण

(क) अनुसूची भित्रका मुद्दाको लगत र कारबाही विवरण

सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रका मुद्दाको विषयगत लगत, फछ्र्यौट र बाँकीको विवरण ती मुद्दाहरूमा भएको कारबाहीको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३१** मा उल्लेख गरिएको छ।

तालिका नं. ६१

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस, पैरवी, प्रतिरक्षा भएको अनुसूची भित्रका मुद्दाहरूको विषयगत विवरण

विषय	लगत		फछ्र्यौट								बाँकी		कसूर ठहर भएको प्रतिशत
			कसूर ठहर वा दावी कायम		सफाइ वा दावी नपुग्ने		फिर्ता, मुल्तवी, अन्य		जम्मा				
	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	
अपहरण	२४७	७१३	६८	१३१	६७	१८७	३	९	१३८	३२७	१०९	३८६	४९.२८
कुटपिट अंगभंग	१५२	३९४	२९	७७	५७	१४०		१	८६	२१८	६६	१७६	३३.७२
आगलागी	१४८	५३१	२६	६६	३९	१०३	१	१	६६	१७०	८२	३६१	३९.३९
आर्थिक	९६३	३१६०	२५३	१०८३	२७९	६६५	१०	४०	५४२	१७८८	४२१	१३७२	४६.६८
करणी	२८२१	३५८८	९५२	११७८	६२८	८९१	४८	७६	१६२८	२१४५	११९३	१४४३	५८.४८
किर्ते	३८६	१०६२	१५९	३५६	७४	१७७	१	३	२३४	५३६	१५२	५२६	६७.९५
चोरी	२७२३	६४१३	१२६९	२२७३	५१२	१४४२	१०	६२	१७९१	३७७७	९३२	२६३६	७०.८५
ज्यान	२७४३	७६०५	७९४	१४७६	७०२	१९४८	२७	८२	१५२३	३५०६	१२२०	४०९९	५२.१३
देवानी	७३	९०	३५	५४	१	१			३६	५५	३७	३५	९७.२२
नागरिकता	१०६	३३०	२८	८६	१६	३७			४४	१२३	६२	२०७	६३.६४
प्रतिलिपि अधिकार	१५	३०	३	५	४	६			७	११	८	१९	४२.८६
प्रविधि सम्बन्धी	१५९	४०९	७१	१६०	३८	१३८			१०९	२९८	५०	१११	६५.१४
मानव बेचविखन	४५४	१०५८	१५३	२७४	११३	२३३	४	१८	२७०	५२५	१८४	५३३	५६.६७
राहदानी	१७	१७	११	११	१	१			१२	१२	५	५	९१.६७
लागू औषध	३१९१	६३५१	१६४६	३०८३	४३७	८५९	१	४२	२०८४	३९८४	११०७	२३६७	७८.९८
विवाह	८०२	१६८४	२८६	५७०	१३४	३२२	७	२६	४२७	९१८	३७५	७६६	९२.६८
सवारी ज्यान	३१८९	४६६४	१८११	२११५	१३८	२२४	५	१३	१९५४	२३५२	१२३५	२३१२	८९.२२
सार्वजनिक अपराध	१५९९२	२९२६७	९१०६	१७१९९	११००	१७८८		२	१०२०६	१८९८९	५७८६	१०२७८	८९.२२
हात हतियार	६२३	१४५३	२२७	४६८	६४	२०४	२	१३	२९३	६८५	३३०	७६८	७७.४७
विविध	८९७	३३४५	३८५	१७८३	१५९	३५६			५४४	२१३९	३५३	१२०६	७०.७७
जम्मा	३५७०१	७२१६४	१७३१२	३२४४८	४५६३	९७२२	११९	३८८	२१९९४	४२५५८	१३७०७	२९६०६	७८.७१

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्रका मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या ३५,७०१ र प्रतिवादी संख्या ७२,१६४ मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या १७,३१२ र प्रतिवादी संख्या ३२,४४८, सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या ४,५६३ र प्रतिवादी संख्या ९,७२२ एवं अन्य तवरले (मुद्दा फिर्ता, मुल्तवी आदि) फछ्र्यौट मुद्दा संख्या ११९ र प्रतिवादी संख्या ३८८ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २१,९९४ र प्रतिवादी संख्या ४२,५५८ भई बाँकी मुद्दा संख्या १३,७०७ र प्रतिवादी संख्या २९,६०६ रहेको देखिन्छ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका फौजदारी मुद्दामा भएको कसूर ठहरलाई हेर्दा यस आर्थिक वर्षमा सबैभन्दा बढी विवाह मुद्दामा ९२.६८ प्रतिशत, राहदानी मुद्दामा ९१.६७ प्रतिशत तथा सवारी ज्यान तथा सार्वजनिक अपराध सम्बन्धी मुद्दामा ८९.२२ प्रतिशत, लागू औषध मुद्दामा ७८.९८ प्रतिशत प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ। यसैगरी हातहतियार मुद्दामा ७७.४७ प्रतिशत, चोरी मुद्दामा ७०.८५ प्रतिबशत, किर्ते मुद्दामा ६७.९५ प्रतिशत, प्रविधि सम्बन्धी मुद्दामा ७५.०० प्रतिशत, नागरिकता मुद्दामा ६३.६४ प्रतिशत, करणी मुद्दामा ५८.४८ प्रतिशत, मानव बेचविखन मुद्दामा ५६.५७ प्रतिशत, ज्यान मुद्दामा ५२.१३ प्रतिशत, अपहरण मुद्दामा ४९.२८ प्रतिशत, आर्थिक मुद्दामा ४६.६८ प्रतिशत, प्रतिलिपि अधिकार मुद्दामा ४२.८६ प्रतिशत, आगलागी मुद्दामा ३९.३९ प्रतिशत, अंगभंग (कुटपिट) मुद्दामा ३३.७२ प्रतिशत, एवं विविध मुद्दामा ७०.७० प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ भने देवानी मुद्दामा ९७.२२ प्रतिशत दाबी कायम भएको तथ्याङ्कबाट देखिन्छ। यी मुद्दाहरूको विषयगत विवरण र विश्लेषण देहाय बमोजिम गरिएको छ।

१. अपहरण

अपहरण तथा शरीर बन्धक मुद्दाको जम्मा लगत मुद्दा संख्या २४७ र प्रतिवादी संख्या ७१३ रहेको छ । यस मध्ये कसूर ठहर भएका संख्या ६८ र प्रतिवादी संख्या १३१, सफाइ भएका मुद्दा संख्या ६७ र प्रतिवादी संख्या १८७ एवं अन्य तवरले फछ्र्यौट भएको मुद्दा ३ र प्रतिवादी संख्या ९ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १३८ र प्रतिवादी संख्या ३२७ भई बाँकी मुद्दा संख्या १०९ र प्रतिवादी संख्या ३८६ रहेको देखिन्छ ।

२. अंगभंग (कुटपिट)

अंगभंग (कुटपिट) मुद्दाको जम्मा लगत संख्या १५२ र प्रतिवादी संख्या ३९४ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २९ र प्रतिवादी संख्या ७७, सफाइ भएका मुद्दा संख्या ५७ र प्रतिवादी संख्या १४० एवं अन्य तवरले फछ्र्यौट भएको प्रतिवादी संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ८६ र प्रतिवादी संख्या २१८ भई बाँकी मुद्दा संख्या ६६ र प्रतिवादी संख्या १७६ रहेको देखिन्छ ।

३. आगलागी

आगलागी मुद्दाको जम्मा लगत संख्या १४८ र प्रतिवादी संख्या ५३१ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २६ र प्रतिवादी संख्या ६६, सफाइ भएका मुद्दा संख्या ३९ र प्रतिवादी संख्या १०३ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या १ र प्रतिवादी संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ६६ र प्रतिवादी संख्या १७० भई बाँकी मुद्दा संख्या ८२ र प्रतिवादी संख्या ३६१ रहेको देखिन्छ ।

४. आर्थिक

आर्थिक (खोटा चलन, चन्दा, चिट्ठा, ठगी, बैकिङ्ग कसूर, विदेशी मुद्रा, नेपाल राष्ट्र बैंक सम्बन्धी र आर्थिक अपराधसँग सम्बन्धित अन्य) मुद्दाको जम्मा लगत संख्या ९६३ र प्रतिवादी संख्या ३,१६० रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २५३ र प्रतिवादी संख्या १,०८३, सफाइ भएका मुद्दा संख्या २७९ र प्रतिवादी संख्या ६५५ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या १० र प्रतिवादी संख्या ४० गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ५४२ र प्रतिवादी संख्या १,७८८ भई बाँकी मुद्दा संख्या ४२१ र प्रतिवादी संख्या १,३७२ रहेको देखिन्छ ।

५. करणी

करणी (जबर्जस्ती करणी, जबर्जस्ती करणी उद्योग, अप्राकृतिक मैथुन र अन्य) मुद्दाको जम्मा लगत संख्या २,८२१ र प्रतिवादी संख्या ३,५८८ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ९५२ र प्रतिवादी संख्या १,१७८, सफाइ भएका मुद्दा संख्या ६२८ र प्रतिवादी संख्या ८९१ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या ४८ र प्रतिवादी संख्या ७६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १,६२८ र प्रतिवादी संख्या २,१४५ भई बाँकी मुद्दा संख्या १,१९३ र प्रतिवादी संख्या १,४४३ रहेको देखिन्छ ।

६. किर्ते

किर्ते मुद्दाको जम्मा लगत संख्या २८६ र प्रतिवादी संख्या १,०६२ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १५९ र प्रतिवादी संख्या ३५६, सफाइ भएका मुद्दा संख्या ७४ र प्रतिवादी संख्या १७७ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या १ र प्रतिवादी संख्या ३ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २३४ र प्रतिवादी संख्या ५३६ भई बाँकी मुद्दा संख्या १५२ र प्रतिवादी संख्या ५२६ रहेको देखिन्छ ।

७. चोरी

चेरी (साधारण, नकवजनी, जबर्जस्ती, रहजनी, डाँका) मुद्दाको जम्मा लगत संख्या २,७२३ र प्रतिवादी संख्या ६,४१३ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १,२६९ र प्रतिवादी संख्या २,२७३, सफाइ भएका मुद्दा संख्या ५१२ र प्रतिवादी संख्या १,४४२ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या १० र प्रतिवादी संख्या ६२ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १,७९१ र प्रतिवादी संख्या ३,७७७ भई बाँकी मुद्दा संख्या ९३२ र प्रतिवादी संख्या २,६३६ रहेको देखिन्छ ।

८.ज्यान

ज्यान (आवेश प्रेरित हत्या, कर्तव्य ज्यान, गर्भपतन, ज्यान मार्ने उद्योग, भवितव्य ज्यान, सवारी ज्यान) मुद्दाको जम्मा लगत संख्या २,७४३ र प्रतिवादी संख्या ७,६०५ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ७९४ र प्रतिवादी संख्या १,४७६, सफाइ भएका मुद्दा संख्या ७०२ र प्रतिवादी संख्या १,९४८ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या २७ र प्रतिवादी संख्या ८२ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १,५२३ र प्रतिवादी संख्या ३,५०६ भई बाँकी मुद्दा संख्या १,२२० र प्रतिवादी संख्या ४,०९९ रहेको देखिन्छ ।

९. देवानी

देवानी मुद्दाको जम्मा लगत संख्या ७३ र प्रतिवादी संख्या ९० रहेको छ । यस मध्ये दाबी कायम भएका मुद्दा संख्या ३५ र प्रतिवादी संख्या ५४, गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १ र प्रतिवादी संख्या १ भई बाँकी मुद्दा संख्या ३६ र प्रतिवादी संख्या ५५ रहेको देखिन्छ ।

१०. नागरिकता

नागरिकता मुद्दाको जम्मा लगत संख्या १०६ र प्रतिवादी संख्या ३३० रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २८ र प्रतिवादी संख्या ८६, सफाइ भएका मुद्दा संख्या १६ र प्रतिवादी संख्या ३७ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ४४ र प्रतिवादी संख्या १२३ भई बाँकी मुद्दा संख्या ६२ प्रतिवादी संख्या २०७ रहेको देखिन्छ ।

१२. प्रतिलिपि अधिकार

प्रतिलिपि अधिकार मुद्दाको जम्मा लगत संख्या १५ र प्रतिवादी संख्या ३० रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३ र प्रतिवादी संख्या ५, सफाइ भएका मुद्दा संख्या ४ र प्रतिवादी संख्या ६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ७ र प्रतिवादी संख्या ११ भई बाँकी मुद्दा संख्या ८ र प्रतिवादी संख्या १९ रहेको देखिन्छ ।

१३. प्रविधि सम्बन्धी

प्रविधि सम्बन्धी (दूर सञ्चार, विद्युतीय कारोबार र अन्य) मुद्दाको जम्मा लगत संख्या १५९ र प्रतिवादी संख्या ४०९ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ७१ र प्रतिवादी संख्या १६०, सफाइ भएका मुद्दा संख्या ३८ र प्रतिवादी संख्या १३८ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १०९ र प्रतिवादी संख्या २९८ भई बाँकी मुद्दा संख्या ५० र प्रतिवादी संख्या १११ रहेको देखिन्छ ।

१४. मानव बेचविखन

मानव बेचविखन मुद्दाको जम्मा लगत संख्या ४५४ र प्रतिवादी संख्या १,०५८ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १५३ र प्रतिवादी संख्या २७४, सफाइ भएका मुद्दा संख्या ११३ र प्रतिवादी संख्या २३३ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या ४ प्रतिवादी संख्या १८ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २७० र प्रतिवादी संख्या ५२५ भई बाँकी मुद्दा संख्या १८४ र प्रतिवादी संख्या ५३३ रहेको देखिन्छ ।

१५. राहदानी

राहदानी मुद्दाको जम्मा लगत संख्या १७ र प्रतिवादी संख्या १७ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ११ र प्रतिवादी संख्या ११, सफाइ भएका मुद्दा संख्या १ र प्रतिवादी संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १२ र प्रतिवादी संख्या १२ भई बाँकी मुद्दा संख्या ५ र प्रतिवादी संख्या ५ रहेको देखिन्छ ।

१६. लागू औषध

लागू औषध मुद्दाको जम्मा लगत संख्या ३,१९१ र प्रतिवादी संख्या ६,३५१ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १,६४६ र प्रतिवादी संख्या ३,०८३, सफाइ भएका मुद्दा संख्या ४३७ र प्रतिवादी संख्या ८५९ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या १ र प्रतिवादी संख्या ४२ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २,०८४ र प्रतिवादी संख्या ३,९८४ भई बाँकी मुद्दा संख्या १,१०७ र प्रतिवादी संख्या २,३६७ रहेको देखिन्छ ।

१७. विवाह

विवाह (बहु विवाह र बाल विवाह) मुद्दाको जम्मा लगत संख्या ८२ र प्रतिवादी संख्या १,६८४ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २८६ र प्रतिवादी संख्या ५७०, सफाइ भएका मुद्दा संख्या १३४ र प्रतिवादी संख्या ३२२ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या ७ र प्रतिवादी संख्या २६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ४२७ र प्रतिवादी संख्या ९१८ भई बाँकी मुद्दा संख्या ३७५ र प्रतिवादी संख्या ७६६ रहेको देखिन्छ ।

१८. सवारी ज्यान

सवारी ज्यान (सवारीबाट अंगभंग, सवारीबाट कर्तव्य, लापरबाही, भवितव्य र क्षतिपूर्ति) मुद्दाको जम्मा लगत संख्या ३,१८९ र प्रतिवादी संख्या ४,६६४ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १,८११ र प्रतिवादी संख्या २,११५, सफाइ भएका मुद्दा संख्या १३८ र प्रतिवादी संख्या २२४ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या ५ र प्रतिवादी संख्या १३ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १,९५४ र प्रतिवादी संख्या २,३५२ भई बाँकी मुद्दा संख्या १,२३५ र प्रतिवादी संख्या २,३१२ रहेको देखिन्छ ।

१९. सार्वजनिक अपराध

सार्वजनिक अपराध मुद्दाको जम्मा लगत संख्या १५,९९२ र प्रतिवादी संख्या २९,२६७ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ९,१०६ र प्रतिवादी संख्या १७,१९९, सफाइ भएका मुद्दा संख्या १,१०० र प्रतिवादी संख्या १,७८८ एवं अन्य तवरले फछ्र्यौट प्रतिवादी संख्या २ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १०,२०६ र प्रतिवादी संख्या १८,९८९ भई बाँकी मुद्दा संख्या ५,७८६ र प्रतिवादी संख्या १०,२७८ रहेको देखिन्छ ।

२०. हातहतियार तथा खरखजना

हातहतियार तथा खरखजना मुद्दाको जम्मा लगत संख्या ६२३ र प्रतिवादी संख्या १,४५३ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २२७ र प्रतिवादी संख्या ४६८, सफाइ भएका मुद्दा संख्या ६४ र प्रतिवादी संख्या २०४ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या २ र प्रतिवादी संख्या १३ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २९३ र प्रतिवादी संख्या ६८५ भई बाँकी मुद्दा संख्या ३३० र प्रतिवादी संख्या ७६८ रहेको देखिन्छ ।

२१ . विविध

विविध (अंग प्रत्यारोपण, आवश्यक वस्तु संरक्षण, कालो बजार, गोबध, छुवाछुत, जुवा, धर्म सम्बन्धी, प्राचीन स्मारक, राज्य विरुद्धको अपराध, विष्फोटक पदार्थ, शिक्षा ऐनको दफा १७(क), स्वास्थ्यकर्मी र संस्थाको सुरक्षा र अन्य) मुद्दाको जम्मा लगत मुद्दा संख्या ८९७ र प्रतिवादी संख्या ३,३४५ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३८५ र प्रतिवादी संख्या १,७८३, सफाइ भएका मुद्दा संख्या १५९ र प्रतिवादी संख्या ३५६ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ५४४ र प्रतिवादी संख्या २,१३९ भई बाँकी मुद्दा संख्या ३५३ र प्रतिवादी संख्या १,२०६ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३१** मा प्रस्तुत गरिएको छ ।

सरकारी वकीलबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत मुद्दाको लगत सूचक



(ख) अनुसूची बाहिरका मुद्दाको लगत र कारबाही विवरण

सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची बाहिरका सरकार वादी मुद्दाको विषयगत लगत, फछ्र्यौट र बाँकीको विवरण ती मुद्दाहरूमा भएको कारबाहीको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३१** मा उल्लेख गरिएको छ ।

तालिका नं. ६२

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची बाहिरका मुद्दाहरूको विषयगत विवरण

सि.न.	विषय	लगत		फछ्र्यौट								बाँकी	
				कसूर ठहर वा दावी कायम		सफाइ वा दावी नपुग्ने		फिर्ता, मुल्तवी, तामेली		जम्मा			
		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
१	अध्यागमन	३२७	४०२	२२०	२६२	२०	४०	०	०	२४०	३०२	८७	१००
२	उपभोक्ता संरक्षण	४४	८३	३९	७६	१	१	०	०	४०	७७	४	६
३	औषधि	३	३	१	१	०	०	०	०	१	१	२	२
४	खाद्य ऐन अन्तर्गतका	३४६	५१५	१९९	२७४	१३	१४	०	०	२१२	२८८	१३४	२२७
५	गुणस्तर (प्रमाण चिन्ह)	७	९	०	०	०	०	०	०	०	०	७	९
६	नाप तौल सम्बन्धी	१४	२६	६	११	५	१२	०	०	११	२३	३	३
७	निर्वाचन सम्बन्धी	२	३	०	०	०	०	०	०	०	०	२	३
८	वैदेशिक रोजगार	१	४	०	०	०	०	०	०	०	०	१	४
९	राजश्व चुहावट	२६	७६	१०	३५	५	२१	०	०	१५	५६	११	२०
१०	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	३७३	१३०१	१६६	६३१	२३	१०१	०	१	१८९	७३३	१८४	५६८
११	विदेशी विनिमय	६०	१३२	२१	४३	४	२५	०	०	२५	६८	३५	६४
१२	वन	१७४१	५१९३	८४३	२१९०	८५	३८३	३	२१	९३१	२५९४	८१०	२५९९
१३	विद्युत चोरी	२८	९२	१२	३८	३	३०	०	०	१५	६८	१३	२४
१४	शिक्षा ऐन दफा १७(१)	३	८	२	४	०	०	०	०	२	४	१	४
१५	सम्पत्ति शुद्धीकरण	०	०	०	०	०	०	०	०	०	०	०	०
१६	सामाजिक सुधार ऐन	१	१	१	१	०	०	०	०	१	१	०	०
१७	स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	०	०	०	०	०	०	०	०
१८	अन्य	१३१	४२१	५१	७४	३	७	०	०	५४	८१	७७	३४०
जम्मा		३१०७	८२६९	१५७१	३६४०	१६२	६३४	३	२२	१७३६	४२९६	१३७१	३९७३

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची बाहिरका मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या ३,१०७ र प्रतिवादी संख्या ८,२६९ रहेको छ । यस मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या १,५७१ र प्रतिवादी संख्या ३,६४०, सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या १६२ र प्रतिवादी संख्या ६३४ एवं अन्य तवरले (मुद्दा फिर्ता, मुल्तवी आदि) फछ्र्यौट मुद्दा संख्या ३ र प्रतिवादी संख्या २२ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १,७३६ र प्रतिवादी संख्या ४,२९६ भई बाँकी मुद्दा संख्या १,३७१ र प्रतिवादी संख्या ३,९७३ रहेको देखिन्छ ।

१. अध्यागमन

अध्यागमन मुद्दाको जम्मा लगत संख्या ३२७ र प्रतिवादी संख्या ४०२ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २२० र प्रतिवादी संख्या २६२, सफाइ भएका मुद्दा संख्या २० र प्रतिवादी संख्या ४० गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २४० र प्रतिवादी संख्या ३०२ भई बाँकी मुद्दा संख्या ८७ र प्रतिवादी संख्या १०० रहेको देखिन्छ ।

२. उपभोक्ता संरक्षण

उपभोक्ता संरक्षण मुद्दाको जम्मा लगत संख्या ४४ र प्रतिवादी संख्या ८३ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३९ र प्रतिवादी संख्या ७६, सफाइ भएका मुद्दा संख्या १ र प्रतिवादी संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ४० र प्रतिवादी संख्या ७७ भई बाँकी मुद्दा संख्या ४ र प्रतिवादी संख्या ६ रहेको देखिन्छ ।

३. औषधि

औषधि ऐन अन्तर्गतका मुद्दाको जम्मा लगत संख्या ३ र प्रतिवादी संख्या ३ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १ र प्रतिवादी संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १ र प्रतिवादी संख्या १ भई बाँकी मुद्दा संख्या २ र प्रतिवादी संख्या २ रहेको देखिन्छ ।

४. खाद्य ऐन

खाद्य ऐन अन्तर्गतका मुद्दाको जम्मा लगत संख्या ३४६ र प्रतिवादी संख्या ५१५ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १९९ र प्रतिवादी संख्या २७४, सफाइ भएका मुद्दा संख्या १३ र प्रतिवादी संख्या १४ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २१२ र प्रतिवादी संख्या २८८ भई बाँकी मुद्दा संख्या १३४ र प्रतिवादी संख्या २२७ रहेको देखिन्छ ।

५. गुणस्तर

गुणस्तर (प्रमाण चिन्ह) सँग सम्बन्धित मुद्दाको जम्मा लगत संख्या ७ र प्रतिवादी संख्या ९ रहेको छ । यस मध्ये कुनै पनि फछ्र्यौट नभएको देखिन्छ ।

६. नाप तौल

नाप तौल मुद्दाको जम्मा लगत संख्या १४ र प्रतिवादी संख्या २६ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ६ र प्रतिवादी संख्या ११, सफाइ भएका मुद्दा संख्या ५ र प्रतिवादी संख्या १२ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ११ र प्रतिवादी संख्या २३ भई बाँकी मुद्दा संख्या ३ र प्रतिवादी संख्या ३ रहेको देखिन्छ ।

७. राजश्व चुहावट

राजश्व चुहावट मुद्दाको जम्मा लगत संख्या २६ र प्रतिवादी संख्या ७६ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १० र प्रतिवादी संख्या ३५ सफाइ भएका मुद्दा संख्या ५ र प्रतिवादी संख्या २१ भई जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १५ र प्रतिवादी संख्या ५६ र बाँकी मुद्दा संख्या ११ र प्रतिवादी संख्या २० रहेको देखिन्छ ।

८. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु मुद्दाको जम्मा लगत संख्या ३७३ र प्रतिवादी संख्या १,३०१ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १६६ र प्रतिवादी संख्या ६३१ सफाइ भएका मुद्दा संख्या २३ र प्रतिवादी संख्या १०१ एवं अन्य तवरले फछ्र्यौट भएको प्रतिवादी संख्या १ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १८९ र प्रतिवादी संख्या ७३३ भई बाँकी मुद्दा संख्या १८४ र प्रतिवादी संख्या ५६८ रहेको देखिन्छ ।

९. विदेशी विनिमय

विदेशी विनिमय मुद्दाको जम्मा लगत संख्या ६० र प्रतिवादी संख्या १३२ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २१ र प्रतिवादी संख्या ४३, सफाइ भएका मुद्दा संख्या ४ र प्रतिवादी संख्या २५ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २५ र प्रतिवादी संख्या ६८ भई बाँकी मुद्दा संख्या ३५ र प्रतिवादी संख्या ६४ रहेको देखिन्छ ।

१०. वन

वन मुद्दाको जम्मा लगत संख्या १,७४१ र प्रतिवादी संख्या ५,१९३ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ८४३ र प्रतिवादी संख्या २,१९०, सफाइ भएका मुद्दा संख्या ८५ र प्रतिवादी संख्या ३८३ एवं अन्य तवरले फछ्र्यौट मुद्दा संख्या ३ र प्रतिवादी संख्या २१ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ९३१ र प्रतिवादी संख्या २,५९४ भई बाँकी मुद्दा संख्या ८१० र प्रतिवादी संख्या २,५९९ रहेको देखिन्छ ।

११. विद्युत चोरी

विद्युत चोरी मुद्दाको जम्मा लगत संख्या २८ र प्रतिवादी संख्या ९२ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १२ र प्रतिवादी संख्या ३८, सफाइ भएका मुद्दा संख्या ३ र प्रतिवादी संख्या ३० गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या १५ र प्रतिवादी संख्या ६८ भई बाँकी मुद्दा संख्या १३ र प्रतिवादी संख्या २४ रहेको देखिन्छ ।

१२. शिक्षा ऐनको दफा १७(१)

शिक्षा ऐनको दफा १७(१) अन्तर्गतका मुद्दाको जम्मा लगत संख्या ३ र प्रतिवादी संख्या ८ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २ र प्रतिवादी संख्या ४ भई बाँकी मुद्दा संख्या १ र प्रतिवादी संख्या ४ रहेको देखिन्छ ।

१३. सामाजिक सुधार ऐन

सामाजिक सुधार ऐन अन्तर्गतका मुद्दाको जम्मा लगत संख्या १ र प्रतिवादी संख्या १ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १ र प्रतिवादी संख्या १ भई सबै मुद्दा फछ्र्यौट भएको देखिन्छ ।

१३. स्वास्थ्य व्यवसायी परिषद् ऐन

स्वास्थ्य व्यवसायी परिषद् अन्तर्गतका मुद्दाको जम्मा लगत संख्या १ र प्रतिवादी संख्या ७ रहेको छ । यस मध्ये कुनै पनि मुद्दा फछ्र्यौट नभएको देखिन्छ ।

१४. अन्य

अनुसूची बाहिरका अन्य मुद्दाको जम्मा लगत संख्या १३१ र प्रतिवादी संख्या ४२१ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५१ र प्रतिवादी संख्या ७४, सफाइ भएका मुद्दा संख्या ३ र प्रतिवादी संख्या ७ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या ५४ र प्रतिवादी संख्या ८१ भई बाँकी मुद्दा संख्या ७७ र प्रतिवादी संख्या ३४० रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३१** मा प्रस्तुत गरिएको छ ।

३.३ मुद्दाहरूको क्षेत्रगत विभाजन तथा लगतको स्थिति

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रका मुद्दा र सो अनुसूची अन्तर्गत पर्ने भनी तोकिएका फौजदारी मुद्दाहरू जिल्ला सरकारी वकीलले अभियोजन गर्ने नगर्ने निर्णय गरी सम्बन्धित अदालत वा अन्य निकायमा अभियोगपत्र दायर गर्ने गर्दछन् । सो बमोजिम यस आर्थिक वर्षमा अदालत, जिल्ला प्रशासन कार्यालय एवं अन्य निकाय समक्ष दायर भएका सरकार वादी हुने वा नेपाल सरकारको हक, हित वा सरोकार भएका अनुसूची १ भित्रका मुद्दाहरूलाई जनसंख्या (जनसंख्याको आधार राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कको आधारमा गरिएको छ) को अनुपातमा प्रति दशहजार व्यक्तिमा पर्ने मुद्दाको वितरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६३

दसहजार व्यक्तिमा मुद्दाको विभाजन

विकास क्षेत्र	पुरुष	महिला	जम्मा	मुद्दा संख्या	मुद्दाको क्षेत्रगत प्रतिशत	प्रति दस हजार व्यक्तिमा मुद्दाको वितरण
जम्मा	१२,८४९,०४१	१३,६४५,४६३	२६,४९४,५०४	३५७०१	१००.००	१३.४७

* जनसंख्या स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।

सरकार वादी तथा सरकारको तर्फबाट बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको विकास क्षेत्रगत वितरणको सूचक



कुल मुद्दाको प्रदेशगत वितरण हेर्दा प्रदेश नं. ३ मा सबै भन्दा बढी संख्या ११,२२३ थान अर्थात ३१ प्रतिशत र सबै भन्दा कम प्रदेश नं. ६ मा १,१२२ थान अर्थात ३ प्रतिशत रहेको देखिन्छ । अन्य प्रदेशहरूमा प्रदेश नं १ मा ६,१९१ थान अर्थात १७ प्रतिशत, प्रदेश नं. २ मा ५,६६५ थान अर्थात १६ प्रतिशत, प्रदेश नं. ४ मा ४,८६८ १४ प्रतिशत, प्रदेश नं ५ मा ५,३४२ १४ प्रीतशत र प्रदेश नं. ७ मा १,३४५ थान अर्थात ४ प्रतिशत मुद्दा रहेको छ । प्रदेश अनुसारको मुद्दाहरूको लगत, फछ्र्यौट र बाँकीको विस्तृत विवरणलाई **अनुसूची ३०** मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६४

जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित अनुसूची भित्रका मुद्दाहरूको क्षेत्रगत फछ्र्यौट विवरण

विकास क्षेत्र	लगत			फछ्र्यौट				बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
प्रदेश नं. १	१६७५	४५१६	६१९१	२६०७	७६१	२९	३३९७	२७९४	७६.७४
प्रदेश नं. २	२१७५	३४९०	५६६५	१९०८	६९५	१७	२६२०	३०४५	७२.८२
प्रदेश नं. ३	२८९३	८३३०	११२२३	५८२३	२०६४	३८	७९२५	३२९८	७३.४८
प्रदेश नं. ४	३११२	१७५६	४८६८	३२१०	३६०	३	३५७३	१२९५	८९.८४
प्रदेश नं. ५	१७०६	३६३६	५३४२	२७०३	३८६	८	३०९७	२२४५	८७.२८
प्रदेश नं. ६	४६५	६५७	११२२	४६१	१५६	१४	६३१	४९१	७३.०६
प्रदेश नं. ७	३४६	९९९	१३४५	४७८	१४०	१०	६२८	७१७	७६.११
जम्मा	**१२३७२**	**२३३८४**	**३५७५६**	**१७१९०**	**४५६२**	**११९**	**२१८७१**	**१३८८५**	**७८.६०**

अनुसूची १ भित्रका फौजदारी मुद्दाहरूको दायरी स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा प्रदेश नं. ३ मा सबै भन्दा बढी ११,२२३ थान मुद्दाहरू दायर भएको देखिन्छ भने प्रदेश नं. ६ मा सबै भन्दा कम १,१२२ थान मुद्दाहरू दायर भएको देखिन्छ । मुद्दाको फछ्र्यौट स्थितिलाई हेर्दा प्रदेश नं. ४ मा सबैभन्दा बढी ७३.४० प्रतिशत मुद्दाहरू र प्रदेश नं. २ मा सबैभन्दा कम ४६.२६ प्रतिशत र समग्रमा ६१.१७ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको तथ्याङ्क माथिको तालिकाबाट देखिन्छ । फछ्र्यौट भएका २१,८७१ मुद्दाहरू मध्ये सबैभन्दा बढी प्रदेश नं. ३ मा ७,९२५ थान र सबैभन्दा कम प्रदेश नं. ७ मा ६२८ थान मुद्दा फछ्र्यौट भएको देखिन्छ । कसूर ठहरको प्रतिशत हेर्दा सबैभन्दा बढी प्रदेश नं. ४ मा ८९.८४ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ मा ७२.८२ प्रतिशत भएको देखिन्छ भने समग्रमा यस आर्थिक वर्षमा ७८.६ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित अनुसूची १ भित्रका फौजदारी मुद्दाहरूको विकास क्षेत्रगत सूचक



जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालतमा दायर भएका सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित र कुनै ऐनले सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ भित्र पर्ने भनी तोकिदिएका नेपाल सरकार वादी हुने फौजदारी प्रकृतिका मुद्दाहरूको विगत पाँच वर्षको लगत फछ्र्यौट विवरणलाई देहायको तालिकामा

प्रस्तुत गरी लगत फछ्र्यौट तथा मुद्दामा कसूर ठहर भएको वा कसूर ठहर हुन नसकेका मुद्दाहरूको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ । उल्लेखित तालिका अनुसार गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा फौजदारी मुद्दाहरूको दायरी लगत केही बढ्न गएको देखिन्छ । सो अनुसार यस आर्थिक वर्षमा जम्मा दायरी मुद्दा संख्या १२,६९५ थान रहेको छ । गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको ६,४११ र यस वर्ष परेको समेत मुद्दाको एकमुष्ठ लगतको संख्या १९,१०६ कायम भएको देखिन्छ । विगत पाँच वर्षको मुद्दाको लगतको तुलनामा यस आर्थिक वर्षमा सबैभन्दा बढी मुद्दाको लगत देखिएको छ । लगत कायम रहेका मुद्दाको फछ्र्यौट स्थितिलाई हेर्ने हो भने ११,५५५ थान अर्थात ६०.४८ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ भने फछ्र्यौट फौजदारी मुद्दाहरूमा कसूर ठहरको स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा ६९.९७ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ ।

तालिका नं. ६५

जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी गरिएका जिल्ला अदालतमा दायर अनुसूची भित्रका फौजदारी मुद्दाहरूको पाँच वर्षको लगत फछ्र्यौट विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
२०६९/०७०	६०५८	८८८६	**१४९४४**	४८३१	२०३२	१०७	**६९७०**	७९७४	६९.३१
२०७०/०७१	६८३०	९५९४	**१६४२४**	६९८५	३०५५	१०६	**१०१४६**	६२७८	६८.८४
२०७१/०७२	६२४४	१०४४९	**१६६९३**	७६७५	३८९५	१४६	**११७१६**	४९७७	६५.५१
२०७२/०७३	६४६३	१५०१९	**२१४८२**	११३९९	३७२६	१६२	**१५२८७**	६१९५	७४.५७
२०७३/०७४	६४११	१२६९५	**१९१०६**	८०८५	३३५१	११९	**११५५५**	७५५१	६९.९७

जिल्ला अदालतमा दायर अनुसूची भित्रका फौजदारी मुद्दाहरूको पाँच आर्थिक वर्षको लगत फछ्र्यौट सम्बन्धी सूचक

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित फौजदारी मुद्दाहरूको अभियोजन एवं सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा बहस पैरवी गर्नु सरकारी वकीलहरूको मुख्य कार्य भएको हुँदा यस्ता मुद्दाको सफलताको प्रतिशतले फौजदारी न्यायप्रशासनको प्रभावकारिता एवं सरकारी वकीलको कार्यसम्पादनको स्तरलाई संकेत गर्दछ । आर्थिक वर्ष २०६९/०७० देखि आर्थिक वर्ष २०७३/०७४ सम्म सरकरी वकीलबाट बहस पैरवी भएका अनुसूची भित्रका फौजदारी मुद्दामा कसूर ठहर भएको प्रतिशतलाई रेखा चित्रबाट देखाइएको छ ।

अदालतमा दायर भएका अनुसूची भित्रका फौजदारी मुद्दाहरूमा भएको कसूर ठहरको पाँच वर्षको तुलनात्मक सूचक



सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अन्तर्गत सरकारी वकीलले गरेको अभियोजन, बहस पैरवी, प्रतिरक्षा लगायतका मुद्दा तथा रिट निवेदन (आर्थिक वर्ष २०६७/०६८ देखि) समेतको कार्यसम्पादनको तुलनात्मक अध्ययन गर्दा आर्थिक वर्ष २०६४/०६५ देखि २०७३/०७४ सम्मको अवधिमा जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा सरकारी वकील कार्यालय मार्फत दायर भएका फौजदारी मुद्दाहरूको लगत, फछ्र्यौट र बाँकी एवं कसूर ठहर वा सफाइ भएको मुद्दाहरूको संख्यात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६६

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको दश वर्षको लगत फछ्र्यौट विवरण

आर्थिक वर्ष	लगत			फछ्र्यौट				फछ्र्यौट प्रतिशत	बाँकी	कसुर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसुर ठहर भएको	सफाई भएको	अन्य	जम्मा			
२०६४/०६५	८४०८	८०९३	१६५०१	५४६४	१०८१		६५४५	३९.६६	९९५६	८३.४८
२०६५/०६६	९३१६	९६४९	१८९६५	७३२१	१६१५	१९	८९५५	४७.२२	१००१०	८१.७५
२०६६/०६७	९६८२	११७९६	२१४७८	८५९४	१७९५	१५७	१०५४६	४९.१०	१०९३२	८१.४९
२०६७/०६८	११४६३	१३२५७	२४७२०	१०२६९	२२८३	१३८	१२६९०	५१.३३	१२०३०	८०.९२
२०६८/०६९	१२०५९	१७९७२	३००३१	१२५८६	२८७०	२३२	१५६८८	५२.२४	१४३४३	८०.२३
२०६९/०७०	१३८७३	१८६८७	३२५६०	१२४३६	२२५३	११९	१४८०८	४५.४८	१७७५२	८३.९८
२०७०/०७१	१५७३०	२२१४५	३७८७५	१६६०८	३३२४	१३४	२००६६	५२.९८	१७८०९	८२.७७
२०७१/०७२	१७६३३	२३४९६	४११२९	१९३४३	४७६४	१५९	२४२६६	५९.००	१६८६३	७९.७१
२०७२/०७३	१६४४४	२३२८३	३९७२७	२०६६६	४४२९	२४३	२५३३८	६३.७८	१४३८९	८१.५६
२०७३/०७४	१४२४२	२५९२८	४०१७०	१९४१४	४९१८	१३२	२४४६४	६०.९०	१५७०६	७९.३६

उल्लेखित तालिकाबाट सबैभन्दा बढी यस आर्थिक वर्षमा २५,९२८ थान मुद्दा दर्ता भएको देखिन्छ । मुद्दा दायरी संख्या पछिल्ला वर्षमा भने क्रमशः वृद्धि भएको देखिन्छ । मुद्दाको दायरी संख्यामा वर्षेनी वृद्धि भैरहने र जिम्मेवारी थपिदै जाँदा सरकारी वकील कार्यालयको मौजुदा साधन, स्रोत र जनशक्तिले धान्न सक्ने अवस्था देखिदैन । विगत दश वर्षमा सबैभन्दा कम मुद्दाको लगत आर्थिक वर्ष २०६४/०६५ मा १६,५०१ रहेको थियो भने सबैभन्दा बढी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा ४१,१२९ रहेको देखिन्छ । विगत दश वर्षको मुद्दाको फछ्र्यौट संख्यालाई तुलनात्मक अध्ययन गर्दा आर्थिक वर्ष २०६४/०६५ मा सबै भन्दा कम ३९.६६ प्रतिशत र आर्थिक वर्ष २०७२/०७३ मा सबैभन्दा बढी ६३.७८ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू मध्ये कसूर ठहर भएका मुद्दाहरूको विवरण हेर्दा विगत दश

वर्षको अवधिमा सबैभन्दा बढी आर्थिक वर्ष २०६९/०७० मा ८३.९८ प्रतिशत मुद्दामा कसूर ठहर भएको पाइन्छ भने सबैभन्दा कम आर्थिक वर्ष २०७३/०७४ मा ७९.३६ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ ।

जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी गरिएका मुद्दाहरूको दश वर्षको सूचक



उल्लेखित तालिका अनुसार प्रत्येक आर्थिक वर्षमा पर्ने गरेको मुद्दाहरूको संख्यात्मक दायरी अवस्थालाई हेर्दा आर्थिक वर्ष ७,७४९, २०६४/०६५ मा ८,०९३, २०६५/०६६ मा ९,६४९, २०६६/०६७ मा ११,७९६, २०६७/०६८ मा १३,२५७, २०६८/०६९ मा १७,९७२, २०६९/०७० मा १८,६८७, २०७०/०७१ मा २२,१४५, २०७१/०७२ मा २३,४९६, २०७१/०७२ मा २३,२८३ र यस आर्थिक वर्षमा २५,९२८ थान मुद्दा दायर भएको देखिन्छ । दश वर्षको अवधिमा सबै भन्दा बढी आर्थिक वर्ष २०७३/०७४ मा र सबै भन्दा कम आर्थिक वर्ष २०६४/०६५ मा दायर भएको देखिन्छ ।

३.४ नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा पक्राउ तथा फरार रहेका प्रतिवादी र थुनछेक सम्बन्धी विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट कार्यसम्पादन भएका जम्मा लगत ३८,८०८ मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ८०,४३३ रहेकोमा ३९,४४३ जना प्रतिवादी पक्राउ भएको र ८,५२४ जना प्रतिवादी फरार रहेको तथा पक्राउ प्रतिवादीहरू मध्ये ११,५०० जना थुनामा रहेको, २३,१०३ जना धरौटमा र १,८८६ जना प्रतिवादी तारिखमा छुटेको देखिन्छ । यसैगरी अनुसूची भित्रका ३५,७०१ मुद्दाहरूमा ७२,१६४ प्रतिवादी रहेका मध्ये ३६,०७३ जना पक्राउ भएको र ७,४३८ जना फरार रहेको तथा पक्राउ प्रतिवादीहरू मध्ये ११,५०० जना थुनामा रहेको, २३,१०३ जना धरौटमा र १,८८६ जना तारिखमा छुटेको देखिन्छ भने अनुसूची बाहिरका जम्मा ३,१०७ मुद्दाहरूमा ८,२६९ प्रतिवादी रहेका मध्ये ३,३७० जना पक्राउ भएको र १,०८६ जना फरार रहेको देखिन्छ । पक्राउ प्रतिवादीहरू मध्ये ६६१ जना थुनामा रहेको, २,४३२ जना धरौटमा र ३२१ जना तारिखमा छुटेको देखिन्छ । यस सम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ भने जिल्लागत एवं एकमुष्ठ विवरण **अनुसूची ३३** मा दिइएको छ ।

तालिका नं. ६७

जिल्ला सरकारी वकील कार्यालयहरूको अनुसूची भित्रका मुद्दाहरूको समष्टीगत कारबाही विवरण

मुद्दाको प्रकृति	मुद्दा	प्रतिवादी	पक्राउ प्रतिवादीको	फरार प्रतिवादीको	जम्मा	थुनछेक सम्बन्धी			
						थुनामा	धरौटमा	तारेखमा	जम्मा
अनुसूची भित्रका	३५७०१	७२१६४	३६०७३	७४३८	४३५११	११५००	२३१०३	१८८६	३६४८९
अनुसूची बाहिरका	३१०७	८२६९	३३७०	१०८६	४४५६	६६१	२४३२	३२१	३४१४
जम्मा	३८८०८	८०४३३	३९४४३	८५२४	४७९६७	१२१६१	२५५३५	२२०७	३९९०३

३.५ कानूनी राय सम्बन्धी कार्य

जिल्ला स्थित सरकारी निकाय तथा पदाधिकारीहरूलाई कानूनी राय प्रदान गर्ने कर्तव्य जिल्ला सरकारी वकीलहरूलाई तोकिएको सन्दर्भमा सरकारी वकीलले प्रदान गरेको कानूनी रायको विवरण **अनुसूची ३५** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । जिल्ला सरकारी वकील कार्यालयहरूले प्रदान गरेको कानूनी रायको सन्दर्भमा राय माग गर्ने कार्यालय वा अधिकारीको जम्मा संख्या, राय माग भएको जम्मा संख्या र राय दिइएको जम्मा संख्याको तीन आर्थिक वर्षको तुलनात्मक विवरण उक्त तालिकामा प्रस्तुत तथ्याङ्कबाट देखिन्छ । उक्त तथ्याङ्क अनुसार तीन आर्थिक वर्षको तुलना गर्दा राय माग गर्ने कार्यालय वा अधिकारीको संख्या, राय माग भएको संख्या र दिइएको रायको संख्या यसप्रकार रहेको देखिन्छ ।

तालिका नं. ६८

जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रदान गरिएका कानूनी राय सम्बन्धी विवरण

आर्थिक वर्ष	राय माग गर्ने कार्यालय वा अधिकारीको संख्या	राय माग भएको संख्या	राय दिइएको संख्या	बाँकी	कैफियत
२०७२/०७२	७४	८७	८६	१	
२०७१/०७३	८०	९१	९०	१	
२०७३/०७४	८३	८९	८९	०	

३.६ जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि उच्च सरकारी वकील कार्यालयमा प्राप्त वारदातको विवरण **अनुसूची ३४** मा दिइएको छ । उक्त विवरण अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि निर्णय भएका ८,०५९४ वारदात मध्ये विष सेवनबाट १,१०७ आगलागीबाट १८४, झुण्डिएर ३,१७६, हतियारबाट ५६, करेण्ट लागेर २३६, भिरपहिरोबाट लडेर ३४५, डुबेर ७६९, हाम फालेर ८२, र अन्य २,२०४ मुद्दा नचलाउने निर्णय भई उच्च सरकारी वकील कार्यालयमा निकासाको लागि पठाएको देखिन्छ ।

तालिका नं. ६९

जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण

विष खाएर	आगलागीबाट	झुण्डिएर	हतियारबाट	करेन्ट लागेर	भिरपहिरोबाट लडेर	डुबेर	हाम फालेर	अन्य	जम्मा
११०७	१८४	३१७६	५६	२३६	३४५	७६९	८२	२१०४	८०५९

३.७ जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण **अनुसूची ३२** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरणको तथ्याङ्कलाई हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बयान गराएको संख्या ३८,३७३ अनुसन्धान/पुनः अनुसन्धान गर्न दिएको निर्देशन संख्याा १,१४१, मुद्दा नचलाउने गरेको निर्णय संख्या १३१, मुद्दा चलाउने गरेको निर्णय संख्या २४,८५८ आंशिक रूपमा मुद्दा चलाएको संख्या २३ देखिन्छ । यसैगरी तामेलीमा राख्ने ८,०५९, अभियोजन/फिराद गरेको संख्या २३,२९८, बकपत्र गराएको संख्या ३४,०८२, कानूनी राय प्रदान गरेको संख्या ८९, बहस पैरवी गरेको संख्या ५८,७६७, अदालती बन्दोबस्तको १७ नं. को निवेदन मस्यौदा प्रस्ताव १,१२४ तथा पुनरावेदन गर्न नपर्ने ९,५२०, उच्च अदालतमा पुनरावेदन गर्ने प्रस्ताव ७,३३९ र पुनरावेदन नगर्ने प्रस्ताव संख्या १,८८४ तथा जिल्ला अदालतमा पुनरावेदन गर्ने निर्णय संख्या ६१, नगर्ने निर्णय संख्या ७७ र जिल्ला अदालतमा पुनरावेदन दायर संख्या ४३ रहेको देखिन्छ ।

तालिका नं. ७०

जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण

बयान गराएको संख्या	अनुसन्धान /पुनः अनुसन्धान गर्न निर्देशन	मुद्दा अभियोजन सम्बन्धी निर्णय संख्या				अभियोजन / फिराद गरेको संख्या	बकपत्र गराएको संख्या	कानूनी राय प्रदान गरेको संख्या	बहस पैरवी संख्या	अ.व. १७ नं. को निवेदन प्रस्ताव	पुनरावेदन गर्नु नपर्ने	पुनरावेदन प्रस्ताव		जि.अ.मा पुनरावेदन		
		मुद्दा नचलाउने	मुद्दा चलाउने	आंशिक मुद्दा	तामेली राख्ने निर्णय संख्या							पुनरावेदन गर्ने	पुनरावेदन नगर्ने	पुनरावेदन गर्ने	पुनरावेदन नगर्ने	पुनरावेदन दायर संख्या
३८३७३	११४१	१३१	२४८५८	२३	८०५९	२३२९८	३४०८२	८९	५८७६७	११२४	९५२०	७३३९	१८८४	६१	७७	४३

३.८ जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण **अनुसूची ३०** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको संख्या ४६० रहेकोमा अनुसूची भित्रका मुद्दाहरूमा ३७० र अनुसूची बाहिरका मुद्दाहरूमा ९० रहेको देखिन्छ ।

तालिका नं. ७१

जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण

मुद्दाको विवरण		अनुसूची भित्रका		अनुसूची बाहिरका जम्मा	
	फौजदारी	देवानी	जम्मा	फौजदारी/देवानी	कुलजम्मा
अदालत तर्फ	१६९	०	१६९	२	१७१
जिल्ला प्रशासन कार्यालयतर्फ	२०१	०	२०१	०	२०१
अन्य निकाय तर्फ	०	०	०	८८	८८
कुल जम्मा	३७०	०	३७०	९०	४६०

३.९ महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट कार्यसम्पादन भएका अनुसूची-१ अन्तर्गतका मुद्दामा महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका महिला तथा बालबालिकाहरूको विषयतगत रूपमा संख्यात्मक विवरण **अनुसूची ३७** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त विवरण अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट दायर भएका गम्भीर प्रकृतिका मुद्दाहरूमा जम्मा पीडित महिलाहरूको संख्या ३,३४१, प्रतिवादी महिलाहरूको संख्या १,८६० तथा पीडित बालबालिकाहरूको संख्या १,२६३ र प्रतिवादी बालबालिकाहरूको संख्या ४७१ भएको देखिन्छ । ती मध्ये कर्तव्य ज्यान, सवारी ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दामा पीडित महिला संख्या २४५, प्रतिवादी महिला संख्या १८९, पीडित बालबालिका संख्या १५६ र प्रतिवादी बालबालिका संख्या ५६ रहेको देखिन्छ । जबर्जस्ती करणी तथा जबर्जस्ती करणी उद्योग मुद्दामा पीडित महिला संख्या १,२०५, प्रतिवादी महिला संख्या ६३, पीडित बालबालिका संख्या ७०९ र प्रतिवादी बालबालिका संख्या १८ रहेको देखिन्छ । मानव बेचविखन मुद्दामा पीडित महिला संख्या ३०९, प्रतिवादी महिला संख्या ७१, पीडित बालबालिका संख्या १५६ र प्रतिवादी बालबालिका संख्या ३ रहेको देखिन्छ ।

चोरी मुद्दामा पीडित महिला संख्या ५४१, प्रतिवादी महिला संख्या २०७, पीडित बालबालिका संख्या ९८ र प्रतिवादी बालबालिका संख्या १६२ रहेको देखिन्छ । अपहरण मुद्दामा पीडित महिला संख्या ७७, प्रतिवादी महिला संख्या ४२ र पीडित बालबालिका संख्या ५२ र प्रतिवादी बालबालिका संख्या १ रहेको देखिन्छ । लागू औषध मुद्दामा पीडित महिला संख्या ४, प्रतिवादी महिला संख्या २७४ रहेको देखिन्छ भने पीडित बालबालिका संख्या ५ र प्रतिवादी बालबालिका संख्या ९० रहेको देखिन्छ । अन्य मुद्दामा पीडित महिला संख्या ९६०, प्रतिवादी महिला संख्या ९२९, पीडित बालबालिका संख्या १७२ र प्रतिवादी बालबालिका संख्या ५१ रहेको देखिन्छ ।

तालिका नं. ७२

जिल्ला सरकारी वकील कार्यालयहरूमा महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण

मुद्दा	कर्तव्य/ सवारी ज्यान/ज्या.मा. उद्योग		जबरजस्ती करणी/ उद्योग		मानव बेचविखन		चोरी		अपहरण		लागू औषध		अन्य		जम्मा	
महिला/ बालबालिका	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी
महिला	२४५	१८९	१२०५	६३	३०९	१५६	५४१	२०७	७७	४२	४	२७४	९६०	९२९	३३४१	१८६०
बालबालिका	१५६	५६	७०९	१०८	७१	३	९८	१६२	५२	१	५	९०	१७२	५१	१२६३	४७१

४. जिल्ला सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्य समेतको लगतलाई विभाजन गर्दा प्रति-सरकारी वकीलको कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूको यस आ.व.को कामको कुल लगत संख्या १,७९,५०८ मध्ये जम्मा मुद्दा तथा रिट संख्या ४०,१७०, जम्मा कानूनी राय संख्या ८९ र तामेली निर्णय संख्या ८,०५९, बयान गराएको संख्या ३८,३७३, बकपत्र गराएको संख्या ३४,०८२, मुद्दा चलाउने निर्णय संख्या २४,८८१, मुद्दा नचलाउने निर्णय संख्या १३१, अभियोजन/फिराद गरेको संख्या २३,२९८, पुनरावेदन प्रस्ताव संख्या ९,२२३ र अ.व. १७ नं. को निवेदन संख्या १,१२४, जिल्ला अदालतमा पुनरावेदन गर्ने र नगर्ने निर्णय संख्या ७८ रहेको देखिन्छ । जिल्ला सरकारी वकील कार्यालयहरूमा सरकारी वकीलको दरबन्दी संख्या १८३ लाई ती कार्यालयहरूबाट सम्पादन भएको कार्य संख्या १,७९,५०८ ले प्रति सरकारी वकील कार्यबोझ ९८०.९२ रहेको देखिन्छ ।

तालिका नं. ७३

जिल्ला सरकारी वकील कार्यालयहरूमा प्रति-सरकारी वकील कार्यबोझ

मुद्दा तथा रिट	कानूनी राय	तामेली निर्णय	बयान गराएको संख्या	बकपत्र गराएको संख्या	मुद्दा चलाउने निर्णय	मुद्दा नचलाउने निर्णय	अभियोजन/फिराद गरको संख्या	पुनरावेदन प्रस्ताव	अ.व. १७ नं. को निवेदन	जि.अ.मा पुनरावेदन गर्ने नगर्ने निर्णय	जम्मा	सरकारी वकील संख्या	प्रति सरकारी वकील कार्य-बोझ
४०१७०	८९	८०५९	३८३७३	३४०८२	२४८८१	१३१	२३२९८	९२२३	११२४	७८	१७९५०८	१८३	९८०.९२

यस अर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूको यस आ.व.को कुल मुद्दाको लगत संख्या ४०,१७० र ती कार्यालयहरूको लागि तलब तथा भत्तामा खर्च भएको रकम रु. ४०,७२,५६,६३३.४५ एवं ती कार्यालयहरूको प्रति मुद्दा खर्च रकम रु. १०,१३८.३३ रहेको देखिन्छ ।

तालिका नं. ७४

जिल्ला सरकारी वकील कार्यालयहरूमा मुद्दाको लगतको अनुपातमा प्रति मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

कार्यालय	कुल मुद्दाको लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.	कैफियत
जिल्ला सरकारी वकील कार्यालयहरु	४०१७०	४०७,२५६,६३३.४५	१०१३८.३३	

यस आर्थिक वर्षमा मुद्दा तथा अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उल्लेखित तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा भएको जम्मा सम्पादित काम १,७९,५०८ र ती कार्यालयहरूका लागि तलब भत्ता लगायत कार्यालय सञ्चालनका लागि खर्च भएको रकम रु. ३५,३९,९७,३९२.२५ एवं ती कार्यालयहरूको प्रति सम्पादित काममा भएको खर्च रकम रु. १९७२.०४ रहेको देखिन्छ ।

तालिका नं. ७५

जिल्ला सरकारी वकील कार्यालयहरूमा प्रति-सम्पादित कार्यमा भएको खर्च विवरण

कार्यालय	जम्मा सम्पादित काम	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु.	कैफियत
जिल्ला सरकारी वकील कार्यालयहरु	१७९५०८	**३५३९९७३९२.२५**	१९७२.०४	

परिच्छेद - छ

निष्कर्ष तथा सुझाव

१. निष्कर्ष

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका र कानूनी शासनप्रति प्रतिबद्धता व्यक्त गरेको छ । कानूनी शासनको स्थापनाका लागि स्वतन्त्र, सक्षम र प्रभावकारी फौजदारी न्यायप्रशासन आवश्यक पर्दछ । संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका तथा कानूनी राज्यको अवधारणालाई व्यवहारमा उतार्ने एवं नागरिकका आधारभूत अधिकारहरूको संरक्षण गर्ने महत्वपूर्ण निकायको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरिएको छ । नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, सरकार विरुद्ध दायर भएका मुद्दा मामिलामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा आफन्त वा कानून व्यवसायीसँग भेटघाट गर्न नदिएको उजुरी वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने र नेपाल सरकार र सरकारी निकायलाई संवैधानिक एव कानूनी प्रश्नमा कानूनी राय उपलब्ध गराउने समेतको काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तालाई संविधानले तोकेको छ । महान्यायाधिवक्ताको संवैधानिक जिम्मेवारी बहन गर्न र कार्यसम्पादनमा सहयोग गर्न केन्द्रमा महान्यायाधिवक्ताको कार्यालय र देशभर विभिन्न तहमा सरकारी वकील कार्यालयको स्थापना गरी सरकारी वकील र अन्य कर्मचारीको व्यवस्थापन गरी फौजदारी न्यायप्रशासन लगायतका कार्यसम्पादन हुँदै आएको छ । फौजदारी न्यायप्रशासनको महत्वपूर्ण अंगको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालय तथा अन्तर्गत सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूको प्रभावकारी कार्यसम्पादनले राज्यको कानून व्यवस्थालाई सफल बनाउँछ । व्यवसायिक कार्यहरूको कुशल सम्पादनको लागि सरकारी वकीलहरूमा व्यावसायिक दक्षता र क्षमताको साथसाथै उपयुक्त कार्य वातावरण पनि आवश्यक पर्दछ ।

सरकारी वकीलहरूको कार्य व्यवसायिक कार्य हो । सरकारी वकीलले संविधानले दिएको जिम्मेवारी पूरा गर्न आफ्नो पदीय जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्न सक्ने क्षमता, कार्यसँग सम्बन्धित व्यवसायिक आचरण र नैतिक मापदण्डहरूको पालना, स्वतन्त्रतापूर्वक कार्यसम्पादन गर्नसक्ने वातावरण र कार्यात्मक स्वतन्त्रता जस्ता कुराहरूबाट व्यवसायिकताको मापन गरिन्छ । सरकारी वकीलले गर्नुपर्ने व्यवसायिक कार्यका लागि न्याय प्रणाली र न्यायप्रशासन सम्बन्धी आधारभूत सिद्धान्तहरूको अतिरिक्त कामसँग सम्बन्धित कानूनी व्यवस्थाको सैद्धान्तिक र व्यावहारिक ज्ञान, विधिविज्ञान सम्बन्धी ज्ञान र फौजदारी कार्यविधिमा निपूर्णता र विकसित नवीनतम् कानूनी सिद्धान्त र मान्यताको जानकारी र प्रतिरक्षाका सिद्धान्तको ज्ञान आवश्यक पर्दछ । यसको अतिरिक्त विद्युतीय कारोबार, अन्तर्राष्ट्रिय ठेक्कापट्टा, सम्पत्ति शुद्धीकरण, संगठित अपराध, बैंकिङ कसूर जस्ता नवीनतम् फौजदारी मुद्दाहरूमा अभियोजन तथा प्रतिरक्षा समेतका कार्यसम्पादन गर्न ती विषयहरूमा विशिष्टीकृत ज्ञान समेत हुनु पर्दछ । साथै विज्ञान र प्रविधिको विकाससँगै घट्न सक्ने नवीन प्रकृतिका फौजदारी मुद्दाहरूको अनुसन्धान र अभियोजन गर्न सक्ने क्षमता सरकारी वकीलहरूमा विकास गरिनु आवश्यक छ ।

महान्यायाधिवक्ता तथा सरकारी वकील कार्यालयहरूले संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्नका लागि सरकारी वकीलको व्यवसायिकता विकास र संस्थागत सुदृढीकरणमा केन्द्रित भई महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना लागू भई कार्यान्वयनको क्रममा रहेको छ । योजनाले व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रूपमा स्थापित भई कानूनको शासनको प्रबर्द्धन गर्ने महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य हासिल गर्नका लागि विभिन्न परिलक्ष्य, मूल्य, रणनीति र कार्यक्रमहरू समेत तयार गरेको छ । योजनाले मूलभूत रूपमा सरकार वादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने, सरकार वादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने, सरकारी वकीलको पेशालाई व्यवसायिक बनाउने र महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरूको संस्थागत क्षमता सुदृढीकरण गर्ने लक्ष्य लिएको छ । योजनाले निर्धारण गरेका क्रियाकलापहरू सम्पादन गर्नका लागि हाल उपलब्ध हुँदै आएको बजेटको तुलनामा प्रशस्त स्रोत, साधनको आवश्यकता देखिएको छ भने योजनाले निर्धारण गरेका कार्यक्रमहरू सम्पन्न गर्न दृढ इच्छाशक्तिको समेत आवश्यकता रहेको छ ।

आ.व. २०७३/०७४ मा सम्पन्न भएका नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन र नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनमा पारित भएका घोषणापत्रहरूमा समावेश भएका विषयलाई कार्यान्वयनमा ल्याई सरकारी वकीलहरूको संगठनलाई प्रभावकारी र सुदृढ तुल्याउन सबै पक्षको सहयोग, समन्वय र क्रियाशीलता आवश्यक रहेको छ । नयाँ संवैधानिक व्यवस्था एवं मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका नयाँ कानूनहरूको कार्यान्वयनमा सरकारी वकीलहरूले पूर्व तयारी र थप क्रियाशिलता देखाउनु पर्ने अवस्था छ । यसका लागि पर्याप्त स्रोत, साधन र जनशक्तिको उपलब्धता एवं कार्यविधिगत व्यवस्थालाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।

२. सामना गर्नु परेका समस्या र चुनौतीहरू

महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरूको कार्यसम्पादनको क्रममा देखिएका समस्या र चुनौतीहरू यसप्रकार रहेका छन्:

- सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउन आवश्यक छ । समयमा वैज्ञानिक परीक्षण प्रतिवेदन प्राप्त नहुने समस्या अझै छ । विधिविज्ञान प्रयोगशालाको पहुँच सहज छैन । प्रमाण संकलनमा दक्ष जनशक्तिको अभाव विगतदेखि कै समस्याको निरन्तरता हो । वैज्ञानिक परीक्षणको आधुनिक विधि र प्रक्रियालाई कानूनमा व्यवस्था गर्न बाँकी नै देखिएको छ । उदाहरणका लागि पोलिग्राफ परीक्षणको प्रमाणिक मान्यतालाई कानूनद्वारा व्यवस्थित गरिएको छैन । प्रमाणको वैज्ञानिक परीक्षण गर्ने जनशक्तिको पनि न्यूनता रहेको छ । निजी क्षेत्रका विशेषज्ञहरू विधिविज्ञानमा प्रयोग हुन सकिरहेका छैनन् ।
- मौखिक प्रमाणमा आधारित र सावितीमुखी अनुसन्धानको निरन्तरताले सरकार वादी फौजदारी मुद्दाको अवस्था कमजोर हुँदै गइरहेको छ । अनुसन्धानको क्रममा प्रमाण संकलन गर्दा आवश्यक कार्यविधि र प्रक्रिया पूरा नगर्दा वा प्रमाणको वैज्ञानिक परीक्षण हुन नसक्दा अभियोजन पक्षको दाबी स्थापित हुन नसकेको अवस्था छ ।
- अपराध पीडित तथा साक्षीलाई पर्याप्त सहायता र संरक्षण गर्न सकिएको छैन । यस सम्बन्धी एकिकृत कानूनको निर्माण समेत हुन सकेको छैन । साक्षी संरक्षण र पीडित सहायता सम्बन्धी छरिएर रहेका कानुनहरुको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।
- कानूनी प्रक्रिया पूरा नगरी वा पालना गर्नुपर्ने बाध्यात्मक कार्यविधिको अवलम्बन नगरी गरिने सरकारी निर्णयको प्रतिरक्षा गर्न सहज छैन । कानूनको उल्लङ्घन गरी भएका सरकारी निर्णयको प्रतिरक्षा गर्दा सरकारी वकीलबाट नहुने हुँदा प्रतिरक्षामा समस्या देखिएको छ । साथै सम्बन्धित निकायबाट आवश्यक मिसिल कागजात एवं फाइल समयमा प्राप्त नहुने समस्या अझै पनि छ । सार्वजनिक प्रशासन सञ्चालनका कतिपय विषयमा सर्वोच्च अदालतले दिएका मार्गनिर्देशन र प्रतिपादन गरेका सिद्धान्तको अवलम्बन नहुँदा सरकारी निकायबाट गरिने निर्णयको प्रतिरक्षा गर्न झनै कठिन भएको अवस्था छ ।
- सरकारी निकायले मुद्दासँग सम्बन्धित विवरण, सूचना, कागजात उपलब्ध नगराउँदा ती निकायको प्रतिरक्षामा जटिलता अनुभव गरिएको छ । सरकारी निकायहरू बीच समन्वयको अभावको कारण परस्पर विरोधी र आफू पन्छिने गरी दिइने लिखित जवाफका कारण पनि सरकारी पक्षको प्रतिनिधित्व कमजोर हुन पुगेको छ । यस्तो अवस्थामा असफलताको अपजस सरकारी वकीललाई दिने गरिएको छ ।
- सरकारी वकील कार्यालयको बढदो कामको बोझको आधारमा दरबन्दी पुनरावलोकन हुन सकेको छैन । भएका दरबन्दी पनि समयमा परिपूर्ति हुन सकेको छैन । कार्यालय समय बाहेक अतिरिक्त समयमा पनि सरकारी वकील र अन्य कर्मचारीले काम गर्नुपर्ने अनिवार्यता छ । तर अतिरिक्त समय काम गर्दा प्राप्त हुने प्रोत्साहन भत्ता समयमै उपलब्ध हुन सकेको छैन । कार्यबोझ र कार्यसम्पादनस्तरसँग यसलाई आबद्ध गर्न सकिएको छैन ।
- सरकारी वकीलहरूको क्षमता विकासका लागि विशिष्टीकृत कार्यक्रमहरू सञ्चालन हुन सकेको छैन । वैदेशिक अध्ययन, भ्रमणको अवसर ज्यादै कम छ । भौतिक पूर्वाधारको अवस्था कमजोर छ । कार्य वातावरण सहज छैन । उत्प्रेरणाका उपायहरूको अवलम्बन न्यून छ । अनुभव प्राप्त जनशक्तिलाई अन्यत्र जानबाट रोक्ने प्रभावकारी योजना छैन । जसले गर्दा संगठनको उत्पादकत्व बढ्न सकेको छैन ।
- सरकारी वकील कार्यालयहरूमा स्रोत साधनको अपर्याप्तता रहेको छ । सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको सेवा सुविधा पनि उपलब्ध गराउन सकेको अवस्था छैन । अन्य सेवाका समकक्षीहरूको तुलनामा अवसरको न्यूनता छ । सरकारी तवरबाट दिइने अवसरको न्यायोचित वितरण हुन सकेको छैन ।

- गम्भीर र विशिष्ट प्रकृतिका मुद्दाको संख्या निरन्तर विस्तार भइरहेको छ । सो अनुसार सरकारी वकीलमा विशिष्टीकरण हुन नसक्दा विषयगत विशेषज्ञता कायम हुन सकेको छैन । यसले सरकारी पक्षको अदालतमा हुने प्रतिनिधित्वमा नकारात्मक प्रभाव पारेको छ ।
- महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले विभिन्न कार्यक्रमहरू तथा आवश्यक स्रोत प्रक्षेपण गरेको छ । योजनाले प्रक्षेपण गरेका कार्यक्रमको कार्यान्वयनका लागि प्रशस्त स्रोत, साधनको आवश्यकता पर्दछ । देशको चौधौं योजनाले समेत सो योजना कार्यान्वयनको विषयलाई सम्बोधन गरेको छ । न्यूनतम रूपमा आवश्यक पर्ने स्रोत उपलव्ध हुन नसक्दा योजना कार्यान्वयनमा समस्या परेको छ ।
- सरकारी वकीलको कार्यसम्पादनलाई सूचना प्रविधिसँग आबद्ध गर्ने प्रयास गरिएको भए पनि परम्परागत पद्धतिबाट कार्य सञ्चालन गर्ने अभ्यस्त जनशक्तिलाई प्रविधि मैत्री बनाउन कठिन भएको छ । जनशक्तिको दक्षता विकास गरी सूचना प्रविधि मैत्री बनाउन नसकेसम्म नतिजामा सुधार देखिन सक्ने अवस्था छैन ।
- आगामी भाद्र १ गते देखि लागू हुने गरी जारी भएका मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन, २०७४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले अनुसन्धानकर्ता र अभियोजनकर्ताको जिम्मेवारी अझै थप गरेको छ । यी ऐनहरूको प्रभावकारी कार्यान्वयन गर्न थप जनशक्ति र भौतिक स्रोत साधनको खाँचो पर्ने देखिन्छ भने मौजुदा जनशक्तिको क्षमता विकास गर्नु पनि चुनौतिपूर्ण रहेको छ ।

सरकारी वकील कार्यालयले सामना गर्नु परेका चुनौती र समस्याहरू मध्ये कतिपय समस्याहरू बाह्य वातावरणले सिर्जना गरेका छन् भने कतिपय संस्थागत संरचनाबाट सिर्जित छन् । त्यस्तै कतिपय समस्याहरू नीतिगत तथा कानून पद्धतिसँग सम्बन्धित छन् । संगठनमा विद्यमान रहेका समस्या र चुनौतीहरूलाई समयमै सम्बोधन हुन सकेमा यसले संगठनको विकास र यसले दिने सेवामा महत्वपूर्ण भूमिका खेल्दछ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको समग्र वस्तुस्थिति र अवस्थाको विवेचना गरी प्राप्त नतिजाका आधारमा सुधारका क्षेत्रहरू पहिचान गरी दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा भैसकेको अवस्था छ । उल्लेखित समस्या तथा चुनौतीहरूको सामना गर्ने कार्यमा सम्बद्ध सबैको सहयोग र सहकार्य हुने अपेक्षा राखिएको छ ।

३. सुझावहरू

महान्यायाधिवक्ताको कार्यालय तथा सरकारी वकील कार्यालयको संस्थागत विकासका लागि गर्नुपर्ने सुधार सम्बन्धी सुझावहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

१. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको संगठनात्मक संरचना

नेपालको संविधानले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहको अदालतको संरचनाको व्यवस्था गरेको सन्दर्भमा अदालतको संरचना अनुरूप महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको संगठनात्मक संरचना पुनरावलोकन गरिनु आवश्यक छ । यसको लागि कानूनी तथा संरचनागत तयारी तत्काल आवश्यक छ । प्रत्येक कार्यालयमा आवश्यक पर्ने न्यूनतम दरबन्दीका अतिरिक्त प्रति २०० मुद्दाका लागि एक जना सरकारी वकीलको अनुपातमा सरकारी वकीलको दरबन्दी आवश्यक देखिन्छ । हाल कायम रहेका सरकारी वकीलहरूको दरबन्दी र यस आर्थिक वर्षमा सबै तहका कार्यालयहरूबाट सम्पादित भएका कुल कार्यहरू २,३९,८९५ का आधारमा प्रति सरकारी वकील ७४७.३४ कार्यहरू र कुल मुद्दा तथा रिट निवेदन ७४,८५१ का आधारमा प्रति सरकारी वकील २३३.१८ मुद्दाहरू पर्ने देखिन्छ । रिक्त दरबन्दी पदपूर्ति हुन नसक्दा सरकारी वकीलको संख्या कम हुन गएको अवस्था छ । कार्यबोझका आधारमा सरकारी वकील कार्यालयको संगठन संरचनाको पुनरावलोकन गर्न बृहत् संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनु पर्ने देखिन्छ । यस अघि नै व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदनले सिफारिस गरेका उच्च सरकारी वकील कार्यालय, ओखलढुंगा र वीरगञ्जको दरबन्दी स्वीकृत भएमा तत्कालका लागि कार्यसम्पादन गर्न केही सहज हुने देखिन्छ ।

२. सरकारी वकील र कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी कानूनको निर्माण

व्यावसायिक प्रकृतिको कार्यसम्पादन गर्ने सरकारी वकीलको कार्यलाई सही अर्थमा व्यावसायीकरण गर्न निजामती सेवा सरह व्यवहार नगरी छुट्टै सेवा शर्त सम्बन्धी कानूनबाट व्यवस्थित गरिनुपर्ने महसुस गरी तत्सम्बन्धी ऐनको मसौदाको प्रयास पटक पटक भएको र ऐनको प्रारम्भिक मसौदा समेत भएकोमा त्यसले मूर्तरूप पाउन सकेको थिएन । नेपालको संविधानको धारा १६१ मा सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुने व्यवस्था गरिएको छ । यसले सरकारी वकीलको व्यावसायिकताको विकासका लागि मार्गप्रशस्त गरेको छ । संविधानले गरेको यो व्यवस्थालाई मूर्तरूप दिन र सरकारी

वकीलको सेवालाई व्यवहारतः व्यावसायिक बनाउन, सरकारी वकीलहरू र महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयमा कार्यरत अन्य कर्मचारीहरूको मनोबल उच्च राखी कार्यमा प्रभावकारिता ल्याउन सरकारी वकीलहरूको नियुक्ति, सेवा शर्त सम्बन्धी कानून निर्माण गरी सो कानूनमा सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्ति समेतका विषय समावेश गरी विशेष कानूनबाट सरकारी वकील र अन्य कर्मचारीलाई व्यवस्थित गर्न आवश्यक छ ।

३. अपराधशास्त्रीय अनुसन्धान केन्द्रको सुदृढीकरण

नेपालको संविधानको धारा १५९ मा महान्यायाधिवक्ताले राष्ट्रपति समक्ष कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने र सो प्रतिवेदनमा अन्य कुराको अतिरिक्त नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ । सो बमोजिम अपराधको प्रवृत्ति, फौजदारी कानूनको कार्यान्वयनको अवस्था, विद्यमान दण्डनीतिको प्रभावकारिता लगायत अपराधका विभिन्न पक्षहरूको व्यवस्थित अध्ययन तथा अनुसन्धान गरी फौजदारी न्याय प्रणालीमा गरिनुपर्ने सुधार सम्बन्धी सुझाव दिन महान्यायाधिवक्ताको कार्यालयमा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना भैसकेको छ । सो अध्ययन केन्द्रको संरचनाको प्रस्तावका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी समेत प्रस्ताव गरिसकिएको छ । हाल कायम रहेकै दरबन्दीबाट सो केन्द्र संचालन गरिएको भए पनि कार्य प्रकृतिका आधारमा छुट्टै जनशक्ति पूर्णकालीन रूपमा काम गर्ने गरी व्यवस्था गर्नुपर्ने आवश्यकता छ । त्यसैले उक्त केन्द्रका लागि आवश्यक दरबन्दी सहित बजेट विनियोजन हुनु आवश्यक छ । सो केन्द्रलाई भइरहेका फौजदारी कानूनको प्रभावकारिताको मूल्यांकन एवम् नयाँ कानूनको पुनरावलोकनका लागि समेत अनुसन्धानमूलक अध्ययन गर्ने जिम्मेवारी दिई फौजदारी कानूनको सन्दर्भमा सरकारको अनुसन्धान केन्द्र (Research center) को रूपमा विकास गर्नुपर्ने आवश्यकता देखिएको छ ।

४. मुलुकी अपराध (संहिता), ऐन, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन कार्यान्वयनको तयारी

फौजदारी न्यायको क्षेत्रमा विकास भएका नवीनतम् अवधारणा र सिद्धान्तहरू समेटी तयार भएका मुलुकी अपराध (संहिता) ऐन, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन आगामी २०७५साल भाद्र १ गते देखि लागू हुने गरी जारी भएका छन् । यी संहिताले हाल प्रचलनमा रहेका कतिपय अभ्यास र प्रक्रियामा सारभूत परिवर्तन गरेको अवस्था छ । सरकारी वकीलको भूमिकामा विस्तार गर्ने गरी कतिपय प्रावधान थप भएका छन् । संहिताले समेटेका नवीन अवधारणाहरूलाई व्यवहारमा कार्यान्वयन गर्न अनुसन्धानमा संलग्न अनुसन्धान अधिकारी, अभियोजनमा संलग्न रहने सरकारी वकील तथा कर्मचारीहरू र अन्य कर्मचारीहरूलाई अभिमुखीकरण गर्न प्राथमिकतापूर्वक महान्यायाधिवक्ताको कार्यालयमा रहेको अभियोजन प्रशिक्षण केन्द्रलाई पर्याप्त स्रोत, साधन र जनशक्तिको व्यवस्था गरी सरकारी वकीलहरूलाई प्रशिक्षण प्रदान गर्ने कार्य प्रारम्भ गर्नुपर्ने देखिएको छ । यो कार्य यी ऐनहरू लागू हुन पूर्व नै गरिनु पर्ने देखिन्छ । यसका साथै ती संहिता कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका समेत संहिता लागू हुनु पूर्व नै जारी गरी सो विषयमा समेत सम्बद्ध जनशक्तिलाई प्रशिक्षित गर्नुपर्ने आवश्यकता रहेको छ ।

५. सरकारी वकील कार्यालयहरूको कार्यबोझ र दरवन्दी सिर्जना

कानून र न्यायको क्षेत्रमा भएको अवधारणागत विकास, अपराधको प्रकृति र तौरतरिकामा आएको परिवर्तनले विद्यमान जनशक्तिमा थप योग्यता, दक्षता एवं लगनशीलताको माग गर्दछ । नयाँ नयाँ र जटिल प्रकृतिका अपराधहरू जस्तो अन्तरदेशीय संगठित अपराध, सम्पत्ति शुद्धीकरण, बैंकिङ कसूर, विद्युतीय अपराध जस्ता अपराधहरूमा अभियोजन, प्रतिरक्षा तथा बहस पैरवी गर्न विशेष ज्ञान, सीप र दक्षता एवं पर्याप्त स्रोत, साधनको आवश्यकता पर्दछ । परम्परागत अपराधहरूमा पनि अपराध गर्नेको कार्यशैली र सहभागिताको व्यापकताले अनुसन्धान, अभियोजन र बहस पैरबीलाई जटिल र चुनौतीपूर्ण बनाई दिएका छन् । प्रतिस्पर्धात्मक रूपमा प्रभावकारी कार्यसम्पादनका लागि सरकारी वकीलहरूको जनशक्ति कार्यबोझ अनुसार पर्याप्त नहुनुको साथै परिवर्तित सन्दर्भमा देखिएका चुनौतीहरूको सामना गर्न आवश्यक पर्ने विशिष्टीकरण अनुरूप हुन सकेको छैन । सरकारी वकील कार्यालयहरूबाट सम्पादन हुने कार्यहरूमा निरन्तर रूपमा बढी रहेको छ । बढ्दो कार्यबोझ र परिवर्तित सन्दर्भमा देखिएका चुनौतहीहरूलाई सामना गर्न हालको जनशक्ति पर्याप्त छैन । यसैगरी, मुलुकी अपराध (संहिता) ऐन र कार्यविधि संहिता ऐनले सरकारी वकीलको कार्यक्षेत्र विस्तार गर्नुका साथै बहन गर्नुपर्ने जिम्मेवारी समेत वृद्धि गरेको छ । सो अनुसार सरकारी वकील कार्यालयको जनशक्ति र स्रोतमा पुनरावलोकन

गर्नुपर्ने अवस्था छ । तसर्थ कार्यबोझ र कार्यप्रकृतिको आधारमा सरकारी वकील र कर्मचारीको दरवन्दी सिर्जना गरी उपलब्ध जनशक्तिबाट दक्षता र योग्यता अनुरूप विशिष्टीकरण गर्न आवश्यक देखिन्छ ।

६. भवन निर्माण

महान्यायाधिवक्ताको कार्यालयको भौतिक अवस्था जीर्ण छ । कार्यबोझ अनुसार भवन पर्याप्त पनि छैन । हालको भवन भत्काएर दीर्घकालीन दृष्टिकोण राखी आधुनिक भवन निर्माण गर्नुपर्ने आवश्यकता महसुस गरी नयाँ भवनको नक्सा र लागत अनुमान तयार भएको छ । नयाँ भवन तयार नहुँदासम्म उपयुक्त स्थानमा सरकारी भवन प्राप्त गरी वा भवन भाडामा लिई तत्काल व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ । त्यसैगरी कार्यबोझ पनि धेरै भएको राजधानीको उच्च सरकारी वकील कार्यालय, पाटन पनि अपर्याप्त स्थानका कारण कार्य सञ्चालन गर्न असहज अवस्थामा रहेको छ । अधिक कार्यबोझ भएको जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं पनि अपर्याप्त स्थानका कारण कार्य सञ्चालन गर्न असहज अवस्थामा रहेको छ । विशेष सरकारी वकील कार्यालय, काठमाडौं पनि भाडाको भवनमा रहेको छ । उल्लिखित कार्यालयहरूका लागि प्राथमिकतापूर्वक जग्गा व्यवस्थापन र भवन निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । सरकारी वकीलको कार्यसम्पादनको प्रकृतिका आधारमा सरकारी वकीलहरूका लागि सरकारी आवास र सवारी साधनको व्यवस्था अनिवार्य जस्तै भएको छ । सो अनुसार महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरूको भवन निर्माणको मापदण्ड समेत तयार भएको छ । उक्त मापदण्डलाई मार्गदर्शनको रूपमा लिई बाँकी कार्यालयहरूको लागि पनि प्राथमिकतापूर्वक नयाँ भवनहरू बनाउनु पर्ने आवश्यकता देखिएको छ ।

७. प्रोत्साहन तथा व्यवसायिक भत्ताको निरन्तरता

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयमा बहस पैरवीमा संलग्न सरकारी वकीलहरूको दरबन्दी ३२१ रहेको र दरबन्दीको अनुपातका कुल सम्पादित कार्यको आधारमा प्रति सरकारी वकील ७४७.३४ कार्य र कुल मुद्दा तथा रिट निवेदनका आधारमा प्रति सरकारी वकील २३३.१८ मुद्दा पर्ने देखिन्छ । मुद्दा मामिला बाहेक प्रशासनिक, व्यवस्थापकीय अध्ययन अनुसन्धान लगायतका कार्य समेत सरकारी वकीलबाटै सम्पादन गर्नुपर्ने अवस्था छ । दरबन्दी अनुपातमा पदपूर्ति हुन सकेको छैन तर सरकारी वकीलहरूले सरकारी वकीलको दरबन्दी नभएका विभिन्न आयोग, निकायमा समेत संलग्न रही कार्य गर्नुपर्ने अवस्था रहेको छ । सरकारको हक, हित वा सरोकार निहित मुद्दामा बहस पैरवी र प्रतिरक्षा गर्नुपर्ने सरकारी वकीलहरूको कार्य बोझ, कार्य प्रकृतिका साथै मनोबल उच्च राख्नका लागि सरकारी वकीलहरूलाई प्रोत्साहन तथा व्यवसायिक भत्ता उपलब्ध गराउनु आवश्यक छ । सरकारी वकीलहरूले सुनुवाइको लागि पेश हुने मुद्दाहरूमा अदालतमा तोकिएको समयमा उपस्थित भई बहस पैरवी एवं प्रतिरक्षा गर्नुपर्ने र अनुसन्धानमा निर्देशन तथा संकितको वयान गराउनु पर्ने, अनुसन्धान तहकिकात गर्ने निकायले अनुसन्धान तहकिकात पश्चात मुद्दा चल्ने नचल्ने निर्णयका लागि सरकारी वकील समक्ष पेश गर्ने मुद्दाहरू हदम्याद भित्र निर्णय गरी अभियोगपत्र तयार गरी सम्बन्धित अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने हुन्छ । नियमित कार्यालय समय बाहेक अतिरिक्त समयमा समेत मुद्दामा बहस पैरवीको तयारी र मुद्दा सम्बन्धी कार्य गर्नुपर्ने हुन्छ । नयाँ संहिता/ऐनहरूले थप गरिदिएको भूमिकाले कार्यबोझ अझै विस्तार भएको छ । अदालतको कार्यालय समयमा भएको वृद्धि, कार्यालय समयको अतिरिक्त समयमा समेत कार्य गर्नुपर्ने अवस्था, मुद्दाको बहस पैरवीका लागि अतिरिक्त समयमा तयारी गर्नुपर्ने लगायतका कारणबाट सरकारी वकील र सरकारी वकीलको कार्यसम्पादनमा सहयोग पुऱ्याउने अन्य अन्य कर्मचारीलाई उपलब्ध गराउन सुरु गरिएको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताले सरकारी वकील तथा सहयोगी कर्मचारीहरूको मनोवल उच्च बनाउनुका साथै कार्यसम्पादनमा समेत सकारात्मक प्रभाव पारेको छ । यस्तो व्यावसायिक भत्ता सबै तहका सरकारी वकील र अन्य कर्मचारीहरूको मनोबल उच्च हुने गरी निश्चित मापदण्डका आधारमा नियमित रूपमा उपलब्ध गराउनु आवश्यक छ । वर्षेनी मापदण्ड बनाउनु पर्ने र आर्थिक वर्षको अन्त्यमा मात्र बजेट निकासा हुने अभ्यासलाई परिवर्तन गरी सरकारी वकील सम्बन्धी नियमावलीमा नै सरकारी वकीलहरूका लागि व्यावसायिक भत्ता र कार्यसम्पादन सूचकका आधारमा सरकारी वकील र अन्य कर्मचारीहरूका लागि प्रोत्साहन भत्ताको व्यवस्था गरी सो भत्तालाई मासिक पारिश्रमिकसँग भुक्तानी गर्ने संस्थागत व्यवस्था गरिनु पर्दछ ।

८. साक्षी तथा अपराध पीडितको सुरक्षा र संरक्षण

फौजदारी न्यायप्रशासनलाई प्रभावकारी बनाउन अनुसन्धान र अभियोजनको कार्यदेखि न्यायसम्पादन तथा फैसला कार्यान्वयनको चरणसम्म अपराध पीडित तथा साक्षीको सहयोग र सहभागिता अपरिहार्य छ । अपराध पीडितलाई न्यायको अनुभूति गराउन उनीहरूको सुरक्षा, पुनःस्थापना तथा क्षतिपूर्तिको उचित व्यवस्था र सम्बन्धित मुद्दाको अनुसन्धान अभियोजन र सुनुवाइको प्रक्रियामा सहभागी हुन पाउने र सो सम्बन्धी कारबाहीको जानकारी पाउने अधिकार हुन्छ । यो अधिकारको सम्मान र संरक्षण हुन सकेमा मात्र फौजदारी न्याय पद्धतिप्रति पीडितको विश्वास रहने

र उनीहरूको सहयोग प्राप्त हुने हुन्छ । यसो हुन सकेमा पीडितलाई न्यायको अनुभूति दिलाउन तथा राज्यको शान्ति सुव्यवस्था कायम गर्ने कार्यमा प्रभावकारिता आउँछ । यसका लागि पीडित सहायता तथा साक्षी संरक्षण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नु अपरिहार्य भई सकेको छ । सरकार वादी हुने मुद्दाका साक्षीलाई अदालतले खोजेका बखत उपस्थित गराउने, पीडित र साक्षीको सुरक्षा तथा साक्षी र पीडितको संरक्षण सम्बन्धी विषयमा पर्याप्त ध्यान नपुग्दा फौजदारी न्यायप्रशासन प्रभावकारी हुन सकेको छैन । नेपालको संविधानको धारा २१ मा अपराध पीडितको हकको प्रत्याभूत भएको सम्बन्धमा तत्कालका लागि महान्यायाधिवक्ताको कार्यालयबाट उक्त हकको केही हद सम्म व्यवहारिक प्रयोगका लागि अपराध पीडित र साक्षीको सहायता र संरक्षण निर्देशिका, २०७३ जारी गरिए पनि सोको कार्यान्वयनलाई थप प्रभावकारी बनाउनु पर्ने आवश्यकता रहेको छ । साथै दीर्घकालीन रूपमा यो विषयलाई सम्बोधन गर्नका लागि साक्षी संरक्षण तथा पीडित सहयोग सम्बन्धी एकीकृत ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

९. पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयन सम्बन्धमा

संस्थागत सुधार र व्यावसायिकता विकासमा केन्द्रित भई लागू गरिएको महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको क्रममा रहेको छ । सीमित स्रोतको उपलब्धतामा पनि योजना कार्यान्वयनमा सकारात्मक संकेतहरू देखिएका छन् । संस्थागत सुधार गर्न सहज भएको छ । चालु चौधौं योजनाले समेत यो विषयलाई सम्बोधन गरेको छ । यसको कार्यान्वयनका लागि योजनाले प्रक्षेपण गरे बमोजिमका स्रोत साधन प्राथमिकतापूर्वक प्राप्त हुन सक्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।

१०. सरकारी वकीलको व्यवसायिक दक्षता अभिवृद्धि सम्बन्धमा

सरकारी वकीलहरूलाई न्याय र कानूनको क्षेत्रमा विकसित नवीन मान्यताहरूसँग परिचित गराउन निश्चित मापदण्डको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार, अध्ययन तथा अवलोकन भ्रमणमा सहभागी हुने अवसर उपलब्ध गराउनु पर्दछ । साथै त्यस्ता विषयमा उच्च अध्ययनको लागि नेपाल सरकारलाई प्राप्त छात्रवृत्तिमा अध्ययन गर्न पठाउने व्यवस्था समेत हुनु आवश्यक छ । यसको लागि सरकारी वकीलहरूको व्यावसायिक क्षमता अभिवृद्धिको विषय राष्ट्रिय योजनामा समावेश गरिनु आवश्यक छ । संगठित अपराध, विद्युतीय अपराध, सम्पति शुद्धीकरण जस्ता आर्थिक एवं सीमाविहीन अपराधका सम्बन्धमा तथा नयाँ संहिता ऐन एवं कसूर र सजाय निर्धारण सम्बन्धी विषयमा सरकारी वकीलको क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ । यस्ता अपराधसँग जुध्न प्रभावकारी व्यवस्था अवलम्बन गरेका मुलुकहरूमा अपनाइएको अनुसन्धान र अभियोजनका पद्धतिको सम्बन्धमा जानकारी हासिल गराउन सकेमा यस्ता अपराधको अनुसन्धान र अभियोजनको हाँकलाई सम्बोधन गर्न सहज हुन्छ । यसैले सरकारी वकीलहरूलाई यस्ता विषयमा अवलोकन भ्रमण र अल्पकालीन तथा आधारभूत वैदेशिक तालिमको व्यवस्था नेपाल सरकारले प्राथमिकतामा राखि गर्नुपर्ने आवश्यक छ । सशस्त्र द्वन्द्वको समयका घटना र मानव अधिकार उल्लंघनका गम्भीर घटनाको छानबिन, सत्य अन्वेषण, अभियोजन लगायतका कार्यमा पनि सरकारी वकीलको महत्वपूर्ण भूमिका रहने र हाल सातवटै प्रदेशमा सत्य निरुपण तथा मेलमिलाप आयोगका कार्यालय खोली सरकारी वकीललाई थप जिम्मेवारी समेत दिएको हुनाले यस विषयमा सरकारी वकीलको दक्षता वृद्धि आवश्यक पर्ने हुन्छ । तसर्थ संक्रमणकालीन न्यायका सम्बन्धमा पनि सरकारी वकीलको दक्षता अभिवृद्धिमा जोड दिनु जरुरी छ ।

११.सरकारी वकीलबाट कानूनी राय लिने सम्बन्धमा

नेपालको संविधानको धारा १५८ उपधारा (१) ले महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुने तथा संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था गरेको छ । यसैगरी उपधारा (७) मा महान्यायाधिवक्ताले यो धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था अनुसार उक्त अधिकार प्रत्यायोजितभै जिल्ला तथा उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलबाट समेत कार्य सम्पादन भैरहेको अवस्था छ । यसबाट सरकार र सरकारी निकायलाई संवैधानिक तथा कानूनी विषयमा राय सल्लाह प्रदान गर्ने अधिकार महान्यायाधिवक्ता र महान्यायाधिवक्तले प्रत्यायोजन गरेका सरकारी वकीललाई मात्र रहने हुन्छ । सरकारी निकायहरूले महान्यायाधिवक्तासँग परामर्श नगरी छुट्टै कानूनी सल्लाहकार राख्ने वा सरकारी वकील बाहेकका व्यक्तिबाट कानूनी राय लिने अभ्यासलाई तत्काल बन्द गर्न नेपालका सरकारी वकीलको प्रथम राष्ट्रिय सम्मेलनले पारित गरेको घोषणापत्रमा औंल्याइएका विषयलाई गम्भीरतापूर्वक कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता रहेको छ ।

१२. विधिविज्ञान प्रयोगशालालाई स्रोतसाधन सम्पन्न बनाउने सम्बन्धमा

सरकार वादी फौजदारी मुद्दाको प्रभावकारी अनुसन्धान र अभियोजनको लागि भौतिक सबुद प्रमाणको संकलन र तिनको वैज्ञानिक परीक्षण महत्वपूर्ण हुने कुरामा विवाद छैन । प्रायः सरकार वादी मुद्दामा भौतिक प्रमाण संकलन नै नहुने र कतिपय मुद्दाहरूमा संकलित भौतिक प्रमाणको समयमा परीक्षण हुन नसक्ने एव समयमा प्रतिवेदन प्राप्त नभएबाट वस्तुनिष्ठ आधारमा अभियोजन हुन नसकेको कारणले सरकार वादी मुद्दामा अपेक्षाकृत सफलता हाँसिल हुन सकेको छैन । वर्तमान समयमा सरकार वादी फौजदारी मुद्दामा संकलन गरिने भौतिक सबुद प्रमाणको परीक्षण प्रतिवेदन समयमा उपलब्ध नहुने, परीक्षण गर्न साधन र स्रोतको अभावमा परीक्षण प्रतिवेदन विना नै अभियोजन गर्नुपर्ने अवस्था रहेको छ । परीक्षण प्रतिवेदन विना नै अभियोजन गरिँदा पछि प्राप्त हुने प्रतिवेदनले अभियोगपत्रमा उल्लेख गरिएको अपराधको प्रकृतिलाई समर्थन नगरेमा अभियोजन कार्य प्रयोजनहीन हुन जाने अवस्था रहेको छ । तसर्थ अपराधको अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन संकलित भौतिक प्रमाणको समयमै परीक्षण गर्न विधिविज्ञान प्रयोगशालालाई स्रोतसाधन सम्पन्न बनाउन र नयाँ प्रत्येक प्रदेशमा एक वटा विधि विज्ञान प्रयोगशालाको स्थापना गरिनु आवश्यक छ ।

१३. अपराध अनुसन्धान गर्ने छुट्टै निकायको व्यवस्था सम्बन्धमा

फौजदारी मुद्दाको अनुसन्धान गर्ने तथा शान्ति सुरक्षा कायम गर्ने कार्यमा परिचालित हुने प्रहरी जनशक्ति एउटै हुनाले कतिपय अवस्थामा अपराध अनुसन्धान भन्दा शान्ति सुरक्षा कायम राख्ने कार्यलाई प्राथमिकता दिनुपर्ने अवस्था रहन्छ । यसले गर्दा समयमै जिम्मेवारीपूर्ण तरिकाले अपराधको अनुसन्धान कार्य हुन नसक्नाले सबुद प्रमाण लोप हुने, अनुसन्धान कमजोर हुने र अपराधमा संलग्न व्यक्ति फरार हुने वा प्रमाण नष्ट गर्ने अवस्था सिर्जना हुन्छ । फलस्वरूप मुद्दाको अनुसन्धान कमजोर वा फितलो हुन जान्छ । तथर्स नेपाल प्रहरीमा विशिष्ट तालिम प्राप्त जनशक्तिलाई मात्र अनुसन्धानको जिम्मेवारी दिने र अनुसन्धानमा संलग्न जनशक्तिलाई अन्य काममा नलगाउने परिपाटी विकास हुन सकेमा अनुसन्धान कार्यमा अपेक्षित सुधार आउदछ । तसर्थ अपराध अनुसन्धान गर्ने छुट्टै विशिष्टीकृत निकाय वा इकाई गठन गर्ने कुरालाई गंभीरतापूर्वक लिई यसतर्फ कानूनी र संस्थागत व्यवस्था गरिनु आवश्यक छ । यसैगरी मुलुकी अपराध (संहिता) ऐन, २०७४ र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ ले प्रहरीबाट अनुसन्धान हुने कसूरको सूचीमा गरेको वृद्धि र अनुसन्धानलाई वस्तुगत र भौतिक प्रमाणमुखी बनाउन गरेको व्यवस्था अनुसार अनुसन्धान गर्ने प्रहरीको संख्या बढाउने र अनुसन्धानकर्ताको व्यावसायिक क्षमता बढाउने तथा स्रोत साधन सम्पन्न बनाउने नेपाल सरकारले समय उचित व्यवस्थापन गर्नु पर्दछ ।

१४. सरकारका विभिन्न निकायहरूको अदालतमा प्रतिनिधित्व सम्बन्धमा

नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग एवं कतिपय संवैधानिक अंगहरूमा सरकारी वकीलको दरबन्दीको व्यवस्था छैन । ती निकायहरूबाट सम्पादन भएका कामहरूको वैधतामा प्रश्न उठाई अदालतमा रिट निवेदनहरू मार्फत चुनौती दिने क्रम निरन्तर वृद्धि भएको पाइन्छ । न्यायिक परीक्षणमा रहेका सरकारी निकायका कार्य वा निर्णयहरूको सन्दर्भमा लिखित जवाफ पेश गर्दा रिट निवेदनमा उठाइएका प्रश्नहरूको उचित जवाफ एवं भएका काम कारबाहीको वैधता, औचित्य र सान्दर्भिकता पुष्टि गर्न आवश्यक विषयहरूका सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराई दोहोरो सूचनाको आदानप्रदान गर्ने गराउने समन्वयात्मक संयन्त्रको निर्माण हुन सकेको छैन । आवश्यकता अनुसार ती निकायहरूमा समन्वय हुन नसकेको कारणले गर्दा अदालतमा उठेका प्रश्नहरूमा सम्बन्धित निकायहरूको प्रतिरक्षा गर्ने कार्यमा समस्या पर्ने गरेको छ । तसर्थ प्रत्येक मन्त्रालय र संवैधानिक निकायमा कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका सरकारी वकीलको दरबन्दी स्थापना गरी सरकारी वकीललाई खटाउन सकेमा अदालतमा उठेका प्रश्नहरू अनुरूपका कागजात र सूचनाहरू अदालतलाई प्राप्त हुन सक्ने र त्यस्ता निकायहरू विरुद्ध परेका विवादको प्रभावकारी प्रतिरक्षा सम्भव हुने देखिन्छ । सबै सरकारी निकायले महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गर्नका लागि सम्पर्क व्यक्ति पर्सन तोक्ने व्यवस्था गरी सवन्धित निकायसँगको सहयोग लिनुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसैगरी पछिल्लो समयमा सरकारी निर्णयहरूलाई अदालतमा चुनौती दिने प्रवृत्ति समेत बढ्दै गएको अवस्था हुँदा सरकारी निकायहरूले निर्णय गर्दा प्रचलित कानूनले दिएको अख्तियारी, अधिकारक्षेत्र, कानूनले निर्धारण गरेको कार्यविधि प्रक्रिया एवं त्यस्तै विषयमा सर्वोच्च अदालतबाट भएका निर्देशन समेतलाई दृष्टिगत गरी निर्णय गर्नुपर्ने आवश्यकता रहेको छ ।

१५. सूचना प्रविधिको प्रयोग र यसको विस्तार गर्ने सम्बन्धमा

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयका काम कारबाहीमा सूचना प्रविधिको उच्चतम प्रयोग भएमा यी कार्यालयहरूबाट सम्पादन हुने काम कारबाही छिटो सम्पादन गर्न सकिने, अभिलेखहरू व्यवस्थित हुने, काम कारबाहीहरूमा प्रभावकारिता आउने र संस्थागत गतिविधिहरूलाई सञ्जालमा आबद्ध गर्न सकिने अवस्था रहन्छ । यसै उद्देश्यका साथ e-attorney को अवधारणालाई स्वीकार गरी महान्यायाधिवक्ताको कार्यालयले सूचना प्रविधिको

प्रयोग सम्बन्धी गुरुयोजना तयार गरी चरणबद्ध रूपमा लागू गर्नका लागि गत वर्ष देखि बजेट विनियोजन भएको छ । सूचना प्रविधि सम्बन्धी केही जनशक्ति समेतको व्यवस्था गरी महान्यायाधिवक्ताको कार्यालयबाट कार्य प्रारम्भ भएको छ । तर अन्य सरकारी वकील कार्यालयहरूमा सूचना प्रविधि सम्बन्धी विज्ञ जनशक्तिको अभावमा कार्यक्रम सञ्चालन गर्न बाधा परेको छ । सूचना प्रविधि विज्ञहरूको समूह तयार गरी देशभरका सरकारी वकील कार्यालयहरूलाई विद्युतीय सञ्जालमा आबद्ध गराउनु पर्ने आवश्यकता देखिएको छ ।

१६. फौजदारी कानूनमा सुधार

फौजदारी कानूनको आधुनिकीकरण निरन्तर गर्दै जानु पर्ने विषय हो । हाल कायम रहेका कतिपय कानूनी व्यवस्थाको अभ्यासको क्रममा सुधार गर्नुपर्ने आवश्यकता देखिएका छन् । खासगरी सरकार वादी फौजदारी मुद्दासँग सम्वबन्धत देहायका फौजदारी कानूनमा सुधारको आवश्यकता रहेको छ :

क. नेपालको संविधानले एक वर्षभन्दा बढी कैद सजाय हुने मुद्दा न्यायिक निकायबाट मात्र हेरिने गरी धारा १५२ मा व्यवस्था गरेको छ । संविधानको सो भावना अनुसार विद्यमान कानूनी व्यवस्थाको पुनरावलोकन गरिनु पर्दछ । नयाँ बन्ने कानूनले गर्ने सजायको व्यवस्था र विगतमा तर्जूमा भई कार्यान्वयनमा रहेका कानूनमा भएका सजायको व्यवस्थामा सामन्जस्यता कायम गर्नु सरकारको दायित्वको विषय हो । तसर्थ फौजदारी मुद्दामा सरकारको दण्ड नीति स्थापित हुनु पर्दछ । सोही दण्ड नीतिसँग मेल खाने गरी कानूनी व्यवस्थाको पुनरावलोकन गर्नुपर्ने हुन्छ । संविधानको भावना विपरीत अदालतको क्षेत्राधिकारबाट बाहिर पार्ने उद्देश्यले फौजदारी कानूनमा परिवर्तन गरिनु हुदैन ।

ख. नक्कली लागू औषधको कारोवारलाई कसूरको रूपमा परिभाषित गरे जस्तै वन्यजन्तुको नक्कली अङ्ग वा आखेटोपहार संचय, ओसारपसार वा कारोबार गर्ने विषयलाई समेत कसूर कायम गर्ने गरी वन्यजन्तु सम्बन्धी कानूनमा पुनरावलोकन गरिनु पर्ने देखिन्छ । यस्ता मुद्दाको अनुसन्धानका क्रममा तय हुने मुचुल्काहरूमा साक्षी राख्ने व्यवस्थामा समेत अपवादात्मक अवस्थामा संरक्षण कायम गरिनु पर्दछ भनी सरोकारवाला निकायबाट उठाएका आवाजलाई समेत सम्वोधन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

ग. अर्ध न्यायिक निकायको काम कर्तव्य बारेमा व्यवस्था गर्न छुट्टै ऐनको तर्जुमा गरिनु पर्दछ । तत्कालका लागि अर्ध न्यायिक निकाय न्यायसम्पादन कार्यविधि तयार गरिनु उपयुक्त हुन्छ । यस सम्बन्धी प्रारम्भिक कार्य गरी महान्यायाधिवक्ताको कार्यालयबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा मस्यौदा पठाइएको छ । सो कार्यविधिलाई कानूनी रूप प्रदान गरी लागू गर्न आवश्यक छ ।

घ. समाजका नवीन प्रकृतिका गलत क्रियाकलाप देखिएका छन् । त्यस्ता कृयाकलापलाई कानूनले स्पष्ट रूपमा सम्बोधन गर्न नसक्दा दण्डीत गर्न सकिएको छैन । उदाहरणका लागि शैक्षिक योग्यता पूरा नभए पनि नागरिकको सेवामा खटिने व्यक्तिहरू (नक्कली योग्यता कायम गरी त्यसैका आधारमा उपाधि लिने चिकित्सक, पाइलट आदि) को कार्य समाजले स्वीकार्न सक्दैन । त्यस्ता गतिविधि दण्डित हुनुपर्ने प्रकृतिका छन् । यी र यस्ता क्रियाकलापहरूलाई राज्यले कानून निर्माण गरी कसूर कायम नगर्दासम्म कानूनको दायरामा ल्याउन र सजाय गर्न संभव छैन । परम्परागत कानूनका आधारमा यस्ता क्रियाकलापलाई अभियोजन गर्दा त्यस्ता कार्यमा संलग्न व्यक्तिले उन्मुक्ति पाउने र त्यसको असर समाजमा पर्ने हुँदा विकसित तथा परिवर्तित अवस्था अनुसारका क्रियाकलापहरूलाई नियन्त्रण, नियमन र सजाय गर्नका लागि सोही अनुकूलको उचित कानूनी प्रबन्धको व्यवस्था गरिनु पर्दछ ।

ङ. सर्वोच्च अदालतमा निजामती लगायतका अन्य सरकारी सेवाका कर्मचारीका विषयमा पर्ने रिट सम्बन्धी मुद्दाको चाप कम गर्नका लागि त्यस्ता प्रशासनिक विवादहरूको सुनुवाई गर्ने बैकल्पिक प्रबन्ध गरिनु उपयुक्त हुन्छ ।

च. नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक कार्यान्वयन सम्बन्धी कानून प्राथमिकतापूर्वक तर्जूमा गरिनु पर्ने अवस्था छ । खासगरी अपराध पीडित तथा साक्षी सहायता र संरक्षण सम्बन्धी कानूनलाई पहिलो प्राथमिकतामा राखि कानून निर्माण गर्नु पर्दछ ।

छ. वि.सं. २०१२ सालमा जारी भएको प्रहरी ऐनको प्रस्तावनामा "...अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न" उल्लेख भए पनि उक्त ऐनमा अपराध अनुसन्धान सम्बन्धी कार्यका बारेमा स्पष्ट व्यवस्था गरिएको देखिदैन । राज्यको महत्वपूर्ण जिम्मेवारी रहेको अपराध अनुसन्धानको कार्य नेपाल प्रहरीबाट भैरहेको भए पनि जिम्मेवारी अनुसार कार्य गर्ने वातावरण र उचित कानूनी प्रवन्ध सो ऐनले गर्न सकेको देखिदैन । समय र समाज तथा प्रविधि र विकास अनुसार अपराध अनुसन्धान गर्नका लागि स्रोतसाधन,

संरचना, जनशक्ति र कानूनी व्यवस्थाका लागि नयाँ प्रहरी ऐन तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ । मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ ले प्रहरीलाई दिएको जिम्मेवारी समेतलाई दृष्टिगत गरी अपराध अनुसन्धान गर्ने जनशक्ति एवं प्रक्रिया व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

ज. नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिनु पूर्व सरकारले महान्यायाधिवक्ताको परामर्श लिनुपर्ने व्यवस्था नेपालको संविधानको धारा १५८ को उपधारा (३) मा छ । यसैगरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ मा अदालतको मञ्जुरीले सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिन सक्ने कानूनी व्यवस्था रहेको छ । सरकार वादी मुद्दा तथ्य, कानून र प्रमाणको आधारमा निर्णय गरी चलाइन्छ । विना अपराध र विना आरोप मुद्दा चल्दैन, चलाइदैन । मुद्दा चलाउने कार्य नियमित कार्य हो भने मुद्दा फिर्ता लिने कार्य अति अपवादको रूपमा अभ्यास गरिने विषय हो । अदालतले पनि सोही मान्यता स्थापित गरेको छ । अर्कोतर्फ यसले समाजमा दण्डहीनताको सिर्जना गर्ने हुँदा पनि यसलाई गम्भीर रूपमा लिइनु पर्दछ ।

झ. समाजमा विभिन्न प्रकृतिका अपराध देखा परेका छन् । अपराधको प्रभाव र अपराध गर्ने तरिका, पद्धति, संलग्नता आदिमा परिवर्तन आएको छ । भौतिक उपस्थिति विना अपराध गरिने र एक देशमा अपराध गरी अर्को देशमा जान सक्ने अवस्था रहेको हुन्छ । अपराध र अपराधीलाई राजनीतिक सीमामा सीमित नगरी यस प्रकृतिका आपराधिक कार्यमा संलग्न अपराधीलाई कानूनी दायरामा ल्याउन एक्लो देशको प्रयासले मात्र संभव छैन । अतः अपराध नियन्त्रण गर्न सम्बन्धित मुलुकहरूसँग पारस्परिक कानूनी सहायता र सपुर्दगी सम्बन्धी सन्धि गर्न जरुरी देखिन्छ ।

ञ. सर्वोच्च अदालतले विभिन्न रिट निवेदनहरूमा सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरी आवश्यक कानून निर्माण गर्न आदेश दिए पनि सो अनुसार समयमै कानून निर्माण भएको देखिदैन । साथै रिट निवेदनमा जारी भएका आदेशहरू पूर्ण रूपमा कार्यान्वयन भएको देखिदैन । अतः सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेश अनुसार कानून निर्माण र कार्यान्वयनका लागि सम्बन्धित निकाय गम्भीर हुन जरुरी देखिन्छ ।

ट. हिरासत तथा कारागारमा रहेका व्यक्तिको मानव अधिकारको संरक्षण गर्ने दायित्व राज्यको हो । हिरासत तथा कारागारमा रहेका व्यक्तिहरूको मानव अधिकारको अवस्था र हिरासत तथा कारागारको कक्ष अनुगमन गरी पेश भएका प्रतिवेदनहरूलाई अध्ययन गरी ती प्रतिवेदनहरूले सुझाएका सुझावहरूको कार्यान्वयनतर्फ राज्य संवेदनशील हुनु पर्दछ । यसैगरी कारागारमा रहेका व्यक्तिलाई सुधार गरी योग्य र सक्षम नागरिक बनाउने अपेक्षा राज्यले गर्दछ । त्यसका लागि सोही अनुसारको व्यवहार पनि आवश्यक पर्दछ । कारागारमा रहेका व्यक्तिलाई शिक्षा, सीपको व्यवस्था गरी उत्पादनमा लगाउने, आचरण, संस्कार, नैतिकता आदि विषयमा प्रशिक्षित गर्न जरुरी छ । राज्यबाट प्रदान गरिँदै आएको सिधा खर्चलाई समयानुकूल वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ । न्यूनतम् रूपमा मानवोचित व्यवहार हुन सक्ने गरी हिरासत कक्ष र कारागारको क्षमता वृद्धि गरिनु अति आवश्यक छ ।

ठ. मुलुकी फौजदारी कार्यविधि (सहिता) ऐन, २०७४ को दफा ५२ (५) ले अनुसूची-१ र अनुसूची-२ का मुद्दा सरकार वादी हुने र ती सबै मुद्दा सरकारी वकीलबाट अभियोगपत्र पेश गर्नुपर्ने व्यवस्था गरेको छ । सो व्यवस्थासँग मेलखाने गरी उक्त ऐनको अनुसूची २ मा समावेश भएका नेपाल सरकार वादी हुने मुद्दाको प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाउने, सरकारी वकील समक्ष अभियुक्तको बयान गराउने लगायतका विषयहरू र उक्त मुद्दाहरूको अभियोगपत्र सरकारी वकीलबाट दायर हुने गरी सम्बन्धित ऐनहरूमा (हाल सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश नभएका तर नेपाल सरकार वादी भई चल्ने मुद्दाहरू जस्तैः वन ऐन, सम्पत्ति शुद्धीकरण निवारण ऐन, अध्यागमन ऐन आदि अन्तर्गतका कसूर सम्बन्धी मुद्दा) तत्काल संशोधन हुनुपर्ने देखिन्छ ।

ड. वैदेशिक रोजागरको आवरणमा मानव तस्करी भैरहेको र विद्यमान कानूनले त्यो कसूरलाई समेट्न नसकेको देखिँदा मानव तस्करी नियन्त्रण सम्बन्धी छुट्टै ऐन तर्जुमा गर्नुपर्ने आवश्यकता छ ।

ढ. मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा रहेका देहायका व्यवस्थाहरू पुनरावलोकन गर्नुपर्ने देखिन्छः

- दफा १७९ मा रहेको दफा १७६ भन्ने व्यवस्थालाई प्रसंग मिल्ने गरी पुनरावलोकन गर्नुपर्ने ।
- दफा १४७, १४८, १४९ र १५० ले कसूर कायम गरे पनि कार्यविधि (संहिता) ऐनको कुनै अनुसूचीमा पनि राखेको नदेखिँदा त्यस्ता कसूरलाई अनुसूचीमा समावेश गर्नुपर्ने ।
- दफा १६७ मा यातना सम्बन्धी कसूरको व्यवस्था गरिएको छ भने यातना सम्बन्धी क्षतिपूर्ति ऐनले सो विषयलाई कसूर मानेको छैन । उक्त दफा र विशेष ऐनमा रहेको व्यवस्थामा सामन्जस्य कायम हुने व्यवस्था गर्ने ।

- दफा १६६ मा जातिपातिका आधारमा छुवाछूत वा अन्य भेदभावजन्य व्यवहार गर्न नहुने व्यवस्था गरेको छ तर सो सम्बन्धमा छुट्टै ऐनको रूपमा रहेको जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई समेत सोही अनुरूप पुनरावलोकन गर्नु पर्ने ।
- दफा १६८ मा अपमानजनक वा अमानवीय व्यवहार सम्बन्धी कसूरको व्यवस्था भित्र बोक्सा, बोक्सी सम्बन्धी विषय समेत समावेश गरिएको सन्दर्भमा सो ऐनको व्यवस्था र बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ को व्यवस्थामा मेल खाने गरी पुनरावलोकन गरिनु पर्ने ।
- दफा ८(१) को प्रतिबन्धात्मक व्यवस्थाको (क) मा रहेको 'दफा २३३ को उपदफा (४)' भन्ने व्यवस्था उपदफा (५) लाई समेत विचार गरी प्रासंगिक बनाउनु पर्ने ।
- मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४६ को उपदफाको (२) को (क) मा कैद र जरिवाना दुवै सजाय हुने कसूरमा जरिवाना नतिरे वापत कैद हुने व्यवस्था छ । सो व्यवस्थाको खण्ड (ख) मा कैद वा जरिवाना मध्ये कुनै वा दुवै सजाय हुन सक्ने कसूरमा जरिवाना मात्रको सजाय भई जरिवाना नतिरेमा कैद हुने व्यवस्था छ । जरिवाना वा कैद वा दुवै सजाय हुने कसूरमा जरिवाना र कैद दुवै सजाय भएकोमा जरिवाना नतिरेमा हुने कैदको अवधि निश्चित नभएकोले स्पष्ट गरिनु पर्ने ।

ण. मुलुकी फौजदारी कार्यविधि (सहिता) ऐन, २०७४ मा रहेका देहाय बमोजिमका व्यवस्थाहरू पुनरावलोकन गर्नुपर्ने देखिन्छ:

- दफा ७३ मा गरिएको अन्तरकालीन आदेश उपर निवेदन दिन सकिने व्यवस्था न्यायप्रशासन ऐन, २०७३ को दफा १५ सँग सामञ्जस्यता कायम हुने गरी पुनरावलोकन गर्नुपर्ने ।
- दफा १३४ (३) लाई दफा १३२(४) सँग मेल खानेगरी पुनरावलोकन गर्नुपर्ने । नेपाल सरकार वादी हुने मुद्दामा पुनरावेदन गर्नका लागि पक्षले आधार र कारण खुलाई निवेदन दिएको अवस्थामा थप ३० दिन म्याद थाम्न थमाउन सकिने गरी थप व्यवस्था हुनुपर्ने ।
- ऐनको अनुसूची १ को (२०) नं. लाई अनुसूची ४ (क)(४) सँग मेल खाने गरी संशोधन गर्नुपर्ने । अनुसूची १ को (२३) लाई दफा २८४, २८५ सँग मेल खाने गरी संशोधन गर्नुपर्ने । अनुसूची १ (क)(६) लाई दफा २८४ को व्यवस्था स्पष्ट हुने गरी मिलाउनु पर्ने ।
- अनुसूची ४ को ५ मा रहेको परिच्छेद ११ अन्तर्गतका कसूरलाई पुनरावलोकन गर्नु पर्ने ।
- ऐनको अनुसूची १ मा समावेश गरेको कसूर सम्बन्धित ऐनले अनुसूची २ मा पर्ने गरी व्यवस्था गरेको देखिन्छ । (जस्तै हुलाक ऐन) ती व्यवस्थाहरूलाई एकरूपता कायम गर्ने गरी सम्बन्धित ऐनमा पुनरावलोकन गर्नुपर्ने ।
- दफा ३१ (३) को प्रतिबन्धात्मक वाक्यांशलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १७(२) को प्रतिबन्धात्मक वाक्यांश अनुकूल हुने गरी पुनरावलोकन गर्नुपर्ने ।
- सरकारी वकील सम्बन्धी नियमावली, २०५५ ले सरकारी वकील कार्यालयको प्रादेशिक अधिकार क्षेत्र, सरकारी वकीलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सम्बन्धी व्यवस्था गरेको र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ ले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ खारेज गर्ने हुँदा सो ऐन बमोजिम बनेको सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को अस्तित्व नरहने हुँदा सो नियमावलीमा भएका व्यवस्थालाई व्यवस्थित गरी अलग्गै नियम बनाउनु पर्ने देखिँदा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९६ मा सरकारी वकील सम्बन्धी नियमावली महान्यायाधिवक्ताको कार्यालयको परामर्शमा नेपाल सरकारले बनाउने व्यवस्था गरिनु उपयुक्त हुने ।

१७. सरोकारवालाहरूसँगको समन्वय र सहकार्य

फौजदारी न्यायप्रशासनका सरोकारवाला तथा प्रतिरक्षा गर्नुपर्ने निकायहरूसँग समन्वयका लागि नियमित रुपमा वर्षको कम्तीमा दुई पटक नेपाल सरकारका सचिव र विभागीय प्रमुखसँग सरकारी वकीलको अन्तर्क्रिया कार्यक्रम गरी प्रतिरक्षामा देखिएका समस्याका बारेमा छलफल गर्नु उपयुक्त हुने देखिन्छ । सरकारी वकील प्रथम राष्ट्रिय सम्मेलन र अनुसन्धानकर्ता प्रहरीसँगको प्रथम राष्ट्रिय सम्मेलनले दिएको सकारात्मक पृष्ठपोषणलाई दृष्टिगत गर्दा त्यस्ता सम्मेलनहरु समेत आवधिक रुपमा कम्तीमा ३/३ वर्षमा आयोजना गर्नुपर्ने देखिन्छ । त्यसैगरी अदालतबाट जारी भएका आदेश तथा फैसलाहरूको कार्यान्वयनको अवस्थाको बारेमा समेत बार्षिक रूपमा समीक्षा गर्ने परिपाटी विकास गर्नुपर्ने देखिन्छ । सोको लागि भौतिक तथा वित्तीय व्यवस्थापन आवश्यक छ ।

१८.सार्वजनिक सम्पत्ति संरक्षण सम्वन्धमा

छुट जग्गा दर्ताको लागि कानूनमा स्पष्ट हदम्यादको व्यवस्था नहुँदा सरकारी/सार्वजनिक जग्गा भनी नापी भई दर्ता समेत भैसकेको लामो समय पछि छुट जग्गा दर्ताको लागि निवेदन पर्ने गरेको अवस्था हुँदा एक पटक सरकारी/सार्वजनिक रुपमा जग्गा दर्ता भईसकेपछि निश्चित हदम्याद भित्र मात्र छुट जग्गा दर्ताको लगि निवेदन दिन पाउने कानूनी व्यवस्था गर्ने आवश्यक छ। सरकारी/सार्वजनिक जग्गाको संरक्षणको लागि मुद्दाको दायरी फैसला पश्चात दायर गरिने पुनरावेदन, मुद्दा दोहोऱ्याई हेरी पाउँ निवेदन र पुनरावलोकन निवेदन हदम्याद भित्र दर्ता नगरिएको कारण सरकारी सार्वजनिक जग्गा व्यक्तिका नाउँमा जाने गरेको अवस्था हुँदा भूमी प्रशासनमा संलग्न अधिकारीले कानूनको हदम्याद भित्रै कानूनी उपचार खोज्नु पर्दछ। प्रचालित कानून बमोजिम जग्गा अधिकरण गरी जग्गा प्राप्त गरिसके पश्चात प्राप्त गरेको जग्गाको लगत कट्टा नगरेको कारणबाट मुद्दाको सिर्जना गरी विधिसम्मत जग्गा प्राप्तिको कार्यलाई चुनौती दिने गरेको अवस्था समेत हुँदा सम्बन्धित निकायले जग्गा प्राप्त गरिसके पश्चात स्रेस्तामा लगत कट्टा अनिवार्य रुपमा गर्नुपर्ने देखिन्छ। यसैगरी जग्गा नापजाँच ऐन, २०१९ को दफा २ (ङ) र (च) मालपोत ऐन, २०३४ को दफा २ (ख२) र (ख३) मा परिभाषा गरिएका सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्न र सर्वोच्च अदालतबाट कृष्णराम विजयानन्द विरुद्ध मालपोत कार्यालय डिल्लीबजार समेत भएको उत्प्रेषण समेतको मुद्दामा सर्वोच्च अदातलबाट मिति २०७३।०६।०९ मा सरकारी वा सार्वजनिक जग्गा कुनै व्यक्तिका नाउँमा दर्ता भई नजाने, सार्वजनिक जग्गा सार्वजनिक नै कायम रहने अवस्था सुनिश्चित हुने गरी मालपोत ऐन, २०३४ को दफा २४ समेतलाई मध्यनजर गरी विवादित जग्गाको दर्ता सम्वन्धी निर्णय गर्नुपर्ने भनी भएको व्याख्यासमेतका आधारमा जग्गा प्रशासनमा संलग्न सम्पूर्ण अधिकारीहरुलाई अभिमूखीकरण गर्नुपर्ने देखिन्छ।

अनुसूचीहरू

अनसूची १

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको संगठनात्मक स्वरुप



अनुसूची २

महान्यायाधिवक्ताको कार्यालबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनको विवरण

मुद्दा तथा रिटको विवरण	अदालतमा रहेका मुद्दा तथा रिटको विवरण		लगत			फछ्र्यौट				बाँकी	कैफियत
			गत वर्षको वाँकी	यस वर्षको	जम्मा	कसुर ठहर तथा रिट खारेज	कसुरमा सफाई तथा रिट जारी	मुल्तवी, तामेली, अन्य	जम्मा		
मुद्दा	पुनरावदेन	फौजदारी	३६९४	१५८६	५२८०	१५७२	६९६	८	२२७६	३००४	
		देवानी	८२	६६	१४८	१३	१०	३	२६	१२२	
	साधक		९	१८	२७	२०	०	०	२०	७	
	जम्मा		**३७८५**	**१६७०**	**५४५५**	**१६०५**	**७०६**	**११**	**२३२२**	**३१३३**	
	सुरु मुद्दा		९७	५१	१४८	१७	१३	०	३०	११८	
	प्रतिरक्षा गरिएका मुद्दाहरु		१९	३८	५७	९	४	६	१९	३८	
	मुद्दाको कुलजम्मा		**३९०१**	**१७५९**	**५६६०**	**१६३१**	**७२३**	**१७**	**२३७१**	**३२८९**	
रिट निवेदन	बन्दीप्रत्यक्षीकरण		२८	९८	१२६	६०	३१	४	९५	३१	
	उत्प्रेषण		३५६५	७६७	४३३२	६२५	१८९	२२४	१०३८	३२९४	
	परमादेश		२०३	२९३	४९६	२२३	८२	८९	३९४	१०२	
	प्रतिषेध		८	२३	३१	१६	३	०	१९	१२	
	अधिकारपृच्छा		०	१५	१५	४	५	२	११	४	
	निषेधाज्ञा		४५		४५	२३	१९	३	४५	०	
	निषेधाज्ञा परमादेश		०		०	०	०	०	०	०	
	जम्मा		**३८४९**	**११९६**	**५०४५**	**९५१**	**३२९**	**३२२**	**१६०२**	**३४४३**	
	पुनरावलोकनको निवेदन		१२	२६	३८	६	८	०	१४	२४	
निवेदनहरु	दोहोऱ्याइ पाउने निवेदन		८७०	३०४	११७४	३९०	३७३	०	७६३	४११	
	अ.व.१७ नं.,न्या.प.ऐनको दफा १६ का निवेदन		१८६	१७६	३६२	२०३	११५	०	३१८	४४	
	अनुमतिका निवेदन		५९३	१६५	७५८	७६	३६	०	११२	६४६	
जम्मा			**१६६१**	**६७१**	**२३३२**	**६७५**	**५३२**	**०**	**१२०७**	**११२५**	
कुल जम्मा			**९४११**	**३६२६**	**१३०३७**	**३२५७**	**१५८४**	**३३९**	**५१८०**	**७८५७**	

अनुसूची ३
सरकारी वकीलबाट बहस पैरवी र प्रतिरक्षा गएिका मुद्दाहरुको विषयगत वर्गीकरण

	सि.नं.	मुद्दाको नाम		लगत मुद्दा			फछ्र्यौट						बाँकी
				गत वर्षको जिम्मेवारी	यस वर्षको दायरी	जम्मा	कसूर ठहर	सफाई	मुल्तवी	तामेली	अन्य	जम्मा	
अनुसूची भित्रका मुद्दामा कारवाहीको विवरण	१	अपहरण		४९	३९	८८	१३	८	०	०	०	२१	६७
	२	कुटपिट अंगभंग		१४	१७	३१	७	२	०	०	०	९	२२
	३	आगलागी		१६	५	२१	८	३	०	०	०	११	१०
	४	आर्थिक	क) खोटा चलन	६	५	११	३	१	०	०	०	४	७
			ख) चन्दा	१	०	१	०	१	०	०	०	१	०
			ग) चिठ्ठा	१	०	१	०	१	०	०	०	१	०
			घ) ठगी	८४	५७	१४१	३४	१४	०	०	६	५४	८७
			ङ) बैंकिङ्ग कसूरसम्बन्धी	६४	६५	१२९	३७	१६	०	०	२	५५	७४
			च) भ्रष्टाचार	१९३	९७	२९०	८०	२४	०	०	०	१०४	१८६
			छ) नेपाल राष्ट्र बैंक सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०
			ज) अन्य (राजश्व समेत)	५७७	१०२	६७९	२१	९	०	०	०	३०	६४९
	५	करणी	जवर्जस्ती करणी	२४२	२२२	४६४	११०	६२	०	०	०	१७२	२९२
			जबर्जस्ती करणी उद्योग	३८	२६	६४	११	१४	०	०	०	२५	३९
			अप्राकृतिक मैथुन	८	२	१०	३	३	०	०	०	६	४
			अन्य	०	०	०	०	०	०	०	०	०	०
	६	किर्ते (सरकारी छाप,दस्तखत)		५५	४५	१००	१६	७	०	०	०	२३	७७
	७	चोरी	क) साधारण चोरी	३६	४१	७७	२४	७	०	०	०	३१	४६
			ख) नकबजनी	२१	२३	४४	१२	२	०	०	०	१४	३०
			ग) जबर्जस्ती चोरी	२६	८	३४	११	८	०	०	०	१९	१५
			घ) रहजनी	०	६	६	१	२	०	०	०	३	३
			ङ) डाँका	१०२	२२	१२४	३२	११	०	०	०	४३	८१
			च) अन्य	०	०	०	०	०	०	०	०	०	०
	८	ज्यान	क) आवेश प्रेरित हत्या	२	७	९	७	०	०	०	०	७	२
			ख) कर्तव्य ज्यान	८२८	३१२	११४०	४४६	१६७	०	०	०	६१३	५२७
			ग) गर्भपतन	६	२	८	२	४	०	०	०	६	२
			घ) ज्यान मार्ने उद्योग	१११	७२	१८३	४१	३४	०	०	०	७५	१०८
			ङ) भवितव्य ज्यान	३	३	६	६	०	०	०	०	६	०
	९	देवानी	क)अदलको २,३ नं.	०	०	०	०	०	०	०	०	०	०
			ख) जग्गा सम्बन्धी	८२	५३	१३५	१२	८	०	०	३	२३	११२
			ग) अन्य	०	१३	१३	१	२	०	०	०	३	१०
	१०		नागरिकता	१२	५	१७	२	१	०	०	०	३	१४
	११		प्रतिलिपि अधिकार	४	३	७	१	०	०	०	०	१	६
	१२	प्रविधि सम्बन्धी	क) दूर संचारसम्बन्धी	८	२	१०	१	०	०	०	०	१	९
			ख) विद्युतीय कारोवार	३	३	६	३	१	०	०	०	४	२
			ग) अन्य	०	०	०	०	०	०	०	०	०	०
	१३	मानव बेचबिखन	क) मानव किनबेच	०	५५	५५	४	२	०	०	०	६	४९
			ख) मानव ओसारपसार	१८१	१३	१९४	९२	५४	०	०	०	१४६	४८
			ग) मानव अंग झिक्ने, बेच्ने	०	०	०	०	०	०	०	०	०	०
			घ) वेश्यागमन	०	०	०	०	०	०	०	०	०	०
			ङ) वेश्यावृत्ति	०	०	०	०	०	०	०	०	०	०
	१४		राहदानी	१	४	५	०	१	०	०	०	१	४
	१५		लागू औषध	२६४	९३	३५७	१२८	१६	०	०	०	१४४	२१३
	१६	विवाह	क) बहु विवाह	४९	३१	८०	२२	१८	०	०	०	४०	४०
			ख) बाल विवाह	०	१	१	०	०	०	०	०	०	१
	१७	सवारी ज्यान	क) सवारीबाट अंगभंग	११	५	१६	६	३	०	०	०	९	७
			ख) सवारीबाट कर्तव्य ज्यान	०	०	०	०	०	०	०	०	०	०
			ग) लापरवाही	७४	५७	१३१	६७	०	०	०	०	६७	६४
			घ) भवितव्य	०	०	०	०	०	०	०	०	०	०
			ङ) क्षतिपूर्ति	४	२	६	५	०	०	०	०	५	१

	१८		सार्वजनिक अपराध	१७९	४	१८३	९८	८०	०	०	०	१७८	५
	१९		हात हतियार तथा खरखजाना	८३	२०	१०३	४१	२५	०	०	०	६६	३७
	२०	विविध	क) अंग प्रत्यारोपण	०	०	०	०	०	०	०	०	०	०
			ख) आवश्यक वस्तु संरक्षण	०	१	१	१	०	०	०	०	१	०
			ग) कालो बजार	२	२	४	०	०	०	०	०	०	४
			घ) गोबध	१४	१०	२४	३	८	०	०	०	११	१३
			ङ) छुवाछुत	३	१	४	२	१	०	०	०	३	१
			च) जुवा	३	०	३	३	०	०	०	०	३	०
			छ) धर्म सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०
			ज) प्राचीन स्मारक सम्बन्धी	२	०	२	१	१	०	०	०	२	०
			झ) राज्य विरुद्धको अपराध	१	०	१	०	१	०	०	०	१	०
			ञ) विष्फोटक पदार्थ	२	०	२	१	१	०	०	०	२	०
			ट) शिक्षा ऐनको दफा १७(१क)	१	०	१	०	०	०	०	०	०	१
			ठ) स्वास्थ्यकर्मी/संस्थाको सुरक्षा	०	०	०	०	०	०	०	०	०	०
			ड) अन्य	११	०	११	४	०	०	०	०	४	७
	अनुसूची भित्रको जम्मा			**३४७७**	**१५५६**	**५०३३**	**१४२३**	**६२३**	**०**	**०**	**११**	**२०५७**	**२९७६**
अनुसूची बाहिरका मुद्दामा कारवाहीको विवरण	१		अध्यागमन	०	०	०	०	०	०	०	०	०	०
	२		उपभोक्ता संरक्षण	०	०	०	०	०	०	०	०	०	०
	३		औषधि	०	०	०	०	०	०	०	०	०	०
	४		खाद्य ऐन अन्तर्गतका	१	०	१	१	०	०	०	०	१	०
	५		गुणस्तर (प्रमाण चिन्ह)	०	०	०	०	०	०	०	०	०	०
	६		नाप तौल सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०
	७		निर्वाचन सम्बन्धी	२	०	२	०	१	०	०	०	१	१
	८		बैदेशिक रोजगार	२२०	४०	२६०	११९	५६	०	०	०	१७५	८५
	९		राजश्व चुहावट	०	०	०	०	०	०	०	०	०	०
	१०		राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	६	१०	१६	०	०	०	०	०	०	१६
	११		विदेशी विनिमय	०	१	१	१	०	०	०	०	१	०
